परिवर्तन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा

# स्थानीय राजपत्र

खण्ड १ संख्याः१ प्रकाशित मितिः२०८०/१२/३०

भाग ३
परिवर्त गाउँपालिका

# लक्षित समुदाय कार्यक्रम सञ्चालन कार्यविधि २०७४

पहिलो संसोधन मिति :२०७९/०८/२८

# लक्षित समुदाय कार्यक्रम सञ्चालन
# कार्यविधि
# २०७४

पहिलो संसोधन मिति :२०७९/०८/२८

परिवर्तन गाउँपालिका भित्र लक्षित समुदायका लागि आर्थिक, सामाजिक तथा विकासात्मक कार्यक्रम सञ्चालन गरी लक्षित वर्ग समुदायका व्यक्तिहरूको जीवनस्तर उकास्न निर्धारित तथा विनीयोजित सबै कार्यक्रम एवं क्रियाकलापहरूको समन्वयात्मक रूपमा कार्यान्वयन गर्दै सामाजिक न्याय र समानता कायम गर्नका लागि स्थानीय सर कार सञ्चालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी विशेष व्यवस्था गर्न आवश्यक भएकाले गाउँ कार्यपालिकाको मिति २०४७ फाल्गुन ८ गतेको निर्णय अनुसार यो कार्यविधि लागु गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "परिवर्तन गाउँपालिका लक्षित वर्ग कार्यक्रम सञ्चालन कार्यविधि,२०७४" रहने छ।

(ख) यो कार्यविधि तुरून्त लागु हुनेछ।

२) **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) गाउँपालिका भन्नाले परिवर्तन गाउँपालिकालाई जनाउने छ।

(ख) अध्यक्ष भन्नाले परिवर्तन  गाउँपालिकाका अध्यक्षलाई जनाउने छ।

(ग) उपाध्यक्ष भन्नाले परिवर्तन  गाउँपालिकाका उपाध्यक्षलाई जनाउने छ।

(घ) लक्षित कार्यक्रम भन्नाले गाउँपालिका अन्तर्गतका महिला, आदिवासी, जनजाती, दलित, वादी समुदाय पिछडिएको वर्ग, अल्पसङ्ख्यक समुदायको बहुपक्षिय हित गर्ने वा लक्षित वर्ग भनि तोकिएको अन्य कार्यक्रमलाई जनाउँछ।

(ङ) कोष भन्नाले लक्षित वर्गसँग सम्बन्धित कार्यक्रम व्यवस्थापन र सञ्चालनका लागि स्थापित कोष भन्ने बुझ्नुपर्दछ।

(च) समन्वय समितिको उपाध्यक्ष परिवर्तन गाउँपालिकाले नियुक्ति गरेको व्यक्तिलाई जनाउने छ।

(छ) समन्वय समिति भन्नाले परिवर्तन गाउँपालिकाले गठन गरेको समितिलाई जनाउने छ।

## परिच्छेद २

## उद्देश्य

**यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेका छन् ।**

(क) लक्षित समुदायको बहुपक्षिय हित प्रवर्द्धन गर्नु ।

(ख) लक्षित समुदायको लागि विनियोजित रकमको सदुपयोग गर्दै योजनाको प्रभावकारी कार्यन्वयन गर्नु ।

(ग) लक्षित समुदाएका व्यक्तिहरूको आर्थिक सामाजिक विकासको लागी कार्यक्रम वयवस्थापन गर्नु ।

(घ) लक्षित समुदाएका व्यक्तिहरूको निर्धारित कार्यक्रम मार्फत विकासको मुलधारमा समाहित गर्न प्रयासरत रहनु ।

(ङ) लक्षित समुदायलाई राज्यको मूल प्रवाहमा समाहित गर्दै स्वरोजगार बनाउनु ।

## परिच्छेद ३

## कार्यक्रम तर्जुमा

(क) गाउँपालिकाले वार्षिक वा क्रमागत रूपमा कार्यन्वयन गर्नका लागी कार्यक्रमहरू तर्जुमा गर्नेछ। लक्षित कार्यक्रमहरू विकासात्मक वा निर्मानात्मक वा क्षमतामुलक हुन सक्नेछन् । यसतो कार्यक्रम गाउँसभाबाट पारित गरि कार्यन्वयन गरिने छ।

(ख) गाउँसभाले कार्यक्रम तर्जुमा सम्बन्धि अख्तियारी गाउँ कार्यपालिकालाई दिएको खण्डमा गाउँ कार्यपालिको बैठकबाट कार्यक्रम पारित गरी लागु गर्न सकिने छ।

(ग) अन्य निकायबाट हस्तान्तरण भई आएका वा समपूरक कोषबाट सञ्चालन हुने कार्यक्रम समेत गाउँ कार्यपालिकाको बेठकबाट निर्णय गरी सञ्चालन गर्न गर्न सकिने छ।

❖ कार्यक्रम तर्जुमाका आधारहरू :

- दीर्घकालिन लाभजन्य पूर्वाधार तयार गर्ने,
- सम्बन्धित क्षेत्रको मौलिकता र संस्कृतिको प्रवर्धन गर्ने,
- क्षमता वा सिप विकास र रोजगारीमुलक,
- स्थानिय उत्पादको सदुपयोग गर्ने,
- स्थानिय आवश्कतामा आधारित वस्तु तथा सेवाको उत्पादन गर्ने,
- सहभागितामुलक ।

## परिच्छेद ४
## कार्यक्रम कार्यन्वयन

(क) लक्षित समुदाको सबै कार्यक्रमहरू गाउँपालिकाका अन्य योजनानुसार कार्यन्वयन गरिने छ । गाउँपालिकाले निर्धारण गरेबमोजिम योजना कार्यन्वयन र फरफारक गर्नुपर्नेछ ।

(ख) उपभोक्ता समिति मार्फत कार्यन्वयन हुने योजनाको हकमा उपभोक्ता समितिमा लक्षित वर्ग समुदाय बाहेक अन्यको प्रतिनिधित्व हुने छैन ।

(ग) क्षमता विकास सम्बन्धि कार्यक्रम कार्यान्विनमा विस्तृत प्रस्तावना स्वीकृत गराई सोही वमोजिम गर्नुपर्नेछ ।

(घ) सेवा सहयोग चन्दा वा अन्य जेसुकै नाममा सिधै रकम वितरण गर्न पाईने छ ।

## परिच्छेद ५
## कोष सम्बन्धि व्यवस्था

(क) परिवर्तन गाउँपालिकाले लक्षित कार्यक्रम प्रवर्द्धन गर्नका लागी देहायवमोजिमका कोषको स्थापना गर्न सक्नेछ :

(१) दैङ्गिक हिंसा निवारण कोष

(२) एकल महिला सुरक्षा कोष

(३) आपत्कालीन बाल उद्दार कोष

(४) ज्येष्ठ नागरिक सुरक्षा कोष

(५) मानव बेचविखन तथा ओसारपसार प्रभावितका लागि पुर्नस्थापना कोष

(ख) कोषको सञ्चालनका लागी निम्नानुसारको समिति गठन गर्न सकिने छ। सञ्चालन सम्बन्धि अन्य प्रक्रिया गाउँ कार्यपालिकाले निर्धारन गरे बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| अध्यक्ष | – | गाउँपालिका अध्यक्ष |
| उपाध्यक्ष | – | गाउँपालिक उपाध्यक्ष |
| सदस्य | – | प्रमुख प्रशासकिय अधिकृत |
| सदस्य | – | लेखापाल/स.लेखापाल |
| सदस्य सचिव | – | विषयगत कर्मचारी |

(ग) दफा (क) बमोजिम स्थापित कोषमा देहायबमोजिमको रकम जम्मा गर्न सकिनेछ।

- गाउँपालिकाले लक्षित कार्यक्रम कोषका लागी छुट्ट्याईएको रकम,

- नेपाल सरकार वा कुनै परियोजनाबाट तोकिई आएको रकम,
- समपुरक वा साझेदारी कार्यक्रमका लागी प्राप्त रकम ।

(घ) अनुगमन तथा मुल्याङ्कन सम्बबन्धि व्यवस्था

- गाउँपालिका कार्यलयबाट आवश्यकता अनुसार लक्षित कायक्रमहरूको कार्यन्वयन गर्न सकिनेछ ।
- अनुगमन तथा मुल्याङ्कनका लागी गाउँपालिकामा छुट्टै समिति गठन गर्न सकिनेछ । कार्यक्रम कार्यन्वयन क्षेत्रमा सम्बन्धित व्यक्तिहरूको सहभागितामा अनुगमन तथा मुल्याङ्कन समिति गठन हुनेछ, त्यस्तो समितिको सिफारिस पश्चात मात्र योजना वा कार्यक्रमको फरफारक गरिनेछ ।
- अनुगमन तथा मुल्याङ्कन क्रममा निर्धारित कार्यविधि पालना गरिएको नपाईमा कार्यक्रम रद्द गर्न, जरिवाना गर्न, उपभोक्ता समिति वा कार्यक्रम सञ्चालक समितिलाई कारवाहि गर्न सकिनेछ ।

## परिच्छेद ६
## समन्वय समिति

लक्षित वर्गका कार्यक्रमहरू सञ्चालनमा सहयोग र समन्वय गर्नका लागि देहाय वमोजिमको समन्वय समिति गठन गरिनेछ ।

(१) **महिला लक्षित कार्यक्रमहरू सञ्चालनमा समन्वय गर्नका लागि निम्नानुसारको गाउँपालिका स्तरिय समन्वय समिति गठन गरिनेछ ।**

| | |
|---|---|
| अध्यक्ष | – गाउँपालिका अध्यक्ष |
| उपाध्यक्ष | – अध्यक्षको प्रस्तावमा गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ |
| सदस्य | – २ जना परिवर्तन गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ । |
| सदस्य सचिव | – विषयगत कर्मचारी |

(२) **दलित लक्षित कार्यक्रमहरू सञ्चालनमा समन्वय गर्नका लागी निम्नानुसारको गाउँपालिका स्तरिय समन्वय समिति गठन गरिनेछ ।**

| | |
|---|---|
| अध्यक्ष | – गाउँपालिका अध्यक्ष |
| उपाध्यक्ष | – अध्यक्षको प्रस्तावमा गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ |
| सदस्य | – २ जना परिवर्तन गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ । |
| सदस्य सचिव | – विषयगत कर्मचारी |

(३) **अपाङ्ग लक्षित कार्यक्रमहरू सञ्चालनमा समन्वय गर्नका लागी निम्नानुसारको गाउँपालिका स्तरिय समन्वय समिति गठन गरिनेछ।**

अध्यक्ष – गाउँपालिका अध्यक्ष
उपाध्यक्ष – अध्यक्षको प्रस्तावमा गाउँपालिकाबाट नियुक्त गरिनेछ
सदस्य – २ जना परिवर्तन गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ।
सदस्य सचिव – विषयगत कर्मचारी

(४) **परिवर्तन गाउँपालिकामा आदिवासी जनजाति लक्षित कार्यक्रमहरू सञ्चालनमा मन्वय गर्नका लागी निम्नानुसारको गाउँपालिका स्तरिय समन्वय समिति गठन गरिनेछ।**

अध्यक्ष – गाउँपालिका अध्यक्ष
उपाध्यक्ष – अध्यक्षको प्रस्तावमा गाउँपालिकाबाट नियुक्त गरिनेछ
सदस्य – २ जना परिवर्तन गाउँपालिकाबाट नियुक्त गरिनेछ।
सदस्य सचिव – विषयगत कर्मचारी

(५) **परिवर्तन गाउँपालिकामा कला संस्कृतिको जगेर्ना गर्नको लागी विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ। सो कार्यक्रमहरू सञ्चालनमा सहयोग र समन्वय गर्नका लागी निम्नानुसारको गाउँपालिका स्तरिय समन्वय सतिति गठन गरिनेछ।**

अध्यक्ष – गाउँपालिका अध्यक्ष
उपाध्यक्ष – अध्यक्षको प्रस्तावमा गाउँपालिकाबाट नियुक्त गरिनेछ
सदस्य – २ जना परिवर्तन गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ।
सदस्य सचिव – विषयगत कर्मचारी

(६) **परिवर्तन गाउँपालिकामा वादी समुदाय कार्यक्रम सञ्चालनमा समन्वय गर्नका लागि निम्नानुसारको गाउँपालिका स्तरीय समन्वय समिति गठन गरिनेछ।**

अध्यक्ष – गाउँपालिका अध्यक्ष
उपाध्यक्ष – अध्यक्षको प्रस्तावमा गाउँपालिकाबाट नियुक्त गरिनेछ
सदस्य – २ जना परिवर्तन गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ।
सदस्य सचिव – विषयगत कर्मचारी

(७) **जेष्ठ नागरिक कार्यक्रम सञ्चालनमा समन्वय गर्नका लागी निम्नानुसारको गाउँपालिका स्तरीय समन्वय समिति गठन गरिनेछ।**

अध्यक्ष – गाउँपालिका अध्यक्ष

उपाध्यक्ष – अध्यक्षको प्रस्तावमा गाउँपालिकाबाट नियुक्त गरिनेछ

सदस्य – २ जना परिवर्तन गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ।

सदस्य सचिव – विषयगत कर्मचारी

(८) **वालवालिका कार्यक्रम सञ्चालनमा समन्वय गर्नका लागी निम्नानुसारको गाउँपालिका स्तरीय समन्वय समिति गठन गरिनेछ।**

अध्यक्ष – गाउँपालिका अध्यक्ष

उपाध्यक्ष – अध्यक्षको प्रस्तावमा गाउँपालिकाबाट नियुक्त गरिनेछ

सदस्य – २ जना परिवर्तन गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ।

सदस्य सचिव – विषयगत कर्मचारी

(९) **समन्वय समितिमा नियुक्ति हुने व्यक्तिको योग्यता**

(क) नेपाली नागरिक भएको,

(ख) सम्बन्धित क्षेत्रमा अनुभव रहेको व्यक्ति,

(ग) पविर्तन गाउँपालिकामा स्थायी बसोबास रहेको व्यक्ति,

(घ) फौजदारी अभियोग नलागेको व्यक्ति।

(१०) **बैठक तथा सेवा सुविधा**

समन्वय समितिको बैठक प्रत्यक ३ महिनामा १ पटक बस्नेछ। गाउँपालिकाको निर्णय अनुसार बैठक भत्ता दिईनेछ। उपाध्यक्षको हकमा मासिक निर्वाह खर्चको रूपमा रू.५०००।– (अक्षरूपी पाँच हजार रूपैयाँ) उपलब्ध गराईनेछ।

(११) **पदावधी** : समन्वय समितिका पदाधिकारीको पदावधी नियुक्ति भएको मितिले २ वर्षको हुनेछ।

(१२) **पदमुक्त हुने अवस्था** : देहायको अवस्थामा समन्वय समितिका पदाधिकारीहरू पदबाट मुक्त हुनेछन्।

- गाउँपालिकालाई आघात पुग्ने काम गरेमा,
- आर्थिक हिनामिना गरेमा,

- परिवर्तन गाउँपालिकाको सिमा भन्दा बाहिर बसाईसराई गरेमा,
- जिम्मेवारी निर्वाह गर्न असक्षम भएमा ।

निजको काम कार्बाहिमा चित्त नबुझेमा पदबाट मुक्त गरिनेछ तर निजलाई एक पटक सफाईको मौका दिईनेछ ।

(१३) **पद रित्त हुने अवस्था: देहाएको अवस्थामा समन्वय समितिका पदाधीकारीको पद रित्त हुनेछ ।**

- समितिको उपाध्यक्ष र सदस्ले गाउँपालिका अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,
- निजको मृत्यु भएमा,

(१४) **समन्वय समितिको काम, कर्तव्य र अधिकार:**

- लक्षित वर्गका हितमा काम गर्ने,
- गाउँपालिकाबाट हुने लक्षित वर्गका कार्यक्रम सञ्चालनमा सहयोग र समन्वय गर्ने,
- महिला, दलित, जनजाती, अपाङ्ग,ज्येष्ठ नागरिक, बालबालिकाहरूको तथ्याँङ्क संकलन तथा अभिलेख राख्ने,
- गाउँपालिकाको निति निर्माणमा सहयोग पुऱ्याउने,
- महिला, अपाङ्ग,बालबालिका माथि हुने हिंसा न्युनिकरण सम्बन्धि कार्यक्रममा सहजीकरण गर्ने,
- दलितहरू माथी हुने छवाछुत विरूद्ध विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने,
- जनजातिहरूको भाषा संरक्षण सम्बन्धि कार्यक्रममा टेवा पुऱ्याउने ।

| क्र.स. | प्रयोजन | दर (रु.) | | स्पष्टिकरण |
|---|---|---|---|---|
| | | गाउँपालिका स्तर | गाउँ स्तर | |
| १ | सबै प्रकारका तालिममा स्रोत व्यक्तिको पारिश्रमिक(प्रतिकक्षा)<br>● अधिकृत स्तर<br>– कक्षा सञ्चालन<br>– कार्य पत्र | <br><br><br>१०००।–<br>७००।– | <br><br><br>७००।–<br>५००।– | एउटा कक्षाको अवधि कम्तीमा १ घण्टा ३० मिनेट हुनुपर्दछ । कार्यपत्र भन्नाले कम्तीमा ७५० शब्दको प्रबन्ध सम्झनु पर्दछ : पारदर्शक पाना, प्रस्तुतीकरण टिपोट वा प्रस्तुतीकरणको टिपोटको लागी तयार पारिएको अरु त्यस्तै सामाग्रीको छाँया प्रति कार्यपत्र हुदैन । सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोहि कार्यलयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापतको रकम पाउनेछ । |
| २ | ● सहायक स्तर/अन्य तालिम<br>– कक्षा सञ्चालन<br>– कार्यपत्र | <br><br>७००।–<br>८००।– | <br><br>६००।–<br>७००।– | |

पहिलो संसोधन मिति :२०७९/०८/२८

परिवर्तन गाउँपालिका भित्र लक्षित समुदायका लागी आर्थिक, सामाजिक तथा विकासात्मक कार्यक्रम सञ्चालन गरि लक्षित वर्ग समुदायका व्यक्तिहरुको जीवनस्तर उकास्न निर्धारित तथा विनीयोजित सबै कार्यक्रम एवं क्रियाकलापहरुको समन्वयात्मक रुपमा कार्यान्वयन गर्दै सामाजिक न्याय र समानता कायम गर्नका लागी स्थानीय सर कार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी विशेष व्यवस्था गर्न आवश्यक भएकाले गाउँ कार्यपालिकाको मिति २०४७ फाल्गुन ८ गतेको निर्णय अनुसार यो कार्यविधि लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम “परिवर्तन गाउँपालिका लक्षित वर्ग कार्यक्रम सञ्चालन कार्यविधि,२०७४” रहने छ ।

(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२) **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) गाउँपालिका भन्नाले परिवर्तन गाउँपालिकालाई जनाउने छ।

(ख) अध्यक्ष भन्नाले परिवर्तन  गाउँपालिकाका अध्यक्षलाई जनाउने छ।

(ग) उपाध्यक्ष भन्नाले परिवर्तन  गाउँपालिकाका उपाध्यक्षलाई जनाउने छ।

(घ) लक्षित कार्यक्रम भन्नाले गाउँपालिका अन्तर्गतका महिला, आदिवासी, जनजाती, दलित, वादी समुदाय पिछडिएको वर्ग, अल्पसंख्यक समुदायको बहुपक्षिय हित गर्ने वा लक्षित वर्ग भनि तोकिएको अन्य कार्यक्रमलाई जनाउँछ।

(ङ) कोष भन्नाले लक्षित वर्ग सँग सम्बन्धित कार्यक्रम व्यवस्थापन र सञ्चालनका लागी स्थापित कोष भन्ने बुझ्नुपर्दछ।

(च) समन्वय समितिको उपाध्यक्ष परिवर्तन गाउँपालिकाले नियुक्ति गरेको व्यक्तिलाई जनाउने छ।

(छ) समन्वय समिति भन्नाले परिवर्तन गाउँपालिकाले गठन गरेको समितिलाई जनाउने छ।

## परिच्छेद २
## उद्देश्य

**यस कार्यविधिको उद्देश्य देहाय वमोजिम रहेका छन्।**

(क) लक्षित समुदायको बहुपक्षिय हित प्रवर्धन गर्नु।

(ख) लक्षित समुदायको लागी विनियोजित रकमको सदुपयोग गर्दै योजनाको प्रभावकारी कार्यन्वयन गर्नु।

(ग) लक्षित समुदाएका व्यक्तिहरुको आर्थिक सामाजिक विकासको लागी कार्यक्रम वयवस्थापन गर्नु।

(घ) लक्षित समुदाएका व्यक्तिहरुको निर्धारित कार्यक्रम मार्फत विकासको मुलधारमा समाहित गर्न प्रयासरत रहनु।

(ङ) लक्षित समुदायलाई राज्यको मूल प्रवाहमा समाहित गर्दै स्वरोजगार बनाउनु।

## परिच्छेद ३
## कार्यक्रम तर्जुमा

(क) गाउँपालिकाले वार्षिक वा क्रमागत रुपमा कार्यन्वयन गर्नका लागी कार्यक्रमहरु तर्जुमा गर्नेछ। लक्षित कार्यक्रमहरु विकासात्मक वा निर्मानात्मक वा क्षमतामुलक हुन सक्नेछन्। यसतो कार्यक्रम गाउँसभाबाट पारित गरि कार्यन्वयन गरिने छ।

(ख) गाउँसभाले कार्यक्रम तर्जुमा सम्बन्धि अख्तियारी गाउँ कार्यपालिकालाई दिएको खण्डमा गाउँ कार्यपालिको बैठकबाट कार्यक्रम पारित गरी लागु गर्न सकिने छ।

(ग) अन्य निकायबाट हस्तान्तरण भई आएका वा समपूरक कोषबाट सञ्चालन हुने कार्यक्रम समेत गाउँ कार्यपालिकाको बेठकबाट निर्णय गरी सञ्चालन गर्न गर्न सकिने छ।

- कार्यक्रम तर्जुमाका आधारहरु :
- दिर्घकालिन लाभजन्य पूर्वाधार तयार गर्ने,
- सम्बन्धित क्षेत्रको मौलिकता र सँस्कृतिको प्रवर्धन गर्ने,
- क्षमता वा सिप विकास र रोजगारीमुलक,
- स्थानिय उत्पादको सदुपयोग गर्ने,
- स्थानिय आवश्कतामा आधारित वस्तु तथा सेवाको उत्पादन गर्ने,
- सहभागितामुलक।

## परिच्छेद ४
## कार्यक्रम कार्यन्वयन

(क) लक्षित समुदाको सबै कार्यक्रमहरु गाउँपालिकाका अन्य योजनानुसार कार्यन्वयन गरिने छ। गाउँपालिकाले निर्धारण गरेबमोजिम योजना कार्यन्वयन र फरफारक गर्नुपर्नेछ।

(ख) उपभोत्ता समिति मार्फत कार्यन्वयन हुने योजनाको हकमा उपभोत्ता समितिमा लक्षित वर्ग समुदाय बाहेक अन्यको प्रतिनिधित्व हुने छैन।

(ग) क्षमता विकास सम्बन्धि कार्यक्रम कार्यान्वनमा विस्तृत प्रस्तावना स्वीकृत गराई सोही बमोजिम गर्नुपर्नेछ।

(घ) सेवा सहयोग चन्दा वा अन्य जेसुकै नाममा सिधै रकम वितरण गर्न पाईने छ।

## परिच्छेद ५
## कोष सम्बन्धि व्यवस्था

(क) परिवर्तन गाउँपालिकाले लक्षित कार्यक्रम प्रवर्धन गर्नका लागी देहायवमोजिमका कोषको स्थापना गर्न सक्नेछ :

(१) दैङ्गिक हिंसा निवारण कोष

(२) एकल महिला सुरक्षा कोष

(३) आपत्कालिन बाल उद्दार कोष

(४) ज्येष्ठ नागरिक सुरक्षा कोष

(५) मानब बेचविखन तथा ओसारपसार प्रभावितका लागि पुर्नस्थापना कोष

(ख) कोषको सञ्चालनका लागी निम्नानुसारको समिति गठन गर्न सकिने छ। सञ्चालन सम्बन्धि अन्य प्रक्रिया गाउँ कार्यपालिकाले निर्धारन गरेबमोजिम हुनेछ।

| | |
|---|---|
| अध्यक्ष | – गाउँपालिका अध्यक्ष |
| उपाध्यक्ष | – गाउँपालिक उपाध्यक्ष |
| सदस्य | – प्रमुख प्रशासकिय अधिकृत |
| सदस्य | – लेखापाल/स.लेखापाल |
| सदस्य सचिव | – विषयगत कर्मचारी |

(ग) दफा (क) बमोजिम स्थापित कोषमा देहायबमोजिमको रकम जम्मा गर्न सकिनेछ।
- गाउँपालिकाले लक्षित कार्यक्रम कोषका लागी छुट्याईएको रकम,
- नेपाल सरकार वा कुनै परियोजनाबाट तोकिई आएको रकम,
- समपुरक वा साझेदारी कार्यक्रमका लागी प्राप्त रकम।

(घ) अनुगमन तथा मुल्याङ्कन सम्बबन्धि व्यवस्था
- गाउँपालिका कार्यलयबाट आवश्यकता अनुसार लक्षित कायक्रमहरुको कार्यन्वयन गर्न सकिनेछ।
- अनुगमन तथा मुल्याङ्कनका लागी गाउँपालिकामा छुट्टै समिति गठन गर्न सकिनेछ। कार्यक्रम कार्यन्वयन क्षेत्रमा सम्बन्धित व्यक्तिहरुको सहभागितामा अनुगमन तथा मुल्याङ्कन समिति गठन हुनेछ, त्यस्तो समितिको सिफारिस पश्चात मात्र योजना वा कार्यक्रमको फरफारक गरिनेछ।
- अनुगमन तथा मुल्याङ्कन क्रममा निर्धारित कार्यविधि पालना गरिएको नपाईमा कार्यक्रम रद्द गर्न, जरिवाना गर्न, उपभोत्ता समिति वा कार्यक्रम सञ्चालक समितिलाई कारवाहि गर्न सकिनेछ।

## परिच्छेद ६
## समन्वय समिति

लक्षित वर्गका कार्यक्रमहरु सञ्चालनमा सहयोग र समन्वय गर्नका लागी देहायबमोजिमको समन्वय समिति गठन गरिनेछ।

(१) महिला बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धि कार्यक्रमहरु सञ्चालनमा समन्वय गर्नका लागी निम्नानुसारको गाउँपालिका स्तरिय समन्वय समिति गठन गरिनेछ।

अध्यक्ष – गाउँपालिका अध्यक्ष

उपाध्यक्ष – अध्यक्षको प्रस्तावमा गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ

सदस्य – २ जना परिवर्तन गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ।

सदस्य सचिव – विषयगत कर्मचारी

(२) दलित लक्षित कार्यक्रमहरू सञ्चालनमा समन्वय गर्नका लागी निम्नानुसारको गाउँपालिका स्तरिय समन्वय समिति गठन गरिनेछ।

अध्यक्ष – गाउँपालिका अध्यक्ष

उपाध्यक्ष – अध्यक्षको प्रस्तावमा गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ

सदस्य – २ जना परिवर्तन गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ।

सदस्य सचिव – विषयगत कर्मचारी

(३) अपाङ्ग लक्षित कार्यक्रमहरु सञ्चालनमा समन्वय गर्नका लागी निम्नानुसारको गाउँपालिका स्तरिय समन्वय समिति गठन गरिनेछ।

अध्यक्ष – गाउँपालिका अध्यक्ष

उपाध्यक्ष – अध्यक्षको प्रस्तावमा गाउँपालिकाबाट नियुक्त गरिनेछ

सदस्य – २ जना परिवर्तन गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ।

सदस्य सचिव – विषयगत कर्मचारी

(४) परिवर्तन गाउँपालिकामा आदिवासी जनजाति लक्षित कार्यक्रमहरु सञ्चालनमा समन्वय गर्नका लागी निम्नानुसारको गाउँपालिका स्तरिय समन्वय समिति गठन गरिनेछ।

अध्यक्ष – गाउँपालिका अध्यक्ष

उपाध्यक्ष – अध्यक्षको प्रस्तावमा गाउँपालिकाबाट नियुक्त गरिनेछ

सदस्य – २ जना परिवर्तन गाउँपालिकाबाट नियुक्त गरिनेछ।

सदस्य सचिव – विषयगत कर्मचारी

(५) परिवर्तन गाउँपालिकामा कला संस्कृतिको जगेर्ना गर्नको लागी विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ। सो कार्यक्रमहरु सञ्चालनमा सहयोग र समन्वय गर्नका लागी निम्नानुसारको गाउँपालिका स्तरिय समन्वय सतिति गठन गरिनेछ।

अध्यक्ष – गाउँपालिका अध्यक्ष

उपाध्यक्ष – अध्यक्षको प्रस्तावमा गाउँपालिकाबाट नियुक्त गरिनेछ

सदस्य – २ जना परिवर्तन गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ।

सदस्य सचिव – विषयगत कर्मचारी

(६) परिवर्तन गाउँपालिकामा वादी समुदाय कार्यक्रम सञ्चालनमा समन्वय गर्नका लागी निम्नानुसारको गाउँपालिका स्तरीय समन्वय समिति गठन गरिनेछ।

अध्यक्ष – गाउँपालिका अध्यक्ष

उपाध्यक्ष – अध्यक्षको प्रस्तावमा गाउँपालिकाबाट नियुक्त गरिनेछ

सदस्य – २ जना परिवर्तन गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ।

सदस्य सचिव – विषयगत कर्मचारी

(७) समन्वय समितिमा नियुक्ति हुने व्यक्तिको योग्यता

(क) नेपाली नागरिक भएको,

(ख) सम्बन्धित क्षेत्रमा अनुभव रहेको व्यक्ति,

(ग) पविर्तन गाउँपालिकामा स्थायी बसोबास रहेको व्यक्ति,

(घ) फौजदारी अभियोग नलागेको व्यक्ति।

(८) बैठक तथा सेवा सुविधा

समन्वय समितिको बैठक प्रत्यक ३ महिनामा १ पटक बस्नेछ। गाउँपालिकाको निर्णय अनुसार बैठक भत्ता दिईनेछ। उपाध्यक्षको हकमा मासिक निर्वाह खर्चको रुपमा रु.५०००।– (अक्षरुपी पाँच हजार रुपैयाँ) उपलब्ध गराईनेछ।

(९) पदावधी : समन्वय समितिका पदाधिकारीको पदावधी नियुक्ति भएको मितिले २ वर्षको हुनेछ।

(१०) पदमुक्त हुने अवस्था : देहायको अवस्थामा समन्वय समितिका पदाधिकारीहरु पदबाट मुक्त हुनेछन्।

- गाउँपालिकालाई आघात पुग्ने काम गरेमा,
- आर्थिक हिनामिना गरेमा,
- परिवर्तन गाउँपालिकाको सिमा भन्दा बाहिर बसाईसराई गरेमा,
- जिम्मेवारी निर्वाह गर्न असक्षम भएमा।

निजको काम कार्बाहिमा चित्त नबुझेमा पदबाट मुक्त गरिनेछ तर निजलाई एक पटक सफाईको मौका दिईनेछ।

(११) पद रित्त हुने अवस्थाः देहाएको अवस्थामा समन्वय समितिका पदाधीकारीको पद रित्त हुनेछ।

- समितिको उपाध्यक्ष र सदस्ले गाउँपालिका अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,
- निजको मृत्यु भएमा,

(१२) समन्वय समितिको काम, कर्तव्य र अधिकारः

- लक्षित वर्गका हितमा काम गर्ने,
- गाउँपालिकाबाट हुने लक्षित वर्गका कार्यक्रम सञ्चालनमा सहयोग र समन्वय गर्ने,
- महिला, दलित, जनजाती, अपाङ्ग,ज्येष्ठ नागरिक, बालबालिकाहरुको तथ्याँङ्क संकलन तथा अभिलेख राख्ने,

- गाउँपालिकाको निति निर्माणमा सहयोग पुऱ्याउने,
- महिला, अपाङ्ग,बालबालिका माथि हुने हिंसा न्युनिकरण सम्बन्धि कार्यक्रममा सहजीकरण गर्ने,
- दलितहरु माथी हुने छवाछुत विरुद्ध विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने,
- जनजातिहरुको भाषा संरक्षण सम्बन्धि कार्यक्रममा टेवा पुऱ्याउने ।

## परिच्छेद ७
## खर्च सीमाङ्कन

| क्र. स. | प्रयोजन | दर (रु.) | | स्पष्टिकरण |
|---|---|---|---|---|
| | | गाउँपालिका स्तर | गाउँ स्तर | |
| १ | सबै प्रकारका तालिममा स्रोत व्यक्तिको पारिश्रमिक(प्रतिकक्षा)<br>● अधिकृत स्तर<br>– कक्षा सञ्चालन<br>– कार्य पत्र | <br><br><br>६००।–<br>७००।– | <br><br><br>४००।–<br>५००।– | एउटा कक्षाको अवधि कम्तीमा १ घण्टा ३० मिनेट हुनुपर्दछ । कार्यपत्र भन्नाले कम्तीमा ७५० शब्दको प्रबन्ध सम्झनु पर्दछ : पारदर्शक पाना, प्रस्तुतीकरण टिपोट वा प्रस्तुतीकरणको टिपोटको लागी तयार पारिएको अरु त्यस्तै सामाग्रीको छाँया प्रति कार्यपत्र हुदै न । सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोहि कार्यलयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापतको रकम पाउनेछ । |
| २ | ● सहायक स्तर/अन्य तालिम<br>– कक्षा सञ्चालन<br>– कार्यपत्र | <br><br>५००।–<br>६००।– | <br><br>४००।–<br>५००।– | |

परिवर्तन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा

# स्थानीय राजपत्र

खण्ड १ संख्याः१ प्रकाशित मितिः२०८०/१२/३०

भाग ३
परिवर्त गाउँपालिका

# परिवर्तन गाँउपालिका खेलकुद सञ्चालन सम्बन्धी कार्यविधी, २०७५

प्रथम संसोधन मिति २०७९।०९।२०

# परिवर्तन गाँउपालिका खेलकुद सञ्चालन सम्बन्धी कार्यविधी, २०७५

प्रथम संसोधन मिति २०७९।०९।२०

**प्रस्तावना** :

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखि युवाहरुलाई धुम्रपान, मद्यपान, लागु पदार्थ सेवनको कुलतबाट जोगाई सु सं-संस्कृत समाजको निर्माण गर्ने देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरिक बनाउन, राष्ट्रिय, अन्तराष्ट्रिय क्षेत्रमा ख्याति आर्जन गर्ने उद्देश्यलाई रुप दिन वाञ्छनिय भएकोले गाँउपालिका खेलकुद संचालन सम्बन्धि यो कार्यविधी बनाईएको छ।

## परिच्छेद –१
## नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ : यो कार्यविधीको नाम “परिवर्तन गाउँपालिका खेलकुद सञ्चालन सम्बन्धि कार्यविधी, २०७५” रहने छ र यो कार्यविधी परिवर्तन गाँउपलिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुने छ।

२. परिभाषा : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा, -

क) “ऐन” भन्नाले परिवर्तन गाँउपालिकाको संस्थादर्ता ऐन, २०७५ सम्झनु पर्छ।

ख) “गाँउपालिका ” भन्नाले परिवर्तन गाँउपालिका सम्झनु पर्छ।

ग) “कार्यविधी” भन्नाले “परिवर्तन गाँउपालिका, गाँउपालिका खेलकुद सञ्चालन सम्बन्धि कार्यविधी, २०७५ ” भन्ने सम्झनु पर्छ।

घ) “गाँउपालिका खेलकुद समिति” भन्नाले गाँउपालिकाको कार्यपालिकाबाट गठित गाँउ खेलकुद समिति भन्ने सम्झनु पर्छ।

ङ) “खेलकुद प्रशिक्षण समिति” भन्नाले गाँउपालिकाले खेलकुद समितिले गठन गरेका सम्बन्धित विषयगत खेलकुद प्रशिक्षण समितिलाई सम्झनु पर्छ।

च) “टिम, क्लव, संघ, संस्था” भन्नाले यस कार्यविधिमा तोकिए बमोजिम परिवर्तन गाँपालिकामा दर्ता भएका परिवर्तन गाँउपालिका क्षेत्र टिम, क्लब र संघ संस्थाहरु भन्ने सम्झनु पर्छ।

छ) “खेलाडी” भन्नाले टिम, क्लब, संघ संस्थामा सम्वद्ध खेलाडी सम्झनु पर्छ।

झ) "प्रशिक्षार्थी" भन्नाले गाँउपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लब, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्छ ।

ञ) "खेलकुद विकास कोष" भन्नाले गाँउपालिकाको खेलकुद विकास कोष भन्ने सम्झनु पर्छ ।

ट) "खेलाडी विवरण " भन्नाले टिम, क्लब, संघ संस्थाहरुले आफ्नो टिम, क्लब, संघ संस्थामा आवद्ध भनि प्रमाणित गरी प्रत्येक वर्ष गाँउपालिकामा पेश गरेको विवरण भन्ने सम्झनु पर्छ ।

ठ) "खेलकुद पदाधिकारी" भन्नाले खेलकुद सम्वद्ध समिति, उप समितिका पदाधिकारी भन्ने सम्झनु पर्छ ।

**परिच्छेद–२**

**उद्देश्य**

३. गाँउपालिका खेलकुद समितिका उद्देश्यहरु :

क) गाँउपालिकाको कला,संस्कृति र खेलकुद विकास प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमल सहयोग पऱ्याउने,

ख) गाँउपालिका क्षेत्र भित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्वद्ध खेल प्रशिक्षण निकायका बिचमा समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने,

ग) स्वस्थ प्रतिस्पर्धाको भावन जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने,

घ) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न संघ संस्थालाई परिचालन गर्ने,

ङ) खेलकुदको माध्यमबाट गाँउपालिका बासीहरुलाई एककृत भावना प्रति सचेत गराउने,

च) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने

छ) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सहकारी निकायहरुलाई पनि सरिक गराउने,

ज) खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने,

झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र वुद्धिजीवीहरुलाई समेत शारीरिक व्यायम खेलकुद व्यवस्था गर्न सहयोग पुऱ्याउने,

ट) टिम, क्लब , संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडा स्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने,

ठ) गाँउपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने,

ड) गाँउपालिका खेलकुद समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

ढ) गाँउपालिका क्षेत्रमा खुला मैदानहरुको पहिचान गरी सामुदायिक खेलमैदानको व्यवस्थ गर्ने ।

## परिच्छेद–३

## गाँउपालिकाखेलकुद समितिको गठन र बैठक कार्यविधि

४. गाँउपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी एक गाँउपालिका खेलकुद समिति गठन गर्न सक्नेछ ।

क) परिवर्तन गाँउपालिका युवा र खेलकुद विकाससंग सम्वन्धित प्रतिष्ठित व्यक्तिहरु मध्येवाट गाउँपालिका अध्यक्षले तोकेको व्यक्ति- अध्यक्ष

ख) गाउँपालिकाको प्रत्येक वडाका क्लवहरुवाट खेलकूद क्षेत्रमा सक्रिय रुपमा रहेका २ जना महिला सहित ९ जना - सदस्य

ग) गाँउपालिका अध्यक्षले तोकेको कर्मचारी - सदस्य सचिव

५. गाँउपालिका खेलकुद समितिको पदावधि गठन भएको मितिले २ बर्षको हुनेछ र गाँउपालिकाबाट पुन नियुक्ति हुन सक्नेछ ।

६. गाँउपालिका खेलकुद समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

७. अध्यक्षको काम, कर्तव्य र अधिकार :

क) गाँउपालिका खेलकुद समतिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको  हुनेछ ।

ख) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी आयोजन, संचालन तथा व्यवस्थपन गर्ने, गराउने ।

ग) राष्ट्रिय/अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुका लागी गाँउपालिकामा गर्नु पर्ने सम्पुर्ण सिफारिसहरु गर्ने ।

घ) गाँउपालिका खेलकुद समितिको बैठक बस्न नसकेको अवस्थामा गाँउपालिकामा गर्नु पर्ने सम्पुर्ण सिफारिसहरु गर्ने ।

ङ) समितिले तोकेको अन्य कार्यहरु गर्ने/गराउने ।

८. सदस्य सचिवको काम कर्तव्य र  अधिकार

क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सुची र सामग्री जुटाउने ।

ख) बैठक माईन्यूटिङ उठाउने र बैठक संचालन सम्बन्धि आवश्यक काम गर्ने ।

९. सदस्यहरुको काम कर्तव्य र अधिकार :

क) समितिको बैठकमा उपस्थित हुने र निति, योजना निर्माणमा महत्वपुर्ण भुमिका निर्वाह गर्ने ।

ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग पुऱ्याउने,

ग) विषयगत खेल प्रशिक्षण समिति, आयोजित खेल, दर्ता टिम, क्लब, संस्थाले आयोजनो गरेको, प्रशिक्षण, सभा, गोष्ठीमा गाँउपालिका खेलकुद समितिले तोके बमोजिम प्रतिनिधित्व गर्ने र अनुगमन गरी समितिमा सल्लाह दिने ।

घ) समितिको निर्णय बमोजिम तोकिएको जिम्मेवारी बहन गर्ने ।

## परिच्छेद –४

## खेलकुद प्रतियोगिता व्यवस्थापन

१०. गाँउपालिका खेलकुद समिति आफैले वा गाँउपालिकाले दर्ता भएका टिम, क्लब, संघ संस्था मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ ।

११. गाँउपालिका खेलकुद समिति आफैले वा गाँउपालिका भित्रका टिम, संघ संस्था मार्फत राष्ट्रिय  र अन्तराष्ट्रिय टिम संग मैत्री पूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ ।

१२.सल्लाहकार समितिको गठन : गाँउपालिका खेलकुद समितिले आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

## परिच्छेद –५

## गाँउपालिका भित्रका टिम, क्लब, र संघ संस्थाहरुको दर्ता र व्यवस्थापन

१३. परिवर्तन गाँउपालिका भित्रका यवा समुह, क्लब, समिति र संस्था आदिले गाँउपालिका खेलकुद विकास समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा फारम शुल्क रु १०/-, सूचिकृत शुल्क रु २५०/- सम्बन्धित वडा अध्यक्षको सिफरिस सहित निवेदन गर्न आएमा खेलकुद समितिले दर्ता गर्ने अभिलेख राख्नु पर्ने छ । सूचिकृत गरिएका यवासमुह, क्लव, समिति र संघ संस्थाले वार्षिक रुपमा रु. २५०/- नवीकरण शुल्क सहित निवेदन गरी नवीकरण गर्नु पर्ने छ ।

१४. सुचिकृत भएका युवा समुह, क्लब, संघ संस्थाले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडि गाँउपालिका खेलकुद समतिबाट स्वीकृति लिनु पर्नेछ ।

१५. सुचिकृत र नवीकरण गर्नु भन्दा पहिले गाँउपालिका खेलकुद समिति वा समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउँको निरीक्षण गर्नुपर्नेछ ।

१६. गाँउपालिका समितिमा सुचिकृत भएका युवा समुह, क्लब, संघ संस्थाहरुले गाउँपालिका खेलकूद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई गाँउपालिका खेलकुद समितिको सिफारिसमा गाँउपालिकाबाट निम्नानुसार आर्थिक सहयोग उपलब्ध गराईनेछ।

क) वडा व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक ) बढीमा रु. ५०,०००।- देखि २,००,०००।- सम्म,

ख) गाँउपालिका व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु. १,००,०००।- देखि रु. ३,००,०००/- सम्म,

ग) उपत्यका र जिल्ला व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु. ५,००,०००/- सम्म,

घ) प्रादेशिक वा राष्ट्रिय स्तरको प्रतियोगिताको लागि (वर्षमा १ पटक ) बढीमा १०,००,०००/- सम्म,

ङ) गाँउपालिको परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पुऱ्याउने प्रतियोगिताहरुको सम्बन्धमा उपयुक्त ढंगबाट सहयोग पुऱ्याउने गाँउपालिका समक्ष सिफारिस गरी सक्दो आर्थिक सहयोग उपलब्ध गराईनेछ।

१७. गाँउपालिका खेलकुद समिति अन्तर्गत प्रत्येक वडामा खेलकुद समिति गठन गरिनेछ।

(क) युवा क्लव र खेलकुद संग सम्वन्धित विज्ञहरु वा गाउँपालिका खेलकुद विकास समितिमा योगदान गरेका मध्येवाट वडा अध्यक्षले तोकेको व्यक्ति -अध्यक्ष

२. वडाको खेलकूद विकासमा योगदान गरेको २ जना महिला सहित ७ जना - सदस्य

३. वडा सचिव - सदस्य सचिव

१८. गाँउपालिका खेलकुद समितिले टिम दर्ता निवेदन फारम, नवीकरण फारम, प्रशिक्षक/प्रशिक्षर्थि फारम, परिचय पत्र , दर्ता प्रमाण पत्र आदिको ढाँचा निर्धारण गरी लागु गर्नेछ।

## परिच्छेद –६

## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

१९. गाँउपालिकाले राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ।

२०. खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ।

२१. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवम् अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकहरुको सम्मान बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ।

२२. परिवर्तन गाँउपालिकाको कला, संस्कृति र खेलकुद विकासका लागि आवश्यकता अनुसार टीम, क्लब, संघ संस्थाका प्रतिनिधीहरुको र्‍याली वा बैठक बोलाउन सक्नेछ।

## परिच्छेद –७
## खेलकुद प्रतियोगिता व्यवस्थापन

२३. अन्तर गाँउपालिका लगायतका विभिन्न प्रादेशिक, राष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आवद्ध टिम, क्लब, संघ संस्था वा विद्यालय/कलेजलाई सहभागी गराईनेछ।

२४. गाँउपालिकाले निर्णय गरे बमोजिम सहभागी हुन जाने टीमका खेलाडी प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ।

(क) खेलकूद सञ्चालन अवधिभर खेल संचालन गरे वापत (रेफ्री) हरुलाई एकमुष्ट प्रति व्यक्ति रु. १४,००।अक्षरुपी एकहजार चारसय मात्र। भत्ता उपलव्ध गराइनेछ।

(ख) खेलकुद प्रतियोगित संचालन गर्ने अवधिको लागि आयोजक तथा अतिथि सत्कार स्वरुप खाना तथा आवास वापतको खर्च परिवर्तन गाउँपालिकाको खेलकूद विकास समितिले व्यहोर्ने छ।

(ग) परिवर्तन गाउँपालिका खेलकूद विकास समितिका पदाधिकारीहरुको मासिक तथा आवश्यकतानुसार वैठक वस्दा प्रति वैठक रु १०००। (अक्षरुपी एकहजार रुपैया) वैठक भत्ता उपलव्ध गराईनेछ।

(घ) परिवर्तन गाउँपालिका खेलकूद विकास समितिको अध्यक्ष खेलकूदसंग सम्वन्धित कामका लागि जिल्ला तथा जिल्ला वाहिर जादा प्रति महिना वढीमा १ हप्ताको दैनिक भ्रमण भत्ता वापतको रकम उपलव्ध गराईनेछ।

(१) जिल्ला भित्र लिन जानेको हकमा :

क) प्रतियोगिता खेल अवधी भर बढीमा एक हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रु. १०००/- दरले भत्ता उपलब्ध गराईनेछ।

ख) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा बार्षिक रु. ३०००/- सम्मको सुविधा दिन सक्नेछ।

(२) जिल्ला बाहिर भाग लिन जाने हकमा :-

क) प्रतियोगिता खेल अवधी भर बढीमा एक हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रु १०००/- दरले पारिश्रमिक भत्ता उपलब्ध गराईनेछ।

ख) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा बार्षिक रु. ३०००/- सम्मको सुविधा दिन सक्नेछ।

## परिच्छेद– ८
## तालिम तथा प्रशिक्षण व्यवस्थापन

२५. गाँउपालिका खेलकुद समितिले विकास र खेलाडीको स्तर वृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ।

२६. प्रशिक्षार्थीहरु प्रशिक्षणमा समावेश हुन गाँउपालिका खेलकुद समितिका प्रतिनिधी र वडा अध्यक्षको सिफारिस सहित गाँउपालिका  खेलकुद समितिको निर्धारित फारम बुझाई आवेदन दिनुपर्नेछ।

२७. प्रशिक्षार्थीहरुले फारम शुल्क रु १०/- मासिक शुल्क रु. ५०/- बुझाई खेलाडी परिचय पत्र लिनु पर्नेछ र भर्ना शुल्क रु. २००/- लाग्नेछ।

२८. प्रशिक्षक सहभागी टीम क्लब, संघ संस्था र विद्यालयहरु भएको हकमा ६ देखि १२ जना सम्मको प्रशिक्षार्थी संख्या हुनु पर्ने र फारम शुल्क रु. १०/-, दर्ता शुल्क रु. ५००/- लाग्ने छ।

२९. कुनै खेल प्रशिक्षकको लागि सम्झौता  अनुसार सुविधा पाउने गरी बढीमा एक जना प्रशिक्षक एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्त गर्न सकिने छ। यसरी नियुक्ति भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई गाँउपालिका खेलकुद समितिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराईनेछ।

३०. कुनै पनि खेलको प्रशिक्षण अवधी एक पटकमा बढीमा १ वर्षको लागि हुने छ। आवश्यकता अनुसार म्याद थपघट गर्दै जानेछ।

३१. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान आफैले जुटाउनु पर्नेछ।

३२. प्रशिक्षकले आवश्यक सामानको सूची तयार गरी गाँउपालिकामा माग गर्ने, खेलाडीबाट मासिक शुल्क उठाउने, प्रशिक्षण सामाग्रीको अभिलेख राखि हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासनमा राख्ने र क्याकेज प्रोग्राम (प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्न जिम्मा लिनु पर्नेछ।

३३. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तीमा दिनको २ घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ।

३४. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः संचालन गर्न आवश्यक व्यवस्था भएको सूचना मिलेमा गाँउपालिका खेलकुद समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ।

३५. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा गाँउपालिकालाई अनुरोध गरी स्वीकृति भए अनुसार गरिनेछ।

## परिच्छेद -९
## गाँउपालिका खेलकुद विकास कोषको व्यवस्था

३६. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि परिवर्तन गाँउपालिकामा गाँउपालिका खेलकुद विकास कोषको व्यवस्था गरिनेछ।

३७. कोषको श्रोतहरु देहाय बमोजिम हुनेछ।

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने नगद,

ख) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

ग) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम,

घ) गाँउपालिका भित्रका टिम, क्लब दर्ता आवेदन शुल्क, नवीकरण शुल्क र फारम शुल्क

३८. यस कोषको संचालन गाँउपालिका खेलकुद समितिको निर्णय अनुसार हुनेछ।

३९. गाँउपालिका खेलकुद समितिको अध्यक्षले खेलकूद संग सम्वन्धित कामकाजको लागि एक पटकमा बढीमा रु. १०,०००/- अक्षरुपी दश हजार सम्म भ्रमण खर्च गर्न सक्नेछ।

## परिच्छेद -१०
## खेलकुद पुर्वाधार निर्माण मर्मत

४०. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले व्यवस्था गर्नु पर्नेछ।

४१. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार गाँउपालिका खेलकुद समितिले कोषबाट मर्मत संभार गर्नेछ। तर रकम कोषबाट खर्च गर्न नसकिने भएमा समितिले गाँउपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ।

४२. खेलकुद पुर्वाधार (स्टेडियम, खेलकुद भवन, मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न गाँउपालिका खेलकुद समितिको निर्णया अनुसार माग भई आएका गाँउपालिकाले यस्तो पूर्वाधारको निर्णय अधिकतम सहभागिताको आधारमा गर्नेछ।

## परिच्छेद -११
## विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था

४३. गाँउपालिका खेलकुद समितिको मातहतमा रहने  गरी खेल प्रशिक्षण, सैद्धान्तिक कक्षा संचालन र  दक्ष अनुसाशित खेलाडी तयार गर्ने, कार्यमा सम्बन्धित खेल प्रशिक्षकहरुलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्न आवश्यकता अनुसार

विषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ। विषयगत खेल समिति सम्बन्धि अन्य व्यवस्थाहरु देहाय बमोजिम हुनेछ :-

क) गाँउपालिका खेलकुद समितिले तोकेको संयोजकको अध्यक्षतामा सम्बन्धित खेल प्रशिक्षक रहने गरी ३ देखि ५ सदस्य रहने गरी विषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ।

ख) प्रशिक्षणको लागि आवश्यक सामग्री जुटाउन मद्दत गर्नेछ।

ग) यस समितिले सम्बन्धित खेलकुद प्रति जनमानसको आकर्षण बढाउने कार्य गर्नेछ।

घ) प्रशिक्षणको लागि आवश्यक सामग्री जुटाउन मद्दत गर्नेछ।

ङ) प्रशिक्षण केन्द्रबाट संचालन हुने ग्रेडिङ्ग, प्रतियोगिता, गोष्ठि र कक्षा संचालनमा सहयोग गर्नेछ।

च) प्रशिक्षण केन्द्रमा धार्मिक, सम्प्रदायिक एवं अन्य खराब दुर्व्यसन आदिबाट प्रशिक्षण कार्यको  वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने छ।

छ) गाँउपालिका खेलकुद समितिको निती  नियम, र निर्देशनलाई पालन गर्ने र  गर्न लगाउने छ।

ज) प्रशिक्षर्थीलाई अन्य संस्थाबाट खेल्ने अनुमति र प्रशिक्षकलाई अन्य संस्थामा प्रशिक्षण कार्य वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने छ।

झ) यस समितिको बैठक संयोजकले तोकेको मिति, स्थान र समयमा आवश्यकता अनुसार बस्नेछ।

ञ) गाँउपालिका खेलकुद समितिको निर्देशानुसार सम्बन्धित खेलको लागि वार्षिक कार्य तालिका बनाउनु पर्नेछ।

ट) अनुशासनको कार्वाही गर्ने क्रममा गल्ती हेरी स्पष्टिकरण, चेतावनी वा निलम्बन गर्न सक्नेछ।  तोकेको अवधीमा पनि आचरण सुधार नभएमा निष्काशन गर्न सक्नेछ।

ठ) अनुशासनको कार्वाही गर्ने क्रममा सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मौका दिईनेछ। तर प्रशिक्षण समितिको प्रतिवेदन माथि गाँउपालिका खेलकुद समितिले गरेको निर्णय अन्तिम हुनेछ।

ङ) गाँउपालिका खेलकुद समितिको निर्णय अनुसार थपघट वा शंशोधन सुधार गर्न सकिने छ।

## परिच्छेद –१२
## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

४४. अनुशासनको कारवाही : खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतको विषयगत खेलको आचर संहिताको लगायत खेल अनुशासनमा रहनु पर्नेछ। कसैले अुनशासन र आचार संहिताको उलंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटक चेतावनी दिन सक्नेछ। तर एक वर्षमा ३ पटक भन्दा बढी चेतावनी पाई सकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्ष सम्म कुनै पनि खेलकुद प्रतियोगिता/ प्रशिक्षण/ व्यवस्थापनमा सहभागि हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारीसमा गाँउपालिका खेलकुद समितिले निलम्बन गर्न सक्नेछ।

४५. वर्ष भरीका उत्कृष्ट खेलाडी, प्रशिक्षण, प्रशिक्षार्थी, व्यवस्थापकलाई गाँउपालिका खेलकुद समितिको सिफारीसमा गाँउपालिकाबाट नगद पुरस्कार तथा सम्मान गरिनेछ।

**अनुसूची -१**

"स्वास्थ्यका लागि खेलकूद,राष्ट्रका लागि खेलकूद"

**परिवर्तन गाउँपालिका खेलकूद विकास समिति**

**परिवर्तन गाउँपालिका ...........................खेलकूद प्रतियोगिता २०८**

**खेलाडी दर्ता फाराम**

फोटो

खेलको नाः.............................. दर्ता मितिः............................

दर्ता नं. : ................ पुरुष/महिला :

नाम थर : ................. इभेन्ट :

जन्ममिति : २०८ / / नागरिकता नं. :

अध्ययन : फोन नं. :

स्थायी ठेगाना :

जिल्ला : गा.पा. वडा नं.

बुवा/आमाको नाम थर :

हालसम्मको मुख्य उपलव्धीहरु :

१.

२.

३.

४.

५.

माथि उल्लेखित व्यहोरा ठिक साँचो हो । यदि झुठ्ठा ठहरिएमा प्रचलित कानुन वमोजिम सहुँला बुझाउला ।

खेलाडीको हस्ताक्षर :

प्रमाणित गर्ने :

| वडा खेलकुद विकास समिति अधिकारी | वडा अध्यक्ष | परिवर्तन गा.पा. खेलकुद विकास समिति अधिकारी |
|---|---|---|
| नाम थर : | नाम थर : | नाम थर : |
| पद : | मिति : | पद : |
| मिति : | हस्ताक्षर : | मिति : |
| हस्ताक्षर : | कार्यालयको छापः | हस्ताक्षर |
| कार्यालयको छाप : | | कार्यालयको छाप : |

**नोटः खेलाडीको नागरिकता, जन्मदर्ता वा वसाइसराई मध्ये कुनै एक अनिवार्य हुनुपर्नेछ ।**

**अनुसूची–२**

**सपथ ग्रहणको नमुना**

१.म..............इश्वरको नाममा शपथ लिन्छु कि.............प्रदेशको................ गाउँ/टोलमा............................आयोजित.......................प्रतियोगिता खेलमा समावेश........................ खेलको प्रतियोगिताहरुमा राष्ट्रिय तथा अन्तराष्ट्रिय र गाउँपालिकाको नियम निर्देशिकाको पालना गर्दै खेलकूदको उच्च आदर्श अनुरुप अनुशासित तथा मर्यादित भई खेल खेल्नेछु।

खेलाडीको शपथ ग्रहण गर्ने

............. दस्तखतः

............. नामः

............. पदः

............ मितिः

२. रेफ्री,जज र जुरीको शपथ ग्रहण :

म.................. ईश्वरको नाममा शपथ लिन्छु कि ........... ................प्रदेशको................गाउँ/टोलमा.................आयोजित ..............................प्रतियोगिता खेलमा समावेश........................ खेल/सम्पुर्ण खेलका प्रतियोगिताहरुमा राष्ट्रिय तथा अन्तराष्ट्रिय र गाउँपालिकाको नियम निर्देशिकाको पालना गर्दै खेलकूदको उच्च आदर्श अनुरुप निष्पक्ष भई खेलाउनेछु।

खेलाडीको शपथ ग्रहण गर्ने

............. दस्तखतः

............. नामः

............. पदः

............ मितिः

परिवर्तन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा

# स्थानीय राजपत्र

खण्ड १ संख्याः१ प्रकाशित मितिः२०८०/१२/३०

भाग ३
परिवर्त गाउँपालिका

# परिवर्तन गाँउपालिका खेलकुद सञ्चालन सम्बन्धी कार्यविधी, २०७५

कार्यपालिकावाट स्वीकृत मिति २०८०/११/४

**स्थानिय सरकार सञ्चालन एन ,२०७४ को दफा १०२ को उपदफा २ बमोजिम परीवर्तन गाउँपालिका रोल्पाको गाँउ कार्यापालिकाले बनाएको तपसिलमा लेखिए बमोजिमको कार्याविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरीएको छ ।**

**कार्यपालिकावाट स्वीकृत मिति २०८०/११/४**

**उच्च शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्याविधि २०८०**

**प्रस्तावनाः**

सर्वमान्य संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था रहेको छ । शिक्षा एक आधारभुत मौलिक हकको रुपमा रहेको पाइन्छ । स्नातक तथा स्नातकोत्तर तह को निश्चित विषयमा खास गरी परिवर्तन गाँउपालिकाका छात्रछात्राहरुको पहुच कमजोर भएको हुँदा लक्षित समूहका छात्रछात्राहरुको पहुच बढाई गुणस्तरीय शिक्षा प्रदान गरी प्रोत्साहन गर्न आवश्यक रहेको देखिन्छ। अत स्नातक तथा स्नातकोत्तर तहको विषयमा अध्ययन गर्ने विपन्न तथा जेहेन्दार छात्रछात्राहरुलाइ प्रोत्साहन गर्न उच्च शिक्षा अध्धयन छात्रवृत्तिको वितरण गर्न वाञ्छनिय देखिएकोले परिवर्तन गाँउपालिकाको गाँउ कार्यपालिकाले स्थानिय सञ्चालन एन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम यो उच्च शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्वन्धी कार्यविधि २०८० जारी गरि लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्याविधीको नाम उच्च शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्याविधी २०८०

(ख) यो कार्याविधी परीवर्तन गाँउ कार्यापालिकाबाट स्वीकृत भए पश्चात तत्काल प्रारम्भ हुनेछ ।

२. **परिभाषा** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्याविधी" भन्नाले उच्च शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्वन्धी कार्याविधि, २०८० लाई सम्झनु पर्दछ ।

(ख) "गाँउपालिका" भन्नाले परीवर्तन गाँउपालिका, रोल्पालाई सम्झनु पर्दछ ।

(ग) "गाउँ शिक्षा समिति को संयोजक" भन्नाले परिवर्तन गाउँपालिकाको गाँउ शिक्षा समितिको संयोजक भनि बुझ्नु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले परिवर्तन गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत भनि बुझ्नु पर्दछ ।

(ङ) "उच्च शिक्षा" भन्नाले स्नातक तहमा बाली विज्ञान, पशु विज्ञान, विज्ञान, गणित, अंग्रेजी तथा स्नातकोत्तर तहमा विज्ञान, गणित, अंग्रेजी र एम. वि. वि. एस. तर्फको शिक्षालाई सम्झनु पर्दछ ।

(च) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले परिवर्तन गाँउकार्यापालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(छ) "छात्रवृत्ति सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले यसै कार्यविधिको दफा बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ज) "छात्रवृत्ति" भन्नाले तोकिएको सूचकका आधारमा छनौट भएका छात्र/छात्राहरुलाई निश्चित विषयमा अध्ययनका लागि गाँउपालिकाले उपलब्ध गराउने वार्षिक मौद्रिक सुविधालाई जनाउँछ ।

३. उच्च शिक्षा छात्रवृत्ति वितरण गर्नुको उद्देश्य देहाय बमोजिम रहेका छन् :

क) परिवर्तन गाँउपालिका का विपन्न जेहेन्दार छात्र/छात्राहरूमा उच्च शिक्षाको पहुच कायम गर्नु ।

ख) परिवर्तन गाँउपालिकाबासीको मुख्य पेशाको रूपमा रहेको कृषिको लागि अत्यावश्यक प्राविधिक जनशक्ति तयार गरी कृषि आधुनिकिकरण तथा व्यवसायिकरणलाई प्रवर्द्धन गर्नु ।

ग) गाँउपालिका भित्रका विभिन्न विद्यालयहरूमा अध्यापन गर्न आवश्यक पर्ने जनशक्ति उत्पादन गर्नु ।

घ) गाँउपालिका भित्र निर्माणाधिन पन्ध्र सैया अस्पतालको लागि उच्च सिपयुक्त जनशक्ति तयार गर्नु ।

## परिच्छेद २

## छात्रवृत्तिका लागि समावेश गरिएको विषय क्षेत्र तथा लक्षित समुह :

४. यो छात्रवृत्ति निम्नानुसारका तहका विषय अध्ययन गर्ने विद्यार्थीहरूका लागि मात्र उपलब्ध गराइने छ :

(क) एम बि बि एस

(ख) स्नातक तथा स्नातकोत्तर (विज्ञान, गणित,अङ्ग्रेजी)

(ग) स्नातक कृषि तथा पशु विज्ञान

५. माथि उल्लेख गरिएका विषय क्षेत्रहरू अध्ययन गरिरहेका गाँउपालिकाभित्र स्थायी बसोबास गर्ने तोकिएको संख्याका विपन्न तथा जेहेन्दार छात्र/छात्राहरू यस छात्रवृत्तिका लक्षित समुह रहेका छन् ।

## परिच्छेद ३

## छात्रवृत्तिका लाभग्राहि विद्यार्थी छनौट तथा शर्तहरू

६. यो छात्रवृत्ति वितरणका लागि निम्न आधारहरू अपनाइनेछः

क) छात्रवृत्तिको लागि निवेदन दिएको वर्ष अन्य कुनै सरकारी छात्रवृत्ति नपाएको भनि अध्ययनरत विद्यार्थीले स्व घोषणा गर्नुपर्ने ।

ख) परीवर्तन गाँउपालिकाले स्थायी बासिन्दा तथा विपन्न परीवारको विद्यार्थी हो भनी सम्बन्धित वडाको सिफारीस संलग्न हुनुपर्ने ।

ग) उच्च अनुशासन असल आचरण भएको तथा बाल विवाह नगरेको हुनपर्ने ।

घ) सूचना जारी गरी प्राप्त आवेदनहरुको प्रविणतापत्र उत्तिर्ण शैक्षिक प्रमाणपत्र साथै स्नातकोत्तर तह हकमा स्नातकको तहको शैक्षिक प्रमाणपत्र पेश गर्नुपर्ने

ङ) विश्व विद्यालय क्याम्पस भर्ना भएको रसिद, प्रवेशिका परीक्षा पास भएको मेरित लिस्त त्यसैगरी क्याम्पस ले प्रदान गरेको व्यक्तिगत आइडि कार्ड

७) छात्रवृत्तिको लागि छनौट भएका प्रत्येक छात्रछात्राले कम्तिमा तीन वर्ष बराबर अवधिको लागि परिवर्तन गाउँपालिकाले तोकेको स्थान खटिएर सम्बन्धित स्वयम सशुल्क सेवा गर्नुपर्ने शर्त लिखित रुपमा मञ्जुर गर्नुपर्नेछ ।

८) बदा नं. ७ वमोजिमको शर्त मञ्जुर गरि अध्ययन समाप्ति पश्चात शर्त कार्वान्वियन नगरेमा छात्रवृत्ति वापत उपलब्ध गराइएको रकम १० प्रतिशत ब्याज सहित सरकारी बाँकी सरह निजको चलअचल सम्पतिबाट असुल उपर गरीनेछ।

| क्र.स. | छात्रवृत्तिको विवरण | प्राप्त हुने रकम | प्राप्त हुने रकमको प्रक्रिया |
|---|---|---|---|
| १ | MBBS | १० लाख | छात्रवृत्ति सञ्चालन तथा व्यवस्थापन समिति को सिफारीस बमोजिम कार्यपालिका को निर्णयको आधारमा |
| २ | BSc. Agriculture / Veterinary | ३ लाख | " " " |
| ३ | Bachelor of (Science , Mathematics, English) | ४ लाख | " " " |
| ४ | Master of (Science, Mathematics, English) | | " " " |

## परिच्छेद – ५

## छात्रवृत्ति सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

१०. गाँउपालिकाबाट वितरण गरिने छात्रवृत्तिको छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न देहायको समिति गठन गरिनेछ -

क) गाउँ शिक्षा समितिको संयोजक : संयोजक

ख) गाउँपालिकाको उपाध्यक्ष : सदस्य

ग) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत : सदस्य

घ) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक : सदस्य

ङ.गाउंपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख : सदस्य-सचिव

११. बुदा नं. १० मा उल्लेखित समितिले आवश्यकता परेको खण्डमा उल्लेखित छात्रवृत्तिसँग सम्बन्धित विषयमा अनुभव भएका विज्ञहरू मध्यबाट २ जनासम्मलाई आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सक्नेछ।

१२. बुदा न.११ द्वारा गठित भएको समितिको बैठक संयोजकले तोकेको मिति समय स्थानमा आवश्यकतानुसार हुनेछ।

१३. छात्रवृत्ति विवरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) यस छात्रवृत्ति वितरण कार्यविधिको अधिनमा रहि विद्यार्थीहरूबाट दर खास्त आहवानको सुचना प्रकाशन प्राप्त भएका आवेदन उपर छानविन तथा मुल्याकंन गरी योग्य उम्मेद्वारको छनौट गरी छात्रवृत्तिको लागि कार्यपालिकामा सिफारीस गर्ने।

ख) छात्रवृत्ति वितरणका लागि आवश्यक बजेतको व्यवस्था गर्न कार्यपालिकालाई सिफारिस गर्ने।

ग) छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूलाई अध्ययन पुरा भए पश्चात गाउँपालिकाको कुनै स्थान तोकी स्वयम सेवाका लागि खटाउने तथा निजहरूको स्वयम सेवाको अनुगमन तथा मुल्याकंन गर्ने।

१४. छात्रवृत्ति वितरण सम्बन्धी कुनै विवाद वा अन्य कुनै प्राविधिक समस्या उत्पन्न भएमा गाँउ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

## अनुसुची १
## उच्च शिक्षा अध्ययन छात्रवृत्ति आवेदन फारमको ढाँचा

| |
|---|
| दुवै कान देखिने<br>गरी हाल सालै<br>खिचिएको पासपोर्ट<br>साइज रङ्गीन फोटो |

श्रीमान संयोजक ज्यू
छात्रवृत्ति सञ्चालन तथा व्यवस्थापन समिति
परिवर्तन गाँउपालिका पुत्लाचौर, रोल्पा

**बिषयः उच्च शिक्षा अध्ययन छात्रवृत्ति उपलब्ध गराई पाउँ।**

प्रस्तुत विषयमा तहाँ गाँउपालिकाबाट मिति...............प्रकाशित उच्च शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धी सुचना बमोजिम रोल्पा जिल्ला परि वर्तन गाउँपालिकाको वडा नं. .......मा स्थायी निवासी .......... को नातिर नातिनि तथा .......... छोरा/छोरी म निवेदक ..............ले ............बिषयमा स्नातक/स्नातकोत्तर/एम.वि.एिस. अध्ययन गरिरहेको साथै आर्थिक रूपमा विपन्न जेहेन्दार तथा बाल विवाह नगरेको विद्यार्थी समे त भएकोले तहाँ गाउँपालिकाबाट उपलब्ध हुने उच्च शिक्षा अध्ययन छात्रवृत्ति पाउँ भनि श्रीमान समक्ष यो निवेदन पेश गर्दछु। सुचनामा माग भए बमोजिमका प्रमाणित गरि कागजातहरू यसै निवेदनसाथ संलग्न राखी पेश गरेको छु।

निवेदक
नाम थरः ..................................
दस्तखतः ................................
ठेगानाः .................................

## अनुसुची २
## प्रतिबद्धता – पत्रको ढाँचा
## प्रतिबद्धता – पत्र

| |
|---|
| दुवै कान देखिने गरी हाल सालै खिचिएको पासपोर्ट साइज रङ्गीन फोटो |

रोल्पा जिल्ला परिवर्तन गाउँपालिकाको वडा नं. .......मा स्थायी निवासी ................ को नाति/नातिनि तथा ................को छोरा/छोरी म निवेदक ...............ले ................ बिषयमा स्नातक/स्नातकोत्तर/ एम.वि.वि. एस. अध्ययन गरिरहेको साथै आर्थिक रुपमा विपन्न जेहेन्दार तथा बाल विवाह नगरेको विद्यार्थी समेत भएकोले तहाँ गाउँपालिकाबाट उपलब्ध हुने उच्च शिक्षा अध्ययन छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्न पाएको खण्डमा अध्ययन समाप्ति पश्चात गाउँपालिकाले तोकेको स्थानमा कम्तिमा .....वर्ष सेवा गर्ने लिखित प्रतिबद्धता जाहेर गर्दछु ।

| प्रतिबद्धता जाहेर गर्नेको | प्रतिबद्धता जाहेर गर्नेको प्रमुखको संरक्षकको |
|---|---|
| नाम थर .............................. | नाम थर .............................. |
| दस्तखत ....................... | दस्तखत ...................... |
| ठेगाना ............................... | ठेगाना ................................ |
| औँठा छाप | औँठा छाप |
| दायाँ      बायाँ | दायाँ      बायाँ |

आज्ञाले
सुक बहादुर बुढा मगर
गाउँ शिक्षा समिति संयोजक

परिवर्तन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा

# स्थानीय राजपत्र

खण्ड १ संख्याः१ प्रकाशित मितिः२०८०/१२/३०

भाग ४
परिवर्त गाउँपालिका

# मदिरा नियन्त्रण सम्बन्धी कार्यविधि, २०७५

प्रथम संसोधन २०७९।१०।२७

# मदिरा नियन्त्रण सम्बन्धी कार्यविधि, २०७५

प्रथम संसोधन २०७९।१०।२७

**प्रस्तावना** : सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम राख्नको लागि मदिराको उत्पादन, बिक्री वितरण र निकासी पैठारी समेतमा नियन्त्रन गर्न वाञ्छनीय भएकोले पविर्तन गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधी बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :

(क) यस कार्यविधीको नाम "मदिरा नियन्त्रण सम्बन्धी कार्यविधी २०७५" रहेको छ।

(ख) यो कार्यविधी परिवर्तन गाउँपालिकाभरी लागूहनेछ।

(ग) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा :

(क) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्धारा कुहाई वा अन्य कनै तरिकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी जाँड, छ्याङ, ह्स्किी, रम। जीन, ब्राण्डी, भाड्का, वियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औधोगिक, अल्कोहल, रेक्टिफाइड स्प्रिट, साइलेट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ।

(ख) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लगि आवश्यक पदार्थ कहाउन, ताउने, पकाउने, वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नका लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्दछ।

(ग) "अनुमतिपत्र" भन्नाले प्रचलित कानून बमोजिम मदिरा उत्पादन, बिक्री वितरण निकासी वा पैठारी गर्न दिएको अनुमतिपत्र सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस प्रचलित मदिरा ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(ङ) "गाउँपालिका" भन्नाले परिवर्तन गाउँपालिका पुतलाचौर, रोल्पालाई सम्झनुपर्छ।

(च) "प्रचलित कानुन" भन्नाले मदिरा सम्बन्धी प्रचलित ऐन, २०३१ र मदिरा नियमहरु,२०३३ लाई सम्झनुपर्छ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले परिवर्तन गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(३) मदिराको बिक्री वितरण नियन्त्रण : कुनै व्यक्तिले अनुमतिपत्र वेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक गाँउपालिकाभित्र मदिरा बिक्री, वितरण गर्न वा मदिरा खुवाउने बार वा रेष्टुरेन्ट वा पसल थाप्न पाउने छैन । तर अन्य जुनसुकै निकायबाट अनुमति लिएको भएतापनि गाउँपालिकाले अनुमतिपत्र लिएर पनि बिक्री वितरण गर्न नपाउने गरी गाँउपालिका भित्रका केही स्थानहरुमा मदिरा निषेध गर्न सक्नेछ ।

(४) मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति गठन प्रक्रिया :

(१) गाउँपालिका स्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नको लागि यस गाउँपालिकामा निम्न वमोजिमको एउटा गाउँपालिका स्तरीय समिति गठन गरिनेछ,

क. गाउँपालिका अध्यक्ष - संयोजक

ख. गाउँपालिका उपाध्यक्ष - सदस्य

ग. सबै वडा अध्यक्षहरु - सदस्य

घ. स्वास्थ्य शाखा प्रमुख - सदस्य

ङ. गाउँपालिकामा भएको इलाका प्रहरी कार्यालयको इन्चार्ज - सदस्य

च. गाउँ कार्यपालिकाका सदस्य मध्येवाट महिला र दलित २ जना - सदस्य

छ. प्रमुख प्रशासकीय अधिकृत-सदस्य सचिव

२) वडा स्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नको लागि यस गाउँपालिकामा निम्न वमोजिमको एउटा वडास्तरीय समिति गठन गरिनेछ ।

क. वडा अध्यक्ष - संयोजक

ख. वडा सदस्यहरु - सदस्य

ग. प्रहरी कार्यालयको प्रतिनिधि - सदस्य

घ. वडा स्तरको महिला समुहको प्रतिनिधि- सदस्य

ङ. वडा स्तरको वाल समुह प्रतिनिधि - सदस्य

च. व्यापार तथा व्यापारी संघको प्रतिनिधि - सदस्य

छ. वडा सचिव - सदस्य सचिव

३) गाउँपालिका स्तरीय समिति र वडा स्तरीय समितिको काम,कर्तव्य अधिकारहरू :

क) वडा समितिले आफ्नो वडा भित्रका टोल,वजार विद्यालय,स्वास्थ्य केन्द्र,पार्क

मन्दिर लगायतका स्था तथा सार्वजनिक स्थलहरुमा मदिराको अवस्था के कस्तो छ ? सोको वारेमा महिनाको १ दिन अनिवार्य अनुगमन गर्नुपर्नेछ।

ख) अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी अनिवार्य रूपमा गाउँपालिका स्तरीय समितिमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

ग) अनुगमन समितिले आफ्नो वडाको क्षेत्र भित्र मदिरा विक्रि वितरणवारे अनुगमन गर्दा यस कार्यविधिको नियम ३ मा उल्लेख गरिएको कुरा के कति पालन गरिएको छन सो कुरा प्रतिवेदनमा अनिवार्य खुलाउनुपर्नेछ।

घ) नियम ४ वमोजिमको समितिले नियम ७ क देखि ण वमोजिमको कसुर गर्ने न्यायिक समितिमा मद्दा दायर गर्न सिफारिस गर्न सक्नेछ।

ङ) गाउँपार्लिलिका स्तरीय समितिले कुनै वयक्ति वा व्यवसायीले मदिरा सञ्चित राखेको वा ओसार पसार गर्दा भेटिएमा वा सूचना प्राप्त भएमा उक्त मदिरालाई नियन्त्रणमा लिई नियमानुसार नष्ट गर्नसक्नेछ।

च) वडा स्तरीय समितिले आफ्नो वडा भित्रमा मदिरा विक्रि वितरण गर्नेको हकमा विक्रि कर्ताले खरिद कर्ताको तिन पुस्ते जस्तै : वाजे,बुवा र छोराको विवरण सुरक्षित राख्नु पर्ने नियम वनाई सो को कार्यन्वयन गर्न लगाउने र मासिक रुपमा अनुगमन गर्ने।

(५) मदिराको उत्पादन तथा बिक्री वितरणमा बन्देज :

(क) कसैले पनि पलाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्नु हुदैन।

(ख) कसैले पनि १८ वर्षको उमेर पुरा नगरेमा व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाईदैन।

(ग) १८ वर्षको उमेर पूरा नगरेको व्यक्तिले मदिराको बिक्री वितरण गर्नु हुदैन।

(६) मदिराको निकासी पैठारी नियन्त्रण : कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक गाँउपालिकाभित्र मदिराको निकासी वा पैठारी गर्न पाउने छैन।

(७) शर्तहरु पालना गर्नु पर्ने : गाँउपालिका भित्र अनुमतिपत्र लिई मदिराको बिक्री वितरण गरिरहेका व्यक्तिहरुले देहाएका शर्तहरु पालना गर्नु पर्नेछ :

(क) इजाजतपत्र प्रत्येक आर्थिक वर्षको अषाढ महिना भित्र नविकरण गराईसकेको हुनुपर्नेछ।

(ख) इजाजतपत्र सबैले देख्ने गरी कारोबार स्थलमा राख्नुपर्नेछ।

(ग) डिपार्टमेन्टल स्टोरले मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलग्गै बिक्री कक्षको व्यवस्था गर्नु पर्नेछ।

(घ) पत्येक वोतलमा बिर्को र वोतलमा पर्ने गरी अन्तःशुल्क टिकट टाँसी निकासी गर्नु पर्नेछ।

(ङ) विहान १०:०० वजे देखी राती १०:०० बजे सम्म मात्र मदिरा बिक्री वितरण गर्नुपर्नेछ।

(च) १८ वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाईने छैन।

(छ) मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको बिजक राख्नुपर्नेछ।

(ज) इजाजतपत्रवालाले प्रत्येक वोतलमा अन्तःशुल्क टिकट टाँसेको मदिरा मात्र बिक्री गर्नुपर्नेछ। अन्तःशुल्क टिकट नरहेको सामान खरिद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरिवाना हुनेछ।

(झ) अन्तःशुलक ऐन, २०५८ तथा मदिरा ऐन, २०३१ र सो अन्तर्गत बनेका नियम तथा निर्देशिकामा उल्लेखित प्रावधानहरको पालना गर्नुपर्नेछ।

(ञ) गाँउपालिका भित्र कुनै पनि मदिरा आयात गर्दा गाँउपालिकाले तोकेको स्थानमा कानून बमोजिमको स्वास्थ्य सेवा शुल्क वापतको रकम दाखिला गर्नुपर्नेछ।

(ट) गाँउपालिकाभित्र कनै पनि व्यक्तिले साँझ ५ वजे देखि ८ वजे सम्ममात्र गाँउपालिकाले तोकेको स्थान र परिमाणमा मात्र मदिरा सेवन गर्न पाउनेछ।

(ठ) गाँउपालिकाले मदिरा राख्नपाउने गरी वर्गीकरण गरेका होटेलहरुमा मात्र मदिरा राख न तथा बिक्री वितरण गर्न पाईने छ।

(ड) गाँउपालिकाले सार्वजनिक सूचना आह्वान गरी मदिरा सेवन गर्ने एवं बिक्री वितरण गर्ने स्थान तोक्नेछ र सोही स्थानबाट मात्र मदिराको बिक्री वितरण गर्न तथा तोकिउको समयावधिभित्र सेवन गर्नुपर्नेछ।

(ढ) मदिरा बिक्रेताले खरिद गर्नेको तीन पुस्ते विवरण राख्नुपर्नेछ।

(ण) सरकारी कार्यलय, विद्यालय, सार्वजनिक स्थल, धार्मिक स्थल, पर्यटन स्थल भन्दा २०० मि. टाढा मात्र मदिरा राखी बिक्री वितरण गर्न पाईनेछ।

(८) अनुमतिपत्रको अवधि र नविकरण : अनुमतिपत्रको अवधि र नविकरण दस्तुर सम्बन्धी व्यवस्था प्रचलित कानूनमा तोकिएबमोजिम हुनेछ। तर गाँउपालिकाको सिफारिसबिना अनुमतिपत्रको नविकरण गर्न पाईने छैन।

(९) अनुमतिपत्र रद्ध गर्न र सिफारिस गर्न सक्ने : प्रचलित कानूनमा तोकिएको अधिकारी वा निकाय समक्ष प्रचलित कानून बमोजिम दिइएको अनुमतिपत्र देहाएको अवस्थामा रद्ध गर्न सिफारिस गरी मदिरा बिक्री वितरण गर्न बन्देज लगाउन सकिनेछ :

(क) अनुमतिपत्र नविकरण नगरेमा ,

(ख) अनुमतिपत्रमा तोकिएका शर्तहरु उल्लङ्घन गरेमा ,

(ग) खण्ड (५) विपरीत गरेमा ।

(१०) लागू नहुने अवस्था : यस ऐनका अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि निजी उपयोगको निमित्त देहायको परिमाणमा रक्सी वा जाँड बनाउन प्रचलित कानुन बमोजिम अनुमतिपत्र लिनु पर्ने छैन ।

(क) कुनै व्यक्तिले निजी उपयोगका लागि एकपटकमा पाँच लिटरसम्म रक्सी र दश लिटर सम्म जाँड बनाउन, तर,

(१) यसरी रक्सी र जाँड वर्षको ६ पटक भन्दा बढी बनाउन पाइने छैन ।

(२) यसरी रक्सी र जाँड बनाउने व्यक्तीले त्यसको सूचना अन्तःशुल्क अधिकृतलाई दिनु पर्छ ।

(११) गाँउपालिकालाई तिर्न पर्ने रकम सरकारी बाँकी सरह असुल गर्ने : यो कार्यविधि बमोजिम कुनै व्यक्तीले गाँउपालिकालाई तिर्न बुझाउनुपर्ने रकम नतिरी नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट प्रमुख प्रशासकीय अधिकृतले सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

(१२) दण्ड सजाय : (१) यस कार्यविधि विपरीत काम गर्ने व्यक्तीलाई प्रचलित कानून बमोजिम कैद र एक लाख रुपैयाँ सम्म जरिवाना हुनेछ ।

(२) यस कार्यविधि विपरित कुनैकाम गर्न उद्योगगर्ने वा त्यस्तो काम गर्न दुरुत्साहन गर्ने वा सो काममा सहयोग गर्ने व्यक्तीलाई प्रचलित कानूनबमोजिम कैद र पचास हजार रुपैयाँ सम्म जरिवाना हुनेछ ।

(३) गाँपालिकाभित्र जुनसुकै स्थानमा मदिरा सेवनगरी होहल्ला गरेमा, परिवारका सदस्यलाई दुःख दिएमा, तोकिएको अवधिभित्र बाहेक अन्य अवधिमा मदिरा सेवन गरेमा, मदिरा सेवन गरी सार्वजनिक स्थलमा प्रवेश गरेमा वा सार्वजनिक सुव्यवस्थामा खलल पुग्ने कार्य गरेमा देहायवमोजिम सजाय हुनेछ ।

(क) सार्वजनिक पदधारण गरेको व्यक्ती बाहेकका सर्बसाधारण व्यक्ति भएमा पहिलोचोटी रु.३ हजार, दोस्रोचोटी रु.४ हजार, तेस्रोचोटी भएमा रु.५ हजार र सोभन्दा बढिपटक दोहोऱ्याएमा रु.२० हजार सम्म जरिवाना हुनेछ।

(ख) सार्वजनिक पदधारण गरेको व्यक्ति भएमा पहिलोचोटी रु.६ हजार, दोस्रोचोटी रु.८ हजार, तेस्रोचोटी भएमा रु.१० हजार र सोभन्दा बढिपटक दोहोऱ्याएमा रु.४० हजार सम्म जरिवाना हुनेछ।

(ग) सर्वसाधरण वा सार्वजनिक पदधारण गरेको व्यक्ति मदिरा सेवन गरी सार्वजनिक स्थलमा प्रवेश गरेमा पहिलोचोटी रु.९ हजार, दोस्रोचोटी रु.१२ हजार, तेस्रोचोटी भएमा रु.१५ हजार र सोभन्दा बढिपटक दोहोऱ्याएमा रु.६० हजार सम्म जरिवाना हुनेछ।

(४) कुनै व्यक्तिमाथि उल्लेखित जरिवाना वापतको रकम तिर्न सक्ने हैसियत नभएमा गाँपालिका वा गाँउपालिकाले तोकेको निकायले जरिवाना वापतको रकम बराबर श्रम गराउनेछ।

(५) पटक-पटक मदिरा सेवन गर्ने व्यक्तिलाई नेपाल प्रहरीले निजको व्यवहार परिवर्तनको लागि तारेखमा बोलाउन सक्नेछ।

(१३) मदिरा तथा अन्य सामानको जफत र बिक्री : (१) कुनै व्यक्तिले यस कार्यविधि र प्रचलित कानून विपरित मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्य संग सम्बन्धित मदिरा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले जफत गर्नेछ।

(२) उपखण्ड (१) बमोजिम जफत गरिएको मदिरामध्ये गुणस्तरयुक्त मदिरा तोकेबमोजिम प्रमुख प्रशासकीय अधिकृतले लिलाम बिक्री गनुपर्नेछ।

(३) यस कार्यविधि र प्रचलित कानून विपरित मदिराको कारोबार गर्न प्रयोगद गरिएका सबै सामानहरु प्रमुख प्रशासकीय अधिकृतले जफत गरि तोकिएबमोजिम लिलाम बिक्री गर्नेछ तर सवारी साधानको हकमा सवारी धनिको मञ्जुरी रहनेछ भने त्यस्तो सवारी साधन जफत हुनेछैन।

(१४) सहयोग गर्नुपर्ने : यस कार्यविधि र प्रचलित कानून अन्तर्गत सजाय हुने कसूरको तहकिकातको सिलसिलामा प्रमुख प्रशासकीय अधिकृत र वा निजबाट अधिकार पाएको कर्मचारीले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

(१५) मुद्दा हेर्ने अधिकारी : (१) खण्ड (१४) अन्तर्गतको मुद्दामा सुरु कारबाही र किनारा गर्ने अधिकार प्रचलित कानून बमोजिमको निकायलाई र सो बाहेक यस कार्यविधि अन्तर्गतको मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख प्रशासीय अधिकृतलाई हुनेछ।

तर खण्ड (१४) बमोजिम दण्ड सजायमध्ये तोकिएको सिमासम्मको रकम बराबरको जरीवाना प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले गर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरु कार्वाही र किनारा गर्ने अधिकारीलाई प्रचलित नेपाल कानूनबमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार प्राप्त हुनेछ।

(१६) पुनरावेदन : यस कार्यविधि बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय उपर प्रचलित नेपाल कानूनमा उल्लेख भए बमोजिमको निकायमा प्रचलित कानून बमोजिम पुनरावेदन लाग्नेछ।

(१७) पुरस्कार : (१) कसैले यस कार्यविधि विपरित मदिरा उत्पादन, सञ्चय, बिक्री वितरण, ओसार पसार, निकासी वा पैठारी गर्न लागेमा वा गरेमा त्यसको सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा देहाय बमोजिमको रकम पुरस्कार स्वरुप दिइनेछ :

(क) सुराक दिने व्यक्तिलाई बिगाको १० प्रतिशत ,

(ख) मदिरा वा मानिस पक्री पेश गर्ने व्यक्तिलाई बिगोको २० प्रतिशत,

(ग) मदिरा र मानिस दुबै पक्री पेश गर्ने व्यक्तिलाई बिगोको ३० प्रतिशत।

(२) उपखण्ड (१) बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सो संग सम्बन्धीत जफत भएको  सामान लिलाम भएको अवस्थामा लिलामबाट प्राप्त रकमलाई बिगो मानिनेछ।

(३) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा गाँउपालिकाले त्यस्तो सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहऱ्याएको रकम पुरसकार स्वरुप दिन सक्नेछ।

(४) यस खण्ड बमोजिम पुरस्कार पाउने व्यक्ति एक जना भन्दा बढि भएमा पुरस्कारको रकम दामासाही वितरण गरिनेछ।

(१८) सहयोग गर्नुपर्ने : यस कार्यविधि एवं प्रचलित कानून कार्यान्वयनको लागि गाँउपालिकाले मागेको सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासन, सरोकारवाला र अन्य निकायको कर्तव्य हुनेछ।

गाँउपालिकाबाट स्वीकृत

प्रमाणिकरण

मिति : २०७५/१२/२४ मिति : २०७५/१२/२५

(४) मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति गठन प्रक्रिया :

(१) गाउँपालिका स्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नको लागि यस गाउँपालिकामा निम्न वमोजिमको एउटा गाउँपालिका स्तरीय समिति गठन गरिनेछ,

क. गाउँपालिका अध्यक्ष - संयोजक

ख. गाउँपालिका उपाध्यक्ष- सदस्य

ग. सवै वडा अध्यक्षहरु - सदस्य

घ. स्वास्थ्य शाखा प्रमुख - सदस्य

ङ. गाउँपालिकामा भएको इलाका प्रहरी कार्यालयको इन्चार्ज - सदस्य

च. गाउँ कार्यपालिकाका सदस्य मध्येवाट महिला र दलित २ जना - सदस्य

छ. प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

२) वडा स्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नको लागि यस गाउँपालिकामा निम्न वमोजिमको एउटा वडास्तरीय समिति गठन गरिनेछ।

क. वडा अध्यक्ष - संयोजक

ख. वडा सदस्यहरु - सदस्य

ग. प्रहरी कार्यालयको प्रतिनिधि - सदस्य

घ. वडा स्तरको महिला समुहको प्रतिनिधि - सदस्य

ङ.वडा स्तरको वाल समुह प्रतिनिधि - सदस्य

च. व्यापार तथा व्यापारी संघको प्रतिनिधि - सदस्य

छ. वडा सचिव - सदस्य सचिव

३) गाउँपालिका स्तरीय समिति र वडा स्तरीय समितिको काम,कर्तव्य अधिकारहरु :

क) वडा समितिले आफ्नो वडा भित्रका टोल, बजार विद्यालय, स्वास्थ्य केन्द्र,पार्क मन्दिर लगायतका स्था तथा सार्वजनिक स्थलहरुमा मदिराको अवस्था के कस्तो छ ? सोको वारेमा महिनाको १ दिन अनिवार्य अनुगमन गर्नुपर्नेछ।

ख) अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी अनिवार्य रुपमा गाउँपालिका स्तरीय समितिमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

ग) अनुगमन समितिले आफ्नो वडाको क्षेत्र भित्र मदिरा विक्रि वितरणवारे अनुगमन गर्दा यस कार्यविधिको नियम ३ मा उल्लेख गरिएको कुरा के कति पालन गरिएको छन सो कुरा प्रतिवेदनमा अनिवार्य खुलाउनुपर्नेछ।

घ) नियम ४ वमोजिमको समितिले नियम ७ क देखि ड वमोजिमको कसुर गर्ने न्यायिक समितिमा मद्दा दायर गर्न सिफारिस गर्न सक्नेछ।

ङ) गाउँपार्लिका स्तरीय समितिले कुनै वयक्ति वा व्यवसायीले मदिरा सञ्चित राखेको वा ओसार पसार गर्दा भेटिएमा वा सूचना प्राप्त भएमा उक्त मदिरालाई नियन्त्रणमा लिई नियमानुसार नष्ट गर्नसक्नेछ।

च) वडा स्तरीय समितिले आफ्नो वडा भित्रमा मदिरा विक्रि वितरण गर्नेको हकमा विक्रि कर्ताले खरिद कर्ताको तिन पुस्ते जस्तै : वाजे,बुवा र छोराको विवरण सुरक्षित राख्नु पर्ने नियम वनाई सो को कार्यन्वयन गर्न लगाउने र मासिक रुपमा अनुगमन गर्ने।

परिवर्तन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा

# स्थानीय राजपत्र

खण्ड १ संख्याः१ प्रकाशित मितिः२०८०/१२/३०

भाग ३
परिवर्त गाउँपालिका

# शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन कार्यविधि २०७७

(गाउँकार्य पालिकाको बैठकबाट स्वीकृत मितिः२०७७ चैत्र २२ गते)

# परिवर्तन गाउँपालिकाको शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन कार्यबिधी २०७७

गाउँ कार्य पालिकाद्वारा पारित मितिः२०७७/१२/२२

**प्रस्तावनाः**

प्रस्तावना परिवर्तन गाउँपालिका स्थित विद्यालयहरूमा गाउँपालिकाद्वारा उपलब्ध गर इको शिक्षक तथा  कर्मचारी अनुदान रकमलाई वस्थित गरी शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्न गाउँ कार्यपालिकाले यो कार्यबिधी निर्माण गरी जारीगरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

संक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नाम शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन कार्यबिधी २०७७ रहेको छ।

१.२ यो निर्देशिका परिवर्तन गाउँपालिका भर तुरून्त प्रारम्भ हुने छ।

## परिच्छेद २

परिभाषाः विषय वा प्रशङ्गले अर्के अर्थ नलागेमा यस निर्देशिकामा

२.१ "गाउँपालिका अध्यक्ष" भन्नाले परिवर्तन गाउँपालिकाका अध्यक्षलाई बुझाउदछ।

२.२ "गाउँपालिका उपाध्यक्ष" भन्नाले परिवर्तन गाउँपालिकाका उपाध्यक्षलाई बुझाउदछ।

२.३ "गाउँशिक्षा समिति" भन्नाले परिवर्तन गाउँपालिकामा गठन भएको गाउँ शिक्षा समितिलाई बुझाउदछ।

२.४ "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले परिवर्तन गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत बुझाउद छ।

२.५ "शिक्षा शाखा प्रमुख" भन्नाले परिवर्तन गाउँपालिकाका शिक्षा शाखा प्रमुखलाई बुझाउद छ।

२.६ "पुनरावलोकन समिति" भन्नाले परिवर्तन गाउँपालिकाका शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन कार्यविधी २०७७ को परिछेद ९ को ११.१ मा गठन भएको समितिलाई जनाउ छ।

२.७ “शिक्षक” भन्नाले गाउँपालिकाको अनुदानबाट तलव भत्ता खाने गरी विद्यालय व्यवस्थापन समितिबाट नियुक्ति शिक्षक सम्झनु पर्दछ। यो शब्दले प्रारम्भिक वालविकास केन्द्रमा नियुक्ति शिक्षक समेतलाई बुझाउँदछ।

२.८ “कर्मचारी” भन्नाले विद्यालयमा लेखा सम्बन्धी कामकाज गर्न नियुक्ति विद्यालय सहायकलाई सम्झनुपर्छ।

२.९ “अनुदान” भन्नाले गाउँपालिकाको विद्यालयमा शिर्षक तथा कर्मचारी अभावपुर्ति गर्न विद्यालयमा स्थायी दरवन्दी सिर्जना नहुन्जेलसम्मका लागि मात्र उपलब्ध गराएको अनुदान रकम सम्झनुपर्छ।

२.१० “गाउँपालिका” भन्नाले परिवर्तन गाउँपालिका सम्झनुपर्छ।

२.११ “गाउँकार्यपालिका” भन्नाले परिवर्तन गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ।

२.१२ “शिक्षा नियमावलि” भन्नाले परिवर्तन गाउँपालिकाले निर्माण गरेको शिक्षा नियमावलि २०७६ सम्झनुपर्छ।

## परिच्छेदः ३

## शिक्षक अनुदान उपलब्ध गराउने आधारहरू

गाउँपालिकाले विद्यालयलाई शिक्षक अनुदान देहाय बमोजिमका आधारमा उपलब्ध गराउनेछ।

३.१ विद्यालयमा सञ्चालित तह र कक्षा

३.२ विद्यालयमा भएको विद्यार्थी संख्या र विद्यालय सेवा क्षेत्र

३.३ विद्यालयमा उपलब्ध दरवन्दी संख्या

३.४ विद्यालयमा पढाई हुने विषयहरू

३.५ विद्यालयमा सञ्चालित प्राविधिक धार

३.६ गाउँकार्यापालिकाले तोकेका अन्य आधारहरू

## परिच्छेद ४

४. न्यनतम रूपमा विद्यालयमा देहाय बमोजिम दरबन्दी हुनेगरी शिक्षक अनुदान रकम उपलब्ध गराइने छ।

वालविकास केन्द्र सञ्चालित न्युनतम १ दरवन्दी सम्म

४.१ कक्षा १ देखि ३ सञ्चालित विद्यालयः न्युनतम २ दरबन्दी सम्म

४.२ कक्षा १ देखि ५ सञ्चालित विद्यालयः न्युनतम ३ दरबन्दी सम्म
४.३ कक्षा ६ देखि ८ सञ्चालित विद्यालयः न्युनतम ४ दरबन्दी सम्म
४.४ कक्षा ९ देखि १० सञ्चालित विद्यालयः न्युनतम ५ दरबन्दी सम्म

**शिक्षक नियुक्ति प्रक्रिया**

५. गाउँपालिकाको अनुदान रकमबाट तलवभत्ता खानेगरी शिक्षक नियुक्ति गर्दा देहाय बमोजिमको प्रक्रिया अवलम्वन गरिनेछ।

५.१ शिक्षक दरवन्दी नभएको वा दरवन्दी अपुग भएको विद्यालयमा शिक्षा युवा तथा खेलकुद शाखाको सिफारिसको आधारमा गाउँकार्यपालिकाको निर्णयानुसार शिक्षक अनुदान रकम उपलब्ध गराइने छ।

५.२ विद्यालयमा शिक्षक अनुदान रकम उपलब्ध गराए पर्श्चात शिक्षा युवा तथा खेलकुद शाखाबाट शिक्षक नियुक्तिको लागि अनुमति लिनु पर्नेछ।

५.३ शिक्षा युवा तथा खेलकुद शाखाबाट अनुमति लिईसकेपछि विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार कम्तिमा १५ दिनको म्याद राखी विज्ञापन गर्नु पर्नेछ।

५.४ सम्बन्धित विद्यालयबाट रिक्त अनुदानकोटा पदपुर्ति सम्बन्धमा निर्णय भई आएमा शिक्षा शाखाले दुइ वा दुइ भन्दा बढि विद्यालयको रिक्त रहेको अनुदान कोटामा एकमुष्ट विज्ञापन सहजीकरण गर्न सक्नेछ।

५.५ शिक्षकको विज्ञापन गर्दा आधारभुत तह (कक्षा १ देखि ५ को लागि विद्यालयको आवश्यकता र आधारभुत तह  कक्षा ६ देखि ८ तथा माध्यमिक तह कक्षा ९ देखि १२ को लागि विषयगत मागलाई समेत ख्याल गर्नु पर्नेछ।

५.६ कक्षा ६ देखि १२ सम्म शिक्षक नियुक्ति गर्दा क्रमश अंग्रेजी, गणित, विज्ञान नेपाली र सामाजिक विषयलाई ध्यान दिनु पर्नेछ।

५.७ शिक्षकको योग्यता शिक्षा नियामावली अनुसार हुनेछ।

५.८ विज्ञापन पर्श्चात शिक्षा नियमावली बमोजिमको शिक्षक तथा कर्मचारी छनौट समितिले गाउँपालिका लेतोकेको प्रतिनिधी समेतको प्रत्यक्ष उपस्थितीमा परीक्षा सञ्चालन गरी शिक्षक नियुक्तिको लागी विद्यालयलाइ सिफारीस गर्नेछ।

५.९ शिक्षा नियमावली तथा यस कार्यबिधी विपरित कसैले नियुक्ति गरेमा त्यसलाई गाउँपालिकाले बदर गर्न सक्नेछ।

## परिच्छेद ४ 'क'

## अनुदान कार्यविधि पुर्व गाउँपालिकाबाट नियुक्त करार शिक्षक सम्बन्धमा

५.१० यो कार्यबिधी जारी हुनुपुर्व गाउँपालिका द्वारा नियुति भएका करार शिक्षकहरूको सख्यालाई र कुल अनुदान दरबन्दीमा समाबेश गरिनेछ र सो करार शिक्षकहरू पनि स्वतः अनुदान शिक्षकमा रूपान्तण हुनेछन्।

५.११ कार्यविधी लागु हुँदा अनुदान कोटा विद्यालय गत रूपमा फेरबदल भएमा अनुदान गएको विद्यालयमा शिक्षकको पनि व्यवस्थापन गरिनेछ।

५.१२ कार्यविधी लागुहुन पुर्व गाउँपालिकाबाट भएको तलव भत्ता निकासा यसै कार्यविधी बमोजिम भएको मानिने छ।

## परिच्छेद ५

विद्यालयमा शिक्षक तथा कर्मचारी अनुदान रकम निकासा गर्ने प्रक्रियाः

६. विद्यालयमा शिक्षक अनुदान निकासा गर्दा देहाय बमोजिमका प्रक्रिया अपनाइने छ।

६.१ गाउँपालिकाको अनुदान रकमबाट तलव भत्ता खाने शिक्षकहरूलाई अभिलेखिकरण गरिने छ।

६.२ शिक्षकको मासिक माग फारम विद्यालयबाट संकलन गरिने छ।

६.३ शिक्षकहरूको मागफारम संगै नियुक्ति पत्रको प्रतिलिपि हाजिरी प्रमाणीत गरेको पत्र तथा विद्यालयको सिफारिस अनिबार्य रूपमा समावेश गर्नु पर्नेछ।

६.४ मागफारमको रूजु पश्चात विद्यालयमा अनुदान शिक्षक सख्या र तलब स्केलको आधारमा विद्यालयको खातामा चौमासिक रूपमा रकम निकासा गरिने छ।

## परिच्छेद ६

## शिक्षक तथा कर्मचारी अनुदान रकमः

८. शिक्षक तथा कर्मचारी अनुदान रकम

८.१ शिक्षक अनुदान रकम देहाय बमोजिम उपलब्ध गराईनेछ।

८.२ आधारभुततह १ देखि ५ मासिक रू १८००० का दरले १२ महिना बराबरको

८.३ आधारभुत तह ६ देखि ८ मासिक रू २०००० का दरले १२ महिना बराबरको

८.४ माध्यमिक तह ९ देखि १० मासिक रू २५०००का दरले १२ महिना बराबरको

८.५ बालबिकास तहका शिक्षकको मासिक रू.६००० का दरले १२ महिना वरावरको बार्षिक प्रति शिक्षक उपलव्ध गराउने

८.६ माथि उल्लेखित अनुदानमा पोषाक भत्ता चाडपर्व खर्च लगायत अन्य भत्ता प्रति शिक्षक तथा कर्मचारीलाइ उपलब्ध नगराउने

९. दफा ८ मा जुनसुकै कुरा लेखिएता पनि प्रत्येक आर्थिक बर्षको अन्त्यमा गाउँपालिकाले शिक्षक कर्मचारीको अनुदान दरमा एक पुनरावलोकन समिति गठन गरि सोहि समितिको सिफारिसको आधारमा गाउँकार्यपालिकाले तलव भत्ता परिमार्जन गर्न सकिने छ।

शिक्षकहरूको परीक्षा सञ्चालनका हकमा बिषय विज्ञहरू गा पा को रोष्टर हरूबाट वि व्य स ले छनौट गर्ने छ। यदि उपलब्ध हुन नसकेमा शिक्षा युवा तथा खेलकुद शाखाले तोकेको शिक्षकलाइ बिषय विज्ञ मानिने छ।

## परिच्छेद ७

## विद्यालयहरूलाई उपलब्ध गराइने शिक्षक तथा कर्मचारीको दरबन्दी

१०. गाउँपालिकाबाट उपलव्ध गराईने अनुदानबाट बिद्यालयहरूलाई देहाय बमोजिमको अनुदान दरबन्दि हुने छ।

| क्र.सं. | विद्यालयको नाम | अनुदान शिक्षक सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | बा.वि.के. तथा CLC | प्रा.वि. | नि.मा.वि. | मा.वि. |
| १ | जनसेवामा.वि. राङ्सी | ० | ० | १ | ० |
| २ | जनचेतनाआ.विहलहले | १ | १ | ० | ० |
| ३ | जनतामा. वि .बगमारा | १ | ० | १ | ० |
| ४ | जनकल्याणआ.वि .त्रिवेणीखोला | ० | ३ | १ | ० |
| ५ | शिक्षाआ.वि. धजाबोट | ० | १ | ० | ० |
| ६ | अतिज्ञान ज्योतिआ.वि. हिरिवन | १ | ० | ० | ० |
| ७ | ने.रा. नमूनामा .वि.मौलाबोट | ० | १ | २ | ० |
| ८ | बालउत्थानप्रा.वि. जैपा | ० | १ | ० | ० |
| ९ | बालशिक्षामा.वि .थुनिकोट | ० | १ | २ | १ |
| १० | दिव्यज्योतिप्रा.वि. इरिवाङ् | १ | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | भानुभक्तआ.वि. टयाम | ० | १ | १ | ० |
| १२ | हरियालीप्रा.वि. बसन्धारा | १ | ० | ० | ० |
| १३ | सुकीदहप्रा.वि. कुरेली | १ | १ | ० | ० |
| १४ | त्रिवेणीप्रा.वि. राङ्कोट धउनुगाड | ० | २ | ० | ० |
| १५ | नेपाल राष्ट्रियमा.वि. इरिवाङ ,नाफे | १ | १ | ३ | ० |
| १६ | ठाकुरखोरिया प्रा.वि. राङ्कोट | १ | ० | ० | ० |
| १७ | जनकल्याणमा.वि. कुरेली ,खरिबोट | ० | | २ | १ |
| १८ | प्रा. वि. धोएखोए ,पाछावाङ् | १ | ० | ० | ० |
| १९ | जनप्रियबालशिक्षाप्रा.वि. थानेकोट | १ | ० | ० | ० |
| २० | हिमालयकैलाशप्रा.वि. गलकोट | १ | ० | ० | ० |
| २१ | जनकल्याणप्रा.वि.कर्तम | ० | १ | ० | ० |
| २२ | बालकल्याणप्रा.वि. निङ्वाङ | १ | १ | ० | ० |
| २३ | सरस्वतीआ.वि. तातापानी | ० | १ | १ | ० |
| २४ | रष्ट्रियमा.वि. केवरी | ० | ० | ० | १ |
| २५ | दिव्यज्योतिमा.वि. माईस्थान | ० | ० | २ | १ |
| २६ | ने.रा. मा.वि. राङ्खुङ् | ० | ० | १ | २ |
| २७ | बालकल्याणमा.वि. उपावाङ | ० | ० | १ | ० |
| २८ | बालकल्याणआ.विजोगिडाँडा | ० | ० | २ | ० |
| २९ | जनशिक्षाआ.वि. पोखराडाँडा | ० | १ | ० | ० |
| ३० | बागेश्वरी प्रा.वि. चारेढुङ्गा | ० | १ | ० | ० |
| ३१ | बालसुन्दर प्रा.वि. सेकम | ० | २ | ० | ० |
| ३२ | फूलबारी प्रा.वि. चैतेलेक | ० | २ | ० | ० |
| ३३ | ने.रा. आ.वि. कोरल | ० | ० | १ | ० |
| ३४ | दिव्यज्योतिप्रा.वि. बासुकीडाँडा | ० | १ | ० | ० |
| ३५ | बालज्योतिप्रा.वि. जुमाराङ्सी | ० | १ | ० | ० |
| ३६ | सिर्जनशिलशिशु विकास केन्द्र राङ्कोट ५ गोरिचौर | १ | ० | ० | ० |
| ३७ | बाल उत्थान शिशुविकास केन्द्र राङ्कोट ५ खिसाबाङ | १ | ० | ० | ० |
| ३८ | बालउत्थानबालशिक्षा केन्द्र पाछाबाङ ४ बाछेओखर | १ | ० | ० | ० |
| ३९ | सिद्धपूर्वप्राथमिकविद्यालयटाकुराडाँडा परिवर्त १ कुरेली | १ | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४० | जनप्रियबालविकास केन्द्र परिवर्तन गा.पा ३ | १ | ० | ० | ० |
| ४१ | नवज्योतिप्रारम्भिकबालशिक्षा केन्द्र परिवर्तन गा.पा. २ राङ्सी दाङ्जै | १ | ० | ० | ० |
| ४२ | बालकल्याणबालविकास केन्द्र परिवर्तन गा.पा.२ राङ्सी पाखाबाङ | १ | ० | ० | ० |
| ४३ | नवज्योतिबालविकास केन्द्र परिवर्तन गा.पा. २ रके | १ | ० | ० | ० |
| ४४ | दिपज्योतिबालविकास केन्द्र परिवर्तन २ राङ्सी, रिमुल | १ | ० | ० | ० |
| ४५ | जनज्योति सामुदायिकसिकाई केन्द्र परिवर्तन ४ पाछाबाङ | १ | ० | ० | ० |
| ४६ | जनसेवा सामुदायिकसिकाई केन्द्र परिवर्तन २ राङ्सी, रोल्पा | १ | ० | ० | ० |
| ४७ | चौधारा बालविकास केन्द्र परिवर्तन २ राङ्सी, रोल्पा | १ | ० | ० | ० |
| ४८ | समाज सुधार सामुदायिकसिकाई केन्द्र परिवर्तन ३, बागमारा | १ | ० | ० | ० |
| ४९ | जन चेतना सामुदायिकसिकाइ केन्द्र परिवर्तन ५ रोल्पा | १ | ० | ० | ० |
| ५० | जनसाक्षर सामुदायिकसिकाइ केन्द्र परिवर्तन १ कुरेली | १ | ० | ० | ० |
| | जम्मा | २६ | २४ | २१ | ६ |

## परिच्छेद ८

## गाउँपालिकाको अनुदान रोक्का वा बन्द गर्न सकिने

११. विद्यालयमा उपलब्ध गराइने गाउँपालिकाको अनुदान रकम देहाय बमोजिमको अवस्थामा गाउँ शिक्षा समितिको सिफारिसको आधारमा गाउँकार्यपालिकाले रोक्का वा बन्द गर्न सक्नेछ।

११.१ शिक्षक तथा कर्मचारी दरबन्दि स्थायी रुपमा सिर्जना वा पदपुर्ति भइ आएमा,

११.२ संघिय वा प्रादेशिक सरकारबाट शिक्षक तथा कर्मचारी ब्यवस्थापनका लागि अनुदान प्राप्त भएमा,

११.३ विद्यालय मर्जवा तह तथा कक्षा घटुवामा परेमा,

११.४ पुनरावलोकन समितिले अनुदान रोक्का वा बन्द गर्ने सिफारीस गरेमा,

११.४ गाउँकार्यपालिकाले मनासिव ठहराएका अन्य आधारहरु,

## परिच्छेद ९
## पुनरावलोकन समिति

१२.१ गाउँपालिकाले विद्यालयलाई प्रदान गर्ने बुदा नं. ८ बमोजिमको शिक्षक तथा कर्मचारी अनुदान र बुदा नं. १० बमोजिमको बिद्यालयलाई दिईने अनुदानद र बन्दिको प्रत्येक बर्ष पुनरावलोकन गर्न देहाय बमोजिमको एक समिति गठन गर्न सकिनेछ । पुनरावलोकन समितिको सिफारीसका आधार मा प्रत्येक आर्थिक वर्षमा गाउँकार्यपालिकाले अनुदान दरबन्दी हेरफेर गर्न सक्नेछ ।

- गाउँपालिका अध्यक्ष वा निजले तोकेको ब्यक्ति..............संयोजक

ख) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत......................पदेन सदस्य

- गाउँ शिक्षा समिति सदस्य मध्येबाट गाउँ शिक्षा समितिले तोकेको एक जना.........सदस्य

घ) गाउँ शिक्षा समितिले तोकेको माध्यमिक विद्यालयको प्र.अ. मध्ये एक जना........सदस्य

ङ. गाउँपालिकाको शिक्षा शाखा प्रमुख......................पदेन सदस्य सचिव

१२.२ पुनरावलोकन समितिको काम कर्तब्य र अधिकार तोकिय बमोजिम हुनेछ ।

- नेपाल सरकारबाट बार्षिक रुपमा हुने बजेट भषणमा शिक्षक कर्मचारीको तलब भत्तामा परिमार्जनलाई आधार बनाई गाउँपालिका अनुदान शिक्षकको तलब भत्ता परिमार्जन गर्न गाउँकार्यपालिकालाइ शिफारीस गर्ने ।
- समितिले शिक्षकदरबन्दी थपघट गर्न विद्यालयवाट अवश्यक तथ्याङ्क माग गर्ने र उक्त तथ्याङ्क उपयुक्त नदेखिएमा समितिले अनुगमन गरी दरबन्दी थपघट गर्न सिफारीस गर्ने ।
- दरबन्दी थपघट गर्दा बिद्यार्थी संख्या, सञ्चालित तह र कक्षा, सिकाई उपलब्धि र भौगोलिक बिकटतालाई समितिबाट आधार बनाईनेछ ।

## परिच्छेद १०
## विविध

१३. कार्यबिधी संशोधनः- यस कार्यबिधीलाई आवश्यकता र औचित्यका आधारमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१४. बचाउः- यो कार्यबिधी जारी हुनुभन्दा अगावै विद्यालयमा उपलब्ध गराइएको अनुदान रकम शिक्षक तलव भत्ता यसै कार्यबिधी बमोजिम विद्यालयमा निकासा भएको मानिनेछ ।

परिवर्तन गाउँपालिकाको शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन कार्यविधी २०७७ प्रमाणिकरण गर्नेः

- गाउँकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७७ को दफा ४ बमोजिम परिवर्तन गाउँपालिकाको शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन निर्देशिका २०७७ प्रमाणित गरेको छु ।

दस्तखतः
डिल्लीखड्का
प्रमुख प्रशासकिय अधिकृत
प्रमाणिकरण मितिः २०७७ चैत्र गते

परिवर्तन गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

पुतलाचौर, रोल्पा

# स्थानीय राजपत्र

खण्ड १ संख्याः१ प्रकाशित मितिः२०८०/१२/३०

भाग ३

परिवर्त गाउँपालिका

# परिवर्तन गाउँपालिकाको द्वन्द प्रभावित परिवार उत्थान कार्यक्रम सम्बन्धी कार्यविधि, २०७९

(गाउँ कार्यपालिकाबाट पारित मिति : २०७९/१२/२२)

## परिवर्तन गाउँपालिकाको द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम सम्बन्धी कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मिति : २०७९/१२/२२

**प्रस्तावनाः**

निरन्तरको राजनैतिक अस्थिरताका साथै सदियौ देखिको धार्मिक अन्धविश्वास र कुरूतीका कारण सिर्जित छुवाछुत, जातिय विभेद, आर्थिक असमानता, सामाजिक असमाञ्जस्यता, पिछडापन, बर्गीय र क्षेत्रिय विभेद जस्ता समस्याहरूको समूल अन्त्य गरी मुलुकको समाजिक, सांस्कृतिक र राजनैतिक परिवर्तनका साथै आर्थिक विकाश र समृद्धीको बृहत लक्ष्य हासिल गर्ने महान उदेश्यका साथ रोल्पा जिल्लाबाट मिति २०५२ साल फाल्गुण १ गतेबाट शुभारम्भ भई समग्र मुलुकमा नै फैलिएको १० वर्षीय माओवादी जनयुद्धका साथै २५० वर्ष देखि निरन्तर शासन गरिरहेको कुलिन, एकतन्त्रिय र जहानिया र निरंकुश शासन व्यवस्थाको अवशेषको रूपमा रहेको राजतन्त्रको अन्त्य गरी लोकतान्त्रिका शासन व्यवस्थाको पुर्नस्थापनाको निमित्त भएको २०६२/०६३ को जनआन्दोलनका क्रममा भएको घाइते, अपाङ्ग, वेपत्ता तथा शहिद परिवारका सदस्यहरूलाई आर्थिक सहयोग मार्फत विभिन्न उत्पादनशिल उद्यम तथा व्यवसायहरूमा सहभागी गराई जीवन उत्थान र आत्मनिर्भर बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले प्रत्यायोजित अधिकारको प्रयोग गरी गाउँ कार्यपालिकाको मिति २०७९।१२।२२ को बैठकबाट यो परिवर्तन गाउँपालिकाको द्धन्द प्रभावित परीवार उत्थान कार्यक्रम सम्बन्धी कार्यविधि २०७९ स्वीकृत गरी जारी गरिएको छ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यबिधिको नाम "द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम सम्बन्धी कार्यबिधि, २०७९" रहेकोछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) “अध्यक्ष” भन्नाले परिवर्तन गाउँपालिकाका अध्यक्ष सम्झनुपर्दछ।

(ख) “उपाध्यक्ष” भन्नाले परिवर्तन गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले परिवर्तन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(घ) “स्थानीय तह” भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले जिल्ला सभालाई समेत जनाँदछ।

(ङ) “पालिका” भन्नाले परिवर्तन गाउँपालिका सम्झनुपर्दछ।

(च) “कार्यपालिका” भन्नाले परिवर्तन गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(छ) “गाउँ सभा” भन्नाले नेपालको संविधान-२०७२ को धारा २२२ को उपधारा (१) बमोजिमको गाउँ सभा सम्झिनुपर्दछ।

(ज) “वडा” भन्नाले परिवर्तन गाउँपालिकाको वडा सम्झनुपर्दछ।

(झ) “वडा अध्यक्ष” भन्नाले परिवर्तन गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्दछ।

(ञ) “वडा सचिव” भन्नाले परिवर्तन गाउँपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रूपमा कामकाज गर्न तोकिएको वडासचिव सम्झनुपर्छ।

(ट) “वडा समिति” भन्नाले नेपालको संविधान-२०७२ को धारा २२२ को उपधारा (४) बमोजिमको वडा समिति सम्झिनुपर्दछ।

(ठ) “पदाधिकारी” भन्नाले गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिका अन्य सदस्य सम्झनुपर्दछ।

(ड) “कार्यविधि” भन्नाले परिवर्तन गाउँपालिकाको “द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम सम्बन्धी कार्यविधि, २०७९” सम्झनु पर्छ।

(ढ) “ऐन” भन्नाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्दछ।

(ण) “कानून” भन्नाले संघिय कानून, प्रदेश कानून र स्थानिय कानूनहरूलाई सम्झनुपर्दछ।

(त) "द्वण्द्व पिडित परिवार" भन्नाले १० वर्षे माओवादी जनयुद्ध तथा ०६२/०६३ को जनआन्दोलनको क्रममा भएका शहिद, वेपत्ता, अपाङ्ग, घाइते परिवारलाई सम्झनु पर्दछ।

(थ) "समिति" भन्नाले कार्यविधिको दफा १४ बमोजिम गठन हुने द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम समिति लाई सम्झनुपर्दछ।

(ध) "संयोजक" भन्नाले द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम समितिको संयोजक सम्झनुपर्दछ।

(न) "सदस्य" भन्नाले द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम समितिको सदस्य सम्झनुपर्दछ।

(प) "उद्यमी" भन्नाले यस कार्यविधि बमोजिम द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रमसँग सम्बन्धीत उद्यमी वा व्यवसायीलाई सम्झनुपर्दछ।

(फ) "कृषक'' भन्नाले कृषि वा कृषि क्षेत्रमा संग्लग्न कृषक, उद्यमी र व्यवसायी भन्ने बुझाउँदछ।

(भ) "कृषि वा कृषि क्षेत्र" भन्नाले जीवन धान्न र विकास/वृद्धिका लागि आवश्यक खाना, रेशा, जैविक उर्जा जडिवुटि र अन्य वस्तु उत्पादन गर्न प्रयोग गरीने विरूवा, पशुपन्छि, माछा समेत र ढुसी/च्याउ जातको खेती वा पालन र प्रकानन सम्बन्धि कार्य वा क्षेत्र भन्ने बुझाउँदछ। यसमा उत्पादन गर्नका लागि आवश्यक कृषि सामग्री, सिंचाई, यन्त्र र उपकरण, प्राविधिक सेवा टेवा र उत्पादित वस्तुहरूको भण्डारण र बिक्रि वितरणको व्यवस्थापन समेत पर्दछन्।

(म) "शाखा" भन्नाले गाउँकार्यपालिका अन्तरगतको बिषयगत शाखा, ईकाईलाई सम्झनुपर्छ। यस शब्दले संविधान बमोजिम गाउँपालिकालाई तोकिएको कार्यसम्पादन गर्नका लागि नगर कार्यपालिका अन्तर्गत रहने लघुउद्यमी, सहकारी, कृषि, पशुविकास वा अन्य बिषयगत शाखा वा इकाईलाई समेत सम्झनु पर्छ।

## परिच्छेद– २

**३. यस कार्य विधीको उद्देश्य देहाय बमोजिमका रहेका छन् :**

(१) परिवर्तन गाउँपालिका भित्र रहेका द्वण्द्वबाट प्रभावित परिवारको उत्थानको लागि उपयुक्त उत्पादनमूलक उद्यम तथा क्षेत्रहरूको सम्भाव्यता पहिचान गर्ने,

(२) परिवर्तन गाउँपालिका भित्र रहेका द्वण्द्व प्रभावित पिडित परिवारलाई स्वरोजगारबाट आत्मनिर्भर बनाएर पालिकाको उत्पादन बढाउनको लागि द्वण्द्व प्रभावित परिवारहरूलाई कृषि तथा पशुपालन उद्यम तथा अन्य उत्पादनमूलक उद्यम, व्यवसाय गर्नको लागि प्रेरित गर्ने,

(३) गाउँपालिकामा रहेका द्वण्द्व प्रभावित परिवारहरूलाई वितरण गरिने अनुदानलाई व्यवस्थीत गर्ने

(४) द्वण्द्व प्रभावित परिवारहरूलाई उत्पादनमूलक कार्यमा संग्लग्न गराएर गाउँपालिकाको उत्पादन बढाई गाउँपालिकालाई समृद्ध बनाउने,

(५) गाउँपालिकामा कृषि तथा पशुपालन सम्बन्धी नयाँ प्रविधि अवलम्बन गरि गराई उत्पादन र उत्पादकत्व बृद्धिका लागि व्यवसायिक लघुउद्यम,सहकारी कृषि उपजहरूको उत्पादन गर्न द्धण्द प्रभावित परिवारहरूलाई सहयोग गर्ने,

(६) गाउपालिकामा विभिन्न सरकारी, गैरसरकारी, विकास साझेदार, वित्तीय संस्था, सहकारी तथा निजी क्षेत्रबाट संचालन हुने द्वण्द्व प्रभावित परिवार लक्षित कृषि विकास कार्यक्रम, पशुपालन विकास कार्यक्रम, उद्यमशिलता तथा व्यसाय लक्षित कार्यक्रम, अनुदान तथा सहायता कार्यक्रमहरूलाई दोहोरो नपर्ने गरी एकिकृत रूपमा सञ्चालन र व्यवस्थापन गर्न स्थानिय सरकारलाई सहयोग पुऱ्याउने

**४. उद्देश्य प्राप्तिका लागि गरिने नीति र रणनीति**

(१) गाउँपालिकामा रहेका द्वण्द्व प्रभावित परिवारहरूको विस्तृत तथ्याङ्कको अभिलेखिकरण तथा अध्यावधिक गर्दै गाउँपालिकामा उत्पादनमूलक उद्यममा वा व्यवसायमा संग्लग्न र सहभागी हुन इच्छा गरेका द्वण्द्व प्रभावित परिवारहरूको पहिचान गरिनेछ।

(२) गाउँपालिकाको उत्पादन बढाउनका तथा द्वण्द्व प्रभावित परिवारहरूको उत्थानका लागि उपयुक्त हुने स्वरोजगारमूलक उद्यमी, सहकारी, कृषी वा कृषी क्षेत्र लगायत अन्य प्राकृतिक वातावरण र सामाजिक-साँस्कृति वातावरणमा नकरात्मक असर नपार्ने प्रकारको स्थानीय उत्पादनमूलक क्षेत्रहरू, पर्यटन व्यवसाय, सेवा क्षेत्रको व्यवसाय, र अन्य व्यवसायिक क्षेत्रहरूको पहिचान गरिनेछ।

(३) द्वण्द्व प्रभावित परिवारहरूलाई स्वरोजगार बनाउनका लागि गाउँपालिकामा अभिमुखिकरण कार्यक्रम गर्ने, क्षमता अभिवृद्धिका कार्यक्रम गर्ने र स्वरोजगार बन्न चाहाना राखेको द्वण्द्व प्रभावित परिवार हरूलाई कृषी वा कृषी क्षेत्र, आदिवासी ज्ञान र सिपका क्षेत्र, रैथाने उत्पादन र प्रजाती संरक्षण हुने क्षेत्रहरूका साथै अन्य उत्पादनमूलक क्षेत्र, व्यवसायहरूको पहिचानका लागि सहजीकरण गरिनेछ।

(४) गाउँपालिकामा द्वण्द्व प्रभावित परिवारको जिविकोपार्जन तथा जिवनस्तर समृद्ध पार्नको लागि उत्पादनमूलक क्षेत्रमा उद्यम गर्न, सेवामूलक व्यवसा गर्न, व्यापार व्यवसाय सञ्चालन गर्नका लागि इच्छा गरेका द्वण्द्व प्रभावित परिवारलाई सापटी सहायता रकम पालिकाको क्षमता बमोजिम उपलब्ध गराउनेछ।

(५) द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम अन्तरगत पालिकाबाट सापटी सहायता रकम लिएर द्वण्द्व प्रभावित परिवारले आफ्नो प्रस्तावना बमोजिमको उत्पादनमूलक व्यवसाय वा उद्यम, सेवामूलक व्यवसाय, व्यापार व्यवसाय दुई बर्ष वा सो भन्दा बढी बर्ष निरन्तरता दिएका द्वण्द्व प्रभावित परिवार उद्यमी वा व्यवसायीलाई उद्यम वा व्यवसायको थप विकास गर्न वा निरन्तरताको लागि सापटी सहायता रकम अनुदानमा परिणत गरिनेछ।

(६) द्वण्द्व प्रभावित परिवारहरूले समुह निर्माण गरेर सामुहिक उत्पादनका लागि प्रस्तावना गरेमा त्यस्ता सामुहिक फार्म, संस्थालाई प्राथमिकतामा राखेर सापटी सहायता रकम उपलब्ध गरिनेछ

(७) गाउँपालिकामा द्वण्द्व प्रभावित परिवारहरूलाई उत्पादकत्व तथा

उद्यम क्षेत्रमा प्रत्यक्ष जोड्न आवाश्यक नीतिगत व्यवस्था गरी उपयुक्त रणनीतिहरूको तर्जुमा गरिनेछ

## परिच्छेद–३

## द्वण्द्व प्रभावित परिवारको अवस्था पहिचान र सहकार्य सम्बन्धी

५. द्वण्द्व प्रभावित परिवारको तथ्याङ्क अध्यावधिक गर्ने र अभिलेखिकरण गर्नेः

(१) गाउँपालिकामा द्वण्द्व प्रभावित परिवारहरूको जनसंख्या, लिङ्ग, जातजाति, भाषा, धर्म, शैक्षिक अवस्था, उद्यमशिलताको अनुभव, आर्थिक अवस्था, अपाङ्गता, पेशा व्यवसाय तथा उद्यमशिलता जस्ता आदि बिषयमा अनुसुची -५ बमोजिम तथ्याङ्क वडा कार्यालयले संकलन गरी राखिनेछ ।

(२) उपदफा (१) बमोजिम संकलन गरिएको सुचना प्रविधिको प्रयोग गरी तथ्याङ्कको अध्यावधिक, अभिलेखका एवं व्यवस्थापन गरिनेछ ।

(३) गाउँपालिकाको द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम अन्तरगत उत्पादनमूलक उद्यम वा व्यवसायका क्षेत्रमा लागेका द्वण्द्व प्रभावित परिवारहरू वा लाग्न चाहेका द्वण्द्व प्रभावित परिवारहरूलाई सहकार्यका लागि आह्वान गरिनेछ ।

(४) गाउँपालिकासँग सहकार्य गरी उत्पादनमूलक उद्यम वा व्यवसाय क्षेत्रमा लागेका द्वण्द्व प्रभावित परिवारहरूको प्रगती विवरणको अध्यावधिक गर्ने, अभिलेखिकरण गर्ने गरिनेछ । गाउँपालिकासँग हातेमालो गर्दै उत्पादन तथा उद्यमशील क्षेत्रमा लागेका द्वण्द्व प्रभावित परिवार वा व्यक्तिलाई सम्मान प्रदान गरिनेछ ।

(५) गाउँपालिकामा उपलब्ध उत्पादनमूलक क्षेत्रहरू, व्यवसायिक क्षेत्रहरूको सम्भाव्यता पहिचान गर्दै द्वण्द्व प्रभावित परिवारहरूसँग समितिले सहकार्य गर्नेछ ।

६. गाउँपालिकामा उपलब्ध उत्पादनमूलक क्षेत्रहरू एवं व्यवसायीक क्षेत्रहरूको सम्भाव्यता पहिचान गर्ने ।

(क) गाउँपालिकाको दिगो विकास तथा कृषि  वा कृषि क्षेत्र, पालिकामा

सम्भाब्य अन्य उत्पादनमा आत्मनिर्भरता बढाउनको लागि पालिकामा उपलब्ध उत्पादनमूलक क्षेत्रहरूको सम्भावव्यता पहिचान गरिनेछ।

(ख) गाउँपालिका भित्रका उत्पादनमूललक क्षेत्रहरूको विवरण अध्यावधिक गर्ने र अभिलेखिकरण गरिनेछ।

(ग) गाउँपालिका भित्रहा व्यवसायिक क्षेत्रहरूको पहिचान, अभिलेखिकरण र अध्यावधिक गरिनेछ।

(घ) द्वण्द्व प्रभावित परिवारहरूलाई उत्पादनमूलक एवं व्यवसायमूलक क्षेत्रहरूको बारेमा सचेतनाका कार्यक्रमहरू, अभिमुखिकरणका कार्यक्रमहरू, इच्छुक द्वण्द्व प्रभावित परिवारहरूलाई विज्ञहरूसँगको परामर्श गर्ने गोष्ठीहरू आदि कार्यक्रमहरू गर्नेछ।

७. गाउँपालिकाले वार्षिक रूपमा द्वण्द्व प्रभावित परिवारहरूलाई स्वरोजगार बनाई आत्मनिर्भर बनाउनका लागि द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रमको लागि बजेटको व्यवस्था गर्नेछ।

## परिच्छेद–४
## उत्पादनमूलक उद्यम वा व्यवसायको प्राथमिकता

८. उत्पादनमूलक उद्यम वा व्यवसायमा द्वण्द्व प्रभावित परिवारहरूको सहभागिता बढाई सहकार्य गर्नको लागि देहाय बमोजिमको उत्पादनमूलक क्षेत्र वा व्यवसायहरूको प्राथमिकरण हुनेछ।

(१) उत्पादनमूलक उद्यममा द्वण्द्व प्रभावित परिवार सहभागिताको व्यवस्था गर्दा कृषि तथा पशुपालन वा कृषी क्षेत्र, स्थानिय रैथाने/आदिवासी ज्ञानमा आधारित उत्पादन उद्यमलाई प्राथमिकता दिइनेछ।

(२) उत्पादनमूलक उद्यम वा व्यवसायमा पालिकाको प्राकृतिक वातावरण र ऐतिहासिक, सामाजिक-साँस्कृतिक वातावरणमा नकरात्मक असर नपार्ने प्रकृतिका उत्पादनका क्षेत्रहरूलाई प्राथमिकता दिइनेछ।

(३) द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रमको लागि सेवामूलक व्यवसाय वा व्यापार व्यवसायका क्षेत्रमा पनि गाउँपालिकाले सहकार्य गर्न सक्नेछ।

(४) उत्पादनमूलक उद्यम वा व्यवसायमा युवाहरूलाई सापटी सहायता रकम

वा अनुदान प्रदान गरी द्वण्द्व प्रभावित परिवारहरूलाई स्वरोजगार बनाउको लागि समितिले पालिकाको आवस्यकताका र संभावनाका आधारमा क्षेत्रहरू निर्धारण गर्न सक्नेछ।

९. सापटी सहायता रकम पाउनका लागि आवाश्यक योग्यता : सापटी सहायता रकम प्राप्त गर्नका लागि देहायको योग्यता हुन आवाश्यक छ।

(क) द्वण्द्व प्रभावित परिवार वा द्वण्द्व प्रभावित परिवारको सदस्य भएको

(ख) गाउँपालिकामा स्थायी बसोबास भएको

(ग) परियोजना प्रस्तावमा लेखिए बमोजिमको उद्यम वा पेशा वा व्यवसायप्रति रूची भएको

(घ) परियोजना प्रस्तावमा प्रस्ताव गरिएको उद्यम वा व्यवसायको ज्ञान र सिप भएको

(ङ) गाउँपालिकावाट प्रदत्त गरिएको कुनै पनि खालको अनुदानवाट लाभाम्वित नभएको

(च) दफा २१ बमोजिम समितिले अनुदान प्रक्रियाबाट हटाएको ३ वर्ष पूरा भएको

## परिच्छेद–५

## सापटी सहायता र अनुदानको व्यवस्था

१०. उत्पादनमूलक उद्यम तथा व्यवसायिक कार्यमा द्वन्द्व प्रभावित परिवाहरूको प्रत्यक्ष सहभागिता र सहकार्यका लागि गाउँपालिकाले द्वण्द्व प्रभावित परिवार वा द्वण्द्व प्रभावित परिवारका सदस्यलाई उत्पादनमूलक उद्यम वा व्यवसायका लागि '**सापटी सहायता**' **रकम** दिन सक्ने :

(१) उत्पादनमूलक उद्यम वा व्यवसायका लागि द्वण्द्व प्रभावित परिवार वा द्वण्द्व प्रभावित परिवारको सदस्यले गाउँपालिकाको प्राथमिकतामा परेका उत्पादन वा व्यवसायका क्षेत्रमा "सापटी सहायता" रकम प्राप्त गर्नका लागि देहाय बमोजिमको कागजपत्रहरू समिति समक्ष पेश गर्नुपर्ने छ।

(क) अनूसुची १ को ढाँचामा निवेदन।

(ख) अनुसूची २ को ढाँचामा बिस्तृत परियोजना प्रस्ताव।

(ग) सहभागिताको लागि सम्बन्धीत वडाको सिफारिस ।

(घ) नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(ङ) द्वण्द्व प्रभावित परिवार भएको प्रमाण वा निस्साको प्रतिलिपि ।

(च) जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी

(छ) वडा अध्यक्षको रोहवरमा वडा सचिवको काम तामेलीमा तीन जना साक्षीसहितको सर्जमिन मुचुल्का

(ज) प्रचलित कानून बमोजिम आवस्यक पर्ने अन्य कागजातहरू पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेका निवेदन उपर समितिको बैठकले द्वन्द्व प्रभावित परिवार उद्यमी वा व्यवसायी छनौट गर्न सक्नेछ ।

(३) गाँउपालिकाको 'सापटी सहायता' प्रयोजनको लागि द्वण्द्व प्रभावित परिवार उद्यमी वा व्यवासयी छनौट गर्नका लागि समितले प्रस्तावनाको मुल्याङ्कन गर्नका लागि आवस्यकता अनुसार विज्ञ व्यक्ति वा परामर्शदाता संस्थाको सहयोग लिन सक्नेछ ।

(४) छनौट भएका युवा उद्यमी वा व्यवसायीलाई अनुसूची ३ बमोजिमको ढाँचामा समितिले करार सम्झौता गरेर सापटी सहायता रकम कुनै करकट्टी विना एकमुष्ट सापटी सहायता दुई किस्तामा उपलब्ध गराउनेछ ।

(५) समितिले व्यक्तिगत रूपमा उपलब्ध गराउने सापटी सहायता रकमको न्युनतम र अधिकतम रकम तोक्न सक्नेछ, र समुह बनाएर आएका सामूहिक द्वण्द्व प्रभावित परिवार उद्यमी वा व्यवसायीहरूलाई परियोजना प्रस्ताव हेरेर तीन देखि पाँच गुणा बढी सापटी सहायता रकम उपलब्ध गराउन सक्नेछ ।

११) **प्रगति विवरण बुझाउनुपर्ने**:

(१) गाउँपालिकाबाट द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम अन्तरगत उत्पादनमूलक उद्यम वा व्यवसायका लागि सापटी सहायता रकम लिएका द्वण्द्व प्रभावित परिवार व्यवसायी वा उद्यमीले वार्षिक रूपमा अनुसूची ४ को ढाँचामा प्रगती विवरण प्रत्येक छ/छ महिनामा बुझाउनुपर्नेछ ।

(२) द्वण्द्व प्रभावित परिवार उद्यमी वा व्यवसायीले बुझाएको प्रगती

विवरणको अनुगमन र मुल्याङ्कन समितिले गराउनेछ।

(३) यस कार्यविधिको दफा १२ बमोजिम सापटी सहायता रकम फिर्ता गरेमा वा दफा १३ बमोजिम अनुदानमा परिणत भएमा तीन वर्षसम्म आफ्नो उद्यम वा व्यवसायको बारेमा वर्तमान सुचना समिति वा पालिका समक्ष दिनुपर्नेछ।

१२) **सापटी सहायता रकम फिर्ता गर्नुपर्नेः**

(१) व्यवसायी वा उद्यमीले द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम अन्तरगत

उत्पादनमूलक उद्यम वा व्यवसाय गर्नको लागि लिएको सापटी सहायताको रकम दुई वर्षपछि सापटी लिएको रकम बराबरको रकम फिर्ता गर्नुपर्नेछ। तर, द्वण्द्व प्रभावित परिवार उद्यमी वा व्यवसायीले जुन उद्देश्यका लागि सापटी सहायता रकम प्राप्त गरेको हो सो उद्यम वा व्यवसाय नगरेमा वा निरन्तरता नदिएमा तुरून्तै सापटी सहायता बापतको रकम फिर्ता गर्नुपर्नेछ।

(२) समितिले द्वण्द्व प्रभावित परिवार उद्यमी वा व्यवसायीले लिखित अनुरोध गरेमा समितिले जाँचबुझ गरी आवस्यकता देखेमा व्यवसायी वा उद्यमीलाई एक वर्ष भित्रमा दुई किस्तामा विभाजन गरी द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रमको सापटी सहायता रकम फिर्ता गर्नको लागि सहजीकरण गर्न सक्नेछ।

(३) द्वण्द्व प्रभावित परिवार उद्यमीले लिएको सापटी सहायता रकम कार्यविधि बमोजिम तोकिएको समयमा बुझाउने द्वण्द्व प्रभावित परिवार उद्यमी वा व्यवसायीले ब्याज बुझाउनुपर्ने छैन।

(४) द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम अन्र्तगत प्राप्त गरेका सापटी सहायता रकम कार्यविधिको दफा १० को उपदफा (४) बमोजिम करार सम्झौताको शर्त बमोजिम खर्च नगरेमा उल्लेखित रकम असुल उपर गर्ने वा नगर्ने भन्ने सम्बन्धमा समितिको सिफारिसमा गाउँकार्यपालिकाबाट अन्तिम निर्णय गरिनेछ।

(५) द्वण्द्व प्रभावित परिवार उद्यमी वा व्यवसायीले प्राप्त गरेको सापटी

सहायता रकम दफा १३ बमोजिम समितिले अनुदानमा परिणत गरेमा सापटी सहायता रकम फिर्ता गर्नुपर्नेछैन।

१३. सापटी सहायता रकमलाई अनुदानमा परिणत गर्न सकिने वा अन्य कुनै निर्णय लिइनेछ :

(१) समितिले द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम अन्तरगत उत्पादनमूलक उद्यमका लीाग द्वण्द्व प्रभावित परिवार उद्यमी वा व्यवसायीलाई प्रदान गरेको सापटी सहायता रकमबाट उद्देश्य बमोजिमको उत्पादनमूलक उद्यम वा व्यवसाय निरन्तर सञ्चालनमा रहेको, उत्पादनमा योगदान दिएको, गाउँपालिकाको प्राथमिकतामा परेको उत्पादन भएको अवस्थामा द्वण्द्व प्रभावित परिवार उद्यमी वा व्यवसायीले बुझाएको प्रगती प्रतिवेदन, गाउँपालिकाको अनुगमन समिति वा गाउँपालिकाको सम्बन्धित विषय शाखा वा विभागको प्रतिवेदन वा विज्ञ परामर्शदाताको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदनमा समेत प्रगती देखिएका द्वण्द्व प्रभावित परिवार उद्यमी वा व्यवसायीलाई सापटी सहायता रकम प्राप्त गरेको मितिबाट दुई वर्ष पछि सापटी सहायता रकमलाई अनुदानमा परिणत गर्न सकिनेछ।

(२) परियोजना कार्यन्वयनको क्रममा भवितव्य वा अन्य कुनै काबू बाहिरको परिस्थीति परेमा

(क) द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम अन्तरर्गत उद्यमी वा व्यवसायीले प्राप्त गरेको सापटी सहायता रकम दफा १० को उपदफा (४) बमोजिम खर्च भएको अवस्थामा कुनै भवितव्य परी वा काबू बाहिरको परिस्थीतिबाट सम्झौता अनुरूपको परिणाम प्राप्त हुन सक्ने अवस्था नभएमा सोको जनाउ १५ दिन भित्र समिति समक्ष निवेदन मार्फत दिनुपर्नेछ।

(ख) खण्ड (क) बमोजिम निवेदन प्राप्त पश्चात स्थलगत निरिक्षणका लागि समतिले कुनै सदस्य खटाउन सक्नेछ र उक्त सदस्यले कम्तीमा १५ दिन भित्र निरिक्षण प्रींतिवेदन समितिका समक्ष पेश गर्नुपर्नेछ।

(ग) खण्ड (ख) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा उक्त परियोजन र

उपलब्ध रकमको सम्बन्धमा समितिबाट उपर्युक्त निर्णय लिनेछ।

(३) द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम अन्तरगत लिएको सापटी सहायता रकम अनुदानमा परिणत गर्ने वा नगर्ने अधिकार गाउँकार्यपालिकामा निहित रहनेछ।

## परिच्छेद–६

## द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम समिति

१४. द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम समितिको गठन :

(१) द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनका लागि पालिका तहमा देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) गाउँपालिकाका अध्यक्ष - संयोजक

(ख प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) संयोजक, आर्थिक विकास समिति - सदस्य

(ङ) संयोजक सामाजिक विकास समिति -सदस्य

(च) वडा अध्यक्षहरूमध्येबाट कार्यपालिकाले तोकेको २ जना वडा अध्यक्ष - सदस्य

(छ) पालिकाका द्वण्द्व प्रभावित परिवारका उद्यमी/व्यवसायी मध्येबाट कार्यपालिकाले मनोनित गरेको एकजना महिला सहित २ जना - सदस्य

(ज) सम्वन्धित शाखा प्रमुख-आर्थिक विकास शाखा - सदस्य सचिव

१५. **मनोनित सदस्यको योग्यता :**

(१) देहायको योग्यता पुगेको द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम समन्वय समितिमा मनोनयनका लागि योग्य हुनेछ :

(क) २० वर्ष उमेर पुरा भएको

(ख) लेखपढ गर्न सक्ने

(ग) उत्पादनमूलक उद्यम वा व्यवसाय क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको ।

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग नलागेको

(ङ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग लागेको व्यक्ति भए

सो अभियोगबाट सफाई पाएको तीन वर्ष पुरा भएको ।

(च) सरकारी सम्पत्ती हिनामिना नगरेको

१६. **समितिका पदाधीकारी तथा सदस्यको पदावधि :**

(१) समितिका मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(२) मनोनित सदस्यको पदावधि एक कार्यकालका लागि थप गर्न सकिनेछ ।

१७. **मनोनित सदस्यको पद रिक्त हुनेः**

(१) देहायको अवस्थामा मनोनित सदस्यको पद रिक्त भएको मानिनेछ :

(क) पदबाट राजीनामा दिएमा ।

(ख) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग प्रमाणित भएमा ।

(ग) पदीय आचरण विपरित काम गरेमा ।

(घ) मृत्यु भएमा ।

(२) उपदफा (१) को खण्ड ग बमोजिमको पदबाट हटाउने कारबाही गर्नु अघि निजलाई सफाई पेश गर्ने मौका दिइनेछ ।

(३) समितिले कुनै पद रिक्त भएमा बाँकी अवधिको लागि क्षेत्रगत प्रतिनिधित्व कायम गरी नियुक्त गर्न सक्नेछ ।

१८. **समितिको काम कर्तव्य र अधिकारः**

(१) समितिको काम कर्तव्य र अधिकार अन्यथा उल्लेख भए अतिरिक्त देहाय बमोजिम हुनेछः

(क) स्थानीय तहमा रहेका द्वण्द्व प्रभावित परिवारहरूको अभिलेखिकरण गर्ने, विवरण अध्यावधिक गर्ने तथा स्वरोजगार बन्नको लागि द्वण्द्व प्रभावित परिवारहरूको रूचीको क्षेत्रको पहिचान पहिचान गरी द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रमको लागि योग्य व्यवसायी वा उद्यमी छनौटको लागि गाउँपालिकालाई सहयोग गर्ने ।

(ख) द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रमको लागि द्वण्द्व प्रभावित परिवारहरूलाई अभिमुखिकरण प्रशिक्षण गोष्ठी गर्ने तथा पालिकामा आफ्नो रूचीको उत्पादनमूलक क्षेत्रहरू वा व्यवसायका क्षेत्रहरूको पहिचान गर्नको लागि सहयोग गर्ने ।

(ग) द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम अन्तरगत उत्पादनमूलक क्षेत्र वा व्यवसायमा लागेका वा चाहाना राखेका द्वण्द्व प्रभावित

परिवारका उद्यमी, व्यवसायीहरूलाई सापटी सहायताको लागि प्रस्ताव आह्वान गर्ने, छनौट गर्ने र सापटी सहायता रकम उपलब्ध गराउने ।

(घ) द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम अन्तरत सापटी सहायता रकम लिएका व्यवसायी वा उद्यमीले दुई वर्ष वा सो भन्दा बढी समयदेखि आफ्नो उत्पादनमूलक उद्यम, व्यवसायलार्य निरन्तरा दिएको वा पालिकाको उत्पादन क्षेत्र वा व्यवसायमा योगदान दिएका द्वण्द्व प्रभावित परिवारका व्यवसायी वा उद्यामीको सापटी सहायता रकमलाई अनुदानमा परिणत गर्नको लागि सिफारिश गर्ने,

(ङ) गाउँपालिकामा उत्पादनमूलक क्षेत्रमा योगदान पुऱ्याएका उत्कृष्ट द्वण्द्व प्रभावित परिवारका उद्यमी, व्यवसायीहरूलाई छनौट गरी पुरस्कार दिने ।

(च) स्थानीय तहले तोकेका द्वण्द्व प्रभावित परिवार उत्थान कार्यक्रम सम्बन्धि अन्य कार्यहरू गर्ने ।

१९. **समितिको बैठक सम्बन्धी व्यवस्थाः**

(१) समितिको बैठक आवस्यकता अनुसार संयोजकको निर्देशनमा आवश्यकता अनुसार बस्नेछ ।

(२) बैठकमा कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णलाई बैठकको निर्णय मानिनेछ ।

(३) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ। संयोजकको अनुपस्थीतिमा उपस्थित मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) बैठकमा प्रस्ताव उपरको निर्णय बहुमतबाट हुनेछ।

(५) बैठक सम्बन्धी कार्यविधि आवाश्यकता अनुसार समिति आफैले निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद ७

## अनुगमन र मुल्याङ्कन

२०. समितिले द्वण्द्व प्रभावित परिवार उत्थान अन्तरगत लगानी गरेका परियोजनाहरूको अनुगमन तथा मुल्याङ्कन गर्नका लागि गाउँपालिकामा

प्रचलित ऐन कानून बमोजिम गठन भएको अनुगमन तथा मुल्याङ्कन समितिले गर्नेछ।

२१. गाउँपालिकाले द्वण्द्व प्रभावित परिवार उत्थान अन्तरगत लगानी गरेका परियोजनाहरूको तेस्रो पक्ष मुल्याङ्कन तथा अनुगमनका लागि विज्ञ परामर्शदाता वा परामर्शदाता संस्थाहरूबाट अनुगमन र मुल्याङ्कन गराउन सक्नेछ।

२२. विज्ञ परामर्शदाताद्वारा प्राप्त अनुगमन तथा मुल्याङ्कन प्रतिवेदनको आधारमा समितिले आगामी मार्गको लागि कार्यक्रमह? बनाउन सक्नेछ।

## परिच्छेद –८
## दण्ड र सजाय

२३. यस कार्यविधि बमोजिम प्रगति विवरण नबुझाउने द्धण्द प्रभावित परिवार उद्यमीलाई समितिले पहिलो पटकका लागि नैसिहत दिन सक्नेछ। पटक पटक समितिका आदेश उल्लंघन गरेमा समितिले त्यस्ता द्वण्द्व प्रभावित परिवार उद्यमी वा व्यवसायीलाई अनुदान प्रक्रियाबाट हटाउनेछ र थप ३ वर्ष सम्म अनुदान रकम प्राप्त गर्नका लागि अयोग्य मानिनेछ।

## परिच्छेद ९
## विविध

२४. **सहयोग गर्नुपर्ने** : यो कार्यविधि बमोजिम पालिकाका द्वण्द्व प्रभावित परिवारहरूलाई स्वरोजगार बनाउनको लागि आवस्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

२५. **व्याख्या गर्ने अधिकार**: यस कार्यविधिमा भएका कुनै पनि व्यवस्था अस्पष्ट भएमा सोको अन्तिम व्याख्या गर्ने अधिकार कार्यपालिकामा रहनेछ।

२६. **बाधा अड्काउ फुकाउन सक्ने** : यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएका गाउँ कार्यपालिकाको बैठकले बाधा अड्काउ फुकाउन सक्नेछ।

२७. **शंसोधन गर्न सक्ने**: कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ।

## अनसुची –१

**(दफा १० को उपदफा (१) सँग सम्बन्धित)**

**द्वन्द प्रभावित परिवार उत्थान कार्यक्रममा सुची अनुसार सहभागी हुने निवेदन फारमको ढाँचा**

| |
|---|
| हाल सालै<br>खिचिएको पासपोर्ट<br>साईजको फोटो |

श्री अध्यक्ष ज्यू<br>
द्वन्द प्रभावित परिवार उत्थान कार्यक्रम समिति<br>
परिवर्तन गाउँकार्यपालिकाको कार्यालय<br>
रोल्पा

मितिः .........................

विषय : द्वन्द प्रभावित परिवार उत्थान कार्यक्रम अन्तरगत उत्पादनमूलक उद्यम/व्यवसायको लागि सापटी सहायता पाउँ ।

महोदय,

.......................... जिल्ला, .................................. पालिका ...... वडा ................ गाउँ/टोल बस्ने वर्ष ....... को म निवेदक द्वन्द प्रभावित परिवारको प्रतिनिधित्व गर्ने र मेरो परिवारले/ मैले विगत .............. वर्षदेखि .........................पेशा/व्यवसय/उद्यम गर्दै आइरहेको छु (वा पेशा/व्यवसाय/उद्यम गर्नको लागि इच्छुक रहेको छु)। यस ....................... गाउँपालिकाबाट सञ्चालन गरेको द्वन्द प्रभावित परिवार उत्थान कार्यक्रमबाट पालिकाभित्र उत्पाद मूलक उद्यम वा व्यवसाय गरेर स्वरोजगार बन्न चाहेकोले.. .................................. क्षेत्रमा उत्पादन गर्नको लागि इच्छुक रहकोले सोही बमोजिम प्रस्तावना सहित तपशिलका कागजात संग्लग्न गरी यो निवेदन पेश गरेको छु।

**निवेदक**

...................................

...................................

**तपशिल**

१. नागरीकताको प्रमाणपत्रको प्रतिलिपि

२. द्वन्द प्रभावित परिवार भएको प्रमाणपत्र वा निस्सा

३. अनुवभ भए सोको प्रतिलिपि

४. परियोजना प्रस्तावना

५. वडा कार्यालयको सिफरिस

६.जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि

७.वडा अध्यक्षको रोहवरमा वडा सचिववाट काम तामेली भएको कम्तीमा ३ जना साक्षीको सर्जमित मुचुल्का

८. अन्य कागजपत्रहरू

## अनुसुची २

(दफा १०, उपदफा (१) संग सम्बन्धीत)

(उत्पादनमूलक उद्यम वा व्यवसाय परियोजना गर्नको लागि प्रस्तावनामा खुलाउनुपर्ने विषयवस्तुहरू)

परियोजनाको शिर्षक सहित कभर पेज

पृष्ठभुमी (परिचय, उद्यम/व्यवसाय गर्न लागेको स्थान, भुगोल र सम्भावनाको परिचय आदि)

लक्ष्य

उद्देश्य

विधि तथा क्रियाकलापहरू

अनुमानित बजेट

द्वन्द प्रभावित परिवारले लगानी गर्ने बजेट र पालिकाबाट सापटी सहयोगको प्रतिशत

समयसिमा

पालिकाबाट प्राप्त सापटी सहायता रकम फिर्ता गर्नसक्ने आधारहरू

अनुगमन तथा मुल्याङ्कन

निश्कर्ष

अनुसूची (आवश्यकता अनुसार)

## अनुसुची ३

## सम्झौता पत्रको ढाँचा

परिवर्तन गाउँपालिकाको चालु आ.व. ................... को लागि स्विकृत द्वन्द प्रभावित परिवार उत्थान कार्यक्रम अन्र्तगतको द्वन्द प्रभावित परिवार उत्थान कार्यक्रम समितिको तर्फबाट ऐ.को संयोजक (प्रथम पक्ष) र रोल्पा जिल्ला परिवर्तन गाउँपालिका वडा नं. ...................................... गाउँ/टोल बस्ने ......... वर्षको ......................... को नाति/नातिनी................................. को छोरा/छोरी ................................ (द्धितिय पक्ष) तपशिलका शर्तनामाहरू पालाना गर्ने गरी करार सम्झौता गरी सहीछाप गरी एक/एक प्रति दियौं/लियौं।

### तपशिल

१. दोस्रो पक्षले पेश गरेको उत्पादनमूलक परियोजना प्रस्ताव बमोजिम उल्लेख भए अनुसारको क्रियाकलापमा मात्र प्राप्त सापटी सहायता रकम खर्च गर्नुपर्नेछ, सो बाहेक अन्य क्रियाकलापममा खर्च गर्न पाइने छैन।

२. दोस्रो पक्षले परियोजना प्रस्ताव बमोजिमको उत्पादनमूलक व्यवसाय/उद्यम स्थापना गरी सोको १५ दिन भित्रमा प्रथम पक्षलाई जानकारी दिनुपर्नेछ।

३. दोस्रो पक्षले परियोजना प्रस्ताव बमोजिम गरिएको क्रियाकलाप तथा गतिविधि एवं समग्र परियोजनाको बारेमा कार्यविधिले तोके बमोजिमको मितिमा सापटी सहायता रकम फिर्ता नगरेसम्म प्रगति विवरण बुझाउनुपर्नेछ।

४. दोस्रो पक्षले प्रस्ताव बमोजिमको परियोजना निर्माण गर्नको लागि गाउँपालिकाबाट प्राप्त गरेको सापटी सहायता रकम परियोजनाको निरन्तरता कायम रहेको अवस्थामा दुई वर्षपछि ................. किस्तामा .......... वर्ष भित्र सापटी सहायता रकम फिर्ता गर्नुपर्नेछ।

५. दोस्रो पक्षले माथी उल्लेखित परियोजना प्रस्ताव बमोजिम कार्य गरे वापत प्रथम पक्षले दोस्रो पक्षलाई रू. ......................।- (अक्षररूपी .......................... रूपैंया मात्र) रकम पहिलो किस्तामा .......% र दोस्रो किस्तामा ............% गरेर उपलब्ध गराउनेछ।

६. दोस्रो पक्षले प्रस्तावित परियोजना सम्पन्न गर्न नसकेमा वा निरन्तरता दिन नसकेमा यस सम्झौता अनुसार प्रथम पक्षबाट प्राप्त रकम फिर्ता गर्नुपर्नेछ।

७. अन्य कुराको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

प्रथम पक्ष　　　　　　　　　　दोस्रो पक्ष

हस्ताक्षर .................... 　　हस्ताक्षः .........................

नामः .......................... 　　नाम ः ............................

संयोजक, द्वन्द प्रभावित परिवार उत्थान कार्यक्रम सतिति

ठेगाना ............................

परिवर्तन गाउँपालिको कार्यालय, पुतलाचौर, रोल्पा

| कार्यालयको छाप |
| --- |

| दाँया | बाँया |
| --- | --- |

**साक्षि**　　　　　　　　　　**साक्षि**

हस्ताक्षरः............................ 　　हस्ताक्षरः .....................

नामः ........................ 　　नामः ..........................

पद ः 　　उमेरः

कार्यालयः परिवर्तन गाउँ कार्यपालिकाको कार्यालय, पुतलाचौर, रोल्पा ।

ठेगाना .........................

## अनुसुची ४

## सम्झौता पत्रको ढाँचा

**(प्रगती विवरणमा समेट्नुपर्ने विषयवस्तुहरूको रूपरेखा)**

परियोजनाको शिर्षक

परिचय

परियोजनाको लक्ष्य र उद्देश्य

हासिल गरिएका उपलब्धीहरू

समस्या र चुनौतीहरू (आवश्यक परेमा)

समस्या र चुनौतीसँग जुध्ने रणनीति

आगामी मार्ग

निश्कर्ष

अनुसुची - फोटोचित्र

आवस्यकता अनुसार अनुसुचीहरू

## अनुसुची – ५

(दफा ५ को उपदफा (१) संग सम्बन्धित)

( द्वन्द प्रभावित परिवारहरूको तथ्याङ्क **अभिलेखिकरण र अद्यावधिक गर्ने फारमको ढाँचा**)

**परिचयात्मक खण्ड**

नाम थरः ....................................उमेर :............ लिङ्ग :........

स्थानीय तहको नामः वडा गाउँ/टोल

घरमुलीको पूरा नाम जात/जाति

परिवार संख्या .............. महिला ............... पुरूष .........

अपाङ्गता भए अपाङ्गताको किसिम......................... अन्य ...........

**व्यक्तिगत विवरण**

(१) बैबाहिक अवस्थाः विबाहित/अविबाहित/एकल/पाराचुके

(२) अपाङ्गताको अवस्था : ..................

(३) शैक्षिक अवस्थाः

(४) पेशा व्यवसाय .............................

(५) आवद्धता (६ विज्ञताको क्षेत्रः

(७) रूचीको क्षेत्र (८) अनुभव

पारिवारिक विवरण

घरमुलीको नामः

| क्र.सं. | परिवारका सदस्यको नाम | उमेर | लिङ्ग | बैवाहिक अवस्था | शैक्षिक योग्यता | पेशा वा व्यवसाय | विज्ञता/ अनुभव | रूचीका क्षेत्र | अपाङ्गता भए, सोको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसुची ३
## सम्झौता पत्रको ढाँचा

परिवर्तन गाउँपालिकाको चालु आ.व. .................... को लागि स्विकृत द्वन्द प्रभावित परिवार उत्थान कार्यक्रम अन्र्तगतको द्वन्द प्रभावित परिवार उत्थान कार्यक्रम समितिको तर्फबाट ऐ.को संयोजक (प्रथम पक्ष) र रोल्पा जिल्ला परिवर्तन गाउँपालिका वडा नं. ................................... गाउँ/टोल बस्ने ......... वर्षको ......................... को नाति/नातिनी................................... को छोरा/छोरी ................................ (द्धितिय पक्ष) तपशिलका शर्तनामाहरू पालाना गर्ने गरी करार सम्झौता गरी सहीछाप गरी एक/एक प्रति दियौं/लियौं ।

### तपशिल

१. दोस्रो पक्षले पेश गरेको उत्पादनमूलक परियोजना प्रस्ताव बमोजिम उल्लेख भए अनुसारको क्रियाकलापमा मात्र प्राप्त सापटी सहायता रकम खर्च गर्नुपर्नेछ, सो बाहेक अन्य क्रियाकलापममा खर्च गर्न पाइने छैन ।
२. दोस्रो पक्षले परियोजना प्रस्ताव बमोजिमको उत्पादनमूलक व्यवसाय/उद्यम स्थापना गरी सोको १५ दिन भित्रमा प्रथम पक्षलाई जानकारी दिनुपर्नेछ ।
३. दोस्रो पक्षले परियोजना प्रस्ताव बमोजिम गरिएको क्रियाकलाप तथा गतिविधि एवं समग्र परियोजनाको बारेमा कार्यविधीले तोके बमोजिमको मितिमा सापटी सहायता रकम फिर्ता नगरेसम्म प्रगति विवरण बुझाउनुपर्नेछ ।
४. दोस्रो पक्षले प्रस्ताव बमोजिमको परियोजना निर्माण गर्नको लागि गाउँपालिकाबाट प्राप्त गरेको सापटी सहायता रकम परियोजनाको निरन्तरता कायम रहेको अवस्थामा दुई वर्षपछि ................. किस्तामा .......... वर्ष भित्र सापटी सहायता रकम फिर्ता गर्नुपर्नेछ ।
५. दोस्रो पक्षले माथी उल्लेखित परियोजना प्रस्ताव बमोजिम कार्य गरे बापत प्रथम पक्षले दोस्रो पक्षलाई ?. ......................।- (अक्षररूपी .......................... रूपैंया मात्र) रकम पहिलो किस्तामा .......% र दोस्रो किस्तामा ............% गरेर उपलब्ध गराउनेछ ।
६. दोस्रो पक्षले प्रस्तावित परियोजना सम्पन्न गर्न नसकेमा वा निरन्तरता दिन नसकेमा यस सम्झौता अनुसार प्रथम पक्षबाट प्राप्त रकम फिर्ता गर्नुपर्नेछ ।

७. अन्य कुराको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

प्रथम पक्ष
हस्ताक्षर ........................
नामः ..............................
संयोजक, द्वन्द प्रभावित परिवार उत्थान कार्यक्रम सतिति
परिवर्तन गाउँपालिको कार्यालय, पुतलाचौर, रोल्पा

| कार्यालयको छाप |
|---|

दोस्रो पक्ष
हस्ताक्षः ........................
नाम : ..........................
ठेगाना ..........................

| दाँया | बाँया |
|---|---|

साक्षि
हस्ताक्षर .........................
नाम ......................
पद :
कार्यालयः परिवर्तन गाउँ कार्यपालिकाको कार्यालय, पुतलाचौर, रोल्पा ।

साक्षि
हस्ताक्षरः ....................
नाम .........................
उमेरः
ठेगाना ................

**अनुसुची ४**

**सम्झौता पत्रको ढाँचा**

**(प्रगती विवरणमा समेट्नुपर्ने विषयवस्तुहरूको रूपरेखा)**

परियोजनाको शिर्षक

परिचय

परियोजनाको लक्ष्य र उद्देश्य

हासिल गरिएका उपलब्धीहरू

समस्या र चुनौतीहरू (आश्यक परेमा)

समस्या र चुनौतीसँग जुध्ने रणनीति

आगामी मार्ग

निश्कर्ष

अनुसुची - फोटोचित्र

आवश्यकता अनुसार अनुसुचीहरू

## अनुसुची – ५
**(दफा ५ को उपदफा (१) संग सम्बन्धित)**
**( द्वन्द प्रभावित परिवारहरूको तथ्याङ्क अभिलेखिकरण र अद्यावधिक गर्ने फारमको ढाँचा)**

**परिचयात्मक खण्ड**

नाम थर ..............................उमेर :............लिङ्ग : .............

स्थानीय तहको नामः वडा गाउँ/टोल

घरमुलीको पूरा नाम जात/जाति

परिवार संख्या ................ महिला .................. पुरूष ...........

अपाङ्गता भए अपाङ्गताको किसिम .....................अन्य ................

**व्यक्तिगत विवरण**

(१) वैवाहिक अवस्थाः विवाहित/अविवाहित/एकल/पाराचुके

(२) अपाङ्गताको अवस्था : ..................

(३) शैक्षिक अवस्थाः

(४) पेशा व्यवसाय ........................

(५) आवद्धता .................

(६ विज्ञताको क्षेत्रः

(७) रूचीको क्षेत्र

(८) अनुभव

पारिवारिक विवरण

घरमुलीको नाम :

| क्र.सं. | परिवारका सदस्यको नाम | उमेर | लिङ्ग | बैवाहिक अवस्था | शैक्षिक योग्यता | पेशा वा व्यवसाय | विज्ञता/ अनुभव | रूचीका क्षेत्र | अपाङ्गता भए, सोको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

परिवर्तन गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

पुतलाचौर, रोल्पा

# स्थानीय राजपत्र

खण्ड १ संख्याः१ प्रकाशित मितिः२०८०/१२/३०

भाग ३

परिवर्त गाउँपालिका

# परिवर्तन गाउँपालिकाको निःशुल्क शिक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

(गाउँ कार्यपालिकाबाट पारित मिति : २०७९/१२/२२)

# परिवर्तन गाउँपालिकाको निःशुल्क शिक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मिति : २०७९/१२/२२

**प्रस्तावनाः**

परिवर्तन गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने सामुदायिक विद्यालयहरुमा माध्यमिक तह सम्मको शिक्षालाई निःशुल्क गरी संविधान तथा प्रचलित कानुन बमोजिम प्रदत्त शिक्षाको हकलाई व्यवहारीक रुपमा कार्यान्वयन गरी बैज्ञानिक, गुणस्तरीय र व्यवहारीक शिक्षा प्रदान गरी देश, समाज र मानव सभ्यताको लागि योगदान दिन सक्ने नागरीक उत्पादन गरी गाउँपालिकालाई समृद्ध बनाउन; सामूदायिक शिक्षा प्रणालीलाई व्यवस्थीत र प्रभावकारी बनाउन वान्छनिय भएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४को दफा १०२ को उपदाफा १ बमोजिम गाउँपालिकाको मिति २०७९।१२।२२ मा बसेको कार्यपालिका बैठकले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद –१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यबिधिको नाम "निशुल्क शिक्षा सञ्चालन कार्यक्रम सम्बन्धी कार्यबिधि,२०७९" रहेकोछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा -

(क) "अध्यक्ष" भन्नाले परिवर्तन गाउँपालिकाका अध्यक्ष सम्झनुपर्दछ।

(ख) "उपाध्यक्ष" भन्नाले परिवर्तन गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले परिवर्तन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(घ) 'स्थानीय तह' भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले जिल्ला सभालाई समेत जनाँदछ।

(ङ) "गाउँपालिका" भन्नाले परिवर्तन गाउँपालिकालाई सम्झनुपर्दछ।

(च) "कार्यपालिका" भन्नाले परिवर्तन गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(छ) “गाउँ सभा” भन्नाले नेपालको संविधान-२०७२ को धारा २२२ को उपधारा (१) बमोजिमको गाउँ सभा सम्झिनुपर्दछ।

(ज) “पदाधिकारी” भन्नाले परिवर्तन गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिका अन्य सदस्य सम्झनुपर्दछ।

(ड) “कार्यविधि” भन्नाले परिवर्तन गाउँपालिकाको “निशुल्क शिक्षा सञ्चालन कार्यक्रम सम्बनधि, २०७९” सम्झनु पर्छ।

(ढ) “ऐन” भन्नाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्दछ।

(ण) “नियमावली” भन्नाले शिक्षा नियमावली, २०५९ लाई सम्झनुपर्दछ।

(त) “नियम” भन्नाले शिक्षा नियमावली, २०५९ को व्यवस्थालाई सम्झनुपर्दछ।

(थ) “समिति” भन्नाले दफा १३ बमोजिम गठन भएको निःशुल्क शिक्षा कार्यक्रम सञ्चालन समिति लाई सम्झनुपर्दछ।

(ध) “संयोजक” भन्नाले निशुल्क शिक्षा कार्यक्रम सञ्चालन समितिको संयोजक सम्झनुपर्दछ।

(न) “सदस्य” भन्नाले निशुल्क शिक्षा सञ्चालन कार्यक्रम कार्यान्वयन समितिको सदस्य सम्झनुपर्दछ।

(म) “शिक्षा शाखा” भन्नाले गाउँपालिका अन्तर्गतको शिक्षा शाखा सम्झनु पर्छ।

## परिच्छेद दुई

**३. यस कार्यविधीको उद्देश्य देहाय वमोजिमका रहेका छन् :**

(१) गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालय र शिक्षा प्रणालीलाई व्यवस्थीत गर्ने।

(२) गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुलाई दिइने अनुदानलाई व्यवस्थीत गर्ने।

(३) गाउँपालिकामा सामुदायिक विद्यालयहरुलाई निःशुल्क गराउने।

(४) सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धी गर्नुका साथै भौतिक एवं पूर्वाधार सम्पन्न बनाउने।

(५) गाउँपालिकालाई माध्यमिक शिक्षाको हब बनाउने ।

४. **उद्देश्य प्राप्तिका लागि लिईने नीति र रणनीति**

(१) गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालय, विद्यालयमा कार्यरत दरबन्दी प्राप्त तथा निजी श्रोतमा रहेका शिक्षक तथा कर्मचारी र विद्यार्थीहरुको तथ्याङ्क संकलन गरी अभिलेखीकरण गरी अध्यावधिक गरिनेछ ।

(२) गाउँपालिकाकाको मातहतमा रहेका शिक्षक तथा कर्मचारीहरुलाई सम्बीन्धत विद्यालय व्यवस्थापन समितिको मातहतमा राखिनेछ ।

(४) सामुदायिक विद्यालयहरुले पेश गरेको प्रस्ताव गाउँपालिकाको शिक्षा समितिको अनुगमन तथा मुल्याङकन पश्चात तोकिएको सिमा भित्र रहेर एकमुष्ट रकम प्रदान गरिनेछ ।

(५) गाउँपालिकाबाट निःशुल्क शिक्षाको प्रयोजनका निमित्त एकमुष्ट रकम प्राप्त भए पश्चात सामूदायिक विद्यालयहरुले विद्यार्थीहरुबाट अनावश्यक शिर्षक राखी कुनै पनि शुल्क लिन पाउने छैन । तर परीक्षा शुल्क र चारित्रिक/स्थानान्तरण प्रमाणपत्रको निःशुल्क शिक्षा कार्यक्रम सञ्चालन समितिको निर्णय अनुसार एकरुपता हुने गरी न्युनतम शुल्क लिएमा वाधा पर्नेछैन ।

## परिच्छेद–३

## निःशुल्क शिक्षा कार्यक्रम सञ्चालन समितिको गठन, पदावधी, काम, कर्तब्य र अधिकार, बैठक सम्बन्धि व्यवस्था

५. निशुल्क शिक्षा सञ्चालन कार्यक्रम' कार्यान्वयन तथा व्यवस्थापनका लागि पालिका तहमा देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) गाउँपालिकाका अध्यक्ष - संयोजक

(ख प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) संयोजक, सामाजिक समिति - सदस्य

(घ) गाउँकार्यपालिकाले तोकेको १ जना, दलित १ जना महिला सहित ४ जना कार्यपालिका सदस्य - सदस्य

(ङ) गाउँपालिकामा रहेका सामुदायिक विद्यालयका बहालवाला प्र.अ. तथा शिक्षक मध्येबाट कार्यपालिकाले मनोनित गरेको एकजना महिला सहित तीन जना - सदस्य

(च) शाखा प्रमुख, शिक्षा शाखा - सदस्य सचिव

६. **समितिका पदाधीकारी तथा सदस्यको पदावधि :**

(१) समितिका मनोनित सदस्यको पदावधि चार बर्षको हुनेछ।

(२) मनोनित सदस्यको पदावधि एक कार्यकालका लागि थप गर्न सकिनेछ।

७. **मनोनित सदस्यको पद रिक्त हुनेः** (१) देहायको अवस्थामा मनोनित सदस्यको पद रिक्त भएको मानिनेछ :

(क) पदबाट राजीनामा दिएमा

(ख) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग प्रमाणित भएमा।

(ग) पदीय आचरण विपरित काम गरेमा

(घ) मृत्यु भएमा।

(२) उपदफा (१) को खण्ड ग बमोजिमको पदबाट हटाउने कारबाही गर्नु अघि निजलाई सफाई पेश गर्ने मौका दिइनेछ।

(३) समितिले कुनै पद रिक्त भएमा बाँकी अवधिको लागि क्षेत्रगत प्रतिनिधित्व कायम गरी नियुक्त गर्न सक्नेछ।

८. **समितिको काम कर्तव्य र अधिकारः** (१) समितिको काम कर्तव्य र अधिकार अन्यथा उल्लेख भए अतिरिक्त देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाको निःशुल्क शिक्षा कार्यक्रम सञ्चालनका लागि आवाश्यक नीति, योजना तथा कार्यक्रम निर्माण गर्ने।

(ख) निःशुल्क शिक्षा कार्यक्रममा सहभागि हुनका लागि सम्पूर्ण सामूदायिक विद्यालयहरुलाई उत्प्रेरित गर्ने।

(ग) निःशुल्क शिक्षा कार्यक्रम सञ्चालनका लागि शैक्षिक सत्र प्रारम्भ हुनु भन्दा तिन (३) महिना अगाडि सम्पूर्ण सामूदायिक विद्यालयहरुलाई अनूमानित वार्षिक बजेट सहितको विस्तृत प्रस्तावको माग गरी सार्वजनिक सूचना प्रकाशन गर्ने,

(घ) सामूदायिक विद्यालयहरुबाट पेश भएको अनुमानित बजेट सहितको विस्तृत प्रस्ताव उपर छलफल गरी सामूदायिक विद्यालयहरुलाई एकमुष्ट (वार्षिक) अनुदान रकम उपलब्ध गराउने ।

(ङ) सामूदायिक विद्यालयहरुमा निःशुल्क शिक्षा कार्यक्रम प्रभावकारी रुपमा कार्यन्वयन भईरहेको छ छैन भन्ने सम्बन्धमा शैक्षिक सत्र भित्र कम्तीमा दुई(२) पटक अनुगमन तथा निरिक्षण गरी प्रतिवेदन गाउँकार्यपालिकामा पेश गर्ने ।

(च) गाउँपालिकाको मातहतमा रहेका शिक्षक तथा कर्मचारीलाई सामुदायिक विद्यालय अर्न्तगतको विद्यालय व्यवस्थापन समिति मातहतमा रहने गरी व्यबस्थापन गर्ने,

(छ) गाउँपालिकामा निशुल्क शिक्षा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उत्कृष्ट सामुदायिक विद्यालयलाई छनौट गरी पुरस्कार दिने

(ज) गाउँपालिकाले निःशुल्क शिक्षा कार्यक्रमका लागि सम्बन्धी अन्य कार्यहरु गर्ने ।

९. **समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) समितिको बैठक आवाश्यकता अनुसार अध्यक्षको निर्देशनमा आवस्यकता अनुसार बस्नेछ ।

(२) बैठकमा कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णलाई बैठकको निर्णय मानिनेछ ।

(३) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थीतिमा उपस्थित मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गर्न सक्नेछ ।

## एकमुष्ट अनुदान रकम प्राप्त गर्ने प्रकृया

१०. सामूदायिक विद्यालयहरुले एकमुष्ट अनुदान रकम प्राप्त गर्न देहाय बमोजिम गर्नु पर्नेछ :

(१) गाउपालिकाको कार्यालयबाट सम्पूर्ण सामुदायिक विद्यालयहरुको लागि एकमुष्ट अनुदान रकमको लागि शैक्षिक सत्र प्रारम्भ हुनु भन्दा तिन महिना अगाडी नै विस्तृत विवरण सहितको बजेट प्रस्ताव माग

गर्न ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र सम्पूर्ण सामूदायिक विद्यालयहरुले विद्यालय संचालन तथा व्यवस्थापनका लागि आवाश्यक पर्ने शिर्षक अनुसारको अनुमानित बजेट प्रस्ताव सहित निवेदन गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ।

(३) उपदफा (२) बमोजिम सामुदायिक विद्यालयहरुले पेश गरेको बजेट प्रस्ताव अनरुप गाउँपालिकाको शिक्षा समितिले अनुगमन तथा मुल्याङ्कन गरी विद्यालयमा रहेका विद्यार्थी संख्या, कर्मचारी तथा शिक्षक दरबन्दी, राहत दरबन्दी, करार दरबन्दी, निजि श्रोतको शिक्षक संख्या, विद्यालयको भौतिक अबस्था (खेल मैदान, कक्षा कोठा, सौचालयको संख्या, अबस्था, पुस्तकालयको अबस्था, कम्प्युटरशालाको अबस्था) लगायत अन्य प्रयोगशालाहरुको अबस्था समेत प्रष्ट खुल्ने गरी गाउँपालिकामा यथाथ विवरण सहितको प्रतिवेदन पेश गर्नुपर्ने छ।

(४)उपदफा (३) बमोजिमको प्रतिवेदन गाउँपालिकामा पेश भए पश्चात प्रतिवेदनका आधारमा विद्यालयहरुमा आवाश्यक बजेट गाउँकार्यपालिकाको बैठकबाट स्विकृत गरी तीन किस्तामा निकासा गरिनेछ।

(५) विद्यालयले गाउँपालिकाबाट निशुल्क शिक्षा कार्यक्रम अर्न्तगत प्राप्त गरेको अनुदान रकम कुनै कारणवश अपुग हुन गएमा विद्यालयले विस्तृत प्रतिवेदन सहित थप अनुदानको लागि निवेदन दिनसक्नेछ।

(६) उपदफा (५) बमोजिम समितिका समक्ष परेको निवेदन उपर अन्तिम निर्णय गर्ने अधिकार समितिलाई हुनेछ।

११. गाउँपालिकाबाट एकमुष्ट अनुदान रकम प्राप्त गर्नको लागि विद्यालयले गाउँपालिकासँग अनूसुची ३ को ढाँचामा करार सम्झौता गर्नुपर्नेछ।

१२. गाउँपालिकाबाट प्राप्त एकमुष्ट अनुदान रकम विद्यालय व्यवस्थापन समितिबाट पारित गराई खर्च गर्नुपर्नेछ।

१३. निःशुल्क शिक्षा कार्यक्रम सञ्चालन समितिले प्रत्येक सामूदायिक

विद्यालयले गाउँपालिकाबाट उपलब्ध एकमुष्ट अनुदान रकम तोकिए बमोजिम खर्च भए नभएको सम्बन्धमा ६–६ महिनामा वर्षको दुई पटक निरिक्षण गरी प्रतिवेदन गाउँकार्यपालिकामा पेश गर्नुपर्नेछ।

## परिच्छेद–४
## निःशुल्क शिक्षा सम्बन्धी

१४. गाउँपालिकाबाट एकमुष्ट अनुदान रकम प्राप्त गरेका सामुदायिक विद्यालयले विद्यार्थीहरुबाट निःशुल्क शिक्षा कार्यक्रम सञ्चालन समितिको निर्णयवाट परीक्षा शुल्क, र चारित्रिक/ स्थानान्तरण प्रमाणपत्र वापतको न्युनतम शुल्क वाहेक कुनै पनि विषयमा शुल्कहरु लिन पाउने छैन।

१५. गाउँपालिकाबाट निःशुल्क शिक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि एकमुष्ट अनुदान प्राप्त गरेका सामूदायिक विद्यालयहरुलाई समितिबाट आवाश्यकता अनुसारको निर्देशनहरु जारी गर्न सक्नेछ।

१६. शिक्षा सम्बन्धि मौलिक हकको सुनिश्चितताको लागि गाउँपालिकाले निःशुल्क शिक्षा सम्बन्धि कार्यक्रम तय गरी सामूदायिक विद्यालयहरु आफैले ब्यवस्थापन तथा संचालनको लागि पेश गरेका अनुमानित बजेट प्रस्ताब बमोजिम उपलब्ध एकमुष्ट अनुदान रकमको सिमा भित्र रहेर सामूदायिक विद्यालयहरुले खर्च गर्नु पर्नेछ।

## परिच्छेद–५
## कर्मचारी तथा शिक्षक सम्बन्धि व्यवस्था

१७. शिक्षक तथा कर्मचारीको व्यवस्थापन :

(१) शिक्षा ऐन, नियमावली,गाउँशिक्षा योजना लगायत अन्य प्रचलित कानूनको अधिनमा रहेर गाउँपालिकाले शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्नेछ।

(२) सामुदायिक विद्यालयहरुमा ‘निशुल्क शिक्षा सञ्चालन कार्यक्रम’ अन्तर्गत एकमुष्ट अनुदान कार्यक्रम लागू भएपछि गाउँपालिकाको व्यवस्थापनमा रहेका शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको मातहतमा रहने गरी खटाउन सक्नेछ।

(३) गाउँपालिकाकाले शिक्षकको दरबन्दी मिलान गर्दा विद्यालयको आवाश्यकताको आधारमा समितिले गर्नेछ ।

(४) गाउँपालिकाबाट मिति ............... मा नियुक्ती पाई हाल विभिन्न सामूदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको हकमा समेत यसै कार्यविधि बमोजिम स्कुल व्यवस्थापन समिति मार्फत व्यवस्थापन हुनेछ ।

## परिच्छेद–६
## विद्यालय व्यवस्थापन समितिको भूमिका

१८. गाउँपालिका भित्र संचालित सम्पूर्ण सामुदायिक विद्यालयहरुको सम्पूर्ण सञ्चालन तथा व्यवस्थापनको लागि प्रचलित ऐन कानून बमोजिम एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

१९. विद्यालय व्यवस्थापन समितिले नेतृत्व लिई गाउँपालिकाकाको 'निःशुल्क शिक्षा सञ्चालन कार्यक्रम' सफल बनाउनु पर्नेछ ।

२०. विद्यालय व्यवस्थापन समितिले 'निशुल्क शिक्षा सञ्चालन कार्यक्रम'मा सहभागी हुन गाउँपालिकाबाट एकमुष्ट अनुदान रकम माग भए बमोजिम विस्तृत विवरण सहितको प्रस्ताव पेश गर्नेछ ।

२१. गाउँपालिकाको व्यवस्थापनमा रहेका शिक्षक तथा कर्मचारीको गाउँपालिकाबाट दरबन्दी मिलान भएपछि विद्यालय व्यवस्थापन समितिको मातहतमा राखि काममा खटाउनेछ ।

२२. गाउँपालिकासँग सम्झौता भए बमोजिम कार्यक्रम गरी चौमासिक रुपमा प्रगती विवरण बुझाउनेछ ।

२३. अन्य काम शिक्षा ऐन,नियमावली वमोजिम हुनेछ ।

## परिच्छेद ७

## अनुगमन र मुल्याङ्कन

२४. गाउँपालिकाबाट सामूदायिक विद्यालयहरुमा लागू भएको निःशुल्क शिक्षा कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन निःशुल्क शिक्षा कार्यक्रम समितिले गर्नेछ।

२५. निःशुल्क शिक्षा कार्यक्रम समितिले सामूदायिक विद्यालयहरुमा लागू भएको निःशुल्क शिक्षा कार्यक्रमको एक शैक्षिक सत्र भित्र दुई(२) पटक अनुगमन तथा मुल्याङ्कन गरी प्रतिवेदन गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ।

२६. निःशुल्क शिक्षा कार्यक्रम समितिले निशुल्क शिक्षा सञ्चालन कार्यक्रम अन्तरगत लगानी गरेका परियोजनाहरुको तेस्रो पक्ष मुल्याङ्न तथा अनुगमनका लागि विज्ञ परामर्शदाता वा परामर्शदाता संस्थाहरुबाट अनुगमन र मुल्याङ्कन गराउन सक्नेछ।

२७. विज्ञ परामर्शदाताद्वारा प्राप्त अनुगमन तथा मुल्याङ्कन प्रतिवेदनको आधारमा समितिले आगामी मार्गको लागि कार्यक्रमहरु बनाउन सक्नेछ।

## परिच्छेद ७

## दण्ड र सजाय

२८. गाउँपालिकाबाट निशुल्क शिक्षा कार्यक्रमका लागि उपलब्ध भएको अनुदान रकम प्रस्ताव र करार सम्झौता बमोजिम खर्च नगरी जथाभावी खर्च गरेमा संग्लग्न, विद्यालय व्यवस्थापन समिति,कर्मचारी तथा शिक्षकलाई प्रचलित कानून बमोजिम सजाय गरिनेछ।

२९. दफा २७ बमोजिम सजाय गर्नुपूर्व व्यवस्थापन समिति कर्मचारी तथा शिक्षकलाई सुनवाईको मौका स्वरुप स्पष्टीकरण समितिबाट माग गर्न सकिनेछ।

## परिच्छेद ८

## विविध

२९. सहयोग गर्नुपर्ने : यो कार्यविधी बमोजिम गाउँपालिकामा निःशुल्क शिक्षा कार्यक्रम सञ्चालनको लागि आवाश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

३०. करार सम्झौता अनुसार काम गर्नु पर्ने : यस कार्यविधि अनुसार छनोट भएका विद्यालयले स्थानीय तहसँग गरेको करार सम्झौता अनुसार काम गर्नु पर्नेछ। सो अनुसार काम सम्पन्न नगर्ने तथा दिएको निर्देशानुसार काम नगर्ने विद्यालयलाई प्रचलित कानुन अनुसार कार्वाही गरिनेछ।

३१. व्याख्या गर्ने अधिकारः यस कार्यविधीमा भएका कुनै पनि व्यवस्था अस्पष्ट भएमा सोको अन्तिम व्याख्या गर्ने अधिकार कार्यपाललिकाले गर्नेछ।

३२. बाधा अड्काउ फुकाउन सक्ने : यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएका गाउँ कार्यपालिकाको बैठकले बाधा अड्काउ फुकाउन सक्नेछ।

३२. शंसोधन गर्न सक्नेः कार्यपालिकाले आवस्यकता अनुसार कार्यविधी संशोधन गर्न सक्नेछ।

**अनसुची –१**

**(दफा १० सँग सम्बन्धित)**

**निःशुल्क शिक्षा कार्यक्रममा सहभागी हुने निवेदन फारमको ढाँचा**

विद्यालयको छाप

श्री अध्यक्ष ज्यू
निशुल्क शिक्षा सञ्चालन कार्यक्रम समिति
परिवर्तन गाउँकार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा

मितिः ......................

विषय : निशुल्क शिक्षा सञ्चालन कार्यक्रम अन्तरगत बार्षिक एकमुष्ट अनुदान पाउँ भन्ने बारे ।

महोदय,

............................जिल्ला,....................................
गाउँपालिका ...... वडा ...................... गाउँ/टोलमा अवस्थीत श्री. .. ........................................... विद्यालय गाउँपालिकाको निःशुल्क शिक्षा कार्यक्रमा सहभागि हुनको लागि इच्छुक रहकोले तोकिएको ढाँचामा अनुमानित बजेट सहितको बिस्तृत प्रस्ताव तपशिलका कागजात संग्लग्न गरी यो निवेदन पेश गरेको छौं ।

निवेदक

.....................................

प्रध्यानापक

**तपशिल**

१. विद्यालय सञ्चालनको अनुमती/आवस्यक कागजात
२. अनुमानित बजेट सहितको बिस्तृत प्रस्ताव
३. विद्यालय व्यवस्थापन समितिको बैठक माइन्युट
४. आवाश्यक अन्य कागजपत्रहरू

**अनुसुची २**

**(दफा १० संग सम्बन्धीत)**

**(अनुमानित बजेट सहितको बिस्तृत प्रस्तावमा खुलाउनुपर्ने विषयवस्तुहरू)**

विद्यालयको नाम ः

ठेगाना ः

कभर पेज

पृष्ठभुमी (विद्यालयको परिचय, विद्यालयमा रहेका विद्यार्थी संख्या, कर्मचारी तथा शिक्षक दरबन्दी, राहत दरबन्दी, करार दरबन्दी, निजि श्रोतको शिक्षक संख्या, विद्यालयको भौतिक अबस्था (खेल मैदान, कक्षा कोठा, सौचालयको संख्या, अबस्था, पुस्तकालयको अबस्था, कम्प्युटरशालाको अबस्था) आदि)।

लक्ष्य

उद्देश्य

विद्यालय सञ्चालनका गरिने क्रियाकलापहरु

अनुमानित बजेट (नियमित र भैपरी)

अनुगमन तथा मुल्याङ्कन

निश्कर्ष

अनुसूची (आवस्यकता अनुसार)

## अनुसुची ३
## सम्झौता पत्रको ढाँचा

परिवर्तन गाउँपालिकाको चालु आ.व. ........................को लागि स्विकृत निशुल्क शिक्षा कार्यक्रम अन्तर्गतको  निशुल्क शिक्षा कार्यक्रम सञ्चालक समितिको तर्फबाट ऐ.को अध्यक्ष (प्रथम पक्ष) र .रोल्पा जिल्ला परिवर्तन. गाउँपालिका वडा नं. ..... .................................... गाउँ/टोल अवस्थीत श्री ...................................... विद्यालयका प्रध्यानापक..............................(द्वितिय पक्ष) तपशिलका शर्तनामाहरु पालाना गर्ने गरी करार सम्झौता गरी सहीछाप गरी एक/एक प्रति दियौं/लियौं ।

**तपशिल**

१. दोस्रो पक्षले विद्यालय सञ्चालनको लागि पेश गरेको प्रस्ताव बमोजिम जुन शिर्षक अन्तरगत रकम प्राप्त भएको हो सोही शिर्षकको सिमाभित्र रहेर मात्र अनुदान रकम खर्च गर्नुपर्नेछ, सो बाहेक अन्य क्रियाकलापममा खर्च गर्न पाइने छैन ।
२. दोस्रो पक्षले प्रस्ताव बमोजिमको अनुदान रकमको खर्च विवरण चौमासिक रुपमा प्रथम पक्षलाई प्रतिवेदन सहित उपलब्ध गराउनुपर्नेछ ।
३. दोस्रो पक्षले करार सम्झौता प्रकरण २ बमोजिम चौमासिक रुपमा प्रतिवेदन सहित खर्च विवरण पेश गरेमा मात्र प्रथम पक्षद्वारा थप किस्ता रकम निकासा गरिने छ ।
४. प्रथम पक्षले दोस्रो पक्षलाई शैक्षिक सत्र ................ को लागि एकमुष्ट रकम रु..............(अक्षरुपी ...................................मात्र) तीन किस्तामा उपलब्ध गराउनेछ ।
५. निशुल्क शिक्षा कार्यक्रम सञ्चालनका  लागि प्रथम पक्षबाट एकमुष्ट अनुदान रकम उपलब्ध भए पश्चात दोस्रो पक्षले विद्यार्थीहरुबाट कार्यविधिमा उल्लेख भए बमोजिम कुनै पनि विषय र शिर्षकमा शुल्क असुल गर्न पाउने छैन ।

६. निशुल्क शिक्षा कार्यक्रम सञ्चालन भएको सामुदायिक विद्यालयले विद्यार्थीहरुबाट कुनै पनि शुल्क लिएको पाइएमा सम्बन्धित प्रध्यानाध्यापकलाई प्रथम पक्षले स्पष्टीकरण माग गरि विद्यार्थीहरुबाट लिएको सम्पुर्ण शुल्क फिर्ता गर्नुपर्नेछ ।

७. करार सम्झौतामा भएका कुनै व्यवस्थामा द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले त्यसको व्याख्या गर्नेछ ।

८. अन्य कुराको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

प्रथम पक्ष
निशुल्क शिक्षा कार्यक्रम सञ्चालन सतितिका अध्यक्ष
परिवर्तन गाउँपालिको कार्यालय, पुतलाचौर, रोल्पा

दोस्रो पक्ष
नाम : ...........................................................................
ठेगाना ..........................................................................

| दायाँ | बायाँ |
|---|---|
| | |

साक्षि
नाम ........................
पद :
कार्यालयः परिवर्तन गाउँपालिका ........, रोल्पा ।

साक्षि
नाम......................
उमेर
ठेगाना .................

परिवर्तन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा

# स्थानीय राजपत्र

खण्ड १ संख्याः१ प्रकाशित मितिः२०८०/१२/३०

भाग ३
परिवर्त गाउँपालिका

# परिवर्तन गाउँपालिकाको युवा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

(गाउँ कार्यपालिकाबाट पारित मिति : २०७९/१२/२२)

# परिवर्तन गाउँपालिकाको युवा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मिति : २०७९/१२/२२

**प्रस्तावनाः**

युवा परिवर्तन, विकाश र समृद्धिको सम्वाहक रहेको तथ्यलाई मनन् गर्दै परिवर्तन गाउँपालिका भित्रका युवाहरुलाई प्रत्यक्ष उत्पादन र उद्यममा जोडी स्वरोजगार बनाई गाउँपालिकाको समग्र विकाश र समृद्धिको लक्ष्य हासिल गन"बाञ्छनिय भएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदाफा ७ ले प्रत्यायोजित अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको मिति २०७९/१२/२२ को बैठकले यो "युवा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७९" स्विकृत गरी लागू गरिएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यबिधिको नाम "युवा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यबिधि,२०७९" रहेकोछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषा** : बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा -

(क) "अध्यक्ष" भन्नाले परिवर्तन गाउँपालिकाका अध्यक्ष सम्झनुपर्दछ।

(ख) "उपाध्यक्ष" भन्नाले परिवर्तन गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले परिवर्तन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(घ) 'स्थानीय तह' भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले जिल्ला सभालाई समेत जनाँदछ।

(ङ) "पालिका" भन्नाले परिवर्तन गाउँपालिकालाई सम्झनुपर्दछ।

(च) "कार्यपालिका" भन्नाले परिवर्तन गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(छ) "गाउँ सभा" भन्नाले नेपालको संविधान-२०७२ को धारा २२२ को उपधारा (१) बमोजिमको गाउँ सभा सम्झिनुपर्दछ।

(ज) "वडा" भन्नाले परिवर्तन गाउँपालिकाको वडा सम्झनुपर्दछ।

(झ) "वडा अध्यक्ष" भन्नाले परिवर्तन गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्दछ।

(ञ) "वडा सचिव" भन्नाले परिवर्तन गाउँपालिकाको वडा कार्यालयमा प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडासचिव सम्झनुपर्छ।

(ट) "वडा समिति" भन्नाले नेपालको संविधान-२०७२ को धारा २२२ को उपधारा (४) बमोजिमको वडा समिति सम्झिनुपर्दछ।

(ठ) "पदाधिकारी" भन्नाले परिवर्तन गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिका अन्य सदस्य सम्झनुपर्दछ।

(ड) "कार्यविधि" भन्नाले परिवर्तन गाउँपालिकाको "युवा स्वरोजगार कार्यक्रम सम्बन्धी कार्यबिधि, २०७९" सम्झनु पर्छ।

(ढ) "ऐन" भन्नाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्दछ।

(ण) "कानून" भन्नाले संघिय कानून, प्रदेश कानून र स्थानिय कानूनहरुलाई सम्झनुपर्दछ।

(त) युवा भन्नाले यस कार्यक्रममको प्रयोजनको लागि २० बर्ष देखि ४० बर्ष सम्मका नागरिकलाई सम्झनुपर्दछ।

(थ) "समिति" भन्नाले दफा १४ बमोजिम गठन भएको युवा स्वरोजगार कार्यक्रम सञ्चालक समिति लाई सम्झनुपर्दछ।

(ध) "संयोजक" भन्नाले युवा स्वरोजगार कार्यक्रम सञ्चालक समितिको संयोजक सम्झनुपर्दछ।

(न) "सदस्य" भन्नाले युवा स्वरोजगार कार्यक्रम सञ्चालक समितिको सदस्य सम्झनुपर्दछ।

(प) "उद्यमी" भन्नाले यस कार्यविधि बमोजिम युवा स्वरोजगार कार्यक्रमसँग सम्बन्धीत युवा उद्यमी वा व्यवसायीलाई सम्झनुपर्दछ।

(फ) कृषक'' भन्नाले कृषि वा कृषि क्षेत्रमा संग्लग्न कृषक, उद्यमी र व्यवसायी भन्ने बुझाउँदछ।

(भ) “कृषि वा कृषि क्षेत्र” भन्नाले जीवन धान्न र विकास/वृद्धिका लागि आवश्यक खाना, रेशा, जैविक उर्जा जडिवुटि र अन्य वस्तु उत्पादन गर्न प्रयोग गरीने विरुवा, पशुपन्छि, माछा समेत र ढुसी/च्याउ जातको खेती वा पालन र प्रजनन सम्बन्धि कार्य वा क्षेत्र भन्ने बुझाउँदछ । यसमा उत्पादन गर्नका लागि आवश्यक कृषि सामग्री, सिंचाई, यन्त्र र उपकरण, प्राविधिक सेवा टेवा र उत्पादित वस्तुहरुको भण्डारण र विक्रि वितरणको व्यवस्थापन समेत पर्दछन् ।

(म) “बिषयगत शाखा” भन्नाले गाउँकार्यपालिका अन्तरगतको बिषयगत शाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ । यस शब्दले संविधान बमोजिम गाउँपालिकालाई तोकिएको कार्यसम्पादन गर्नका लागि नगर कार्यपालिका अन्तर्गत रहने शिक्षा, स्वास्थ्य, कृषि, वन, पशुविकास जस्ता बिषयगत कार्यालय वा इकाईलाई समेत सम्झनु पर्छ ।

## परिच्छेद २

**३. यस कार्य विधीको उद्देश्य देहाय बमोजिमका रहेका छन् :**

(१) यस गाउँपालिकामा रहेका युवाहरुको सामाजिक, आर्थिक, शारिरीक लगायतका अवस्थाहरुको पहिचान गरी सो को आधारमा उपयुक्त उत्पादनमूलक उद्यम तथा क्षेत्रहरुको संभााव्यता पहिचान गर्ने,

(२) यस गाउँपालिकाका युवाहरुलाई प्रत्यक्ष उत्पादन र उद्यममा जोडी स्वरोजगार बनाई गाउँपालिकाको उत्पादकत्व बढाउन युवाहरुलाई कृषि, पशुपालन, उद्यम तथा अन्य सिर्जनात्मक कामको लागि प्रेरित गर्ने,

(२) यस परिवर्तन गाउँपालिकाको भौगोलिक अबस्था, उत्पादकत्व क्षमता तथा मौसमी अबस्था समेतको वैज्ञानिक अध्ययन गरी पकेट क्षेत्र निर्धारण गरी उपयुक्त कृषी उपज तथा पशुपंक्षीको उत्पादन तथा पालनका लागि गाउँपालिकाका युवाहरुलाई सहभागी गराई परिवर्तन गाउँपालिकालाई समृद्ध बनाउने ।

३) परिवर्तन गाउँपालिकालाई कृषि तथा पशुपंक्षी उपजमा आत्मनिर्भर बनाउन विकशित नविनतम प्रविधी, औजार तथा सीपको अवलम्बन गराई उत्पादन र उत्पादकत्व बृद्धिका लागि आवाश्यक सहयोग गर्ने ।

(५) परिवर्तन गाउपालिकामा विभिन्न सरकारी, गैरसरकारी, विकास साझेदार, वित्तीय संस्था, सहकारी तथा निजी क्षेत्रबाट संचालन हुने युवा लक्षित कृषि, पशुपालन तथा उद्यमशिलता विकाश कार्यक्रमहरु एकिकृत रुपमा सञ्चालन र व्यवस्थापन गर्न स्थानिय सरकारलाई सहयोग पुऱ्याउने

**४. उद्देश्य प्राप्तिका लागि गरिने नीति र रणनीति**

(१) गाउँपालिकामा रहेका युवाहरुको विस्तृत तथ्याङ्कको अभिलेखिकरण तथा अध्यावधिक गर्दै पालिकामा उत्पादनमूलक उद्यममा संग्लग्न युवा उद्यमी, उत्पादनमूलक उद्यममा संग्लग्न हुन इच्छा गरेका युवाहरुको पहिचान गरिनेछ ।

(२) गाउँपालिकामा कृषि, पशुपंक्षी तथा औधोगिक क्षेत्रको उत्पादकत्व बढाउनका लागि प्राकृतिक तथा सामाजिक-साँस्कृति वातावरणमा नकरात्मक असर नपार्ने प्रकारको स्थानीय उत्पादनमूलक क्षेत्रहरुको पहिचान गरिनेछ ।

(३) युवाहरुलाई स्वरोजगार बनाउनका लागि गाउँपालिकाद्धारा सीपमुलक तथा व्यवसायमुलक तालिमहरुको संचालन गर्ने, अभिमुखिकरणका कार्यक्रम संचालन गर्ने, क्षमता अभिवृद्धिका कार्यक्रम गर्ने र स्वरोजगार बन्न चाहाना राखेको युवाहरुलाई कृषी वा कृषी क्षेत्र, आदिवासी ज्ञान र सिपका क्षेत्र, रैथाने उत्पादन र प्रजाती संरक्षण हुने क्षेत्रहरुका साथै अन्य उत्पादनमूलक क्षेत्रहरुको पहिचानका लागि सहजीकरण गरिनेछ ।

(४) विपन्न परिवार, शहिद परिवार, द्वन्द पिडित परिवार, सिमान्तीकृत समुहमा पर्ने परिवार, विपन्न आदिवासी जनजाति, जेष्ठ नागरिक, अपाङता भएका मानिसहरु, एकल महिला लगायतका प्रचलित कानून बमोजिम वर्गिकरण गरिएका समुहमा पर्ने युवाहरुलाई प्राथमिकता दिँदै र युवाहरुको उत्पादनमूलक क्षेत्रमा उद्यम गर्नका लागि इच्छा, तत्परता

तथा प्रतिवद्धतालाई मध्यनजर गर्दै युवाहरुलाई उद्यमी बन्नका लागि वा उद्यम विकास गर्नका लागि सापटी सहायता रकम गाउँपालिकाको क्षमता बमोजिम उपलब्ध गराइनेछ।

(५) युवा स्वरोजगार कार्यक्रम अन्तरर्गत गाउँपालिकाबाट सापटी सहायता रकम लिएर युवाहरुले आफ्नो प्रस्तावना बमोजिमको उत्पादनमूलक व्यवसाय वा उद्यमलाई दुई बर्ष वा सो भन्दा बढी अवधि सम्म निरन्तरता दिएका युवाहरुलाई उद्यम वा व्यवसायलाई थप विकास गर्न वा निरन्तरताको लागि सापटी सहायता रकम अनुदानमा परिणत गरिनेछ।

६) युवाहरुले समुह निर्माण गरेर सामुहिक उत्पादनका लागि प्रस्तावना गरेमा त्यस्ता सामुहिक फार्म, संस्थालाई प्राथमिकतामा राखेर सापटी सहायता रकम उपलब्ध गरिनेछ।

७. गाउँपालिकामा युवाहरुलाई उत्पादकत्व तथा उद्यम क्षेत्रमा प्रत्यक्ष जोड्न आवाश्यक नीतिगत व्यवस्था गरी उपयुक्त रणनीतिहरुको तर्जुमा गरिनेछ।

## परिच्छेद–३

## युवाहरुको अवस्था, उद्यमशिलताको पहिचान, युवासँगको सहकार्य सम्बन्धी

५. युवाको तथ्याङ्क अध्यावधिक गर्ने र अभिलेखिकरण गर्नेः

(क) गाउँपालिकामा युवाहरुको जनसंख्या, लिङ्ग, जातजाति, भाषा, धर्म, शैक्षिक अवस्था, उद्यमशिलताको अनुभव, आर्थिक अवस्था, अपाङ्गता, पेशा व्यवसाय तथा उद्यमशिलता जस्ता आदि बिषयमा अनुसुची-५ बमोजिम तथ्याङ्क संकलन गरिनेछ।

(ख) उपदफा (क) बमोजिम संकलन गरिएको सुचना प्रविधिको प्रयोग गरी तथ्याङ्कको अध्यावधिक, अभिलेखका एवं व्यवस्थापन गरिनेछ।

(ग) गाउँपालिकाको युवा स्वरोजगार कार्यक्रम अन्तरर्गत उत्पादनमूलक उद्यम वा व्यवसायका क्षेत्रमा लागेका युवाहरु वा लाग्न चाहेका युवाहरुलाई गाउँपालिकासँग हातेमालो गर्नका लागि आह्वान गरिनेछ।

(घ) गाउँपालिकासँग सहकार्य गरी उत्पादनमूलक उद्यम वा व्यवसाय क्षेत्रमा लागेका युवाहरुको प्रगती विवरणको अध्यावधिक गर्ने, अभिलेखिकरण गर्ने गरिनेछ साथै सम्मान गरी उत्प्रेरित गरिनेछ।

(ङ) गाउँपालिकासँग हातेमालो गर्दै उत्पादन तथा उद्यमशील क्षेत्रमा लागेका युवाहरुलाई सम्मान प्रदान गरिनेछ।

६. गाउँपालिकामा उपलब्ध उत्पादनमूलक क्षेत्रहरुको सम्भाव्यता पहिचान गर्ने

(क) पालिकाको दिगो विकास तथा कृषि वा कृषि क्षेत्र, पालिकामा सम्भाब्य अन्य उत्पादनमा आत्मनिर्भरता बढाउनको लागि पालिकामा उपलब्ध उत्पादनमूलक क्षेत्रहरुको सम्भावव्यता पहिचान गरिनेछ।

(ख) पालिका भित्रका उत्पादनमूललक क्षेत्रहरुको विवरण अध्यावधिक गर्ने र अभिलेखिकरण गरिनेछ।

(ग) युवाहरुलाई उत्पादनमूलक क्षेत्रहरुको बारेमा सचेतनाका कार्यक्रमहरु, अभिमुखिकरणका कार्यक्रमहरु, इच्छुक युवाहरुलाई विज्ञहरुसँगको परामर्श गर्ने गोष्ठीहरु आदि कार्यक्रमहरु गर्नेछ।

७. गाउँपालिकाले बार्षिक रुपमा युवा स्व-रोजगार कार्यक्रमको लागि बजेटको व्यवस्था गर्नेछ।

## परिच्छेद–४

## उत्पादनमूलक उद्यम वा व्यवसायको प्राथमिकता

८. उत्पादनमूलक उद्यम वा व्यवसायमा युवाहरुको सहभागिता बढाई सहकार्य गर्नको लागि देहाय बमोजिमको उत्पादनमूलक क्षेत्रहरुको प्राथमिकरण हुनेछ।

(क) उत्पादनमूलक उद्यममा युवा सहभागिताको व्यवस्था गर्दा लघु उद्यम,कृषि तथा पशुपालन वा अन्य व्यवसायीक क्षेत्रमा स्थानिय रैथाने/आदिवासी ज्ञानमा आधारित उत्पादन उद्यमलाई प्राथमिकता दिइनेछ।

(ख) उत्पादनमूलक उद्यम वा व्यवसायमा पालिकाको प्राकृतिक वातावरण र ऐतिहासिक, सामाजिक-साँस्कृतिक वातावरणमा नकरात्मक असर नपार्ने प्रकृतिका उत्पादनका क्षेत्रहरुलाई प्राथमिकता दिइनेछ।

(ग) उत्पादनमूलक उद्यम वा व्यवसायमा युवाहरुलाई सापटी सहायता रकम वा अनुदान प्रदान गरी स्वरोजगार बनाउको लागि समितिले गाउँपालिकाको आवाश्यकताका आधारमा क्षेत्रहरु निर्धारण गर्न सक्नेछ।

९. सापटी सहायता रकम पाउनका लागि आवाश्यक योग्यता : सापटी सहायता रकम प्राप्त गर्नका लागि देहायको योग्यता हुन आवाश्यक छ।

(क) २० देखि ४० बर्ष उमेर पुरा भएको

(ख) गाउँपालिकामा स्थायी बसोबास भएको

(ग) परियोजना प्रस्तावमा लेखिए बमोजिमको पेशा व्यवसायप्रति रुची भएको

(घ) परियोजना प्रस्तावमा प्रस्ताव गरिएको उद्यम वा व्यवसायको ज्ञान र सिप भएको

(ङ) नेपाल सरकारवाट दोहोरो अनुदान सुविधा नलिएको

(च) दफा २१ बमोजिम समितिले अनुदान प्रक्रियाबाट हटाएको ३ वर्ष पूरा भएको

## परिच्छेद–५

## उत्पादनमूलक उद्यमका लागि सापटी सहायता र अनुदानको व्यवस्था

१०. उत्पादनमूलक उद्यम तथा व्यवसायिक कार्यमा युवाहरुको प्रत्यक्ष सहभागिता र सहकार्यका लागि गाउँपालिकाले युवाहरुलाई उत्पादनमूलक उद्यम वा व्यवसायका लागि 'सापटी सहायता' रकम दिन सक्ने :

(१) उत्पादनमूलक उद्यम वा व्यवसायका लागि युवाले गाउँपालिकाको प्राथमिकतामा परेका उत्पादनका क्षेत्रमा "सापटी सहायता" रकम प्राप्त गर्नका लागि देहाय बमोजिमको कागजपत्रहरु समिति समक्ष पेश गर्नुपर्ने छ।

(क) अनूसुची १ को ढाँचामा निवेदन।

(ख) अनुसूची २ को ढाँचामा बिस्तृत परियोजना प्रस्ताव।

(ग) सहभागिताको लागि सम्बन्धीत वडाको सिफारिश।

(घ) नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(ङ) जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी

(च) वडा अध्यक्षको रोहवरमा वडा सचिवको काम तामेलीमा तीन जना साक्षीसहितको सर्जीमिन मुचुल्का

(छ) प्रचलित कानून बमोजिम आवस्यक पर्ने अन्य कागजातहरु पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम परेका निवेदनहरुबाट समितिको बैठकले युवा उद्यमी छनौट गर्न सक्नेछ।

(३) गाउँपालिकाको 'सापटी सहायता' उपलब्ध गराउने प्रयोजनको लागि युवा उद्यमी छनौट गर्न समितिले परियोजना प्रस्तावको मुल्याङ्कन गर्नका लागि आवाश्यकता अनुसार विषय विज्ञ वा परामर्शदाता संस्थाको सहयोग लिन सक्नेछ।

(४) छनौट भएका युवा उद्यमी वा व्यवसायीलाई अनुसूची ३ बमोजिमको ढाँचामा समितिले करार सम्झौता गरेर सापटी सहायता रकम पहिलो किस्ता कार्यासंचालनको लागि र दोस्रो किस्ता प्रगति विवरण प्राप्त भएमा कुनै करकट्टी विना एकमुष्ट अन्तिम किस्ता सापटी सहायता रकम उपलब्ध गराउनेछ।

(५) समितिले व्यक्तिगत रुपमा उपलब्ध गराउने सापटी सहायता रकमको न्युनतम र अधिकतम रकम तोक्न सक्नेछ भने समुह बनाएर आएका सामूहिक युवा उद्यमीहरुलाई परियोजना प्रस्ताव हेरेर तीन देखि पाँच गुणा बढी सापटी सहायता रकम उपलब्ध गराउन सक्नेछ।

११) **प्रगती विवरण बुझाउनुपर्ने:**

(१) गाउँपालिकाबाट युवा स्वरोजगार कार्यक्रम अन्तरर्गत उत्पादनमूलक उद्यम वा व्यवसायका लागि सापटी सहायता रकम प्राप्त गरेका युवा उद्यमीले बार्षिक रुपमा अनुसूची ४ को ढाँचामा प्रगती विवरण प्रत्येक छ/छ महिनामा बुझाउनुपर्नेछ।

(२) युवा उद्यमी वा व्यवसायीले बुझाएको प्रगती विवरणको अनुगमन र मुल्याङ्कन समितिले गराउनेछ।

(३) यस कार्यविधिको दफा १२ बमोजिम सापटी सहायता रकम फिर्ता गरेमा वा दफा १३ बमोजिम अनुदानमा परिणत भएमा तीन बर्ष

सम्म आफ्नो उद्यम वा व्यवसायको बारेमा वर्तमान सुचना समिति वा पालिका समक्ष दिनुपर्नेछ।

१२) **सापटी सहायता रकम फिर्ता गर्नुपर्ने**:

(१) युवा उद्यमी वा व्यवसायीले युवा स्वरोजगार कार्यक्रम अन्तरर्गत उत्पादनमूलक उद्यम वा व्यवसाय गर्नको लागि प्राप्त गरेको सापटी सहायता रकम तीन बर्षपछि फिर्ता गर्नुपर्नेछ। तर जुन उद्देश्यका लागि सापटी सहायता रकम प्राप्त गरेको हो सो उद्यम नगरेमा वा निरन्तरता नदिएमा सापटी सहायता  रकम तुरुन्त फिर्ता गर्नुपर्नेछ।

(२) युवा उद्यमीले लिखित अनुरोध गरेमा समितिले जाँचबुझ गर्दा आवाश्यक देखेमा एक बर्ष भित्रमा तीन किस्तामा विभाजन गरी युवा स्वरोजगार कार्यक्रमको सापटी सहायता रकम फिर्ता गर्नको लागि सहजीकरण गर्न सक्नेछ।

(३) युवा उद्यमीले लिएको सापटी सहायता रकम कार्यविधि बमोजिम तोकिएको समयमा बुझाउने युवा उद्यमी वा व्यवसायीले ब्याज बुझाउनुपर्ने छैन।

(४) युवा स्वरोजगार कार्यक्रम अर्न्तगत प्राप्त गरेका सापटी सहायता रकम कार्यविधिको दफा १० को उपदफा (४) बमोजिम करार सम्झौताको शर्त बमोजिम खर्च नगरेमा उल्लेखित रकम असुल उपर गर्ने वा नगर्ने भन्ने सम्बन्धमा समितिको सिफारिसमा गाउँकार्यपालिकाले अन्तिम निर्णय गरिनेछ।

(५) युवा उद्यमी वा व्यवसायीले प्राप्त गरेको सापटी सहायता रकम दफा १२ बमोजिम समितिले अनुदानमा परिणत गरेमा सापटी सहायता रकम फिर्ता गर्नुपर्नेछैन।

१३. सापटी सहायता रकमलाई अनुदानमा परिणत गर्न सकिने वा अन्य कुनै निर्णय लिइनेछ :

(१) समितिले युवा स्वरोजगार कार्यक्रम अन्तरर्गत उत्पादनमूलक उद्यमका लागि युवा उद्यमीलाई प्रदान गरेको सापटी सहायता रकमबाट उद्देश्य बमोजिमको उत्पादनमूलक उद्यम वा व्यवसाय निरन्तर

सञ्चालनमा रहेको, उत्पादनमा योगदान दिएको, गाउँपालिकाको प्राथमिकतामा परेको उत्पादन भएको अवस्थामा युवा उद्यमी वा व्यवसायीले बुझाएको प्रगती प्रतिवेदन, गाउँपालिकाको अनुगमन समिति वा गाउँपालिकाको सम्बन्धित विषय शाखा वा विभागको प्रतिवेदन वा विज्ञ परामर्शदाताको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदनमा समेत प्रगती देखिएका युवा उद्यमीहरुलाई सापटी सहायता रकम प्राप्त गरेको मितिबाट दुई बर्ष पछि सापटी सहायता रकमलाई अनुदानमा परिणत गर्न सकिनेछ।

(२) परियोजना कार्यन्वयनको क्रममा भवितव्य वा अन्य कुनै काबू बाहिरको परिस्थीति परेमा

(क) युवा स्वरोजगार कार्यक्रम अन्तरर्गत युवा उद्यमी वा व्यवसायीले प्राप्त गरेको सापटी सहायता रकम दफा १० को उपदफा (४) बमोजिम खर्च भएको अवस्थामा कुनै भवितव्य परी वा काबू बाहिरको परिस्थीतिबाट सम्झौता अनुरुपको परिणाम प्राप्त हुन सक्ने अवस्था नभएमा सोको जनाउ १५ दिन भित्र समिति समक्ष निवेदन मार्फत दिनुपर्नेछ।

(ख) खण्ड (क) बमोजिम निवेदन प्राप्त पश्चात स्थलगत निरिक्षणका लागि समतिले कुनै सदस्य खटाउन सक्नेछ र उक्त सदस्यले कम्तीमा १५ दिन भित्र निरिक्षण प्रीतिवेदन समितिका समक्ष पेश गर्नुपर्नेछ।

(ग) खण्ड (ख) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा उक्त परियोजन र उपलब्ध रकमको सम्बन्धमा समितिबाट उपर्युक्त निर्णय लिनेछ।

(३) युवा स्वरोजगार कार्यक्रम अन्तरत लिएको सापटी सहायता रकम अनुदानमा परिणत गर्ने वा नगर्ने अधिकार गाउँकार्यपालिकामा निहित रहनेछ।

## परिच्छेद–६

## युवा स्वरोजगार कार्यक्रम सञ्चालक समिति

१४. युवा स्वरोजगार कार्यक्रम सञ्चालक समितिको गठन :

(१) युवा स्वरोजगार कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिकामा देहाय बमोजिमको समिति गठन गरिनेछ।

(क) गाउँपालिकाका अध्यक्ष - संयोजक

(ख प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) संयोजक, आर्थिक समिति वा निजले तोकेको समितिको महिला सदस्य - सदस्य

(घ) वडा अध्यक्षहरुमध्येबाट कार्यपालिकाले तोकेको २ जना वडा अध्यक्ष - सदस्य

(घ) गाउँपालिकाका युवा उद्यमी/व्यवसायी मध्येबाट कार्यपालिकाले मनोनित गरेको एकजना महिला सहित दुई जना - सदस्य

(ङ) कार्यपालिकाले मनोनित गरेको कृषी र पशु सम्बन्धी शिक्षा प्रदान गर्ने विद्यालयको प्रतिनिधि एक जना - सदस्य

(ङ) सम्वन्धित शाखाको प्रमुख - सदस्य सचिव

१५. **मनोनित सदस्यको योग्यता :**

(१) देहायको योग्यता पुगेको युवा व्यक्ति समन्वय समितिमा मनोनयनका लागि योग्य हुनेछ :

(क) लेखपढ गर्न सक्ने

(ग) उत्पादनमूलक उद्यम वा व्यवसाय क्षेत्रमा कम्तिमा २ बर्षको अनुभव भएको ।

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग नलागेको

(ङ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग लागेको व्यक्ति भए सो अभियोगबाट सफाई पाएको तीन बर्ष पुरा भएको ।

(च) सरकारी सम्पत्ती हिनामिना नगरेको

१६. **समितिका पदताधीकारी तथा सदस्यको पदावधि :**

(१) समितिका मनोनित सदस्यको पदावधि चार बर्षको हुनेछ।

(२) मनोनित सदस्यको पदावधि एक कार्यकालका लागि थप गर्न सकिनेछ।

१७. **मनोनित सदस्यको पद रिक्त हुने**: (१) देहायको अवस्थामा मनोनित सदस्यको पद रिक्त भएको मानिनेछ :

(क) पदबाट राजीनामा दिएमा

(ख) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग प्रमाणित भएमा।

(ग) पदीय आचरण विपरित काम गरेमा

(घ) मृत्यु भएमा।

(२) उपदफा (१) को खण्ड ग बमोजिमको पदबाट हटाउने कारबाही गर्नु अघि निजलाई सफाई पेश गर्ने मौका दिइनेछ।

(३) समितिले कुनै पद रिक्त भएमा बाँकी अवधिको लागि क्षेत्रगत प्रतिनिधित्व कायम गरी नियुक्त गर्न सक्नेछ।

१८. **समितिको काम कर्तव्य र अधिकार**: (१) समितिको काम कर्तव्य र अधिकार अन्यथा उल्लेख भए अतिरिक्त देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकामा रहेका युवाहरु तथा उद्यमशील युवाहरुको तथ्याङ्क संकलन गर्ने, अभिलेखिकरण गर्ने, विवरण अध्यावधिक गर्ने तथा उनीहरुको रुचीको क्षेत्रको पहिचान पहिचान सहित युवा स्वरोजगार कार्यक्रमको लागि योग्य युवा छनौटको लागि गाउँपालिकालाई सहयोग गर्ने।

(ख) युवा स्वरोजगार कार्यक्रमको लागि युवाहरुलाई अभिमुखिकरण, तालिम तथा प्रशिक्षण संचालन गर्ने, गोष्ठी तथा अनुभव साटासाट कार्यक्रम संचालन गर्ने तथा गाउँपालिकामा युवाहरुलाई आफ्नो रुचीको उत्पादनमूलक क्षेत्रहरुको पहिचान गर्नको लागि सहयोग गर्ने।

(ग) युवा स्वरोजगार कार्यक्रम अन्तरगत उत्पादनमूलक क्षेत्रमा लागेका वा चाहाना राखेका युवा उद्यमी, व्यवसायीहरुलाई सापटी सहायताको लागि प्रस्ताव आह्वान गर्ने, छनौट गर्ने र सापटी सहायता रकम उपलब्ध गराउने।

(घ) युवा स्वरोजगार कार्यक्रम अन्तरगत सापटी सहायता रकम लिएका युवा उद्यमीले दुई बर्ष वा सो भन्दा बढी समयदेखि आफ्नो उत्पादनमूलक उद्यम, व्यवसायलार्य निरन्तरता दिएको वा

गाउँपालिकाको उत्पादनमा योगदान पुऱ्याएका युवा उद्यामी, युवा व्यवसायीहरुको सापटी सहायता रकमलाई अनुदानमा परिणत गर्नको लागि सिफारिश गर्ने,

(ङ) गाउँपालिकामा उत्पादनमूलक क्षेत्रमा योगदान पुऱ्याएका उत्कृष्ट युवा उद्यमी, व्यवसायीहरुलाई छनौट गरी पुरस्कार दिने ।

(च) गाउँपालिकाले तोकेका युवा स्वरोजगार सम्बन्धी अन्य कार्यहरु गर्ने ।

१९. **समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) समितिको बैठक आवाश्यकता अनुसार संयोजकको सल्लाहमा समितिका सदस्य सचिवले राख्नेछ ।

(२) बैठकमा कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णलाई बैठकको निर्णय मानिनेछ ।

(३) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । संयोजकको अनुपस्थीतिमा उपस्थित मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) बैठकमा प्रस्ताव उपरको निर्णय बहुमतबाट हुनेछ ।

(५) बैठक सम्बन्धी कार्यविधि आवाश्यकता अनुसार समिति आँफैले निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद ७

## अनुगमन र मुल्याङ्कन

२०. समितिले युवा स्वरोजगार अन्तरगत लगानी गरेका परियोजनाहरुको अनुगमन तथा मुल्याङ्कन गर्नका लागि गाउँपालिकामा प्रचलित ऐन कानून बमोजिम गठन भएको अनुगमन तथा मुल्याङ्कन समितिले गर्नेछ ।

२१. गाउँपालिकाले युवा स्वरोजगार अन्तरगत लगानी गरेका परियोजनाहरुको तेस्रो पक्ष मुल्याङ्कन तथा अनुगमनका लागि विज्ञ परामर्शदाता वा परामर्शदाता संस्थाहरुबाट अनुगमन र मुल्याङ्कन गराउन सक्नेछ ।

२२. विज्ञ परामर्शदाताद्वारा प्राप्त अनुगमन तथा मुल्याङ्कन प्रतिवेदनको आधारमा समितिले आगामी दिनको लागि कार्यक्रमहरु बनाउन सक्नेछ ।

## परिच्छेद –८

## दण्ड र सजाय

२३. यस कार्यविधि बमोजिम प्रगति विवरण नबुझाउने युवा उद्यमीलाई समितिले पहिलो पटकका लागि नसिहत दिन सक्नेछ । पटक पटक समितिका आदेश उल्लंघन गरेमा समितिले त्यस्ता युवा उद्यमी वा व्यवसायीलाई अनुदान प्रक्रियाबाट हटाउनेछ र थप ३ वर्ष सम्म अनुदान रकम प्राप्त गर्नका लागि अयोग्य मानिनेछ।

## परिच्छेद ७

## विविध

२४. **सहयोग गर्नुपर्ने** : यो कार्यविधी बमोजिम गाउँपालिकाका युवाहरुलाई स्वरोजगार बनाई आत्मनिर्भर बनाउनको लागि आवाश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

२५. व्याख्या गर्ने अधिकारः यस कार्यविधीमा भएका कुनै पनि व्यवस्था अस्पष्ट भएमा सोको अन्तिम व्याख्या गर्ने अधिकार कार्यपाललिकामा रहनेछ।

२६. बाधा अड्काउ फुकाउन सक्ने : यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएका गाउँ कार्यपालिकाको बैठकले बाधा अड्काउ फुकाउन सक्नेछ।

२७. शंसोधन गर्न सक्नेः कार्यपालिकाले आवस्यकता अनुसार कार्यविधी संशोधन गर्न सक्नेछ।

**अनसुची –१**

(**दफा १० को उपदफा** (१) **सँग सम्बन्धित**)

**युवा स्वरोजगार कार्यक्रममा रुची अनुसार सहभागी हुने निवेदन फारमको ढाँचा**

| हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
|---|

श्री अध्यक्ष ज्यू
युवा स्वरोजगार कार्यक्रम समिति
परिवर्तन गाउँकार्यपालिकाको कार्यालय
रोल्पा

मितिः .......................

विषय : युवा स्वरोजगार कार्यक्रम अन्तरगत उत्पादनमूलक उद्यम/व्यवसायको लागि सापटी सहायता पाउँ ।

महोदय,

............................जिल्ला,.................................... पालिका......वडा ......................गाउँ/टोल बस्ने बर्ष..........को म निवेदकले विगत...........बर्षदेखि....................पेशा/व्यबासय/उद्यम गर्दै आइरहेको छु (वा पेशा /व्यवसाय/उद्यम गर्नको लागि इच्छुक रहेको छु)। यस ......................गाउँपालिकाबाट सञ्चालन गरेको युवा स्वरोजगार कार्यक्रमबाट पालिकाभित्र उत्पादन कार्य गरेर स्वरोजगार बन्न चाहेकोले...... ..............................क्षेत्रमा उत्पादन गर्नको लागि इच्छुक रहकोले सोही बमोजिम प्रस्तावना सहित तपशिलका कागजात संग्लग्न गरी यो निवेदन पेश गरेको छु ।

निवेदक

..................................

................................

**तपशिल**

१. नागरीकताको प्रमाणपत्रको प्रतिलिपि

२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

३. अनुवभ भए सोको प्रतिलिपि

४. परियोजना प्रस्तावना

५. वडा कार्यालयको सिफरिस

६. जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि

७. वडा अध्यक्षको रोहवरमा वडा सचिववाट काम तामेली भएको कम्तीमा ३ जना साक्षीको सर्जमित मुचुल्का

८. अन्य कागजपत्रहरू

**अनुसुची २**

**(दफा १०, उपदफा (१) संग सम्बन्धीत)**

**उत्पादनमूलक व्यवसाय/उद्यम परियोजना प्रस्तावमा खुलाउनुपने ' विषयवस्तुहरु**

परियोजनाको शिर्षक सहित कभर पेज

पृष्ठभुमी (परिचय, उद्यम/व्यवसाय गर्न लागेको स्थान, भुगोल र सम्भावनाको परिचय आदि)

लक्ष्य

उद्देश्य

विधी तथा क्रियाकलापहरू

अनुमानित बजेट

युवाले लगानी गर्ने बजेट र गाउँपालिकाबाट सापटी सहयोगको प्रतिशत

समय सिमा

गाउँपालिकाबाट प्राप्त सापटी सहायता रकम फिर्ता गर्नसक्ने आधारहरु :

अनुगमन तथा मुल्याङ्कन

निष्कर्ष

अनुसूची (आवस्यकता अनुसार)

## अनुसुची ३
## सम्झौता पत्रको ढाँचा

परिवर्तन गाउँपालिकाको चालु आ.व........................को लागि स्विकृत युवास्वरोजगार कार्यक्रम अर्न्तगतको युवास्वरोजगार कार्यक्रम सञ्चालक समितिको तर्फबाट ऐ.को अध्यक्ष (प्रथम पक्ष) र .रोल्पा जिल्ला परिवर्तन. गाउँपालिका वडा नं. ....................................गाउँ/टोल बस्ने .........बर्षको ........................ को नाति/नातिनी.................................. को छोरा/छोरी ................................(द्धितिय पक्ष) तपशिलका शर्तनामाहरु पालाना गर्ने गरी करार सम्झौता गरी सहीछाप गरी एक/एक प्रति दियौं/लियौं ।

### तपशिल

१. दोस्रो पक्षले पेश गरेको उत्पादनमूलक परियोजना प्रस्ताव बमोजिम उल्लेख भए अनुसारको क्रियाकलापमा मात्र प्राप्त सापटी सहायता रकम खर्च गर्नुपर्नेछ, सो बाहेक अन्य क्रियाकलापममा खर्च गर्न पाइने छैन ।
२. दोस्रो पक्षले परियोजना प्रस्ताव बमोजिमको उत्पादनमूलक व्यवसाय/उद्यम स्थापना गरी सोको १५ दिन भित्रमा प्रथम पक्षलाई जानकारी दिनुपर्नेछ ।
३. दोस्रो पक्षले परियोजना प्रस्ताव बमोजिम गरिएको क्रियाकलाप तथा गतिविधि एवं समग्र परियोजनाको बारेमा कार्यविधीले तोके बमोजिमको मितिमा सापटी सहायता रकम फिर्ता नगरेसम्म प्रगति विवरण बुझाउनुपर्नेछ।
४. दोस्रो पक्षले प्रस्ताव बमोजिमको परियोजना निर्माण गर्नको लागि गाउँपालिकाबाट प्राप्त गरेको सापटी सहायता रकम परियोजनाको निर न्तरता कायम रहेको अवस्थामा दुई बर्षपछि ................. किस्तामा .......... बर्ष भित्र सापटी सहायता रकम फिर्ता गर्नुपर्नेछ।
५. दोस्रो पक्षले माथी उल्लेखित परियोजना प्रस्ताव बमोजिम कार्य गरे बापत प्रथम पक्षले दोस्रो पक्षलाई रु. ........................।- (अक्षररुपी ........................... रुपैयाँ मात्र) रकम पहिलो किस्तामा .......% र दोस्रो किस्तामा ............% गरेर उपलब्ध गराउनेछ ।

६. दोस्रो पक्षले प्रस्तावित परियोजना सम्पन्न गर्न नसकेमा वा निरन्तरता दिन नसकेमा यस सम्झौता अनुसार प्रथम पक्षबाट प्राप्त रकम फिर्ता गर्नुपर्नेछ।
७. अन्य कुराको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| हस्ताक्षर...................... | हस्ताक्षर......................... |
| नामः ............................ | नामः ............................. |
| संयोजक, युवा स्वरोजगार कार्यक्रम सञ्चालक सतितिक परिवर्तन गाउँपालिको कार्यालय, पुतलाचौर, रोल्पा | ठेगाना ............................. |

| कार्यालय छाप | दायाँ | बायाँ |
|---|---|---|

| साक्षि | साक्षि |
|---|---|
| हस्ताक्षर....................... | हस्ताक्षर....................... |
| नाम ......................... | नाम ........................... |
| पद : | उमेर |
| कार्यालयः परिवर्तन गाउँ कार्यपालिकाको कार्यालय, पुतलाचौर, रोल्पा। | ठेगाना ................ |

## अनुसुची ४

## प्रगति विवरणको ढाँचा

**(प्रगती विवरणमा समेट्नुपर्ने विषयवस्तुहरुको रुपरेखा)**

परियोजनाको शिर्षक

परिचय

परियोजनाको लक्ष्य र उद्देश्य

हासिल गरिएका उपलब्धीहरु

समस्या र चुनौतीहरु (आवस्यक परेमा)

समस्या र चुनौतीसँग जुध्ने रणनीति

आगामी मार्ग

निश्कर्ष

अनुसुची - फोटोचित्र

आवस्यकता अनुसार अनुसुचीहरु

## अनुसुची – ५

**(दफा ५ को उपदफा (क) संग सम्बन्धित)**

**(युवाको तथ्याङ्क अभिलेखिकरण र अद्यावधिक गर्ने फारमको ढाँचा)**

**परिचयात्मक खण्ड**

नाम थर ............................मेर : ...........लिङ्ग : ............

स्थानीय तहको नामः वडाः गाउँ/टोलः

घरमुलीको पूरा नामः जात/जातिः

परिवार संख्या ........... महिला .......... पुरुष .........

अपाङ्गता भए अपाङ्गताको किसिमः..................... अन्य ...........

**ब्यक्तिगत विवरण**

(१६ देखि ४० बर्षको उमेर समुहका लागि)

(१) बैबाहिक अवस्थाः विबाहित/अविबाहित/एकल/पाराचुके

(२) अपाङ्गताको अवस्था : .......... (३) शैक्षिक अवस्थाः

(४) पेशा व्यवसायः ............................

(५) आवद्धताः (६) विज्ञताको क्षेत्रः

(७) रुचीको क्षेत्रः (८) अनुभवः

पारिवारिक विवरण

घरमूलीको नाम :

| क्र. सं. | परिवारका सदस्यको नाम | उमेर | लिङ्ग | बैवाहिक अवस्था | शैक्षिक योग्यता | पेशा वा व्यवसाय | विज्ञता/ अनुभव | रुचीका क्षेत्र | अपाङ्गता भए, सोको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

परिवर्तन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा

# स्थानीय राजपत्र

खण्ड १ संख्या:१ प्रकाशित मितिः२०८०/१२/३०

भाग ३
परिवर्त गाउँपालिका

# परिवर्तन गाउँपालिका
# स्वास्थ्य, सरसफाई तथा पोषण नीति
# २०७९

# परिवर्तन गाउँपालिका
# स्वास्थ्य, सरसफाई तथा पोषण नीति २०७९

## १. पृष्ठभूमि

नेपालको संबिधानले नागरिकको मौलिक हकको रूपमा आधारभूत स्वास्थ्य सेवा ब्यवस्था गरेको छ भने मानव अधिकारको रूपमा खानेपानि तथा सरसफाई भनेर प्रत्याभुत गरेको छ । खानेपानि र वातावरण सम्वन्धि नागरिकको अधिकार भनेर संविधानमा उल्लेख गर्ने विश्वका थोरै देश मध्ये नेपाल पनि पर्दछ ।यस्तै राष्ट्रिय पोषण निति तथा रणनितिले आवस्यक मात्रामा पोषणयुक्त खाना खान पाउनु पनि हरेक नागरिकहरूको मौलिक हकको रूपमा समावेस गरेको छ । यस अवस्थामा परिवर्तन गाउँपालिकाका सबै नागरिकहरूलाई स्वास्थ्य सरसफाई सेवामा समान पहुँच र आकस्मिक स्वास्थ्य सेवा पुऱ्याउने र आधारभूत स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गर्नु अपरिहार्य रहेको छ। यसका लागि परिवर्तन गाउँपालिकाले स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, औषधी, उपकरण, जनशक्ति ब्यवस्थापन गरि सेवा प्रवाह गर्नुपर्नेछ।

परिवर्तन गाउँपालिकाको स्वास्थ्य र बिकास अन्तर सम्बन्धित बिषयहरू हुन । स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकहरूको रूपमा लिइन्छ । परिवर्तन गाउँपालिकाका गरिब, दुरदराजका नागरिकहरू अझै पनि अत्यावश्यक स्वास्थ्य सेवा र सुविधाबाट बञ्चित (सहज पहुँचबाट टाढा) रहेका छन। गुणस्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सूचकाङ्कमा सुधार ल्याई परिवर्तन गाउँपालिकाको समग्र विकासका लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्नु जरूरी देखिएको छ।

परिवर्तन गाउँपालिका भित्र नवजात शिशु तथा मातृ मृत्युलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, सीमान्तकृत, जोखिममा रहेका समुदाय, गर्भवती सुत्केरी महिला, नवजात शिशु, पाँच वर्ष मुनिका बालबालिका, किशोरीलाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउनु परिवर्तन गाउँपालिकाले दायित्वबोध गरेको छ।

बदलिँदो संघीय संरचनामा स्थानिय सरकारले गुणस्तरिय आधारभुत स्वास्थ्य

सेवाको प्रवाह गर्नु पहिलो प्राथमिकता रहेको र सबै स्थानीय तहका हरेक वडामा एक स्वास्थ्य संस्था स्थापना गर्ने, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौती हरूलाई सही ढङ्गले सम्बोधन गरेर परिवर्तन गाउँपालिकाका नागरिकको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुर्नस्थापन गर्न विद्यमान राष्ट्रिय स्वास्थ्य निति २०७६ दायरा भित्र रहेर परिवर्तन गाउँपालिका भित्रका स्वास्थ्य, सरसफाई, पोषण सम्वन्धि आवस्यकता, हाल विद्यमान स्वास्थय सरसफाई र पोषण सम्वन्धि तथ्यांकको आधारमास्वास्थ्य सरसफाई तथा पोषण नीति, परिवर्तन गाउँपालिका २०७९ तयार गरी लागू गरिएको छ ।

राष्ट्रिय नीतिहरूका आधारमा स्वास्थ्य क्षेत्रमा धेरै सफलता प्राप्त भएका छन् यद्यपी हालको स्वास्थ्यका सूचकहरूमा सन्तुष्ट हुने अवस्था छैन । दुर्गम क्षेत्रका, गरिब, लक्षित उमेर समुहका, शारीरिक तथा मानसिक रूपमा अशक्त नागरिकहरूमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिदै आएको छ । देश संघियतामा गए संगै तिन तहको सरकार संघ, प्रदेश र स्थानीय तहले एकल तथा साझा अधिकारहरूलाई प्रयोग गरेर स्थानीय समस्याहरू समाधान गर्नेका लागि स्थानीय परिवेश अनुसार आफ्नै नीति नियम, रणनीतिहरूको निर्माण गर्ने र सो अनुरूपका कार्यक्रमहरू तयार गरि कार्यान्वयन गर्न सक्ने संवैधानीक व्यवस्था छ ।

## २. समिक्षा

### क) परिवर्तन गाउँपलिकाको संक्षिप्त परिचय :

परिवर्तन गाउँपालिका रोल्पा जिल्लाको पश्चिम उत्तरमा अवस्थित एक गाउँपालिका हो । यस गाउँपालिकाको पुर्वमा माडिगाँउपालिका पश्चिममा त्रिवेणी गाउँपालिका रूकुम पश्चिम दक्षिणमा गंगादेव गाउँपालिका र उत्तर थवाङ गाउँपालिका रहेको छ । यस गाउँपालिका वर्तमान उप-राष्ट्रपति सम्माननीय श्री नन्द बहादुर पुन ,पुर्व मन्त्री तथा महिला नेतृ श्री जयपुरि घर्तीमगर,पुर्व राज्य मन्त्री भिमकुमारी वुढामगर,नेता श्री नेत्र विक्रम चन्द र महिला नेतृ तारा घर्तीमगर जस्ता राजनितिज्ञ हरूको नाम वाट परिचित गाउँपालिका पनि हो । यस गाउँपालिका सशस्त्र जनयुद्धका शहिद नेप बहादुर के.सि.(परिवर्तन)को नाम वाट नामाकरण गरिएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल १६३.०१ वर्ग कि.मि. रहेको छ जसमध्ये सवैभन्दा कम क्षेत्रफल ३ नं.

वडाले (१२.६८) वर्ग कि.मि र सवैभन्दा वढि नं. वडाले (४७.७६) वर्ग कि.मि. ओगटेको छ। यस गाउँपालिकको कुल जनसंख्या २४८६१ रहेको छ। जसमा पपुरूष जनसंख्या १२४०५ र महिलाको जनसंख्या १२४५६ रहेको छ। त्यसैगरि जातिगत हिसाबले जनजाति र धर्मको हिसाबले हिन्दु धर्म संख्याको बाहुलियता रहेको छ।

**क) विगतमा गरिएका प्रयासहरू :**

यस परिवर्तन गाउँपालिकामा मानव सभ्यतको बिकास क्रमसंगै बिभिन्न सामाजिक तथा साँस्कृतिक मूल्य मान्यता र व्यक्तिगत ज्ञान सीपमा आधारित उपचार पद्धति बात विकास हुँदै आएको भएता पनि औपचारिक रूपमा आधुनिक चिकित्सा सेवा प्रणालीको शुरूवात यस गाउँपालिकामा बि.सं २०२८ साल साविकको इरिवाङ गा.वि.स.को केवरि स्वास्थ्य चौकी स्थापना पछि भएको मान्न सकिन्छ । उक्त स्वास्थ्य चौकीले तत्कालिन अवस्थामा ठुलो क्षेत्रफललाई समेटेर सेवा दिने गरेको थियो । वि.स.२०४८ को राष्ट्रिय स्वास्थ्य नीतिले आधारभूत स्वास्थ्यमा सवैको पहुँच पुऱ्याउने उद्येश्येले तत्कालीन सबै गाउँ विकास समितिहरूमा उप स्वास्थ्य चाकी,इलाका हरूमा स्वास्थ्य चौकी,प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरू स्थापना गर्ने रणनीति अनुरूप त्यस पछि राङ्सी उप स्वास्थ्य चौकी,कुरेली उप स्वास्थ्य चौकी,पाछावाङ उप स्वास्थ्य चौकी र राङ्कोट उप स्वास्थ्य चौकी स्थापना गरिएको थियो । भने हाल सम्पुर्ण उपस्वास्थ्य चौकी हरूलाई स्वास्थ्य चौकीमा स्तरोन्नति भएका छन् ।

वि.स.२०६२/६३ को जनआन्दोलन पश्चात बनेको अन्तरिम संविधानले स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रूपमा स्थापित गर्दै निशुल्क स्वास्थ्य सेवाको अवधारणालाई विकसित गरे अनुरूप गाउँपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरूवाट अत्यावश्यक निशुल्क सेवा शुरू गरी गाउँबासीको स्वास्थ्य सेवाका साथै आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको हकको रूपमा निर्दिष्ट गरे बमोजिम निशुल्क आधारभूत स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँच बढाउन आधारभूत स्वास्थ्य सेवा प्याकेज २०७५ तयार गरी स्थानीय तह समेतको जिम्मेवारी स्पष्ट पारी कार्यान्वयन गरिएको छ । संघियता कार्यन्वयनका क्रममा स्थानीय तहको स्वास्थ्य क्षेत्रका जिम्मेवारी हरू पुरा गर्न गाउँपालिका अर्न्तगत स्वास्थ्य शाखाको स्थपना गरिएको छ यस मातहतका स्वास्थ्य चौकीहरू हस्तान्तरण भएका छन् ।

यस परिवर्तन गाउँपालिकाले पनि विगतका आर्थिक वर्षहरूमा स्वास्थ्यको

क्षेत्रमा समानीकरण अनुदान अर्न्तगतको रकम विनियोजन गरि प्रभावकारी तरिकाले कार्यक्रमहरू सम्पन्न गर्दै आएको छ । संघियता लागु भए सँगै यस परिवर्तन गाउँपालिकाले सुरूवाति आ.ब. २०७४/७५ देखि नै स्वास्थ्य शाखाको कार्य योजना तयार गरि कार्यक्रमहरू कार्यान्वयन गरेको छ। गरेका कार्यक्रमहरूको प्रगति र स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरूलाई आगामी दिनहरूमा योजना निर्माण गर्नका लागि निरन्तर परिवर्तन गाउपालिकाको स्वास्थ्य शाखाले स्वास्थ्य क्षेत्रमा समस्याहरू औल्याउन र आगामी दिनहरूको कार्ययोजना सहितको रणनीति तयार गर्न प्रत्येक वर्ष स्वास्थ्यको समिक्षा गर्दै आएको छ,जुन समिक्षामा औल्याएका समस्या अवसर र चुनौतीहरूको समाधान गर्नका लागि पालिकाको स्वास्थ्य सरसफाई तथा पोषण नीतिको आवस्यकता महसुस भई यो नीति तयार गरीएकोछ।

## ३. **गाउँपालिकाको बर्तमान अवस्था**

### ३.१ **परिवर्तन  गाउँपालिकाको वर्तमान अवस्था**

परिवर्तन गाउँपालिका साबिकका राङ्सी,कुरेली,इरिवाङ,पाछावाङ र राङ्कोट गा.वि.स. गरी जम्मा ५ वटा र संघियता आएपछि इरिवाङ लाई वडा विभाजन गरि  जम्मा ६ वडाहरू मिलेर बनेको गाउँपालिका हो । यस गाउँपालिकामा ५ वटा स्वास्थ्य चौकीहरू रहेका छन जुन स्वास्थ्य चौकीहरू हाल परिवर्तन गाउँपालिकाको वडा नं. १, २, ३, ४ र ५ मा पर्ने गर्दछन । नेपाल सरकारको स्वास्थ्य निति २०७१ को संरचना बमोजिम प्रत्येक वडामा १ स्वास्थ्य संस्थाको अबधारणाका आधारमा यस बाहेकका अन्य वडामा वडा नं. ६ मा आधारभूत स्वास्थ्य केन्द्र स्थापना भएको छ, भने गाउपालिका स्तरीय १५ वेदको आधारभूत अस्पताल पनि निर्माणाधीन अवस्थामा रहेको छ।

बिभिन्न समस्याका बावजुत पनि हरेक स्वाथ्य संस्थाहरूमा आवस्यक दक्ष स्वास्थ्य कर्मिको ब्यबस्थापन गर्न गाउँपालिका हरबखत प्रयासरत रह्यो,। जस अन्तरर्गत ५ वटा संस्थामा प्रसुति सेवा, २१ वटा गाउँघर क्लिनिकबाट प्राथमिक उपचार लगायत परिवार नियोजन सेवा, पोषण तथा परामर्श सेवा, स्वास्थ्य सेवा, २३ वटा खोप केन्द्रबाट खोप सेवा र जम्मा ४५ जना महिला स्वास्थ्य स्वयंसेविकाबाट स्वास्थ्य,सरसफाई तथा पोषण सेवा र परामर्श, परिवार नियोजन सम्बन्धि पिरामर्श सेवा प्रदान गरिदै आईएको छ।स्वास्थ्य मन्त्रालय व्यवस्थापन महाशाखा बाट दिइएको आ.व.०७७/७८ को अनुमानित जनसंख्यालाई आधार मानेर हेर्दा स्वास्थ्यकर्मि र

जनसंख्याको अनुपात हेर्दा १३४७ जना जनसंख्यालाई १ जना प्यारामेडिक्स तथा २०२० जना जनसंख्यालाई १ जना नर्स हुन आउछ। यस परिवर्तन गाउँपालिकामा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खुलाएको समायोजन पश्चात हालसम्म यस गाउँपालिकामा स्थाई तर्फ १६ र करार तर्फ ३१ गरी जम्मा ४७ जना स्वास्थ्यकर्मि द्धारा स्वास्थ्य सेवा प्रदान गरिदै आइएको छ र सेवालाई गुणस्तरिय, छिटो छरितो र प्रभावकारी बनाउन गाउँपालिकाको आन्तरिक श्रोतबाट वर्षेनि थप स्वास्यकर्मि ब्यबस्थापन गर्दै आईरहेको छ।

यस गाउँपालिकाको प्रयासमा ३ वटा स्वास्थ्य संस्थाहरूमा प्रयोगशाला संचालनमा छन् । सम्पुर्ण स्वास्थ्य संस्थाहरूमा कम्प्युतर तथा प्रीन्तरको सुविधा, नेटवर्कको सुविधा, विद्युतको सुविधा हरू उपलब्ध छन् । परिवर्तन गाउँपालीका भित्रका छ वटा वडाहरूमा नौ वटा स्वास्थ्य संस्थाहरू छन् तिमध्ये पाँच वटा स्वास्थ्य चौकि, एक वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र र तिन वटा सामुदायिक स्वास्थ्य इकाई केन्द्र छन्। यस गा.पा.अर्न्तगत स्थायी दरवन्दी रहेको स्वास्थ्य संस्था ६ नं. वडा वाहेक बाँकि ५ वटै वडामा रहेका स्वास्थ्य चौकि हरू पर्दछन । जहाँ नेपाल सरकारले स्थायी दरवन्दीमा स्वास्थ्यकर्मि हरू हालसम्म ५३ परसेन्ट मात्र उपलब्ध गराएको छ । अस्थायी दरवन्दी संस्थाहरूमा यस गाउँपालिकाले स्वास्थ्यकर्मि हरूको सांगठानिक दरवन्दीको आधारमा १०० परसेन्ट उपलब्ध गराएको छ यस परिवर्तन गाउँपालिका अर्न्तगत स्वास्थ्य संस्थाको भौतिक संरचनाको हिसाबले सवै वडाहरूमा स्वास्थ्य संस्थाहरूको भवन वनाउनको लागि आफ्नै जग्गाहरू छन् भने सामुदायीक स्वास्थ्य इकाई केन्द्र डाडाँगाउँमा बाहेक सवै स्वास्थ्य संस्थाहरूको आफ्नै भवनहरू रहेका छन जुन मापदण्डका भवन हरू नेपाल सरकार र विभिन्न संघ संस्थाहरूले बनाएको भवन हरू वाट नै सेवा प्रवाह भइरहेका छ।जसमा ३ नं. वडा केवरी स्वास्थ्य चौकिमा नेपाल सरकार वाट मान्यता प्राप्त (ए) स्तरीय भवन वनेको छ, १ नं. वडा कुरेलीमा परिवर्तन गाउँपालिका रनेपाल रेडक्रस सोसाइटि को आर्थिक सहयोग वाट स्वास्थ्य चौकि भवन निर्माण भएको छ, त्यसैगरि ५ नं.वडा राङकोटमा प्रदेश सरकार र गाउँपालिकाको आर्थिक सहयोगमा तत्काल स्वास्थ्य चौकि भवन निर्माण भएको छ भने सोहि वडामा गाउँपालिका,वडापालिका र रेडक्रस सोसाइटि को आर्थिक सहयोगमा गाउँघर क्लिनिकको भवन निर्माण भएको छ, त्यसैगरि सामुदायीक स्वास्थ्य इकाई केन्द्र र आधारभूत स्वास्थ्य सेवा केन्द्रको व्याख्या गर्दा ६ नं. वडा नाँफेमा आफ्नै जग्गामा भवन निर्माण भएको छ भने ओवाङ

र वागमारा सामुदायीक स्वास्थ्य इकाई केन्द्रहरूको पनि आफ्नै जग्गाहरूमा भवन वनेको छन जहाँ दुवै भवनहरू संचालनमा आइसकेका छन् र सामुदायीक स्वास्थ्य इकाई केन्द्र डाडाँगाउँमा भने सस्थाकै जग्गा भएतापनि भवन वन्न नसक्नुको कारण निजि व्यक्तिको घर भाडामा ल्याई सञ्चालन भइरहेको छ।

### ३.२ स्वास्थ्य तथा पोषण सम्बन्धि तथ्याकिंय अवस्था विश्लेषण र दिगो विकासका लक्ष्यहरू

| सि. नं. | सुचकहरू | नेपाल NDHS 2016 | लुम्बिनी प्रदेश NDHS 2016 | परिवर्तन गाउँपालिका DHIS2 78/79 | दिगो विकास लक्ष्य २०३० | कै. |
|---|---|---|---|---|---|---|
| १ | सिफारिस गरिए अनुसार ४ पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | ५८.८ | ६७.३ | ६६.८ | ९० | |
| २ | सुत्केरी पश्च्यात ३ पटक जाँच गराउने महिलाको प्रतिशत | ५७.३ | | ९४.४ | ९० | |
| ३ | परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोग गरिरहेका १५ देखि ४९ वर्षका विवाहित महिलाहरुको प्रतिशत | ४३ | ४८ | ४०.१ | ६० | |
| ४ | १५ देखि १९ वर्ष उमेरका किशोरी मध्ये बच्चा जन्माई सकेका वा पहिलो पटक गर्भवती भई सकेकाको प्रतिशत | १७ | | | ० | |
| ५ | पाँच वर्षमुनिका बच्चाहरूको मृत्यु | ३९ | ५८ | ० | ० | |
| ६ | शिशु मृत्यू | ३२ | ४७ | ० | ० | |
| ७ | नवजात शिशु मृत्यु | २१ | २९ | ० | ० | |
| ८ | संस्थागत प्रसुतीको प्रतिशत | ५७.४ | ५९.४ | ६५.७ | ९० | |
| ९ | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७८ | ७५ | ८८.९ | | |
| १० | पाँच वर्ष मुनिका बच्चामा हुने पुड्कोपन | ३५.८ | ३९ | | १५ | |
| ११ | प्रजनन् उमेरका महिलाहरुमा हुने रक्तअल्पता | ४०.८ | ४४ | | १० | |
| १२ | पाँच वर्ष मुनिका बच्चामा हुने रक्तअल्पता | ५२.७ | ५३ | | १० | |
| १३ | कम तौल ० देखी २३ महिना % | | | २.४ | ० | |
| १४ | स्वच्छ खानेपानिको पहुँच % | ८७ 2016DWSS | | | १०० | |
| १५ | सरसफाईमा पहुँच % | ८२ 2016SHCC | ९९.१७ 2018 SHCC | | १०० | |

(श्रोतः एन.डि.एच.उस, डि.एच.आई.एस.२)

## पोषण सम्बन्धि हालको अवस्था र अन्तराष्ट्रिय प्रतिबद्धताहरू

| क्र. सं. | २०२५ र २०३० सम्म हासिल गर्नुपर्ने पोषण सम्बन्धि विश्वव्यापी लक्ष्यहरू | नेपालको अवस्था % | | सन् २०२५ वि.स्वा. सभाको लक्ष्य | सन २०३० को दिगो वि. लक्ष्य |
|---|---|---|---|---|---|
| | | सन् २०११ | सन् २०१६ | | |
| १. | ५ वर्ष मुनिका बच्चामा हुने पुड्कोपन ४० प्रतिशतले घटाउने | ४०.५% | ३८.८% | २४.३% | १५% |
| २.क | प्रजनन् उमेरका महिलाहरुमा हुने रक्तअल्पतालाई ५० प्रतिशतले घटाउने | ३५% | ४०.८% | १७.५% | १०% |
| २.ख | ५ वर्ष मुनिका बालबालिहरूमा हुने रक्तअल्पतालाई ५० प्रतिशतले घटाउने | ४६.२% | ५२.७% | ३२.१% | १०% |
| ३. | कम तौलको बच्चा जन्मिने संख्यालाई ३० प्रतिशतले घटाउने | १२.१% | २४.२% | ८.५% | |
| ४. | बाल्यकालमा मोटोपन हुनेहरुको संख्या बृद्धि नहुने अवस्था सुनिश्चित गर्ने | १.४% | १.२% | १.४ वा कम | |
| ५. | शिशु ६ महिना हुँदासम्म पूर्ण स्तनपान गराउने संख्यालाई कम्तिमा ५०% पुऱ्याउने | ६९.६% | ६६.१% | ५०% भन्दा बढी | |
| ६. | ५ वर्ष मुनिका बालबालिकामा हुने ख्याउटेपनको संख्या लाई कम्तिमा ५% मा झार्ने र कायम राख्ने | १०% | ९.७% | ५% वा कम | |

## परिवर्तन गाउँपालिकाको तथ्याङ्क विश्लेषण

| क्र. सं. | सुचकहरू | तथ्याङ्क अबधि | | | |
|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | कै. |
| १ | बि.सि.जी. कभरेज | ८८.५ | ८७ | ८०.३ | |
| २ | डि.पि.टी.हेप.बि.हिब ३ कभरेज | ९१.८ | ८९.३ | ८२ | |
| ३ | ओ.पि.भि.३ कभरेज | ८६ | ८९.३ | ८२ | |
| ४ | पि.सि.भि. ३ कभरेज | ९३ | ९१.५ | ९१.३ | |
| % | रोटा २ कभरेज | | ७३.७६ | ८९.३ | |
| ६ | एफ. आइ.पी.भि. १ कभरेज | ८० | ८४ | ९२.४ | |
| ७ | जे.ई. कभरेज | ९३ | १०२.३ | ८७.९ | |
| ८ | दादुरा रूबेला २ कभरेज | ९८ | १०३.१ | ८८.४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | टि.डि. २ र २+ कभरेज | ६१.७ | ६९ | ५९.९ | |
| १० | पूर्ण खोप कभरेज | ८८.९ | ९२.८ | ८८.९ | |
| ११ | डि.पी.टी-हेप बि १- दादुरा रूवेला दोस्रो बिचको ड्रपआउट दर | ८.३७ | ३.७ | ३.८ | |
| १२ | वि.सि.जि खोप र दादुरा रूवेला पहिलो खोप पहिलो बिचको ड्रपआउट दर | –४.६ | –५.५ | –१३.५ | |
| १३ | कम जन्म तौल भएका नवजात शिशुको प्रतिशत | २.९ | १.६ | २.६ | |
| १४ | नयाँ तौल लिएका १ वर्ष मुनिका शिशुहरुको प्रतिशत | ९५ | ९२.१ | ११०.६ | |
| १५ | नयाँ तौल लिएका १२ देखि २३ महिनाका शिशुहरुको प्रतिशत | ६७ | ७८.६ | ७९.५ | |
| १६ | जन्मेको ६ महिनासम्म स्तनपान गराएको बच्चाहरूको प्रतिशत | ४२.७ | ४४.२ | ६०.५ | |
| १७ | गर्भवती अवस्थामा १८० दिन आइरन चक्की प्राप्त गरेका गर्भवती महिलाहरुको प्रतिशत | ६२ | ७१.९ | ६३.५ | |
| १८ | सुत्केरी अवस्थामा भिटामिन ए प्राप्त गरेका महिलाहरुको प्रतिशत | ६५ | ९६ | १०० | |
| १९ | बृदि अनुगमनमा २ वर्ष मुनीका शिशुहरूको औषत भेट | ३.३ | ४ | ५.६ | |
| २० | गम्भिर कुपोषित बच्चाको संख्या (NUMBER OF SAM CASES) | ० | ० | १ | |
| २१ | गम्भिर कुपोषित बच्चा निको भएको प्रतिशत (% of recovery rate of SAM cases) | ० | ० | ० | |
| २२ | ३ साइकल (१८० पिस) बालभिटा पाउने ६ देखि २३ महिनाको बालकालिकाहरूको प्रतिशत | ० | ० | ३.९ | |
| २३ | पहिलो चरणमा भिटामिन ए को आम वितरणको कभरेज | १०१ | १०७ | ९०.१ | |
| २४ | दोस्रो चरणमा भिटामिन ए को आम वितरणको कभरेज | १०० | १०४ | ८७.१ | |
| २५ | जन्मने वितिक्कै नाभी मलम लगाएका नवजात शिशुहरूको प्रतिशत | १०० | १०० | १०० | |
| २६ | २ महिना मुनिका शिशुहरू मध्ये ब्याक्टेरियाको गम्भीर संक्रमण भएका शिशुहरूको प्रतिशत | ०.४ | ०.२ | १७.६ | |
| २७ | ब्याक्टेरियाको गम्भीर संक्रमण भएका मध्ये जेन्टामाईसिन सुईद्वारा पूर्ण उपचार पाएकाको प्रतिशत | १०० | ० | ३३.२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | श्वासप्रश्वास बिरामी दर (प्रति हजार पाँच वर्षमुनिका बालबालिकाहरुमा) | ५११ | ३७२ | १०९९ | |
| २९ | निमोनिया बिरामीको दर (प्रति हजार पाँच वर्षमुनिका बालबालिकाहरुमा) | १६१ | ९३ | १४३.२ | |
| ३० | प्रोटोकल अनुसार पहिलो पटक गर्भवती जाँच गराएका गर्भवती महिलाहरुको प्रतिशत | ७७.५ | ८०.७ | ८३.७ | |
| ३१ | प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच गराउने महिलाहरुको प्रतिशत | ६४ | ७३.९ | ६६.४ | |
| ३२ | घरमा जिवित जन्म भएको नवजात शिशुको जम्मा संख्या | ३७ | ८ | ० | |
| ३३ | संस्थागत प्रसुति दर | ६५.९ | ७३.७ | ६६.४ | |
| ३४ | दक्ष प्रसुतिकर्मीद्वारा प्रसुति भएको दर | ३६ | ४१.४ | ३६.८ | |
| ३५ | प्रोटोकल अनुसार ३ पटक सुत्केरी जाँच गराउने आमाहरुको प्रतिशत | ६५ | ७३.७ | ९४.८ | |
| ३६ | आकस्मिक जटिलता युक्त अवस्थाको व्यवस्थापन भएको प्रतिशत | ० | ० | ० | |
| ३७ | संस्थागत सुत्केरी मध्ये आमा सुरक्षा प्रोत्साहन भत्ता लिनेको प्रतिशत | ९२ | १०० | १०० | |
| ३८ | संस्थागत सुत्केरी मध्ये चारपटक गर्भ जाँच गराए वापतको प्रोत्साहन लिने को प्रतिशत | ९० | ९३ | ९२.१७ | |
| ३९ | सुरक्षित गर्भपतन गराउने महिलाहरूको प्रतिशत | ३२ | ५३ | ५८ | |
| ४० | जम्मा मातृ मृत्यु संख्या | ० | ० | ० | |
| ४१ | जम्मा नवजात मृत्यु संख्या | ० | ० | ० | |
| ४२ | जम्मा मृत जन्म संख्या | ० | ३ | १ | |
| ४३ | निमोनिया तथा कडा निमोनिया भएका बच्चा मध्ये एन्टीवायोटिकवाट उपचार गर्नेको प्रतिशत | १०० | १०५.९ | १०० | |
| ४४ | झाडापखालाका बिरामी दर (प्रति हजार पाँच वर्ष मुनिका बालबालिकाहरुमा) | २०३ | २०४ | ७५६ | |
| ४५ | ५ वर्ष मुनिका झाडापखालाका बिरामी मध्ये जिंक र पुनर्जलीय झोलबाट उपचार पाएकाको प्रतिशत | ९६.६ | ९४.१ | १०० | |
| ४६ | जम्मा २ महिना मुनिका शिशुको जम्मा मृत्यु | ० | ० | १ | |
| ४७ | जम्मा २-५९ महिना बालबालिकाको जम्मा मृत्यु | ० | ० | ० | |
| ४८ | परिवार नियोजन सेवाका नयाँ सेवाग्राही दर (विवाहित प्रजनन उमेरका महिलाहरु मध्ये) | २९ | १९.२ | १८.१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४९ | परिवार नियोजन दर (अस्थाई मात्र) | ३१ | ३३.२ | ४०.१ | |
| ५० | गाउँघर क्लिनिक सञ्चालन प्रतिशत | ८६.४ | ९६.५ | १०० | |
| ५१ | प्रत्येक गाउँघर क्लिनिकबाट सेवा लिएका सेवाग्राहीको औसत संख्या | २० | २४.६ | १५ | |
| ५२ | खोप क्लिनिक सञ्चालन प्रतिशत | ८६.४ | १०० | ९८.६ | |
| ५३ | खोप क्लिनिक सेवा लिएका सेवाग्राहीको औसत संख्या | १८ | १३.६ | १२ | |
| ५४ | आमा समूहको बैठक सञ्चालन प्रतिशत | ७७.९ | ८९.४ | १०० | |
| ५५ | महिला स्वास्थ्य स्वयं सेविकाले प्रति महिना प्रदान गरेको सेवाग्राहीको औसत संख्या | १९ | २५.१ | २२ | |
| ५६ | क्षयरोगी बिरामी पत्ता लागेको दर (सबै) | ४१.१ | ७९.५ | ५४.४ | |
| ५७ | क्षयरोगको उपचार सफलता दर | ३२ | ७५ | १०० | |
| ५८ | कुष्ठरोगको रोग प्रकोप दर (प्रति १०००० मा) | ०.९१ | ०.४५ | ०.४५ | |

(श्रोतः डि.एच.आई.एस.२)

**तालिकाः परिवर्तन गाउँपालिकाको स्वास्थ्य र पोषण सम्बन्धि विगत ३ वर्ष देखिको तथ्याङ्कीय अवस्था**

विगत ३ वर्षको तथ्यांकलाई विश्लेषण गर्दा प्रायजसो सुचकहरू सकारात्मक रूपमा बद्धदै गरेकोले सन्तोष जनक नै देखिएको छ । दिगो विकास लक्ष्य सन २०३० ले निर्धारण गरेका स्वास्थ्यका सुचकहरूको उपलब्धीहरू प्राप्त गर्नका लागि यस गाउँपालिकाको पनि उत्तरदायित्व रहेकोछ । केही प्रमुख समस्या र चुनौतीहरू निम्नानुसार छन् ।

**४. परिवर्तन गाउँपालिकामा बिद्यमान स्वास्थ्य समस्या तथा चुनौतीहरूः**

- परिवर्तन गाउँपालिका भित्र भौगोलिक बिशिष्टता, बिकटताको कारण समतामुलक हिसाबले स्वास्थ्य संस्थाहरूको व्यवस्था हुन सकिरहेको छैन, सवै वडाहरूमा स्वास्थ्य सेवाको पहुँच पुगेको छैन।स्वास्थ्य चौकीहरूमा आवस्यक औजार तथा उपकरणहरू तथा आवस्यक स्वास्थ्यकर्मिहरूको उपलब्धता नभएकाले गुणस्तरीय स्वास्थ्य सेवा सवै तह, वर्ग र क्षेत्रका समुदाय सम्म पुग्न सकेको छैन ।
- हाल सेवा प्रदान गरिरहेका स्वास्थ्य संस्थाहरूमा उपचारात्मक सेवा बढि र रक्षात्मक सेवामा केहि केन्द्रित रहेको छ । जसको कारण जनस्वास्थ्यको परभिाषा अनुसार प्रवर्द्धनात्मक सेवा प्रभावकारी रूपमा अगाडि वढ्न नसकेकोले समुदायमा रहेका आन्तरिक, भित्रि स्वास्थ्य समस्या, समस्याका

मुल कारण पहिचान गर्न र समस्याको आधारमा कार्यक्रम संचालन गर्न सकिएको छैन ।

- हरेक स्वास्थ्य संस्थामा परामर्श सेवालाई ब्यबस्थित र आवस्यकता अनुसार प्रवाह गर्ने चलन कम हुनुले पनि स्वास्थ्य, सरसफाई र पोषण सेवा सोचे अनुसार प्रभावकारी हुन सकेको छैन ।
- गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरूमा दरवन्दी अनुसारका सबै स्वास्थ्यकर्मी हरूको पूर्ति हुन सकेका छैनन् ।स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरूको कार्य विवरण तथा स्वास्थ्यकर्मिको कार्यपत्रको खाका समेत तयार भई सकेको भएता पनि सो अनुरूप गुणस्तरीय तथा प्रभावकारी सेवाहरू प्रवाह हुन सकेको छैन ।
- गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाका उदाहरणीय कार्य सम्पादन गर्ने स्वास्थ्य संस्था तथा संस्थाका कर्मचारीहरूलाई उचित प्रोत्साहनको व्यवस्था गरि थप कार्य तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहलाई बृद्धि गर्न नसकिएको ।
- गाउँपालिकाको स्वास्थ्य शाखा मातहतका स्वास्थ्य संस्थाहरूमा आवस्यक औषधि भण्डारणको उचित ब्यवस्था (स्थान,स्टोर, कोल्डचेन आदि) को अभाव जस्ता कारणले गुणस्तरीय औषधिको आपुर्ति, वितरण र उपलब्धता र सहज पहुँच हुन सकेको छैन ।
- प्राकृतिक प्रकोप र महामारीका बखत समयमै पर्याप्त औषधि उपकरण पुऱ्याउन र स्वास्थ्य संस्थाबाट टाढा रहेका वस्तीमा बसोबास गर्ने नागरिकलाई समुचित मुल्यमा औषधी उपचार उपलब्ध गराउनु र निजि क्षेत्रको सेवालाई सरल, सहज, सुलभ, नागरिकले सहज स्वीकार गर्न सक्ने वनाउनु नियमन गर्नु पनि चुनौति पूर्ण छ ।
- परिवर्तन गाउँपालिकामा नसर्ने खालका रोगहरू जस्तै क्यान्सर, मुटुसम्बन्धि समस्या तथा हृदयघात, मृगौला, मधुमेह, कलेजो, फोक्सोको रोग, महिलाको पाठेघर खस्ने समस्या (Uterine Prolaps) दाँतको रोग, गलागाँड, मानसिक रोग आदिलाई रोकथाम गर्नु जरूरी भएको छ ।
- आयूर्वेदिक चिकित्सा उपचार पद्धति लाई ब्यबस्थापन गर्न नसकिनु, आधुनिक जिवन शैलिको नाममा अस्वस्थकर जीवनशैलि अपनाउनु, शारिरिक परिश्रम तथा व्यायम कम गर्नु, सुर्तिजन्य पदार्थको प्रयोग, मादक पदार्थ सेवन, अस्वस्थकर जिवन शैलिका कारण नसर्ने रोगको प्रकोप दिनानुदिन बढ्दै

गईरहको छ।

- परिवर्तन गाउापालिका भित्र रहेका निजि स्वास्थ्य सेवा प्रदायी संस्था (निजि मेडिकल, अस्पताल ईत्यादि) बाट दिईने सेवालाई नियम सम्वत गर्न नसकिएको कारण अब्यबस्थित उपचार, अनावस्यक एन्टिवायटिक औषधिको प्रयोगले गर्दा सरकारी स्वास्थ्य सेवामा नागरिकको रूचि कम हनुका साथै उपचार पद्धतिमा भविस्यमा समस्या सृजना हुनसक्ने प्रवल सम्भावना रहेको छ।
- परिवर्तन गाउँपालिका भित्र रहेका पिछडिएका, गरीव, असहाय, अति दुर्गम भेगका नागरिकहरूका लागि स्वास्थ्य उपचार महंगो पर्न गएको छ। अझ गम्भीर प्रकृतिका रोग लागेमा उपचार महंगो भई परिवार नै आर्थिक जोखिममा परि गरीबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसकि घरैमा बसि मृत्युवरण गर्नु परेको अवस्था पनि विद्यमान छ।
- परिवर्तन गाउँपालिकाका नागरिकहरूमा गरीवी, अशिक्षा, चेतनाको अभावका कारण र उपलब्ध खाद्य बस्तुहरूलाई मिलाएर खाने बानी नभएको कारण पोषणको दृष्टिले अति सम्बेदनशिल मानिने गर्भवति सुत्केरि महिला, बालबालिका, किशोरी एवं बृद्धहरूमा कुपोषण/पोषण सम्बन्धि समस्याहरू (पोषक तत्वहरूको कमि) रहेका छन्। यसका साथै घरायसि खाद्यान्न उत्पादन, ग्रामिण नमुना कृषकको अवधारणलाई योजनामा समाबेस गर्न सकिएको छैन र बहुक्षेत्रिय पोषण योजनाको मर्मलाई आत्मसाथ गर्दै पालिका र वडा स्तरमा पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिलाई नियमित गर्न नसकिएको कारण कुपोषणका समस्यालाई समाधान गर्न पोषण सम्बन्धि कार्यक्रमलाई योजनावद्ध रूपमा नियमित कार्यक्रममा समावेस गर्न सकिएको छैन।
- स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ। जस्का कारण बेलाबखत झाडापखाला, टाईफाईड, ज्वरो, जस्ता महामारीजन्य रोगहरू फैलने गरेको छ त्यसको प्रतिकार्यको लागि पालिका तथा पालिका अर्न्तगतका सबै स्वास्थ्य संस्थाहरूमा औषधि तथा उपकरणहरूको आधिकारी भण्डारको परिमाण र आकस्मीक माग बिन्दु अनुसार व्यवस्था हुन नसकेको।
- पालिका भित्र रहेका सबै वस्तीहरूमा गुणस्तरीय तथा उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुन नसक्नु र समयमा सेवा प्राप्त गर्नजान कठिन भएकोले नवजात शिशु, बाल स्वास्थ्य तथा मातृ स्वास्थ्य संस्थागत सुत्केरी लगायतका सेवामा पनि अपेक्षित लक्ष्य हाँसिल हुनसकेको छैन ।केही समुदायमा बाल विबाह

तथा किशोरावस्थामै बच्चा जन्माउने गरेको पाइएको छ जसको प्रत्यक्ष्य असर पोषणमा परेको छ ।

- जेष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरूको स्वास्थ्य उपचार, किशोर किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग भएको, नागरिकले पाएको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- पालिका तथा स्वास्थ्य संस्थामा आवस्यक पर्ने औषधिहरू तथा अन्य औषधिजन्य सामानहरू समयमै पुर्याउनु र नागरिकलाई  औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ ।
- नेपालको संबिधान २०७२ ले प्रदान गरेको निःशुल्क आधारभूत स्वास्थ्य सम्बन्धि अधिकारको समुचित ब्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको बिस्तार र बिकास गरि पहुँच बृद्धि गर्ने कार्य परिवर्तन गाउँपालिका परिवेशमा चुनौतिपूर्ण रहेको छ ।
- परिवर्तन गाउँपालिका भित्र आवश्यकता अनुसार ठाउँमा र नागरिकको हित हुने गरी स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागीता बढ्न सकेको छैन । सथै गाउँपालिका भित्र रहेका स्वास्थ्य सेवा प्रवाह गर्ने निजी संस्थाहरूको सेवा प्रवाहलाई रेकडिङ तथा रिपोटिङको दायरामा ल्याउन तथा तिनिहरूको नियमन गर्न चुनौती रहेको छ । त्यसै गरि पालिका भित्र स्वास्थ्य क्षेत्रमा कार्य गर्ने गैह्र सरकारी क्षेत्रको लगानीलाई पारदर्शि, प्रभावकारी एवम थप ब्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको छ ।
- परिवर्तन गाउँपालिकाको जनताको शैक्षिक तथा चेतनाको स्तर न्यून रहनु, पुर्वाधारका बिकास मेरूदण्ड मानिने सडक विजुली, टेलिफोन, शुद्ध तथा पर्याप्त खानेपानिको समुचित व्यवस्था हुन नसक्नु, आधुनिक चिकित्सा पद्दतीमा दुर्गम भेगका नागरिकहरूले विश्वास कम रहनु र परम्परागत धामी, झाक्रिको अभ्यास गर्नु, र अपर्याप्त सरकारी/निजी लगानी जस्ता चुनौतिहरू विद्यमान रहेका छन् ।
- सरसफाई सुधारका क्षेत्रमा पनि यस गाउँपालिकामा धेरै प्रयास भएतापनि

दिर्घकालिन रूप लिन सकेको छैन।

- मिति २०७२ षौष १० गते रोल्पा जिल्लालाई खुल्ला दिसा मुक्त जिल्ला घोषण पश्चात नियमित अनुगमन हुन नसकेको कारण खुल्ला दिशामुक्त क्षेत्रको अवस्थाको यथार्थ अवस्था वारे सुचना उपलब्ध हुन सकिरहेको छैन।
- पुर्ण सरसफाई, स्वच्छ घर, स्वच्छ वातावरण, पर्यावरण र प्रकृति सौन्दर्यताको संरक्षणमा खासै उल्लेखनिय कार्यक्रम गर्न सकिएको छैन। जसको कारण समय समयमा स्वास्थ्य र सरसफाई सम्बन्धि समस्याहरू हुनेगरेका छन्।
- पालिका भित्र उत्पादन हुने खाद्यन्नहरूको समुचित प्रयोग गरेर सुनौला १००० दिनका आमा तथा घरपरिवारका सदस्यहरूले हरेकबार खाना चार खानका लागि व्यवस्थीत करेसाबारी तथा त्यसको व्यवस्थापनको ज्ञानको अभाव रहेको छ। जसले गर्दा गाउँपालिका भित्र रहेको बालबालिकाहरूको कुपोषणको दरलाई सुन्यमा झार्न सकिएको छैन।परम्परागत खानपिन शैलि, जनचेतनाको कमि बजारमा पाईने पत्रु खाना खाने चलनले गर्दागर्भावस्थादेखिनै पोषिलो खानेकुराको अभाबले गर्दा कुपोषणको अन्तरपुस्ता असरको चक्रलाई तोड्न सकिने अवस्था छैन।
- स्वास्थ्का सुचना र तथ्याङ्कहरूको रेकर्डिङ्ग र रिपोर्टिङ्ग वैज्ञानिक र प्रभावकारी बनाउन सकिएको छैन जसले गर्दा तथ्यमा आधारित स्वास्थ्य तथा पोषणका योजना निर्माण गर्दा बाह्य सोतका तथ्यांकहरूको प्रयोग गर्नुपर्ने वाध्यताका कारण प्रभावकारी कार्यक्रम गर्न सकिएको छैन।

**५. परिवर्तन गाउँपालिका नीतिको निर्देशक सिद्धान्त तथा उदेश्यहरू**

माथि उल्लेखित समस्या, चुनौती तथा औचित्यका आधारमा गाउँपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मौलिक निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरिएका छन्। प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा गाउँपालिकाको स्वास्थ्य नीति, २०७९ को कार्यान्वयन गरिनेछ।

- परिवर्तन गाउँपालिकाका नागरिकहरूलाई मौलिक अधिकारको रूपमा आधार भुत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने व्यवस्था सुनिश्चित गर्ने ।
- परिवर्तन गाउँपालिकाका नागरिकले प्राप्त गर्ने स्वास्थ्य सेवा सम्बन्धी सूचनाको हक सुनिश्चित गरी स्वास्थ्य सेवाका हरेक तहमा जनसहभागीता बढाई सेवाग्राहीको सन्तुष्टि बृद्धि गर्ने।

- परिवर्तन गाउँपालिका द्वारा प्रदान गरिने स्वास्थ्य सेवामा गरीब, सीमान्तकृत र जोखिममा रहेका वर्ग र समुदायको पहुँच सुनिश्चित गर्ने समतामूलक र सामाजिक न्यायको आधारमा स्वास्थ्य कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने
- परिवर्तन गाउँपालिकाका नागरिकको स्वास्थ्य प्रवर्धन, संरक्षण, सुधार र पुनस्थापन सम्बन्धी नीति तथा कार्यक्रमहरू परिवर्तन गाउँपालिकाका अन्य नीतिहरूमा पनि समावेश गराउदै लाने ।
- नागरिकले सर्वसुलभ ढङ्गले गुणस्तरीय स्वास्थ्य सेवा उचित मुल्यमा प्राप्त गर्ने गरी परिवर्तन गाउँपालिका भित्र निजी क्षेत्रको सहभागिता वढाउने ।
- परिवर्तन गाउँपालिकाको मौलिक र पम्परागत रूपमा रहेकोस्वास्थ्य उपचार पद्धतीको संरक्षण र प्रवर्धन गर्नका साथै परिवर्तन गाउँपालिकामा पाइने औषधिजन्य जडिवुटीको खोज अनुसन्धान संरक्षण प्रशोधन र प्रवर्धन गर्ने खालका योजना बनाई कार्यान्वयन गर्ने ।
- आन्तरिक तथा बाह्य निकायहरूबाट प्राप्त साधन श्रोतलाई यो नीति र यस अन्तर्गत बनेका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गरी परिचालन गर्ने ।
- सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबाट उपलब्ध गराइने सम्पूर्ण स्वास्थ्य सेवाहरूको प्रभावकारी अनुगमन र नियमन गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा समानता र जफावदेहिताको सिद्धान्तलाई आत्मसाथ गरी स्वास्थ्य सेवाका हरेक तह र प्रकारमा नागरिकहरूको सहभागिता बढाउने।
- परिवर्तन गाउँपालिकाभित्रको स्वास्थ्य सेवालाई सुलभ र प्रभावकारी बनाउन संघीय र स्थानीय सरकार सँग समन्वय र सहकार्य गर्ने ।
- पोषण र स्वास्थयको दृष्टिले अति संबेदनशिल मानिने अवस्थाहरू जस्तै, गर्भवति, सुत्केरि महिला, नवजात शिशु, दुई वर्ष मुनिका बालबालिका, पाँच वर्ष मुनिका बालबालिका, किशोरी र बृद्धावस्थाको स्वास्थ्य र पोषणलाई विशेष महत्व दिंदै पोषण र स्वास्थ्यका कार्यक्रलाई आवस्यकता अनुसार दिर्घकालिन योजना वनाई सेवा प्रदान गर्ने ।
- समय समयमा स्वास्थ्य र पोषण सम्वन्धि सुचकहरूको विश्लेषण गरि कमजोर सुचकलाई रणनैतिक कार्ययोजनामा समावेस गरेर आवस्यक थप कार्यक्रम अगाडि बढाई सेवा सुदृढ गर्ने ।
- पोषण र स्वास्थ्य एकआपसमा अति महत्वपुर्ण क्षेत्र भएको र पोषणको अवस्था

स्वास्थ्य क्षेत्रले मात्र समाधान गर्न नसक्ने भएकोले परिवर्तन गाउँपलिकामा बहुक्षेत्रिय पोषण योजनाको भाव अनुसार स्वास्थ्य र पोषणलाई अन्य क्षेत्रसँग पनि सहकार्य गरि कार्ययोजना निर्माण गरि कार्यन्वयन गर्दै स्वास्थ्य र पोषणको स्थीती सुधारगर्ने ।

- बिपन्न घरपरिवारमा खानेकुराको उत्पादन, उपलब्धता र प्रयोगलाई अध्ययन, बिश्लेषण र बर्गिकरण गरि खाद्यान्न अभावलाई बैकल्पिक उपायवाट पोषिलो खानेकुराको उपलब्धतालाई सुनिश्चित गरि व्यबस्थित कार्यक्रम लागु गरि गरिवि न्युनिकरणलाई जोड दिने र हुनसक्ने कुपोषणलाई न्युनिकरण गर्ने ।

## ५.१ **भावी सोच** (**Vision**)

परिवर्तन गाउँपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

## ५.२ **ध्येय** (**Mission** )

उपलब्ध साधनस्रोतको अधिकतम प्रयोग गरी सरोकारवाला सम्बन्धित संघीय मन्त्रालय, प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ्य र सुपोषित रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

## ५.३ **लक्ष्य** (**Goal**)

परिवर्तन गाउँपालिकाका सवै नागरिकहरूलाई स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा सवैको पहुँच बृद्धि गरी समतामुलक र न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलव्ध गराउने ।

## ५.४. **उद्देश्यहरू** (**Objectives**)

- परिवर्तन गाउँपालिकाका नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने
- प्रत्येक नागरिकले सबै तहबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने,
- स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारी जनसहभागिता प्रवर्द्धन गर्ने ।

- स्वास्थ्य सेवा प्रवाहमा सरकारी नीजि, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने ।

६. **नीतिहरू**

परिवर्तन गाउँपालिका को विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै परिवर्तन गाउँपालिकाका नागरिकहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहायका नीति अवलम्वन गरेको छ।

६.१. परिवर्तन गाउँपालिकामा हरेक नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनुको साथै उपचारात्मक सेवालाई व्यवस्थित र प्रभावकारि वनाउँदै, रक्षात्मक र प्रवर्द्धनात्मक सेवाहरू क्रमिक रूपमा विस्तार गरि प्रभावकारी रूपमा वस्ति र घरधुरि सम्म पहुँचको सुनिष्चित गरिने छ।

६.२ परिवर्तन गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई विस्तार गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ।

६.३ परिवर्तन गाउँपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरि जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवा (प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवा)सेवा केन्द्र स्तर देखिनै व्यवस्थापन गरिनेछ।

६.४. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरूको व्यवस्था गरिनेछ।

६.५ निजि क्षेत्रका स्वस्थ्य सेवा प्रदायक संस्था, अस्पताल र फार्मेसिशरूलाई प्रचलित कानुन बमोजिम सेवा प्रवाहको मुल धारमा ल्याई ब्यबस्थित रूपमा सेवा सञ्चालन, ब्यबस्थापन, रेकर्डिङ्ग र रिपोर्टिङ्ग एवं नियमन गरीने छ र नियमित अनुगमन गरिने छ।

६.६. न्यूनतम सेवा मापदण्ड (Minimum service standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical standard) अनुसारको स्वास्थ्य सेवा सम्पूर्ण स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय रूपमा प्रवाह गरिनेछ।

६.७. सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र उपभोग बृद्धि गरिनेछ।

६.८. किशोर किशोरी तथा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गरीनेछ।

६.९. स्वास्थ सकारात्मक व्यवहार परिवर्तनका लागि स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै अनुकुल वातावरण सुनिश्चित गरिनेछ।

६.१०. परिवर्तन गाउँपालिका बासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, घाईतेको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिने छ।

६.११. स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार गरिनेछ, वडा तथा पलिका स्तरमाबहुक्षेत्रिय पोषण योजना अनुसार पोषण कार्यक्रमलाई रिन्तर र प्रभावकारी रूपमा संचालन गरिने छ।

६.१२. विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरूको न्यूनीकरण एवं प्रतिकार्यको लागि बहुपक्षीय सहकार्य गरिनेछ।

६.१३. मानसिक स्वास्थ्यसंग सम्बन्धित समस्याप्रति आवश्यक जनचेतनाको अभिबृद्धि गर्न, त्यसको रोकथाम, उपचार र नियन्त्रण गर्न स्वास्थ्य संस्थाहरूलाई मानसिक स्वास्थ्य सेवा प्रदान गर्न सुदृढ र सक्षम बनाउदै, प्राथमिक स्वास्थ्य सेवाको तह देखिनै व्यवस्थापन गरी प्रेषण अस्पताल सम्म पहुच सुनिश्चित गरिने  स्वास्थ्य शिक्षा कार्यक्रमको एक अभिन्न अंगको रूपमा शिक्षण संस्थाहरू मार्फत प्रवाहित गर्ने। मानसिक स्वास्थ्य नीति लाइ समायनुकुल परिमार्जन गर्ने।

६.१४. वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरू न्यूनीकरण तथा व्यवस्थापन गरिने छ।

६.१५. स्वास्थ्य क्षेत्रका प्रगती एवं उपलब्धीहरूलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न आवश्यक समन्वय र सहकार्यमा जोड दिइने छ।

६.१६. बिभिन्न कार्यस्थलहरूमा काम गर्ने कामदारहरूको पेशागत स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ।

६.१७. स्वास्थ्य सेवाको पहुँच र उपयोगमा बृद्धि गर्न सार्वजनिक, सामुदायिक तथा आवश्यकता अनुसार निजि क्षेत्रसँग साझेदारी गरिनेछ।

६.१८. अध्ययन तथा अनुसन्धानलाई प्रबर्धन गर्दै निश्कर्षको आधारमा स्वास्थ्य कार्यक्रम तथा रणनीति निर्माण गरी लागू गरिनेछ।

६.१९. तथ्यमा आधारित योजना बनाउन र स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न एकिकृत स्वास्थ्य सूचना प्रणालीलाई थप सुदृढ र प्रविधिमैत्री बनाईनेछ।

६.२०. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई जनमुखी एवं परिणाममूखी बनाईने छ।

६.२१. सरूवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग, गलगाँड, लागूपदार्थ दुर्व्येसनी जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरूको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रूपमा गरिने छ।

६.२२. स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि गर्दै सामाजिक सुरक्षा योजनालाई सुदृढ गरी स्वास्थ्योपचारमा पर्ने व्यक्तिगत व्ययभार कम गरिनेछ।

६.२३. तथ्याङ्क,जनसाङ्ख्यिक स्थिति र वितरणको आधारमा स्वास्थ्य सेवा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

६.२४. आयूर्वेद लगायतका स्वास्थ्य सेवा स्थापना थप ब्यबस्थित, मजवुत र गुणस्तरिय वनाईने छ।

६.२५. सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, अस्वस्थकर जीवनशैलि यापनलाई निरूत्साहित गरि नियमन गरिने छ र स्वस्थकर जिवनयापन गराउन जनचेतनाका कार्यक्रम, शारिरिक ब्यायम र योगा जस्ता कार्यलाई प्रोत्साहन, प्रवद्धन गरिने छ।

६.२६. सबै स्वास्थय संस्था, स्वास्थ्य शाखा र पालिकाबाट स्वास्थ्यका तथ्याङ्कलाई बैज्ञानिक ढंगबाट ब्यबयस्थित गर्न आवस्यकता अनुसार तालिम तथा स्थलगत क्षमता अभिवृद्धि गर्दै लैजानुको साथै, अनलाईन रेकर्डिङ्ग र रिपोटिंङ्ग गर्ने ब्यबस्था मिलाईने छ।

६.२७ गाउँपालिका केन्द्रमा एक जनशक्ति सहितको कम्तिमा १५ शैयाको अस्पताल निर्माण गरिने छ।

६.२८ गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा दरबन्दी अनुसारको मानव संशाधनको व्यवस्था गरिने छ।

६.२९ यस परिवर्तन गाउँपालिकामा सफा पानीको उपलब्धता, सफा चर्पीको उपलब्धता,आयोडिन युक्त नुनको प्रयोग,स्वास्थ्य आमा समुहको सक्रिय सहभागिता भएको,धुवा रहित चुलो प्रयोग गर्ने घरधुरी हरू १०० प्रतिशत

गराउने र किशोर किशोरी उमेरमा विवाह हुने दम्पत्ति, कडा कुपोषित बच्चा ० प्रतिशत मा झार्ने ।

**७. प्रत्येक नीति अर्न्तगतका रणनीतिहरू:**

नीति १. परिवर्तन गाउँपालिकामा हरेक नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनुको साथै उपचारात्मक सेवालाई व्यवस्थित र प्रभावकारि वनउँदै, रक्षात्मक र प्रवर्द्धनात्मक सेवाहरू क्रमिक रूपमा विस्तार गरि प्रभावकारी रूपमा वस्ति र घरधुरि सम्म पहुँचको सुनिष्चित गरिने छ।

१.१. यस परिवर्तन गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरूबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरू प्रभावकारी रूपमा उपलब्ध गराईनेछन ।

१.२. भुगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरू स्थापना तथा विस्तार गरिनेछ।

१.३. परिवर्तन गाउँपालिका र स्थानीय तहको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको कार्ययोजना तयार गरि लागू गरिनेछ।

१.४. परिवर्तन गाउँपालिका र स्थानीय तहको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरूलाई सामन्जस्यपूर्ण ढंगले सञ्चालन गरिनेछ।

१.५.आकस्मीक अवस्था परि स्वास्थ्य संकटमा रहेका बेला निर्धारीत मापदण्डको आधारमा शिघ्र उपचारको लागि एम्बुलेनसबाट उद्धार गर्ने व्यवस्था मिलाईने छ।

१.६. स्वास्थ्य सेवालाई क्रमिक रूपमा ब्यबस्थित वनाउन सेवाको गुणस्तरलाई सुधार तथा विकास गरिँदै लगिने छ।

१.७. रक्षात्मक सेवा जस्तै खोप, पोषण, सरसफाई जस्ता सेवालाई विस्तार गरिने छ र प्रवर्द्धन गरि घरधुरि तह सम्म पुर्‍याईने छ त्यसकोलागि स्थानिय स्तरमा मानव समुदाय सहजकर्ता र संसाधनको पनि आवस्यकता अनुसार ब्यबस्था मिलाईने छ।

नीति २ः परिवर्तन गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई विस्तार गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ।

२.१ परिवर्तन गाउँपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन

एक १५ सैयाका अस्पताल सञ्चालन गर्ने साथै जनसंख्या र भूगोलका आधारमा आधारभूत स्वास्थ्य केन्द्र, सामुदायीक स्वास्थ्य इकाईहरू बृद्धि गर्दै स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन र प्रविधि मैत्री स्वास्थ्य उपकरण तथा पूर्वाधारको ब्यवस्थापन गरिनेछ।

२.२ परिवर्तन गाउँपालिकाका वडाहरूसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि सामुदायीक स्वास्थ्य इकाइ, बर्थिङ सेन्टर तथा रोभिङ अ.न.मी. मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ।

२.३ नाक, कान, घाटी, दन्त, मानसिक र आँखा चिकित्सालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईनेछ। परिवर्तन गाउँपालिकाका दुर्गम ग्रामीण भेगमा समय समयमा विशेषज्ञ स्वास्थ्य शिविरहरू नियमितरूपमा संचालन गरिने छ।

२.४ सम्पूर्ण स्वास्थ्य संस्थाहरूलाई प्रयोगशाला सहितको स्वास्थ्य संस्था बनाइने छ।

२.५ यस परिवर्तन गाउँपालिकामा भिडिओ एक्सरे सेवा को विस्तार गरिने छ।

२.६ यस परिवर्तन गाउँपालिकामा सरकारी स्वास्थ्य संस्थाहरू वाट डेन्टल सेवाको विस्तार गरिने छ।

नीति ३. परिवर्तन गाउँपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरि जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवा (प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवा) सेवा केन्द्र स्तर देखिनै व्यवस्थापन गरिनेछ।

३.१. सुर्तिजन्य पदार्थ, मादक पदार्थ, लागुपदार्थ दुव्येसनी र अन्य स्वास्थ्यलाई हानी गर्ने वस्तुहरूको उत्पादन तथा उपभोगलाई निरूत्साहीत गरिने छ।

३.२ सुर्तिजन्य पदार्थ, मादक पदार्थ जस्ता हानीकारक वस्तु किनवेच र प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ। यस्ता वस्तुको उत्पादन, विक्रि वितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने सम्बन्धी कानून बनाई कडाईकासाथ कार्यान्वयन गरिनेछ।

३.३. तोकिए बमोजिमका अवस्थाहरूको समयमा पहिचान गर्न नियमित तथा बिशेष शिबिरहरू मार्फत आबश्यक स्वास्थ्य संस्थाहरूमा स्क्रिनिङ सेवाहरू (Uterine Prolepses, Obstetrics Fistula, RFT, VIA, Diabetes, HTN, PAP smear, Mammography) आदि सेवा उपलब्ध गराईनेछ।

३.४. बढदो नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने ब्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा सघं तथा प्रदेश सगंको समन्वय तथा सहकार्यमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर Mental Health Clinic सञ्चालन गरिनेछ।

३.५ Package of Essential Noncommunicable (PEN) Package लाई न्युनतम पनि सबै स्वास्थ्य संस्थाहरूमा लागू गरिने छ।

३.६. उच्च रक्तचाप, मधुमेह, मिगौला रोग, मुटुरोग अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरूको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकिकृत अभियान सञ्चालन गरिने छ।

३.७ स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, योग शिविर, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रर्वधनका कृयाकलापहरू वडा तथा स्वास्थ्य संस्थाहरूसँग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरि सञ्चालन गरिने छ।

३.८ खोपबाट बचाउनसकिने रोगहरूको उन्मूलन, निवारण र नियन्त्रणका लागि निगरानी कार्य गरिनेछ, परिवर्तन गाउँपालिका पूर्णखोप सुनिश्चित गाउँपालिका हो यसलाई निरन्तरता दिईनेछ।

नीति ४. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरूको व्यवस्था गरिनेछ।

४.१ संघ तथा प्रदेश सँगको सहकार्यमा स्वास्थ्य संस्थाहरूबाट निःशुल्क वितरण हुने तोकिएका औषधीहरूमा आवश्यकता अनुसार थप गरी सहज रूपमा उपलव्ध भएको सुनिश्चत गरिनेछ।

४.२ प्रदेश सरकार संगको सहकार्यमा मौजुदा स्वास्थ्य संस्थामा मापदण्ड अनुरूप आधारभूत प्रयोगशाला सेवाको स्थापना भएकोमा गुणस्तरीय सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ भने सेवा सुरू नभएका स्वास्थ्य संस्थामा प्रयोगशाला सेवा शुरू गरिनेछ।

४.३ तोकिएको मापदण्ड अनुरूप गुणस्तरीय औजार, उपकरणको आपूर्ति व्यवस्था सुदृढ तथा सुनिश्चित गरिनेछ साथै गुणस्तरीय औषधी, औषधीजन्य सामाग्री, औजार/उपकरण उत्पादन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

४.४ निश्चित कार्यविधि र मापदण्डको विकास गरी औषधी, उपकरण र औषधीजन्य सामग्रीहरू खरिद, ढुवानी तथा वितरण पद्धति, औषधीको गुणस्तर सम्बोधन गर्न तथा बजार मूल्य नियन्त्रणको सुनिश्चितताका लागि प्रभावकारी नियमनको व्यवस्था अवलम्बन गरिनेछ।

४.५ प्रतिजैविक प्रतिरोध र स्वास्थ्य उपकरणबाट हुने विकीरणबाट जोगाउन मापदण्ड तयार गरी लागू गरिनेछ। साथै प्रयोगशालामा काम गर्ने स्वास्थ्य कर्मिहरूको लागि नियमानुसारको जोखिम भत्ता उपलब्ध भएको सुनिश्चित गरिनेछ।

निति ६. निजि क्षत्रका स्वस्थ्य सेवा प्रदायक संस्था, अस्पताल र फार्मेसिहरूलाई प्रचलित कानुन बमोजिम सेवा प्रवाहको मुल धारमा ल्याई ब्यबस्थित रूपमा सेवा संचालन, ब्यबस्थापन, रेकर्डिङ्ग र रिपोर्टिङ्ग एवं नियमन गरने छ र नियमित अनुगमन गरिने छ।

६.१. परिवर्तन गाउँपालिका भित्र सञ्चालनमा रहेका ब्यक्तिगत तथा निजि लगानिमा सञ्चालित स्वास्थ्य सेवा प्रदायक सवै क्षेत्रहरूलाई नेपाल सरकारको प्रचलित कानुन बमोजिम दर्ता, अनुमति, स्विकृति गरि सञ्चालन गर्ने ब्यबस्था मिलाईने छ।

६.२. निजि लगानिमा संचालित औषधि पसल, अस्पताल, क्लिनिक, आयुर्वेद पसलहरूलाई नियमसंवत नेपाल सरकारले तोकेको मापदण्ड अनुसार अनुमति लिई यस गाउँपालिका वा सम्वन्धित शाखामा दर्ता गरेर मात्र सञ्चालन गर्ने ब्यबस्था मिलाईने छ।

६.३. निजि क्षेत्रका सवै सेवा प्रदायक संस्थाहरूले नियमित रूपमा प्रगति प्रतिवेदन ईन्टरनेट वा सम्वन्धित फाराममा मासिक, अर्धवर्षिक र वार्षिक रूपमा पेश गर्ने ब्यबस्था मिलाईने छ।

६.४. निजि क्षत्रको सेवाको गुणस्तर सुनिश्चितताको लागि नियमित सुपरिवेक्षण र अनुगमन गरिने छ र आवस्यकता अनुसार पृष्टपोषण दिइनेछ।

६.५. प्रचलित कानुन बमोजिम प्रकृया नपुगेका निजि क्षेत्रका सेवा प्रदायक संस्थाहरूलाई कानुन बमोजिम कार्वाहि गर्ने वा सम्बन्धित निकायमा आवस्यक कार्वहिको लागि समन्वय गरिने छ।

नीति ७. न्यूनतम सेवा मापदण्ड (Minimum service standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical standard) अनुसारको स्वास्थ्य सेवा सम्पूर्ण स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय रूपमा प्रवाह गरिनेछ।

७.१ न्यूनतम सेवा तथा चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा स्थानिय तह अनर्तगतका सबै स्वास्थय संस्थाहरूबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गरिनेछ।

७.२ स्वास्थ्य सेवा प्रदायक संस्थाहरूबाट प्रवाह हुने सेवाको गुणस्तर सुनिश्चितताको लागि तोकिएको समयमा अनुगमन तथा मूल्याकंनको व्यवस्था गरिनेछ।

७.३ स्वास्थ्य सेवा प्रवाह र सेवाको गुणस्तरमा सेवाग्राहीहरूको गुनासो संकलन तथा संवोधन गर्ने प्रणलीको विकास तथा कार्यान्वयन गरिनेछ।

नीनि ७ सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र उपभोग बृद्धि गरिनेछ।

७.१ स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच स्थापित गर्न स्वास्थ्य सेवाको पहुँच बाहिर परेका समुहहरूलाई समेट्ने रणनीति तयार गरि लागू गरिनेछ।

७.२ बिपन्न, अपाङ्ग, तेस्रो लिगिं, अल्पसंख्यक, लोपोन्मूख, बालबालिका, किशोर किशोरी, गर्भवती र सुत्केरी महिला, महिला स्वास्थय स्वयं सेविका तथा जेष्ठ नागरिकहरूलाई स्वास्थ्य सेवा र सामजिक सुरक्षामा प्राथमिकता दिईनेछ।

७.३ विशेष गरि पिछडीएको वर्ग, क्षेत्र र समुदायका लागि समतामूलक स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि गर्न आवस्यकता अनुरूप स्वास्थ्य सेवा केन्द्रहरूको स्थापना, स्वास्थ्य शिविरको संचालन तथा आधुनीक सुचना तथा प्रविधिको प्रयोग गरि स्वास्थय सेवा उपलब्ध हुने व्यवस्था मिलाईनेछ।

७.४ लक्षित समूदायमा स्वास्थ्य सम्बन्धि चेतना अभिबृद्धि गर्दै सेवाको उपयोग बृद्धि गर्न तत् समूदायका स्वास्थयकर्मि उतपादन गरी सोही समूदायमा परिचालन गर्ने योजना बनाई लागू गरिनेछ।

७.५ कामको शिलशिलामा बा अन्य कारणले स्वास्थ्य संस्थाको पहुँचबाट

टाढा रहेका समूहलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न विशेष कार्यक्रम बनाई लागू गरिनेछ।

नीति ८. किशोर किशोरी तथा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गरीनेछ।

८.१ गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि गर्न स्वास्थय संस्थाहरूमा मापदण्ड अनुसारको सुरक्षीत मातृत्व, नव शिशु तथा प्रजनन स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ।

८.२ परिवर्तन गाउापालिकाको सबै स्वास्थय संस्थाहरूलाई किशोर किशोरी मैत्री बनाई सेवा प्रदान गर्न सक्षम बनाईनेछ।

८.३ बिभिन्न बर्ग, जाती, धर्म तथा क्षेत्रमा महिलाको सुरक्षीत मातृत्व तथा प्रजनन स्वास्थयको अवस्था विश्लेषण गरि अवास्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागू गरिनेछ।

८.४ सुरक्षीत गर्भपतन सेवालाई थप व्यवस्थीत गर्दै गुणस्तरीय र प्रभावकारी बनाईनेछ।

८.५ लैगिंक पहिचानको आधारमा गरिने गर्भपतनलाई पूर्ण रूपमा निरूत्साहित गरिनेछ।

८.६ प्रजनन स्वास्थय सम्बन्धि रूग्णता तथा अशक्ततालाई सम्बोधन गर्न आवश्यक कार्ययोजना तयार गरि लागू गरिनेछ।

८.७ बर्थिङ सेन्टरहरूलाई रणनैतिक स्थानमा संचालनका लागि मानव श्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ। प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात कर्नर को सुबिधा उपलब्ध गराइनेछ।

८.८ यस परिवर्तन गाउँपालिकाका सम्पुर्ण वडाहरूलाई शुन्य होम डेलिभरी बनाइने छ।

८.९ सम्पुर्ण स्वास्थ्य संस्था हरूलाई सुरक्षित मातृत्वको लागि SBA तालिम प्राप्त स्वास्थ्य संस्था बनाइने छ।

८.१० यस परिवर्तन गाउँपालिका अन्तर्गत रहेका सम्पुर्ण स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य इकाई केन्द्र हरू वाट पनि ब्रथिङ्ग सुविधा संचालन गरिने छ।

नीति ९. स्वास्थ सकारात्मक व्यवहार परिवर्तनका लागि स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै अनुकुल वातावरण सुनिश्चित गरिनेछ।

९.१ स्वस्थ बिद्यालय बाताबरण, बिद्यालय पोषण (दिवा खाजा) Deworming स्क्रिनिङ तथा स्वास्थ्य परीक्षण सेवा, किशोर किशोरी सेवा जस्ता बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ र यी कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि स्कूल नर्स कार्यक्रम लागू गरिनेछ।

९.२ स्वास्थ्य उपचारको जानकारी पाउने हरेक नागरिकको हकलाई सुनिश्चित गर्न सुसुचित स्वास्थ्य सेवा प्रवाहमा जोड दिईने छ। साथै हरेक स्वास्थ्य संस्थामा स्वास्थ्य संग सम्बन्धित जानकारीमूलक पोष्टर पम्प्लेटट, फ्लेक्सहरू तयार गरि टाँस गरिनेछ।

९.३ प्रवर्द्धनात्मक र प्रतिकारात्मक स्वास्थ्य सेवा प्रवाहका लागि प्रत्येक विद्यालयमा कम्तिमा महिनाको एक पटक विद्यार्थिहरूको स्वास्थ्य अवस्था चेक जाँचगर्ने व्यवस्था मिलाईनेछ।

९.४ मानसिक स्वास्थ्य समस्या रोकथाम र व्यवस्थापनका लागि सत्वावजय चिकित्सा, मनोसामाजिक परामर्श तथाउपचार सेवा बिस्तार गरिनेछ।

९.४ दुर्घटना लगायत अन्य प्रकृतिक तथा मानव सिर्जित प्रकोप रोकथाम तथा जीवन सुरक्षाका लागि सचेतना तथा जनस्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।

नीति १०. परिवर्तन गाउँपालिका बासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, घाईतेको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिने छ।

१०.१. गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरूबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरू बालमैत्री, अपांगमैत्री, ज्येष्ठ नागरिकमैत्री, किशोरकिशोरी मैत्री हुनेछन्। समुदायस्तरमा जेष्ठनागरिक नमूना दिवा सेवा केन्द्र स्थापना एवं विस्तार गरिने छ।

१०.२. लैगिंक विभेद, कम उमेरमा बिवाह गर्ने र कम उमेर मै गर्भवती हुने कारणले महिलाको स्वास्थ्यमा असर गर्ने हुनाले सचेतना अभिबृद्धि गर्ने तथा महिनावारी भएको बेला छात्राहरूको बिद्यालय उपस्थितिमा निरन्तरता दिन मष्नलष्तथ पष्त उपलब्ध गराइनेछ।

१०.३. अपाङ्गहरूको लागी आवश्यकता अनुसारको सहयोगी उपचार

व्यवस्था, सहयोगी सामाग्री व्यवस्था गरिने छ साथै स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा अपांगमैत्री हुनेछन् । प्यालियटिभ सेवाको पनि क्रमशः शुरूवात गरिनेछ ।

१०.४. प्रेषण प्रणाली प्रभावकारी गरिने छ र सहजीकरण गरिने छ । दुर्गम क्षेत्रबाट उपचारका लागि अन्यत्र प्रेषण भएका विरामीहरूको सहजिकरण गरिने छ ।

१०.५ लैंगिक हिंसामा परेका, वेवारिसे जेष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भइ सडकमै रहेका असहाय व्यक्तिहरूलाइ अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि निजी सरकारी सहकार्यमा परिवर्तन गाउँपालिका पुर्नस्थापना केन्द्र स्थापना एवं संचालन गरिने छ । साथै एकद्वार संकट व्यवस्थापन केन्द्रको सुद्धिढीकरण एवं विस्तार गरिने छ ।

१०.६ रिफरल अस्पतालहरूमा सामाजिक सेवा इकाई स्थापना गरी प्रभावकारी ब्यवस्थापन गरिनेछ ।

नीति ११ स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार गरिनेछ, वडा तथा पालिका स्तरमाबहुक्षेत्रिय पोषण योजना अनुसार पोषण कार्यक्रमलाई रिन्तर र प्रभावकारी रूपमा संचालन गरिने छ ।

११.१ खाद्य विविधीकरणमा जोड दिदै स्थानीय तहमा कार्यरत संघ संस्था संग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तनगर्ने तथा बजारिया खाना ९व्गलप ँययम०लाई निरूत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरू नियमित रूपमा संचालन गरिनेछ ।

११.२ अर्गानीक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरित गृह तथा प्रत्येक परिवारमा सुधारीएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण गरि उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

११.३ पोषणयुक्त बाल पौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्य पर्दाथ उत्पादनका लागि प्रोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाईनेछ ।

११.४. वडा समितिहरूसंग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पर्दाथ उपयोग गर्नका लागि उत्प्रेरित

गरिनेछ । यस्ता खाद्य पदार्थ प्रसोधन तथा बजारीकरणका लागी साना किसान/ब्यवसायी अनुदान कार्यक्रम संचालन गरिनेछ ।

११.५ बहु क्षेत्रीय पोषण कार्यक्रम, शिघ्र कुपोषणकोएकिकृत व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धी कार्यक्रम विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइनेछ। स्वास्थ्य संस्थाहरूसँगको सहकार्यमा पोषण कर्नर, पोषण परामर्श कर्नर, पोषण पुर्नस्थापना केन्द्रहरू स्थापना गरिनेछ र पोषण परामर्श सेवालाई विस्तार गरि थप ब्यबस्थित वनाईने छ।

११.६. हरेक स्वास्थ्य संस्थामा पोषण सम्पर्क ब्यक्ति तोकिने छ र स्वास्थ्य संस्थाबाट दिईने पोषण सेवा सम्बन्धि सम्पुर्ण क्षेत्र निजको जिम्मा लगाईने छ।

११.७ वडा समितिहरूसंग समन्वय र सहकार्य गरी स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन गर्ने खाने वा खुवाउने, बिक्रिबितरणको लागी नियमन गरिने छ । कुनैपनि तैयारी खानेकुराहरूमा अनिबार्य लेवलिङको व्यवस्था गरिने छ । विद्यालयमा दिवा खाजाको ब्यवस्था मिलाईने छ एवं विद्यालयमा बजारको खानेकुरा प्रतिवन्द गर्ने ब्यबस्था मिलाईने छ।

११.८. विद्यालय पोषण कार्यक्रमलाई ब्यबस्थित र नियमित गरिने छ, किशोरिहरूको पोषण सुधार गर्न सवै किशोरिहरूलाई नियमित आइरन तथा फोलिक एसिड चक्कि खुवाईने ब्यबस्था मिलाईने छ।

११.७ दुईबर्ष मूनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिनेछ। गर्भवति र २ बर्षमूनीका बच्चाका आमाहरूको पोषणको स्थीति सुधार गरिनेछ।

नीति १२ः विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरूको न्यूनीकरण एवं प्रतिकार्यको लागि बहुपक्षीय सहकार्य गरिनेछ।

१२.१ परिवर्तन गाउँपालिका भित्र विभिन्न खालका प्रकृतिक प्रकोप जस्तै जोखिमको संभावना रहेका अन्य स्थानहरू तथा हुन सक्ने जोखिमकको नक्साकंनका लागि स्थानीय तहमा रहेका नीजी तथा गैर सरकारी क्षेत्रहरू सँग बहुपक्षिय सहकार्य गरि प्रतिकार्य योजना निर्माण साथै कार्यान्वयन गरिनेछ।

१२.२ सम्भावित विपद वा प्रकोपको समयमा निरन्तर स्वास्थ्य सेवा प्रवाह गर्न रणनैतिक स्थान स्वास्थ्य संस्थाहरूमा अत्यावस्यक औषधि तथा सामग्रिहरूको वफरस्टक राख्ने व्यवस्था मिलाईने छ र ति सामग्रिहरूको म्याद गुज्रने मितिको रेकर्ड राखी मिति गुज्रनु भन्दा अगाडीनै अन्य स्थानमा वितरण गरि त्यसलाई अध्यावधिक गर्ने व्यवस्था मिलाईनेछ।

१२.३ गाउँपालिकामा द्रुत प्रतिकार्य टोली (Rappid Response Team RRT) तथा आकस्मीक चिकित्सकीय टोली (EmergancyMedical Team EMT) गठन गरि अन्य उद्धार टोली सँग समन्वय गर्दै आवस्यकता अनुसार परिचालन गरिनेछ।

निति १३ : मानसिक स्वास्थ्यसँग सम्बन्धित समस्याप्रति आवश्यक जनचेतनाको अभिबृद्धि गर्न, त्यसको रोकथाम, उपचार र नियन्त्रण गर्न स्वास्थ्य संस्थाहरूलाई मानसिक स्वास्थ्य सेवा प्रदान गर्न सुदृढ र सक्षम बनाउदै, प्राथमिक स्वास्थ्य सेवाको तह देखिनै व्यवस्थापन गरी प्रेषण अस्पताल सम्म पहुच सुनिश्चित गरिने  स्वास्थ्य शिक्षा कार्यक्रमको एक अभिन्न अंगको रूपमा शिक्षण संस्थाहरू मार्फत प्रवाहित गर्ने। मानसिक स्वास्थ्य नीति लाइ समायनुकुल परिमार्जन गर्ने।

१३.१ मानसिक स्वास्थ्य सेवालाई समुदाय स्तरदेखि विशिष्ट स्वास्थ्य सेवा दिनेअसम्म उपलव्ध गराउने गरी आवधिकयोजनामा समावेश गरी कार्यान्वयन गरिनेछ।

१३.२. स्कूल स्वास्थ्य शिक्षाको एक अभिन्न अंगको रूपमा मानसिक स्वास्थ्यको प्रवर्धन गरिनेछ, तदनुरूप मानसिक स्वास्थ्य संबन्धि सल्लाह दिन काउन्सेलर हरूको जनशक्ति विकास गरिनेछ।

नीति १४ : वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरू न्यूनीकरण तथा व्यवस्थापन गरिने छ।

१४.१ गाउँपालिका भित्र कार्यरत संघ संस्थाहरू सँग समन्वय र सहकार्य गरी खुला दिशामुक्त गाउँपालिकालाई निरन्तरता दिईनेछ र पालिकाको पूर्ण सरसफाईको लागि दिगोपनाको योजना तयार गरि कार्यान्वयन गरिनेछ।

१४.२ गाउँपालिका भित्र खानेपानी, हावा तथा ध्वनीको गुणस्तरको मापदण्ड निर्धाणर गरी कार्यान्वयन र नियमन गरिनेछ।

१४.३ सरकारी तथा व्यवसायिक रूपमा गाउँपालिका भित्र उपलब्ध खानेपानीको गुणस्तर सुनिश्चितताको लागि सम्बन्धितनिकायहरूसंग समन्वय गरिने छ। समय समयमा विभिन्न धारा तथा पानिको मुहानहरूको पानिको गुणस्तर जाँच गरि गुणस्तर सुनिश्चित गरिनेछ।

१४.४ स्वास्थ्य, पोषण, जीवन उपयोगी शिप, वृहत यौनिकता शिक्षा तथा सूचना लगायत बिषयहरू विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश गरी लागू गर्न अन्तर सरकारी समन्वय र सहकार्य गरिनेछ।

१४.५ स्वास्थ्य प्रबर्धनको लागि समुदायका सामाजिक तथा साँस्कृतिक नेतृत्व परिचालन, सूचना प्रविधिको प्रयोग तथादुर्घटनालगायत अन्य प्राकृतिक तथा मानव सिर्जित प्रकोप रोकथाम तथा जीवन सुरक्षाका लागि सचेतना तथा जनस्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।

नीति १५ : स्वास्थ्य क्षेत्रका प्रगती एवं उपलब्धीहरूलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न आवश्यक समन्वय र सहकार्यमा जोड दिइने छ।

१५.१ परिवर्तन गाउापालिका भित्र संचालन हुने शसर्त अर्न्तगतका कार्यक्रमहरू, निशर्त अर्न्तगतका कार्यक्रमहरू, विशेष अनुदान, समानीकरण अनुदान, दातृ संघ संस्थाहरूबाट संचालीत कार्यक्रमहरूको लेखा जोखा राख्ने व्यवस्था मिलाईनेछ। गाउँपालिकाको सर्वाङ्गीण विकासको लागि विभिन्न संघ संस्थाहरू सँग समन्वय र सहकार्य गरिनेछ।

नीति १६: बिभिन्न कार्यस्थलहरूमा काम गर्ने कामदारहरूको पेशागत स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ।

१६.१ विभिन्न सरकारी, गैर सरकारी तथा नीनी क्षेत्रमा का मगर्ने कामदार हरूको स्वास्थ्य सुरक्षाको लागि बहुपक्षिय समन्वयामा जीवन बिमा, दुर्घटना बीमा, सामाजिक सुरक्षा सुनिश्चित गरिनेछ।

नीति १७ : स्वास्थ्य सेवाको पहुँच र उपयोगमा बृद्धि गर्न सार्वजनिक, सामुदायिक तथा आवश्यकता अनुसार निजि क्षेत्रसँग साझेदारी गरिनेछ।

१७.१ स्वास्थ्य क्षेत्रमा निजि तथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारीलाई प्रोत्साहन गर्न “सार्वजनिक-निजि साझेदारी” रणनीति बनाई लागू गरिने छ।

१७.२ निजी क्षेत्रले प्रदान गर्ने स्वास्थ्य सेवालाई क्रमशः सेवामूलक स्वास्थ्य सेवामा रूपान्तरण गर्दै सबै समुदायका व्यक्तिले सेवाको प्रयोग गर्न सक्ने वातावारणको सृजना गरिने छ।

१७.३ निजी क्षेत्रको सामाजिक उत्तरदायित्वलाई मूलतः जनस्वास्थ्य प्रवर्धनको क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने छ।

नीति १८ : अध्ययन तथा अनुसन्धानलाई प्रबर्धन गर्दै निश्कर्षको आधारमा स्वास्थ्य कार्यक्रम तथा रणनीति निर्माण गरी लागू गरिनेछ।

१८.१ स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धानलाई व्यवस्थित गर्न प्राथमिकताका क्षेत्रहरू पहिचान गरी सोको लागि स्रोत व्यवस्थापन गरिनेछ।

१८.२ अध्ययन तथा अनुसन्धानलाई गुणस्तरीय र उपयोगी बनाउन विश्वविद्यालय, गैरसरकारी संस्था, नीजि क्षेत्र, बिज्ञ लगायत सरोकारवालासँग सहकार्यको लागि प्रबुद्ध वर्गको अवधारणा कार्यान्वयन गरिने छ।

१८.३ स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियामा अध्ययन तथा अनुसन्धानका निष्कर्षहरूलाई प्राथमिकताका साथ प्रयोगमा ल्याउने संस्कारको विकास गरिने छ। साथै अध्ययनले औल्याएका कुराहरूको आधारमा गाउँपालिकाको योजना तयार गरिनेछ।

नीति १९ : तथ्यमा आधारित योजना बनाउन र स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न एकिकृत स्वास्थ्य सूचना प्रणालीलाई थप सुदृढ र प्रविधिमैत्री बनाईनेछ।

१९.१ स्थानीय तहको समन्वयमा प्रत्येक स्वास्थ्य संस्थाहरू, निजि तथा गैरसरकारी स्वास्थ्य संस्थाहरूमा बिद्युतीय/अनलाइन अभिलेख तथा प्रतिवेदन गर्ने ९म्ज्क्ष्क द्द बलम भीःक्ष्क०ब्यवस्था सुनिश्चित गरिनेछ।

१९.२ स्वास्थ्य क्षेत्रमा कामगर्ने संघ संस्थाहरू सँगको सहकार्य तथा समन्वयमा प्रत्येक स्वास्थ्य संस्थाहरूमा तथा पालिकामा बिद्युतीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गरि सूचना विश्लेषणका निश्कर्षहरूलाई प्राथमिकताका साथ प्रयोगमा ल्याउने संस्कारको विकास गरिने छ। साथै विद्युतीय प्रतिवेदन प्रणलीको

सञ्चालन तथा प्रयोगको लागि स्वास्थ्य कमिहरूको लागि तालिम तथा पुर्नताजगि तालिमको व्यवस्था गरिनेछ।

१९.३ तथ्याकङ्को गुणस्तरीयता, विश्वसनियता कायम राख्न अनुगमन, मूल्याकंन तथा पृष्ठपोषणको प्रणालीलाई सवलिकृत गरिनेछ।

नीति २० : स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई जनमुखी एवं परिणाममूखी बनाईने छ।

२०.१ स्वास्थ्य सेवा प्रदायक ब्यक्ति र संस्थाहरूको सुरक्षाको लागि प्रचलित कानुनी ब्यवस्थालाई परिवर्तन गाउँपालिकाभर प्रभावकारी रूपमा लागू गरिनेछ।

२०.२ स्वास्थ्य सेवामा, स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहिन कार्यलाई निरूत्साहित गरिने छ।स्वास्थ्य कर्मिलाई आफ्नो काम, कतब्य प्रति जवाफदेही बनाईने छ।

२०.३ स्वास्थ्य सुशासन कायम गर्नको लागी क्यअर्ष्बा ब्गमष्त, नागरिक बडापत्र र बिज्ञहरू सहितका जिम्मेवार समितिहरूको ब्यबस्था गरिनेछ छ। स्वास्थ्य सम्बन्धी गुनासो सुनुवाईको लागी पनि आवश्यक संयन्त्रको प्रयोग गरिने छ।

२०.४ स्वास्थ्य संग सम्बन्धीत राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरूलाई जनतामुखी र परिणाममूखी कार्य गर्नको लागि उत्पेरित गरिने छ।

२०.५ परिवर्तन गाउँपालिकाका समुदायको विशिष्ट संस्कृती संस्कारलाई आत्मसात गर्दै स्वास्थ्य सेवालाई सेवाग्राही मैत्री बनाई स्वास्थ्यको हकको सुनिश्चितता गरिनेछ।

२०.६ परिवर्तन गाउँपालिका भित्रका नागरिकलाई स्वास्थ्य सम्बन्धि सूचनाको हक तथा सेवाग्राहीले उपचार संबन्धि जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा संचार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

नीति २१ : सरूवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग एवं सिकल सेल एनेमिया, थालासेमिया, गलगाँड, लागूपदार्थ दुर्व्येसनी जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरूको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रूपमा गरिने छ।

२१.१ यस परिवर्तन गाउँपालिकामा कार्यरत संघ संस्थाहरू संगको समन्वय र सहकार्यमा क्षयरोग, एचआइभी र एड्स तथा औलो लगायतका सरूवा रोगहरूको अध्ययन, अनुसन्धान, निगरानी, रोकथाम, नियन्त्रण, निवारण तथा उन्मूलनको लागि प्रभावकारी कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

२१.२ रेबिज, सर्पदंश लगायतका पशुपन्छीजन्य र किटजन्य रोगहरूको रोकथाम, नियन्त्रण र उपचारको लागि प्रदेस तथा अन्य सरोकारवाल निकायहरू संगको समन्वय तथा सहकार्यमा आवस्यक सेवा बिस्तार गरिनेछ

२१.३ खुला सिमानाबाट भित्रिन सक्ने संक्रमक रोगहरूको स्क्रिनिङ्ग गरी रोग निगरानी (क्गचखभर्षीबिलअभ ःभअजबलष्क) पद्धतिलाई सुदृढ बनाउँदै रोकथाम तथा उपचारको व्यवस्था गरिनेछ।

नीति २२ : स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि गर्दै सामाजिक सुरक्षा योजनालाई सुदृढ गरी स्वास्थ्योपचारमा पर्ने व्यक्तिगत व्ययभार कम गरिनेछ।

२२.१ स्थानीय तहको कुल बजेटको न्यूनतम १० प्रतिशत स्वास्थ्य क्षेत्रमा बिनियोजन गरिनेछ र बिनियोजित बजेटको सहभागितात्मक विधिबाट प्रभावकारी योजना तर्जुमा गरि कार्यन्वयन गरिनेछ।

२२.२ गैरसरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवामा सामाजिक उत्तरदायित्व वहनका लागि सहजिकरण गरी नियमन गरिनेछ।

२२.३ सामाजिक सुरक्षा योजनाहरू थप प्रभावकारी बनाई गाउँपालिका बासीको स्वास्थ्य आवश्यकताका आधारमा उपयुक्त रणनीतिहरू तय गरी लागू गरिनेछ।

२२.४ सघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य विमा कार्यक्रमलाई पालिका भरी लागूगरि सम्पूर्ण परिवर्तन वासीको स्वास्थ्य बीमा सुनिश्चित गरिनेछ । अति गरिब, विपन्न तथा लोपउन्मुख समुदायहरूलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरिनेछ।

नीति २३ः जनसांख्यिक स्थिति र वितरणको आधारमा स्वास्थ्य सेवा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२३.१ लैङ्गिक अनुपातको अधारमा यथार्थ जनसंख्या विवरण अद्यावधिक गरी लक्षित उमेर, वर्ग, क्षेत्र र सामाजिक समूहमा ब्यवस्थित परिवार स्वास्थ्य कार्यक्रमहरूको तर्जुमा गरी लागू गरिनेछ । र तय भएका वार्षिक तथा आवधिक कार्यक्रमहरू लक्षित समुदायमा समावेशी तवरमा कार्यन्वयन भएको सुनिश्चित गरिनेछ।

२३.२ संघीय तथा प्रदेशिक सरकार संगको समन्वयमा जनसांखिक अध्ययन र अनुसन्धानलाई व्यवस्थित गरिने छ।

२३.३ शहरी विकास योजना निर्माण गर्दा स्वास्थ्य तथा जनसंख्या सम्बन्धि विषयलाई प्राथमिकताका साथ सम्बोधन गर्न वहुपक्षीय समन्वय र सहकार्य गरीने छ।

२३.४ गाउँपालिकाको भुगोल, जनसंख्या तथा आवस्यकता अनुरूप स्वास्थ्य संस्था स्थानान्तरण गरिने छ।

८. **संस्थागत संरचना**

८.१. नीति कार्यान्वयनका लागि .परिवर्तन गाउँपालिकाको नेतृत्वमा स्वास्थ्य संस्थाहरू रहनेछन । त्यस्तै नीतिमा उल्लेख भएको स्वास्थ्य अन्तरगत सेवा प्रवाहका लागि परिवर्तन गाउँपालिका स्तरमा प्राथमिक अस्पताल स्थापना गरिनेछ।

८.२ मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिलक कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरू,  क्षमता अधिवृद्धिका लागि समन्वय गरिनेछ। स्वास्थ्य संस्थाहरूमा ल्याव सेवा, आँखा उपचार सेवा र आवश्यकता अनुसार सामुदायीक स्वास्थ्य इकाई स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ।

९. **आर्थिक पक्ष**

यस नीतिको कार्यान्वयन मूलतः परिवर्तन गाउँपालिका सामाजकि विकास शाखाको नियमित बजेटबाट गरिनेछ। यस नीतिमा रहेका उद्धेश्यहरू हासिल गर्न गाउँपालिकाका सवै शाखाहरूको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ। नेपाल सरकार र लुम्वीनी प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरू सम्बोधन गराउन पहल गरिनेछ। यसका साथै यो

नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरू, संयुक्त राष्ट्र संघीय निकायहरू र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ।

१०. **अनुगमन र मूल्याङ्कन**

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूयांकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ। यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ। वडा समितिहरू एवम अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ। प्रत्येक दुई वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ।

११. **नीति कार्यान्वयनको कार्ययोजना**

नीति कार्यान्वयनका लागि परिवर्तन गाउँपालिका स्वास्थ्य ऐन तर्जुमा गरिनेछ। स्वास्थ्य सँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन कार्ययोजना बनाउने छ। यही कार्यायेजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ। वार्षिक रूपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ।

परिवर्तन गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

पुतलाचौर, रोल्पा

# स्थानीय राजपत्र

खण्ड १ संख्याः१ प्रकाशित मितिः२०८०/१२/३०

भाग ३

परिवर्त गाउँपालिका

# परिवर्तन गाउँपालिकाको सामाजिक समावेशीकरण नीति २०७९

कार्यपालिवाट स्वीकृत मिति २०७९/१०/१७

# परिवर्तन गाउँपालिकाको सामाजिक समावेशीकरण नीति, २०७९

१. **पृष्ठभूमि**

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। संविधानले दिशा निर्देश गरेबमोजिम समतामूलक समाजको निर्माण गर्न यस गाउँपालिका। नगरपालिका र यस अन्तर्गतका सबै क्षेत्रगत विषयहरूमा समेत सामाजिक समावेशीकरणको विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ । यसबाट सबै वर्ग, जात जाति, लिङ्ग र क्षेत्रलाई समावेशीकरणको मान्यताअनुरुप सहभागी गराई सामाजिक समावेशीकरणका सवालहरूलाई नीतिगत तथा कानुनीरूपमा थप व्यवस्थित गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । मुलुकले संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अवलम्वन गरेको सन्दर्भमा सम्बद्ध विषय क्षेत्र  र अन्तर्गत सञ्चालन हुने सबै योजना तथा कार्यक्रमहरूलाई समावेशीमैत्री बनाउन यो सामाजिक समावेशीकरण नीति जरुरी भएको छ ।

यस सन्दर्भमा विभेदरहित, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि सबै वर्ग, जात जाति, लिङ्ग तथा पिछडिएको क्षेत्रको समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिकालाई सुनिश्चित गर्न आवश्यक देखिन्छ।सामाजिक समावेशीकरण मार्फत सबैले आत्म सम्मान बोध हुने वातावरण निर्माण गर्न सबै क्षेत्र तथा संरचनाहरूमा मूलप्रवाहीकरणको माध्यमबाट समावेशी शासन पद्धतिलाई संस्थागत गर्न यसका समग्र क्षेत्रलाई सम्बोधन गर्ने नीतिको आवश्यकता महसूस भएकाले प्रस्तुत सामाजिक समावेशीकरण नीति, २०७८' तर्जुमा गरी लागू गरिएको छ।

२. **विगतका व्यवस्था र प्रयासहरू**

नेपालमा विगतदेखि नै महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, पिछडिएका समुदाय, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरू, सामाजिक, आर्थिक वा शैक्षिकरूपमा पछाडि परेका व्यक्ति तथा समुदाय लगायतलाई विकासको समग्र प्रक्रिया तथा प्रतिफलको हिस्सेदारीमा मूलप्रवाहीकरण गर्ने प्रयास गरिएको छ।यसका निमित्त स्रोत, साधन र सार्वजनिक सेवामा पहुँच बढाउन, राज्यको हरेक संरचना एवम् निर्णय प्रक्रिया तथा सो को

कार्यान्वयनमा न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्न र लक्षित वर्गको उत्थान, विकास र सशक्तीकरण लगायत सामाजिक सुरक्षाका लागि विभिन्न कार्यक्रमहरू संस्थागतरूपमा सञ्चालन भएका छन् । यी कार्यक्रमहरूबाट लक्षित वर्गको सशक्तीकरणमा उल्लेख्य योगदान पुगेको छ। दशौं योजना (२०५९-२०६४) मा लैंङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणालाई अन्तर-सम्बन्धित विषय (Cross–cutting issues) का रूपमा स्थान दिईएको थियो। नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको अग्रगामी पुनःसंरचना गरी देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक विभेदहरूलाई समाधान गर्न संकल्प गरे अनुरूप नेपालमा सामाजिक समावेशीकरणको विषयलाई प्रमुख बहसको रूपमा अङ्गीकार गरिएको थियो । आर्थिक वर्ष २०६४/०६५ देखि नेपाल सरकारका सबै मन्त्रालयबाट लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास हुँदै आएको छ। यस अनुरुप समावेशीकरण नीति तर्जुमा गर्ने कार्य र सामाजिक समावेशीकरण सम्बन्धी संरचनाहरू स्थापना गर्ने कार्यको थालनी पनि हुँदै आएको सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति, २०६६ कार्यान्वयनमा रहेको छ । सामाजिक समावेशीकरणका विषयहरुलाई सम्बोधन गर्न स्थानीय सरकार (संचालन) ऐन, २०७४ लगायतका कानूनहरु र राष्ट्रिय लैंङ्गिक समानता नीति, २०७७, प्रदेश तथा स्थानीय तहका लागि लैंङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका,२०७७ पनि तर्जुमा भई कार्यान्वयनमा आइसकेका छन् ।

नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका सम्बन्धमा स्पष्टरूपमा उल्लेख भएको छ । साथै समतामूलक समाजको निर्माण गर्न तथा सामाजिक समावेशीकरणलाई मूर्तरूप दिन विभिन्न मौलिक हकको प्रत्याभूति गर्नुका साथै मौलिक हक सम्वन्धी कानुनहरू सङ्घीय संसदबाट अनुमोदन भैसकेको अवस्था छ । स्थानीय तहका विभिन्न पदहरूमा समेत जातीय, लैङ्गिक लगायतको प्रतिनिधित्वको व्यवस्था गरिएको छ। आफ्नो धर्म, संस्कृति, भाषाको संरक्षण र संवर्द्धनका लागि सचेतना तथा क्रियाशिलतामा अभिवृद्धि भएको तथा राज्यका विभिन्न अङ्ग तथा विषय क्षेत्रमा यस्ता पछाडि परेका समुदाय तथा क्षेत्रको प्रतिनिधित्व बढ्दै गएकाले समावेशीकरणको प्रक्रिया थप प्रभावकारी बन्दै गएको छ।

विगत देखिनै समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमको प्रभावकारी रूपमा तर्जुमा एवम् कार्यान्वयन गर्न स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवम् परीक्षण निर्देशिका, २०६८ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार तत्कालीन स्थानीय निकायको निःशर्त पुँजीगत बजेटको कम्तीमा १० प्रतिशत रकम आर्थिक तथा सामाजिकरूपमा पछाडि परेका विपन्न महिला, १० प्रतिशत बालबालिका र १५ प्रतिशत उपेक्षित वर्ग तथा समुदायका लागि छुट्याउनु पर्ने व्यवस्था गरिएको पाइन्छ । साथै तत्कालीन स्थानीय निकायहरूमा महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय, बादी, अपाङ्गता समन्वय सम्वन्धी संरचनाहरू गठन गरी ती समुदायलाई संस्थागतरूपमा शासकीय संरचनामा आबद्ध गर्ने प्रयास गरिएको र सामाजिक परिचालनमार्फत् आर्थिक तथा सामाजिकरूपमा पिछडिएका समुदायको आर्थिक-सामाजिक उत्थानका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता महत्वपूर्ण प्रयासहरू भएको पाईन्छ ।

पन्ध्रौ योजनामा सामाजिक विषय क्षेत्रअन्तर्गत महिला, विभिन्न लक्षित समुदाय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, किशोरकिशोरीहरू लगायतलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी र समतामूलक राष्ट्रको निर्माण गर्ने विषय उल्लेख गरिएको छ। साथै, उक्त योजनाको अन्तरसम्बन्धित विषय अन्तर्गतको 'समावेशीकरण' विषय उपक्षेत्रमा समानुपातिक समावेशी विकास र पहुँचको सुनिश्चितता गर्न समावेशीकरण लक्षित सोंच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिसमेत निश्चित गरी कार्यान्वयनमा लैजान जोड दिइएको छ।योजनामा समावेशीकरणको विषय क्षेत्रगत लक्ष्यमा मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका समुदायहरूको सशक्तीकरण र समानुपातिक विकास गर्ने लक्ष्य लिइएको छ ।

### ३. वर्तमान स्थिति

आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्गहरू (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य) लाई नेपालको संविधानले

समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागी हुन पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ। नेपालको संविधानमा नै अन्य आयोगहरूको व्यवस्था गरी समावेशीकरणलाई थप व्यवस्थित, सुनिश्चित तथा प्रभावकारी बनाउने कार्यको मार्ग प्रशस्त गरिएको छ।

नेपालमा वि.सं. २०६८ को राष्ट्रिय जनगणना बमोजिम कुल जनसङ्ख्याको ५१.५ प्रतिशत महिला रहेकामा महिलाको साक्षरता ५७.७ प्रतिशत र पुरुषको साक्षरता ७५.६ प्रतिशत रहेको छ ।यस्तै, सम्पत्तिमा स्वामित्व पुगेका महिला २६ प्रतिशत मात्र रहेको देखिन्छ। महिला पुरुषको श्रमशक्ति सहभागिता दर क्रमशः २६.३ र ५३.८ प्रतिशत रहेको छ। नेपालको कुल जनङ्ख्याको करिब १.९४ प्रतिशत जनसङ्ख्यामा कुनै एक वा बढी प्रकारको अपाङ्गता देखिएको छ। पन्ध्रौं योजना अनुसार मुलुकमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८.७ र बहु आयामिक गरिबी २८.६ प्रतिशत रहेको छ। प्रदेशगत गरिबी हेर्दा प्रदेश नं १ र सुदूरपश्चिम प्रदेशको गरिबीको रेखामुनि रहेको जनसङ्ख्या प्रतिशतबीच झण्डै तेब्बरको अन्तर रहेको देखिन्छ।मुलुकको मानव विकास सूचकाङ्क ०.५७९ रहेको छ।यसमा पनि विभिन्न भौगोलिक क्षेत्र, लिङ्ग र सामाजिक समूहहरूबीचको आर्थिक असमानता र गरिबीको सघनता बढी देखिन्छ।

जनसाङ्ख्यीक विविधतालाई अध्ययन गर्दा मुलुकको पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम कुल जनसङ्ख्याको १ प्रतिशत भन्दा कम जनसङ्ख्या हुने विभिन्न जातजातिहरूको संख्या १११ भन्दा बढी रहेको छ। भाषागत विविधता हेर्दा नेपालमा करिब १२३ भन्दा बढी मातृभाषाहरू रहेको देखिन्छ। नेपालमा हिन्दु धर्म मान्ने जनसङ्ख्या अधिक भए तापनि यस बाहेक अन्य ९ भन्दा बढी धर्मावलम्बीहरू रहेको देखिन्छ। यी आँकडाहरूले नेपाली समाजमा आर्थिक तथा सामाजिक, जातीय, क्षेत्रीय, लैङ्गिक र वर्गीय विविधता रहेको दर्शाउँदछन्। यी विविधता भित्र पनि भौगोलिक, लैङ्गिक, जातीय र आयवर्गबीच गरिबीको असमानता र गहनताको अन्तर अझै उल्लेख्यरूपमा विद्यमान रहेको विभिन्न तथ्याङ्कबाट देखिन्छ। यसर्थ समावेशी विकासको मान्यतालाई आत्मसात् गरी यी असमानताहरूलाई सम्बोधन गर्न सबै क्षेत्र र अन्तर्गत निकायहरुलाई अझै बढी प्रभावकारीरूपमा परिचालन गर्न आवश्यक देखिएको छ।

परिवर्तन गाउँपालिका रोल्पा जिल्लामा अवस्थित छ। ६ वटा वडा रहेको परिवर्तन गाउँपालिका १० वर्षे सशस्त्र जनयुद्धके उदगमस्थल परिवर्तन गाउँपालिका

भौगोलिक रुपमा विकट भए पनि वन तथा जैविक विविधताले धनी रहेको छ। यो गाउँपालिकाको कुल क्षेत्रफल १६३.०१ वर्ग कि.मि. रहेको छ जसमध्ये सवैभन्दा कम क्षेत्रफल ३ नं वडा थुनिकोटले (१२.६८ वर्ग कि.मि) र सवैभन्दा वढी १ नं वडा कुरेलीले(४७.७६ वर्ग कि.मि.) ओगटेको छ ।विभिन्न जात जाति, धर्म, लिङ्ग तथा संस्कृतिले भरिपूर्ण परिवर्तन गाउँपालिकामा जातिय हिसावले मगर जातिको वाहुल्यता रहेता पनि क्षेत्री, दलित वाहुनहरुको पनि वसोवास रहेको छ। हाल परिवर्तन गाउँपालिकामा करीव ३० हजार जति जनसङ्ख्ख्या रहेको छ। परिवर्तन गाउँपालिकाको मुख्य धर्म हिन्दु भएता पनि कृश्चीयन, वौद्ध र अन्य धर्म मान्नेहरु पनि वसोवास गरेका छन्। यस गाउँपालिकामा वसोवास गर्ने मानिसहरुको मुख्य पेशा कृषि नै हो। करी ८१ प्रतिसत मानिसहरुले कृर्षि पेशा गरेको पाइन्छ ।वैदेशिक रोजगारको शिलशिलामा भारत,कतार, दुवइ, मलेसियामा पनि गएको छन्।

परिवर्तन गाउँपालिकाले आ.व.२०७९/८० मा लैङ्गीक उत्तरदायी बजेट विनियोजन गरी महिला दलित र वालवालिकाहरुलाइ योजना तथा कार्यक्रममा समावेश गरीएको छ जसले गर्दा समाजिक समावेशिकरणलाइ समेट्ने प्रयास भइ रहेको छ आगामी वर्षहरुमा पनि सामाजिक समावेशिकरण नीति निर्माण गरी कार्यन्वयन गर्नको लागि समर्पित तर्फ जानेछौं।

## ४. समस्या तथा चुनौतीहरू

समावेशी लोकतन्त्रलाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र सबै नागरिकको समतामूलक पहुँच स्थापित गर्न सामाजिक समावेशीकरण आवश्यक छ। यस सन्दर्भमा सामाजिक समावेशीकरणका मुख्य समस्याहरुमा सामाजिक समावेशीकरण सम्बन्धी एकीकृत नीति तर्जुमा नहुनु, स्रोत, साधन, अवसर र लाभको वितरणमा लक्षित वर्ग एवम्  क्षेत्रको न्यायोचित पहुँच सुनिश्चित नहुनु, सामाजिक समावेशीकरणका लागि आवश्यक खण्डीकृत तथ्याङ्कको अभाव रहनु, पछाडि परेका वर्ग र समुदायलाई आर्थिक तथा सामाजिकरूपमा सशक्तीकरण गर्न नसक्नु, शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन नसक्नु, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा समावेशीकरण सम्बन्धी सूचकहरूलाई समावेश गर्न नसकिनु, विभिन्न लक्षित वर्ग, क्षेत्र र समुदायबीच आर्थिक तथा सामाजिक विकासमा उच्च अन्तर रहनु,

विभिन्न लिङ्ग, वर्ग, क्षेत्र, समुदाय र जातजातिबीच हुने व्यवहारगत विभेद हट्न नसक्नु लगायत रहेका छन् ।

त्यस्तै मुख्य चुनौतिहरुमा सामाजिक समावेशीकरणको अवधारणामा सरोकारवालाहरूबीच साझा दृष्टिकोण कायम गर्नु, नीति निर्माण र कार्यान्वयनमा संलग्न निकायहरूबीच प्रभावकारी समन्वय गर्नु, स्रोत साधन, अवसर र लाभमा पछाडि परेका सबै वर्ग, क्षेत्र र जातजातिको समन्यायिक पहुँच सुनिश्चित गर्नु, पछाडि परेका वर्ग, क्षेत्र, उमेर, लिङ्ग र जातजातिमा व्याप्त गरिबी घटाउनु, विभिन्न समुदाय तथा वर्गबीच रहेको आर्थिक, सामाजिक तथा शैक्षिक विभेदको अन्तर कम गर्नु, संस्थागत संरचनामा लक्षित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नु रहेका छन् ।

## ५. नीतिको आवश्यकता

सामाजिक समावेशीकरणमा देखिएका चुनौतीहरूको सामना एवम् समस्याको समाधान गर्न देहायका कारणले सामाजिक समावेशीकरण नीति आवश्यक रहेको छः

१. संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी शासन व्यवस्थाको प्रवर्द्धन गर्न,
२. समावेशीकरण सम्वन्धी नीतिगत एकरूपता र सामञ्जस्यता कायम गर्न,
३. नीति, योजना तथा कार्यक्रमहरूलाई मार्गदर्शन गर्न,
४. नीति, कानुन, संरचना, कार्यक्रम, योजना र आयोजनाको सबै चरणमा समावेशीकरणलाई मूलप्रवाहीकरण र आन्तरिकीकरण गर्न,
५. समावेशीकरण सम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयनमा सहयोग पुऱ्याउन,
६. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गरिएका समावेशीकरण सम्वन्धी प्रतिबद्धता अनुरूपको दायित्व पूरा गर्न,
७. लोकतन्त्रका लाभहरूलाई सबै नागरिकहरूबीच न्यायोचित वितरण व्यवस्था मार्फत सामाजिक न्याय स्थापना गर्न ।

## ६. दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य

सामाजिक समावेशीकरण नीतिका दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्यहरू निम्नानुसार रहने छन्ः

### ६.१ दीर्घकालीन सोच

सामाजिक समावेशी प्रणालीका माध्यमबाट समतामूलक र समृद्ध समाजको निर्माण ।

### ६.२ दीर्घकालीन लक्ष्य

सामाजिक समावेशीकरणलाई सबै अवयवहरूमा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण गर्दै यसको संस्थागत सुदृढीकरण गर्ने।

### ६.३ उद्देश्य

आर्थिक र सामाजिकरुपले पछाडि परेका समुदाय र व्यक्तिहरूको सशक्तीकरण र समतामूलक विकासको माध्यमबाट सबै विषय क्षेत्र तथा संरचनामा पहुँच सुनिश्चित गर्ने।

## ७. रणनीतिहरू

७.१ सामाजिक समावेशीकरणको अवधारणालाई सबै विषय क्षेत्रमा संस्थागत गर्ने ।

७.२ नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका सिमान्तीकृत नागरिकहरूको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने ।

७.३ पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने ।

७.४ उपलब्ध स्रोतसाधन तथा अवसरको प्राप्ति र उपयोग गर्न लक्षित समुदायको सशक्तीकरण गर्ने ।

७.५ सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।

## ८. नीति तथा कार्यनीतिहरू

रणनीति १: सामाजिक समावेशीकरणको अवधारणालाई सबै विषय क्षेत्रमा संस्थागत गर्ने ।

८.१.१ स्थानीय आवश्यकता अनुकूल हुने गरी सामाजिक समावेशीकरण सम्बन्धी नीति, कानुन तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

८.१.२ सामाजिक समावेशीकरणको अवधारणा अनुरूप मातहतका क्षेत्रगत विषय तथा निकायको कानुन, नीति, योजना, रणनीति, कार्यविधि, मापदण्ड तर्जुमा तथा परिमार्जन गरिनेछ ।

८.१.३ मौजूदा कानुनहरूलाई समय सापेक्षरूपमा समावेशीमैत्री बनाउन

आवश्यकता अनुरूप पुनरावलोकन गरी परिमार्जन गरिनेछ।

८.१.४ समावेशी सम्बन्धी कानुन तथा कार्यविधि तर्जुमा तथा परिमार्जन गर्दा लक्षित समुदाय तथा सम्बद्ध सरोकारबालाहरूसँग परामर्श तथा समन्वय गरिनेछ।

८.१.५ नेपाल पक्ष भएका यससम्बन्धी अभिसन्धिहरू अनुरूपका दायित्वहरूलाई कार्यान्वयन गर्न कानुन तथा कार्यविधि परिमार्जन तथा तर्जुमा गरिनेछ।

८.१.६ आर्थिक, सामाजिक तथा भौगोलिकरूपले पछाडि परेका नागरिकहरूको सबै विषय क्षेत्रमा अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्न मौजूदा कानुनहरूमा परिमार्जन गरिनेछ।

८.१.७ सामाजिक समावेशीकरणको अवधारणालाई स्थानीय गैह्र सरकारी संस्था र सरोकारवालाहरूको नीति तथा रणनीतिमा आत्मसात् गर्न पहल गरिनेछ।

८.१.८ सहकारी, सामुदायिक, गैह्रसरकारी र निजी क्षेत्र लगायत सबैको भूमिका र दायित्व स्पष्ट गरी परिचालन गर्न ती निकायबाट सञ्चालित समावेशीकरण सम्बन्धी योजना तथा कार्यक्रमहरूलाई स्थानीय तहको योजना प्रक्रियामा आवध्द गरिनेछ।

८.१.९ टोल तथा बस्तीस्तरदेखि नै स्थानीय समस्याहरू पहिचान गरी लक्षित समूहमार्फत सहभागितामूलक समावेशी लक्षित कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने प्रणालीलाई संस्थागत गरिनेछ।

८.१.१० समावेशीकरणका लागि विभिन्न निकाय वा सङ्घ संस्थाबाट सञ्चालित लक्षित कार्यक्रमहरूमा दोहोरोपना आउन नदिन समन्वय गरिनेछ।

८.१.११ सामाजिक समावेशीकरणको क्षेत्रमा भएको लगानी र सोको प्रतिफलको एकीकृत प्रतिवेदन प्रणाली स्थापना गरी मूल्याङ्कन गरिनेछ।

८.१.१२ समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै संयन्त्रलाई परिचालन गरिनेछ।

८.१.१३ विद्यमान संरचनाहरूमा समावेशीकरण सम्बन्धी आवश्यक संरचनाहरूलाई समाहित गरी लक्षित कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन, मूल्याङ्कन तथा समन्वयको कार्य गरिनेछ।

८.१.१४ सामाजिक समावेशीकरण सम्पर्क पदाधिकारी (Focal Person)

तोक्ने व्यवस्था गरी जिम्मेवारी प्रदान गरी सूचना आदान प्रदान गर्ने पद्धति स्थापित गरिनेछ।

८.१.१५ जोखिम र पारिवारिक हिंसामा परेका व्यक्तिको संरक्षणका लागि भइरहेका संरक्षण गृहहरूको संरक्षण र उपयोग गर्दै आवश्यकतानुसार नयाँ संरचना स्थापना र सञ्चालन गरिनेछ।

८.१.१६ पछाडि परेका लक्षित वर्ग तथा समुदायका नागरिकहरूको सहभागितामा लाभग्राही तथा उपभोक्ता समिति गठन गरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

८.१.१७ जोखिम तथा पारिवारिक हिंसामा परेका, महिला, बालबालिका, किशोर, किशोरी, अपाङ्ग, अनाथ, टुहुरा, सडक बालबालिका लगायत अभिभावकविहीन नागरिकको संरक्षण, पुनःस्थापन तथा क्षमता विकास गर्न सामुदायिक, सहकारी तथा गैह्रसरकारी संस्थाहरू र निजी क्षेत्र समेतलाई परिचालन गरिनेछ।

८.१.१८ प्रत्येक वडा भित्रका पछाडि परेका नागरिकहरूको पहिचान गरी सामाजिक समावेशीकरणको मान्यताबमोजिम सशक्तीकरण गर्न सामुदायिक, सहकारी तथा गैह्रसरकारी संस्थाहरूसँग समन्वय गरिनेछ।

८.१.१९ सामुदायिक, सहकारी तथा गैह्रसरकारी संस्थाहरू र निजी क्षेत्रलाई विषय क्षेत्रगत ज्ञान तथा अनुभवका आधारमा लक्षित वर्गको बहुपक्षीय हितका लागि कार्यगर्न आवश्यक योजना तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गर्न गराउन अभिप्रेरित गरिनेछ।

८.१.२० उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्न सामुदायिक, सहकारी तथा गैह्रसरकारी संस्थाहरूलाई समेत परिलक्षित गरिनेछ।

८.१.२१ आवश्यकतामा आधारित भई समावेशी विकास प्रकृयामा योगदान पुऱ्याउन विकास साझेदार, सहकारी तथा गैह्रसरकारी संस्थाहरूसँग सहकार्य गरिनेछ। आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र सामुदायिक तथा गैह्रसरकारी संघ संस्थालाई परिचालन गरिनेछ।

८.१.२२ पछाडि परेका वर्ग तथा समुदायलाई लक्षित गरी सामाजिक समावेशीकरणको महत्व, आवश्यकता र अपरिहार्यताका सम्बन्धमा

सचेतनामूलक कार्यक्रमहरू सञ्चालन  गरिनेछ।

८.१.२३ प्रत्येक वडामा रहने टोल विकास संस्थाहरूको गठन प्रक्रियामा पछाडि परेका व्यक्ति तथा समुदायलाई समेट्ने गरी प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ।

८.१.२४ टोल विकास संस्था, उपभोक्ता समिति, समूह परिचालन तथा स्थानीय सहकारी संस्थाहरूलगायतलाई क्षेत्रगत कार्यक्रमहरूमा पछाडि परेका व्यक्ति तथा समुदायको सहभागिता तथा संलग्नता वृद्धि गर्न समन्वयात्मकरूपमा परिचालन गरिनेछ।

८.१.२५ लक्षित वर्गको सहभागितामा यस्ता कार्यक्रमहरूको सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

८.१.२६ सामाजिक समावेशीकरणका नीतिहरूको प्रभाव र परिणामका सम्बन्धमा आवधिकरूपमा तथ्यगत तथा वस्तुनिष्ठ समीक्षा गरिनेछ।

रणनीति २ः नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका सीमान्तीकृत नागरिकहरूको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने।

८.२.१ प्रत्येक वडामा मानव विकास सूचकाङ्क, वहुआयामिक गरीवि मापन लगायत अन्य आधारमा पछाडि परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको पहिचान गरी वडागत अद्यावधिक खण्डीकृत तथ्याङ्क राखिनेछ।साथै वडागत खण्डीकृत तथ्याङ्कको आधारमा सबै वडाहरुको एकीकृत तथ्याङ्क डाटावेस तयार गरिनेछ।

८.२.२ पछाडि परेका व्यक्ति तथा समुदायको आधारभूत खण्डीकृत तथ्याङ्क सङ्कलन, विश्लेषण, अभिलेखन, प्रतिवेदन तथा संप्रेषणका लागि  वास्तविक समयमा आधारित सूचना प्रणाली (Real Time Basis–On Line Information System) को डिजाइन तथा विकास गरी कार्यान्वयन गरिनेछ।

८.२.३ सामाजिक समावेशीकरणको अवस्था तथा पछाडि परेकाहरूको तथ्याङ्क/सूचना प्राप्त हुने गरी विद्यमान प्रतिवेदन प्रणालीहरूमा समावेशी सूचकहरूको विकास गरी एकीकृत गरिनेछ।

८.२.४ नवीनतम् सूचना प्रविधिको उपयोग गरी वस्तुनिष्ठ र यथार्थपरक तथ्याङ्कका आधारमा दोहोरोपना नआउने गरी वडा र विषय क्षेत्रबाट लक्षित

कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

८.२.५ सूचना प्रविधिको अवलम्बन र उपयोग गर्न वडा र विषय क्षेत्रको क्षमता विकास र संस्थागत सुदृढीकरण गरिनेछ।

८.२.६ समानुपातिक समावेशी सिद्धान्तबमोजिम लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न स्थानीय मौजुदा कानुनहरूमा पुनरावलोकन गरी भईरहेका कानुन परिमार्जन तथा आवश्यकता अनुरूप नयाँ कानुन तर्जुमा गरिनेछ।

८.२.७ योजना प्रक्रियाका चरणहरू लगायत अवसर तथा लाभ वितरणमा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक कानून, कार्यविधि तथा मापदण्डको परिमार्जन तथा तर्जुमा गरिनेछ।

८.२.८ लक्षित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न भइरहेका कार्यविधि तथा मापदण्डहरूको पुनरावलोकन गरी परिमार्जन गरिनेछ। साथै आवश्यकता अनुसार नयाँ कार्यविधि तथा मापदण्डहरूको तर्जुमा गरिनेछ।

८.२.९ विभिन्न जाति, लिङ्ग एवम् क्षेत्रबीच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा रहेका अन्तर कम गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

८.२.१० पछाडि परेका वर्गहरूको आधारभूत तथ्याङ्कका आधारमा आवश्यकता पहिचान गरी योजना छनौट तथा कार्यान्वयन गरिनेछ।साथै अति विपन्न वर्गका लागि निश्चित कार्यक्रम तथा बजेटको सुनिश्चितता गरिनेछ।

८.२.११ लक्षित समुदायहरूलाई योजनाको मूल्याङ्कन लगायत सोबाट सिर्जित लाभ लिन तथा अवसरहरूको उपयोग गर्न स्थानीय स्तरमा समूह परिचालन, पारदर्शिता र स्वमूल्याङ्कन विधिको अवलम्बन गरिनेछ।

८.२.१२ लक्षित वर्ग, क्षेत्र र समुदायलाई आर्थिक तथा सामाजिक रूपले सशक्तीकरण गर्न सकारात्मक विभेद लगायत दक्षता अभिवृद्धि तथा कार्यक्रम सञ्चालन गरिनेछ।

८.२.१३ आर्थिक, सामाजिकरूपले पछाडि परेका लक्षित वर्गलाई उपलव्ध रोजगारीका अवसर उपयोग गर्न सक्षम तुल्याउन सीप विकास तालिम प्रदान गरिनेछ।

८.२.१४ लक्षित वर्गको क्षमता विकासका लागि गाउँपालिका/नगरपालिका क्षेत्र भित्र क्रियाशील गैह्रसरकारी संस्थोँनागरिक समाज र सञ्चार माध्यमलाई परिचालन गरिनेछ।

रणनीतिः३ पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ

प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने ।

८.३.१ विभिन्न लक्षित वर्ग र समुदायबीच सामाजिक क्षेत्रमा रहेको अन्तरलाई कम गर्न त्यस्ता वर्ग, क्षेत्र र समुदायको पहिचान गरी स्थानीय संरचना, स्रोत साधन, अवसर र लाभमा न्यायोचित पहुँचको व्यवस्था गरिनेछ ।

८.३.२ लक्षित समुदायका मानव विकास सूचकाङ्कका आधारमा विशेष कार्यक्रमहरू सञ्चालन गरी जीवनस्तरमा सुधार गरिनेछ ।

८.३.३ सीमान्तीकृत तथा पिछडिएका क्षेत्रका नागरिकहरूको आर्थिक तथा सामाजिक विकासका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८.३.४ समाजमा विद्यमान सबै प्रकारका भेदभावजन्य व्यवहार, छुवाछुत र कुरीतिको अन्त्यका लागि आवश्यक कानुनहरूको तर्जुमा गरिनेछ ।

८.३.५ समाजमा विद्यमान नकारात्मक सामाजिक मूल्य मान्यता, कुरीति, छुवाछुत तथा भेदभावजन्य प्रचलन र व्यवहार विरूद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

८.३.६ सामाजिक आचरण र व्यवहारसम्वन्धी आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

८.३.७ सामाजिक भेदभावजन्य कार्य विरुद्धका कानुनहरूको वडा तथा गाउँस्तरमा प्रबोधीकरण गरी कानुनी व्यवस्थाको परिपालनामा जोड दिइनेछ ।

८.३.८ बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, बेठबेगारी प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्न गराउन सबै वडा कार्यालयहरुलाई सक्रिय गराइनेछ ।

रणनीति ४ः उपलब्ध हुने स्रोत साधन तथा अवसरको प्राप्ति र उपयोग गर्न लक्षित समुदायको सशक्तीकरण गर्ने ।

८.४.१ महिला तथा विपन्न वर्गलगायत पछाडि परेका समुदाय तथा व्यक्तिहरूका लागि सीप विकास तालिम, छात्रवृत्ति कर्जा, शिक्षा तथा रोजगारीमा प्राथमिकता दिइनेछ ।

८.४.२ आर्थिक तथा सामाजिकरूपले पछाडि परेका लक्षित वर्गलाई सीप विकास तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ ।

८.४.३ असहाय अवस्थामा रहेका एकल महिलाहरूको पहिचान गरी उनीहरूको सीप, क्षमता र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिई जीविकोपार्जन गर्न सघाउ पुर्याउने कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.४ जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनस्थापना, संरक्षण र सशक्तीकरण गरी स्वावलम्बन गराउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.५ प्रजनन अवस्थाका सेवा सुविधाहरूको सुनिश्चतता गर्न, बालवालिकाहरूको सर्वोत्तम हित गर्न तथा बालबालिकाको पालनपोषण र परिवारको हेरचाहका काम र योगदानलाई आर्थिकरूपमा मूल्याङ्कन गर्न विषय क्षेत्रगत निकाय मार्फत आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.६ आर्थिक, सामाजिकरूपले पछाडि परेका लक्षित वर्गको आर्थिक विकासका लागि सहुलियतपूर्ण कर्जा प्रवाहका साथै सहकारी एवम् समूह वचत परिचालन मार्फत वित्तीय स्रोतमा पहुँच स्थापित गरिने छ।

८.४.७ लक्षित वर्गलाई बचत परिचालन कार्यमार्फत आर्थिकरूपले सबलीकरण गर्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.८ आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपले पिछडिएका वर्ग तथा नागरिकहरूलाई लक्षित गरी समुदायस्तरमा सहकारी व्यवसाय मार्फत् उनीहरूको जीवनस्तर अभिवृद्धि गर्ने कार्य गरिनेछ।

८.४.९ स्थानीय स्तरमा परम्परागत पेशाको आधुनिकीकरण र व्यवसायीकरण गरी आय आर्जनमा सहयोग गरिनेछ।

८.४.१० लक्षित वर्गमा रोजगारीका अवसर, लाभको न्यायोचित वितरण र समतामूलक पहुँचको सुनिश्चित गरी सामाजिक सुरक्षा प्रदान गर्न आवश्यक कार्यविधि तथा मापदण्ड तयार गरिनेछ।

८.४.११ गुरुकुल/आश्रम, वेद विद्याश्रम, गोन्पा (गुम्बा), मदरसा लगायतका धार्मिक शैक्षिक संस्थाहरूको संस्थागत क्षमता सुदृढीकरण गरिनेछ।

८.४.१२ स्थानीय लोपोन्मुख भाषा तथा लिपिहरूको खोज, अध्ययन, अनुसन्धान गरी अभिलेखन तथा संरक्षण गरिनेछ।

८.४.१३ गुठी, संग्रहालय, कला केन्द्र, सांस्कृतिक सम्पदाको जगेर्ना गरी परम्परागत ज्ञान, सीप, कला, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.१४ लोपोन्मुख, सीमान्तीकृत, अल्पसङ्ख्यक लगायत विपन्न वर्गको पहिचान गर्दै उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न तथा अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै ती समुदाय तथा वर्गसँग सरोकार राख्ने विषयका निर्णयमा उनीहरूलाई सहभागी गराउन क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.१५ आदिवासी, जनजाति, दलित, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक लगायतको मातृभाषा तथा संस्कृतिको संरक्षण एवम् प्रबर्द्धन गर्ने कार्यमा संलग्न विभिन्न निकायहरूको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि गरिनेछ।

८.४.१६ आदिवासी जनजाति, दलित, मधेशी, थारु, मुस्लिम समुदाय, पिछडावर्ग, अल्पसङ्ख्यक, लोपोन्मुख जातजातिको लोपोन्मुख भाषा एवम् संस्कृतिलाई संरक्षण र प्रवर्द्धन गर्न आवश्यक अनुसन्धान, असल अभ्यास तथा सिकाईको अनुसरण एवम् सम्बन्धित वर्गको संलग्नता र त्यसप्रति जागरुकता ल्याउने कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.१७ स्थानीय भाषा तथा संस्कृतिको संरक्षण गर्न सम्बद्ध गैह्रसरकारी संस्थाहरूलाई समेत परिचालन गरिनेछ।

८.४.१८ सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग क्षेत्र र समुदाय भित्रका आर्थिकरूपले विपन्न वर्गलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.१९ वडा कार्यालयहरूमार्फत् जोखिम र पारिवारिक हिंसामा परेका व्यक्तिहरूको पहिचान गरी अभिलेखीकरण गर्ने कार्य गरिनेछ।

८.४.२० जोखिम र हिंसामा परेका व्यक्तिहरूलाई परिवार र समाजमा पुनर्स्थापना गर्न आवश्यक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।

८.४.२१ अपाङ्गता भएका व्यक्ति, बालवालिका तथा लैङ्गिक संवेदनामैत्री भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माणसम्वन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्ने गराइनेछ।

८.४.२२ लैङ्गिक संवेदनशील विषयहरूको पहिचान गरी सो अनुरूप कार्यस्थल वातावरणलाई अनुकूल तुल्याइनेछ।

८.४.२३ भौगोलिक विकटता र विपन्नताका कारण स्वास्थ्य तथा उपचार सेवा नपाई जीवन जोखिममा रहेका महिला तथा बालबालिकाहरूलाई

तत्काल उद्धार गरी स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.२४ लैङ्गिक हिंसामा परेका व्यक्ति, संरक्षण गर्नुपर्ने बालबालिका तथा मानसिक समस्या भएका व्यक्ति लगायतको पहिचान गरी आवश्यक संरक्षण, पुनर्स्थापन र सशक्तीकरण गरिनेछ।साथै स्थानीयस्तरमा रहेका पुनर्स्थापन केन्द्र तथा सेवा केन्द्रहरूको सुदृढीकरण गरिनेछ।

८.४.२५ अपाङ्गमैत्री, बालबालिकामैत्री तथा लैङ्गिकमैत्री भौतिक संरचना निर्माणको सुनिश्चितताका लागि सरोकारवालाहरूको क्षमता विकास गरिनेछ।

८.४.२६ पहिचान गरिएका लक्षित वर्ग लगायतलाई समावेशीकरणको अवधारणा समेतका विषयमा जानकारी दिन चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.२७ सामाजिक समावेशीकरण सम्बन्धी चेतनामूलक तथा प्रचार प्रसारमूलक श्रव्य दृश्य लगायतका सामाग्रीहरू निर्माण गरी उपयोग गरिनेछ।

८.४.२८ जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय सञ्चार माध्यम लगायत सहयोगी सङ्घ संस्थाहरूलाई समेत परिचालन गरिनेछ।

८.४.२९ सामाजिक समावेशीकरण सम्बन्धी नीतिको वडा तथा गाउँस्तरमा प्रबोधीकरण गरिनेछ।

८.४.३० समावेशीकरणका मान्यतालाई संस्थागत गर्न सबै वडाहरूमा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन ढाँचा तयार गरी सो अनुरूप लागू गर्न प्रेरित गरिनेछ।

रणनीति ५ः सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने।

८.५.१ लक्षित कार्यक्रम सञ्चालन गर्न सम्बध्द निकाय तथा पदाधिकारीहरुको क्षमता विकास तथा संस्थागत सुदृढीकरण गरिनेछ।

८.५.२ लक्षित कार्यक्रमहरूको सञ्चालन गर्ने निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गर्न त्यस्ता निकायहरूको विषय कार्यक्षेत्रगत अनुभव समेतका आधारमा सूची तयार गरी स्रोत साधनको प्रक्षेपण गरिनेछ।

८.५.३ सबै वडाहरुमा समावेशीकरण सम्बन्धी एकीकृत सूचना व्यवस्थापन

प्रणाली विकास गरी यस क्षेत्रसँग सम्बन्धित सूचनाहरू आदान प्रदान गरिनेछ।

८.५.४ वडा कार्यालयहरुबाट भएका असल अभ्यासहरूको पहिचान तथा दस्तावेजीकरण गरी प्रचार प्रसार गरिनेछ।

८.५.५ सामाजिक समावेशीकरणका लागि सञ्चालित कार्यक्रमहरूबाट प्राप्त अनुकरणीय सिकाइलाई अनुशरण गर्न विभिन्न वडा र विषय क्षेत्रबीच अनुभव आदान प्रदान गरिनेछ।

८.५.६ समावेशीकरणका लागि अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग भएका अभिसन्धि र द्विपक्षीय तथा वहुपक्षीय प्रतिबद्धताहरूको कार्यान्वयनमा जोड दिइनेछ।

८.५.७ समावेशीकरणका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास तथा अनुभवहरूको आदान प्रदान गरी स्थानीय कार्यक्रम कार्यान्वयमा प्रभावकारिता ल्याइनेछ।

## ९. संस्थागत व्यवस्था

९.१ यस नीतिमा भएका प्रावधानलाई समावेशीकरणको अवधारणा अनुरुप प्रभावकारीरूपमा कार्यान्वयन गर्न देहाय बमोजिमको सामाजिक समावेशीकरण नीति निर्देशक समिति रहनेछः

गाउँपालिका/नगरपालिकाका अध्यक्ष/प्रमुख - संयोजक

उपप्रमुख/उपाध्यक्ष - सदस्य

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

सामाजिक विकास समितिका संयोजक, - सदस्य

कार्यपालिकाका सदस्यहरुमध्येबाट कम्तिमा २ जना महिला सहित संयोजकले तोकेका तीन जना - सदस्य

सामुदायिक संङ्घ संस्थाहरूमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका तीन जना - सदस्य

सामाजिक विकास विभाग/महाशाखा/शाखाका प्रमुख - सदस्य सचिव

सामाजिक समावेशीकरण नीति निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

१. सामाजिक समावेशीकरण नीति पुनरावलोकन र परिमार्जनका लागि खाका तयार गर्ने गराउने।

२.नीति कार्यान्वयनका लागि सम्बद्ध वडा तथा निकायबीच सहकार्य, सहजीकरण

र समन्वय गर्ने गराउने ।

३. सामाजिक समावेशीकरणसम्बन्धी बजेट तथा कार्यक्रम तर्जुमा र सञ्चालन गर्न आवश्यक समन्वय, सहकार्य तथा प्रोत्साहन एवम् सहयोग सम्बन्धी व्यवस्था गर्ने ।

४. सामाजिक समावेशीकरणसम्बन्धी कार्यको अनुगमन गर्ने गराउने ।

५. सामाजिक समावेशीकरण सहयोगी नीतिहरूसँग सामञ्जस्यता स्थापना गर्ने र आवश्यक सहयोग आदान प्रदान गर्ने ।

६. सामाजिक समावेशीकरण मूलप्रवाहीकरणका लागि संस्थागत प्रणाली, विधि एवम् प्रक्रियाहरू स्थापित गर्न सहयोग गर्ने ।

७. वडा कार्यालयहरुमा सामाजिक समावेशीकरणका दृष्टिकोणले कार्यक्रम तर्जुमा गर्न संस्थागत क्षमता विकासमा सहयोग गर्ने ।

८. योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन तथा प्रतिवेदन प्रणलीमा सामाजिक समावेशीकरणको आबद्धता र मूलप्रवाहीकरणका लागि सहजीकरण गर्ने।

९. सरकारी तथा गैह्रसरकारी सङ्घ संस्था र नागरिक समाजमा सामाजिक समावेशीकरणलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

१०. वडागत विकास कार्यक्रमको सामाजिक लेखाजोखा र परीक्षण गर्ने गराउने ।

११. अन्तर्राष्ट्रियरुपमा गरेका सामाजिक समावेशीकरणसँग सम्बन्धित प्रतिबद्धताहरु स्थानीयस्तरमा लागू एवम् कार्यान्वयन गर्न गराउन सहजीकरण, प्रोत्साहन र आवश्यक सहयोग पुऱ्याउने ।

१२. आर्थिक एवम् सामाजिकरूपमा पछाडि परेका वर्ग, जात जाति, लिङ्ग, क्षेत्र एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने समावेशीकरणका कार्यक्रम वा आयोजनाका लागि आवश्यक बजेट विनियोजन भए नभएको अनुगमन गर्ने ।

१३. सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरूको आंकलन र जोखिम सम्बोधन गर्ने गराउने ।
समितिको बैठक आवश्यकता अनुसार बस्नेछासमितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९.२ **नीतिको कार्यान्वयन तथा अनुगमन सम्वन्धी व्यवस्थाः**

निर्देशक समितिको निर्देशनमा सम्वन्धित महाशाखा।शाखा एवं निकायबाट नीति कार्यान्वयनको आवश्यक व्यवस्था मिलाईनेछ।अनुगमन तथा सुपरीवेक्षण समितिबाट नीति कार्यान्वयनको नियमित अनुगमन गरी वार्षिक प्रतिवेदन पेश गरिनेछ।

**१०. नीतिको मूल्याङ्कन**

यस नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको मूल्याङ्कन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवम् सुधार गरिनेछ। सामान्यतया पाँच वर्षपछि यस नीतिको पुनरावलोकन गरिनेछ।

**११. सम्भावित जोखिम न्यूनीकरण योजना**

उल्लेखित रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयनमा आउन सक्ने सम्भाव्य जोखिमको निराकरणका लागि देहाय बमोजिमको उपायहरू अवलम्बन गरिनेछः (सम्बन्धित स्थानीय तहको जोखिमका प्रकृति र स्वरुप अलग अलग हुने भएकाले सो अनुरुप सम्भावित जोखिम, जोखिम न्यूनिकरणका उपायहरु र जिम्मेवार निकाय उल्लेख गर्नहुन।

**नमूना ढाँचा**

| क्र.सं. | सम्भावित जोखिम | जोखिम न्यूनीकरण गर्ने उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| १ | सामाजिक समावेशीकरणको विषय वडाको कम प्राथमिकतामा पर्न सक्ने। | नीति, मार्गदर्शन एवं वार्षिक योजना तथा कार्यक्रमबाट प्राथमिकतामा राख्ने। | सम्बध्द अङ्ग/शाखा/ महाशाखा एवं सम्बन्धित वडा कार्यालय तथा सहयोगी संघ संस्थाहरू। |
| २ | सामाजिक समावेशीकरणका लाभ र अवसरमा लक्षित वर्ग र समुदायको पहुँच कम हुन सक्ने। | लक्षित समुदायको पहिचान गर्ने सूचक निर्धारण र नक्साङ्कन गर्ने तथा लक्षित कार्यक्रम सञ्चालन गर्ने। | सम्बध्द अंग।शाखा ।महाशाखा एवं सम्बन्धित वडा कार्यालय तथा सहयोगी सङ्घ संस्थाहरु। |

| | | | |
|---|---|---|---|
| ३ | नीति कार्यान्वयनमा संलग्न निकायहरूबीच प्रभावकारी रूपमा समन्वय नहुन सक्ने । | नीति निर्देशक समितिको नियमित वैठकको व्यवस्था गर्ने । | सम्बद्ध अङ्ग/ शाखा/महाशाखा |
| ४ | सामाजिक समावेशीकरण सम्बन्धी बुझाइमा विविधता हुन सक्ने । | सचेतनामूलक तथा क्षमता अभिबृध्दिका कार्यक्रम सञ्चालन गर्ने । | सम्बद्ध अङ्ग/शाखा/ महाशाखा एवं सम्बन्धित वडा कार्यालय तथा सहयोगी संघ संस्थाहरू । |
| ५ | समावेशीकरण प्रबर्द्धन लक्षित कार्यक्रमहरूलाई नियमित योजना तथा कार्यक्रममा मूलप्रवाहीकरण नहुन सक्ने । | आवश्यक स्रोत आंकलन गरी व्यवस्थापन गर्न मार्ग निर्देशनद्वारा निर्देशित गर्ने । | सम्बध्द अङ्ग/शाखा/ महाशाखा एवं सम्बन्धित वडा कार्यालय तथा सहयोगी संघ संस्थाहरू । |

परिवर्तन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा

# स्थानीय राजपत्र

खण्ड १ संख्याः१ प्रकाशित मितिः२०८०/१२/३०

भाग ३
परिवर्त गाउँपालिका

# स्थानीय स्वास्थ्य तथा सरसफाई सम्बन्धी ऐन, २०७९

प्रमाणिकरण मितिः२०७९/१०/२०

# स्थानीय स्वास्थ्य तथा सरसफाई सम्बन्धी ऐन, २०७९

**प्रस्तावना**

स्थानीय वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को ब्यवस्थापनमा स्पष्ट कानुनी ब्यवस्था गरि कार्य सम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० का अधिकार हरुलाई कार्यान्वयन गर्न" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम परिवर्तन गाउँपालिकाको गाउँ सभाले यो ऐन तर्जुमा गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस ऐनलाई स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७९ भनिने छ।

(ख) गाउँ सभाबाट स्वकिृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "ऐन" भन्नाले परिवर्तन  गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७९ लाई सम्झनु पर्छ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले परिवर्तन  गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(ङ) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ।

(च) "ट्रष्ट वा लोक कल्याणकारी" भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(छ) "व्यवस्थापन समिति" भन्नाले दफा (५) र (६) अन्तर्गत बनेका समितिलाई सम्झनु पर्दछ।

(ज) “अनुगमन समिति तथा सुपरिविक्षण समिति” भन्नाले दफा (७) अनुसार गाउँपालिकामा गठिन स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनु पर्दछ।

(झ) “स्वास्थ्य संस्था” भन्नाले सरकारी स्तरबाट सञ्चालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा सामुदायिक स्वास्थ्य इकाईलाई सम्झनु पर्दछ।

(ञ) “विपद व्यवस्थापन समिति” भन्नाले अनुसुची (१) अन्तर्गत बनेको समितिलाई सम्झनु पर्दछ।

(ट) “द्रुत प्रतिकार्य समिति” भन्नाले दफा (८) अन्तर्गत बनेको समितिलाई सम्झनु पर्दछ।

(ठ) स्थानीय तहमा रहने “द्रुत प्रतिकार्य टोली”/Rapid Response Team(RRT) भन्नाले दफा (९) अन्तर्गत बनेको समितिलाई सम्झनु पर्दछ।

(द) स्थानीय जनस्वास्थ्य बोर्ड समिति भन्नाले दफा (१०) अर्न्तगत बनेको समितिलाई सम्झनु पर्दछ।

(ढ) गाउँपालिका/नगरपालिका गुणस्तर सुनिश्चता (RMQAWC) समिति भन्नाले दफा (११) अन्तर्गत बनेको समितिलाई सम्झनु पर्दछ ।

(ण) स्वास्थ्य शाखा तथा आधारभूत स्वास्थ्य संस्थाहरुको संगठन संरचना भन्नाले अनुसूचि (२), (३), (४) र (५) लाई सम्झनु पर्दछ।

(त) खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन समिति भन्नाले दफा (१३) अन्तर्गत बनेको समितिलाई सम्झनु पर्दछ।

(थ) एम्बुलेन्स सञ्चालन समिती भन्नाले दफा (१४) अन्तर्गत बनेको समितिलाई सम्झनु पर्दछ।

(ड) खरिद निर्णय समित भन्नाले दफा (३४) अन्तर्गत बनेको समितिलाई सम्झनु पर्दछ।

(ध) मूल्याङकन समिती भन्नाले दफा (३५) अर्न्तगत बनेको समितिलाई सम्झनु पर्दछ।

(न) स्वास्थ्य संस्था गुणस्तर सुधार समिति भन्नाले दफा (१२) अर्न्तगत बनेको समितिलाई सम्झनु पर्दछ।

(प) प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा समिति भन्नाले दफा (१५) अन्तर्गत बनेको समितिलाई सम्झनु पर्दछ।

(फ) विपन्न नागरिक औषधि उपचार समिति भन्नाले दफा (१६) अन्तर्गत बनेको समितिलाई सम्झनु पर्दछ ।

(व) पालिकास्तरीय खोप समन्वय समिति भन्नाले दफा (१७) अन्तर्गत बनेको समितिलाई सम्झनु पर्दछ ।

(भ) स्थानीय तह स्वास्थ्य विमा संयोजन समिति भन्नाले दफा (१८) अन्तर्गत बनेको समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु : स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन् ।

(क) सरकारी वा सामुदायिकः सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिक, आयूर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजीः निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको अधिनस्थः ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरूको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्डः स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुने छ ।

५. गाउँपालिका स्तरिय स्वास्थ्य समिति गठन, काम, कर्तव्य र अधिकारः

(१) गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख समन्वय र व्यवस्थापन गर्न गाउँपालिका स्तरिय स्वास्थ्य समितिको गठन गरिने छ, यस समितिको गठन यस प्रकार हुने छः

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) सामाजिक बिकास समितिको संयोजक - सदस्य

(ग) स्वास्थ्य सस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुबाट नर्सिङ्ग तर्फ १ र हे.ई.तर्फ २ कार्यपालिकाले तोकेको नर्सिङ्ग तर्फ १ र हे.ई.तर्फको २ गरि जम्मा ३ जना

(घ) स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिका अध्यक्षहरु मध्ये बाट कार्यपालिकाले तोकेका २ जना - सदस्य- सदस्य

(ङ) कार्यपालिकाको सदस्यहरु मध्येवाट कार्यपालिकाले तोकेको १ जना महिला सहित २ जना - सदस्य

(च) स्वास्थ्य क्षेत्रमा काम गर्ने गैर सरकारी संघ संस्थाहरु वाट कार्यपालिकाले तोकेको २ जना - सदस्य

(छ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) गाउँपालिका स्तरिय स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति तथा स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) गाउँ कार्यपालिकालाई स्वास्थ्य क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(ञ) विपन्न नागरीक औषधि उपचार सहायताको लागि गाउँकार्यपालिकामा सिफारिस गर्ने ।

(ट) स्वास्थ्य क्षेत्र भित्रका अन्य तोकिए बमोजिमका कार्यहरु गर्ने ।

६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकारः

(१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी

(स्वास्थ्य संस्था व्यवस्थापन समिति) ब्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै ब्यवस्थापन समिति गठन गरिने छः

(क) गाउँपालिकाको अध्यक्ष - संरक्षक

(ख) सम्वन्धित वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा सदस्य - अध्यक्ष

(ग) अध्यक्षले मनोनित गरेको एक जना - उपाध्यक्ष

(घ) स्वास्थ्य क्षेत्रमा क्रियाशिल मध्ये संरक्षकबाट मनोनित महिला १ जना - सदस्य

(ङ) स्वास्थ्य संस्था रहेको विद्यालयको प्रधानाध्यापक मध्येबाट समितिले तोकेका - सदस्य

(च) सम्बन्धित वडाको वडासचिव - सदस्य

(छ) स्थानिय व्यापारी मध्येवाट समितिले मनोनित गरेको एक जना - सदस्य

(ज) किशोरकिशोरीहरु मध्ये १र१ जना - सदस्य

(झ) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

(२) स्वास्थ्य संस्था ब्यवस्थापन समितिका काम कर्तब्य र अधिकारहरु निम्नानुसार हुनेछन्ः

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने (ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

७. गाउँपालिका स्तरिय स्वास्थ्य अनुगमन सुपरिविक्षण तथा मुल्यांकन समिति गठनः

(१) गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न गाउँपालिका स्तरिय स्वास्थ्यअनुगमन समितिको गठन गरिने छ, यस समितिको गठन यस प्रकार हुने छः

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) सामाजिक बिकास समितिको संयोजक - सदस्य

(ग) गाउँ सभाका सदस्यहरू मध्येबाट अध्यक्षले तोकेको एक जना महिला सहित २ जना - सदस्य

(घ) सरकारी/सामुदायिक स्वास्थ्य संस्थाका प्रतिनिधि मध्येबाट अध्यक्षले तोकेको २ जना -सदस्य

(ङ) गाउँपालिका भित्रका औषधि व्यवसायी हरु मध्येबाट अध्यक्षले मनोनित गर्ने प्रमुख वा प्रतिनिधि २ जना -सदस्य

(च) स्थानीय उपभोक्ता हित संरक्षण मञ्चको प्रमुख वा प्रतिनिधि एक जना - सदस्य

(छ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(आवश्यक्ता अनुसार महत्त्वपूर्ण भूमिकामा रहने निकायका (गैर सरकारी संघ संस्था) का प्रमुख तथा प्रतिनिधिहरूलाई आमन्त्रीत सदस्यहरू थप गर्ने सक्ने छ)

(२) गाउँपालिका स्तरिय स्वास्थ्य अनुगमन, सुपरिविक्षण तथा मूल्याङ्कन समिति काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) गाउँ कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

८. विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४३ उपसमिति गठन गर्न सक्ने बुँदामा "कार्यकारी समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिले आवश्यक्ता अनुसार उपसमिति गठन गर्न सक्नेछ"
स्थानीय तह विपद व्यवस्थापन समितिको मातहतमा जनस्वास्थ्य आपतकालिन अवस्था को व्यवस्थापन सम्बन्धी निम्नानुसार पदाधिकारीहरु रहने गरी स्थानीय द्रुत प्रतिकार्य समिति गठन गर्ने ।

१. **महा/उप/नगरपालिका/गाउँपालिकाको हकमाः**

- नगर वा गाउँ कार्यपालिकाको प्रमुख : संयोजक
- प्रमुख प्रशासकीय अधिकृत : सदस्य
- स्थानीय तह स्थित अस्पताल प्रमुख : सदस्य
- विपद व्यवस्थापन शाखा प्रमुख : सदस्य
- स्थानीय तहको स्वास्थ्य शाखा प्रमुख : सदस्य सचिव

यस समितिको बैठकमा विपद् तथा महामारीको प्रकृति अनुसार अन्य सरकारी निकाय, वा साझेदार संस्था तथा विज्ञ हरुलाई आमन्त्रण गर्न सकिने छ ।

२. **द्रुत प्रतिकार्य समितिको मुख्य काम, कर्तव्य र अधिकारहरुः**

- स्वास्थ्य प्रणाली विकास र सुदृढीकरणका लागि स्वास्थ्य क्षेत्रमा विपद् जोखिम न्यूनिकरण चक्र : तयारी,प्रतिकार्य र पुर्नलाभ कार्यक्रमको कार्यान्वयन सम्बन्धि योजना निर्माण, प्राथमिकिकरण,बजेट निर्धारण,स्रोत साधनहरुको बाढफाड,निर्देशन र मुल्यांकन गर्ने ।
- संस्थागत व्यवस्थाहरु र संयन्त्र स्थापना गरि विपद् जोखिम न्युनिकरण र जनस्वास्थ्य आपतकालीन अवस्थाको रोकथाम,पहिचान,प्रतिवेदन र प्रतिकार्य संग सम्बन्धित कार्यक्रमहरुको कार्यान्वयन गर्ने ।

९.जनस्वास्थ्य सेवा ऐन २०७५ दफा ४८ आपतकालीन स्वास्थ्य सेवा तथा व्यवस्थापन अर्न्तगत उपदफा (१) मा "आपतकालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुऱ्याउन तोकीय बमोजिम द्रुत प्रतिकार्य टोली तथा आपतकालीन चिकित्सकिय समुह रहने छ " र उपदफा (२) मा "संघ, प्रदेश र स्थानीय तहले आपतकालीन स्वास्थ्य

योजना विकास गरी लागु गर्नुपर्नेछ" भनि उल्लेख भए बमोजिम यसै आधारमा उपसमितिले आपतकालीन अवस्थामा आफ्नो मातहत बाट स्वास्थ्यकर्मिहरु (RRT) परिचालन गर्न सक्ने छ। स्थानीय तहमा रहने द्रुत प्रतिकार्य टोली/ Rapid Response Team (RRT) मा निम्न स्वास्थ्यकर्मि परिचालन गर्न उपयुक्त हुनेछ।

१. **स्थानीय तहको हकमा (महा, उप, नगरपालिका र गाउँपालिका)**:

- स्वास्थ्य शाखा प्रमुख : संयोजक
- जनस्वास्थ्य अधिकृत/जनस्वास्थ्य निरीक्षक : सदस्य
- हे.अ./सि.अ.हे.व./अ.हे.व. : सदस्य
- ल्याव असिष्टेन्ट/ल्याव टेक्नीसियन् : सदस्य
- पब्लीक हेल्थ नर्स/अ.न.मी. : सदस्य
- स्थानीय स्वास्थ्य संस्थाको प्रमुख

**आमन्त्रित** :

- स्थानीय स्वास्थ्य शाखाको तथ्याङ्क हेर्ने फोकल व्यक्ति,रहने गरि समितिले आवश्यक्ता अनुसार पदाधिकारी थपघट गर्न सक्नेछ।

महामारीको प्रकृति अनुसार विभिन्न विभाग,निकाय तथा सहयोगी संस्थाहरुबाट विज्ञ तथा प्राविधिकहरू - जस्तै पशु स्वास्थ्य, खाद्य, वास, भे.क.नि., स्वास्थ्य शिक्षा अधिकृत आदि) परिचालन गर्न सकिने छ।

यसरी बढिमा ११ सदस्यीय एक स्थानीय द्रुत प्रतिकार्य टोली रहनेछ। साथै आवश्यक परेको खण्डमा एक भन्दा बढि टोली बनेर परिचालन गर्न सकिनेछ।

२. **द्रुतप्रतिकर्य टोली/RapidRespnse Team (RRT) को काम, कर्तव्य र अधिकारहरु**:

क) आपतकालीन जनस्वास्थ्य घटना/अवस्थाको अनुसन्धान, व्यवस्थापन तथा नियन्त्रण गर्न जनस्वास्थ्य आपतकालीन व्यवस्थापन उप समितिद्वारा प्रदान गरिएको कार्य योजनाको कार्यान्वियन गर्ने र निर्देशनअनुसार कार्य गर्ने।

ख) आपतकालीन जनस्वास्थ्य घटनाको अनुसन्धान गर्ने।

- घटनाको पुस्टि गर्ने।
- प्रारम्भिक अवस्थामा क्लिनिकल र इपिडिमोलोजिकल विशेषताहरुको आधारमाध्यचपष्लन ञ्चबकभ म्भाष्लषत्ष्यलबनाउने।
- सो घटनासँग सम्बन्धित सबै प्रभावित विरामीहरुको खोजीगर्ने र उपयुक्त जनसांख्यिक, क्लिनिकल र इपिडिमोलोजिकल विवरणहरु समेटिने गरी विस्तृत Line List तयार पार्ने।

- Line List बाट प्राप्त निष्कर्षको आधारमा रोगको प्रकृति र सिन्ड्रोम पहिचान गर्ने ।
- रोग कसरी फैलिरहेको छ भन्ने पहिचान गर्ने (Mode of Transmission) पत्ता लगाउने ।
- संक्रमण नियन्त्रणका लागि सावधानी अपनाई उपयुक्त क्लिनिकल र वातावरणीय नमूना संकलन गरी नमूना प्रयोगशाला परीक्षणका लागि प्याकेज गरी पठाउने ।
- संकलन गरिएको जानकारीको आधारमा इपिडेमोलोजिकल विश्लेषण गर्ने ।
- अनुसन्धानको प्रारम्भिक रिपोर्ट, अन्तरिम रिपोर्ट र अन्तिम प्रतिवेदन तयार गरी PHEM-SC र अन्य सम्बद्ध निकायमा पेश गर्ने ।

ग) रोग फैलिननदिन र रोकथामका लागि उपयुक्त कार्यहरू गर्नेः

- स्वास्थ्यकर्मी, सर्वसाधारण र समुदायका लागि संक्रमण रोकथामका उपायहरु अपनाउने ।
- उपयुक्त देखिएमा उचयउजथबिहष्क प्रयोग गर्ने । (औषधी वा खोप)
- आवश्यकता अनुसार संक्रमित व्यक्तिहरुको Isolation र लक्षण नदेखिएका तर exposed व्यक्तिहरुको Quarantine गर्ने ।
- वातावरणीय विधि जस्तैः पानीको नमूना परीक्षण, पानी शुद्धिकरण गर्ने विधिहरु, हातधुने तरीका, सरसफाई प्रवर्द्धन, भेक्टर कन्ट्रोललाई आवश्यकता अनुसार अवलम्बन गर्ने ।
- समुदायमा उपयुक्त जानकारीहरु प्रवाह गर्न सञ्चार माध्यमको सहायता लिने ।

घ) बिरामीहरुको उपयुक्त उपचार व्यवस्थापन गरी आपतकालीन स्वास्थ्य घटना बाट हुन सक्ने मृत्यु, जटिलता र अपांगतालाई रोकथामगर्न/घटाउन स्वास्थ्य संस्थाहरुमा प्राविधिक सहयोग र आवश्यक औषधी, औजार/उपकरणहरुको आपूर्ति व्यवस्थापन गर्ने ।

- Triage, Isolation, cohortin नगर्दा स्वास्थ्य संस्थाहरुमा बिरामीको चापको व्यवस्थापन गर्न स्वास्थ्य संस्थाको व्यवस्थापनको अनुगमन, मूल्याङ्कन र सहयोग गर्ने ।
- स्वास्थ्य संस्थाहरुले प्रदान गरेको उपचार पद्धतिको मूल्याङ्कन र अनुगमन गर्ने ।

- स्वास्थ्य संस्थाहरुले उपचार व्यवस्थापनमा महशुस गरेका समस्या र चूनौतीहरु पत्ता लगाउने ।
- स्तरीय उपचार पद्धतिअनुसार बिरामीहरुको उपचार व्यवस्थापन गर्न स्वास्थ्य संस्था र विशेषज्ञ संस्थाहरु बीच समन्वय गर्ने ।
- आवश्यक औषधी, मेडिकल उपकरण तथा सामग्रीहरुको व्यवस्था गर्ने ।
- आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरुमा थप स्वास्थ्यकर्मीहरुको व्यवस्थापन गर्ने ।
- प्रेषण प्रणाली (community traige, stabilization, safe transport, ambulance services etc) को मूल्याङ्कन गर्ने र बिरामीहरुको उपयुक्त प्रेषण भएको सुनिश्चित गर्ने ।

ङ) समन्वय र सम्पर्कः

- स्थानीय समुदाय, जनप्रतिनिधिहरू, सरकारी र गैरसरकारी संस्थाहरु, प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र (PHEOC), अन्य आपत कालीन कार्यसञ्चालन केन्द्रहरु र सञ्चारकर्मीहरूसँग जनस्वास्थ्यको आपतकालीन अवस्थाको अनुसन्धान र नियन्त्रणका लागि उपलब्ध स्थानीय स्रोतहरूको परिचालन गर्न समन्वय गर्ने ।
- थप सहयोगका लागि स्थानीय निकाय, स्वास्थ्य संस्थाहरू र उच्चस्तरको स्वास्थ्य संस्थाहरू बीच समन्वय गर्ने
- जनस्वास्थ्य आपतकालीन व्यवस्थापन उपसमिति (PHEM-SC), इपिडेमोलोजि तथा रोग नियन्त्रण महाशाखा (EDCD), स्वास्थ्यतथा जनसङ्ख्या मन्त्रालय र अन्य सम्बन्धित सरोकारवाला निकायहरुमा नियमति रूपमा प्रतिवेदन गर्ने ।

च) समिक्षा र सिफारिसहरूः

- स्थानीय तहमा जनस्वास्थ्य आपतकालीन घटनाको कारणहरु पहिचान गर्ने र भविष्यमा सोही प्रकृतिको घटनाको रोकथामका लागि उपयुक्त उपायहरु सिफारिस गर्ने ।
- पूर्वतयारी र न्यूनीकरणको लागि PHEM-SC लाई पृष्ठपोषण दिने ।
- PHEM-SC द्वारा सञ्चालित समिक्षामा सक्रिय रुपमा सहभागी हुने ।

१०. स्थानीय जनस्वास्थ्य बोर्डः

१. स्थानीय जनस्वास्थ्य बोर्डको गठन गाउँपालिकाले जनस्वास्थ्य सँग सरोकार निकायका उच्च अधिकारीरु तथा विज्ञहरुको संलग्नता हुने गरी निम्न

बमोजिमको जनस्वास्थ्य परिषद वा बोर्ड स्थापना गर्नेछः

क) गाउँपालिका प्रमुख - अध्यक्ष

ख) गाउँपालिका उपप्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) स्थानीय स्वास्थ्य समिति प्रमुख - सदस्य

ङ) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य - सदस्य

च) कानुन शाखा प्रमुख वा कानुनी सल्लाहाकार - सदस्य

छ) स्थानीय अस्पताल/स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक/स्वास्थ्यकर्मी मध्ये गाउँपालिका अध्यक्षले तोकेको २ जना - सदस्य

ज) समितिले मनोनित गर्ने स्वास्थ्य र शिक्षा क्षेत्रका विज्ञ २ जना - सदस्य

झ) स्थानीय स्वस्थ्य शाखा प्रमुख - सदस्य सचिव

२. **स्थानीय जनस्वास्थ्य बोर्डको काम, कर्तव्य र अधिकारहरुः**

- स्थानीय स्तरमा स्वास्थ्य सुरक्षा,सम्बर्धन र सुधार सम्बन्धी नीति निर्धारण गर्ने,
- स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्रथमिकताका क्षेत्रहरु निर्धारण गर्ने,
- राष्ट्रिय स्वास्थ्य योजना र नीति तर्जुमाको अनुसरण गर्ने गराउने,
- जनस्वास्थ्य सम्बन्धि राष्ट्रिय रणनीति तर्जुमाको अनुसरण गर्ने गराउने,
- रोगहरुको रोकथाम,प्रबर्धनात्मक कार्य लगायत जनस्वास्थ्यको सुधार सम्वन्धि कुनै पनि विषयमा प्रदेश तथा संघिय सरकार संग आवश्यक सहयोग तथा परामर्श लिने,
- तोकिए बमोजिमको अन्य कार्य गर्ने,
- स्वस्थ्य संग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न समिति वा उपसमिति गठन गर्ने,
- बोर्ड(परिषद्) सम्बन्धि अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ,

**११. गाउँपालिका/नगरपालिका गुणस्तर सुनिश्चता प्रणालीः संरचना (RMQAWC)**

| | | | |
|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | गाउँपालिका | अध्यक्ष |
| २ | जन निर्वाचित दलित महिला सदस्य | सम्वन्धित वडा समिती | सदस्य |
| ३ | उपभोक्ता मन्चबाट १ जना प्रतिनिधि | गाउँपालिका | सदस्य |

| | | | |
|---|---|---|---|
| ४ | १ जना (नर्सिङ्ग प्रतिनिधि) | सरकारी अस्पताल/प्रा.स्वा.का./हे.पो. | सदस्य |
| ५ | १ जना वडा प्रतिनिधि | वडा अध्यक्षहरु मध्येबाट | सदस्य |
| ६ | कार्यकारीणी अधिकृत | सम्वन्धित गाउँपालिका | सदस्य |
| ७ | स्वास्थ्य शाखा प्रमुख | स्वास्थ्य शाखा | सदस्य सचिव |
| ८ | १ जना प्रतिनिधि | गैर सरकारी संघ संस्था | आमन्त्रीत |

**१.गाउँ/नगरपालिका गुणस्तर सुनिश्चितता कार्य समितिका काम, कर्तव्य र अधिकारहरू:**

- तथ्य/प्रमाण (भखष्मभलअभ) को वारेमा छलफल,
- कार्ययोजना तथा बजेटको तर्जुमा तथा कार्यान्वयन गर्ने,
- पालिका स्तरमा सञ्चालीत कार्यक्रमको समन्वय तथा सहमती,
- सुपरिवेक्षण,

१२. **स्वास्थ्य संस्था गुणस्तर टोली:**

| | | |
|---|---|---|
| स्वास्थ्य चौकी | संस्था प्रमुख | १ जना |
| | अ.न.मी. | १ जना |
| | स्वास्थ्य संस्था रहेको वडा समितिबाट ब्यवस्थापन समितिबाट | १ जना |
| | महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट | १ जना |
| | उपभोक्ता वा सेवाग्राहीबाट | १ जना |
| | जम्मा | ५ जना |
| प्राथमिक स्वास्थ्य सेवा केन्द्र | आधारभूत स्वा.से./सामुदायिक स्वा.इकाई केन्द प्रमुख | १ जना |
| | हेल्थ असिस्टेण्ट/अ.हे.ब. | १ जना |
| | स्टाफ नर्स/अ.न.मी. | १ जना |
| | संस्था रहेको वडा समितिबाट (१ जना महिला सहित) | २ जना |
| | महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट | १ जना |
| | उपभोक्ता वा सेवाग्राहीबाट | १ जना |
| | जम्मा : | ७ जना |
| आधारभूत अस्पताल | अस्पताल प्रमुख | अध्यक्ष |
| | प्रतिनिधि अस्पताल विकास समिती | सल्लाहकार |
| | मेट्रोन/नर्सिङ्ग ईन्चार्ज | सदस्य |
| | प्रयोगशाला ईन्चार्ज | सदस्य |

| | | |
|---|---|---|
| | रेडियोलोजी यूनिट ईन्चार्ज | सदस्य |
| | ओ.टी. ईन्चार्ज | सदस्य |
| | फार्मेसी इन्चार्ज | सदस्य |
| | ओ.पि.डि. ईन्चार्ज | सदस्य |
| | स्टोरकिपर | सदस्य |
| | आर्थिक/प्रशासन अधिकृत | सदस्य |
| | उपभोक्ता मन्चबाट १ जना प्रतिनिधि | सदस्य |
| | ईमरजेन्सी ईन्चार्ज | सदस्य |
| | मेडिकल अधिकृत | सदस्य |
| | जम्मा : | १३ |

१. **गुणस्तर सुधार टोलीको कार्यहरु :**

- गुणस्तरिय सेवाको लागि मापदण्ड, प्रोटोकल, निर्देशिका अनुसार स्वास्थ्य संस्थाको लेखाजोखा गरि सुधार गर्नुपर्ने कुराको पहिचान गर्ने,
- नियमित रुपमा बैठक बस्ने र वैठकमा गुणस्तर सुधारको लागि विभिन्न विषयहरुमा छलफल गरी कार्यमा सुधारको लागि कार्य योजना बनाउने,
- कार्य योजना अनुसार कार्यान्वयनको लागि पहल गर्ने,
- संस्थाको गुणस्तरिय सेवाको अभिलेख राख्ने तथा प्रगति बारे प्रतिवेदन पठाउने,
- आवश्यक श्रोत साधन जुटाउन गाउँ/नगरपालिका स्वास्थ्य कार्यालय/ईकाइ, वडा समिति, वा अन्य संघसंस्थासंग समन्वय गर्ने,

१३. **खानेपानी , सरसफाई तथा स्वच्छता व्यवस्थापन समितीको संरचना देयहाय वमोजिमको हुनेछः**

१) अध्यक्ष : गाँउपालिका अध्यक्ष

२) सदस्य : गाँउपालिका उपाध्यक्ष

३) सदस्य : प्रमुख प्रशासकिय अधिकृत

४) सदस्य : गाँउकार्यपालिकाले तोकेको ३ जना गाँउ कार्यपालिकाका सदस्य

५) सदस्य : पूर्वाधार विकार तथा वातावरण विकास शाखा

६) सदस्य : महिला वालवालिका तथा समाजकल्याण इकाई प्रमुख

७) सदस्य : गाँउपालिका स्तरिय खानेपानी तथा सरसफाइ उ.स. सञ्जाल अध्यक्ष

८) सदस्य सचिव : स्वास्थ्य शाखा प्रमुख

१. **खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन समितीको काम, कर्तव्य र अधिकारहरुः**

क. समिती स्थापना भएलगतै गर्नुपर्ने काम, कर्तव्य र अधिकारहरु निम्न बमोजिम हुनेछन्ः

अ) गाँउपालिकाको बार र क्षेत्रको दीर्घकालिन योजना (आवधिक योजना), मध्यकालिन योजना - बार्षिक योजना) तर्जुमा गर्ने तथा आवश्यक भएमा जलउपयोग गुरुयोजना तय गरिएको परिदृष्य समीक्षा तथा संसोधन गर्ने,

आ) गाँउपालिकाको लागी आवस्यक पर्ने निती, वार्यविधी, निर्देशिका तथा नियमहरु तर्जुमा गर्नेगरी लक्ष्य तय गर्ने (जस्तै : मर्यादित महिनावारी व्यवस्थापन निर्देशिका, पूर्ण सरसफाई निर्देशिका, विद्यालय वास निर्देशिका, खानेपानी सुरक्षा योजना निर्देशिका फोहरमैला व्यवस्थापन निर्देशिका आदि)

इ) गाँउपालिका स्तरिय खानेपानी, सरसफाई तथा स्वच्छता कोष व्यवस्था गर्ने, विभिन्न दातृ निकायहरुलाइ कोषमा योगदान गर्न प्रोत्साहित गर्ने तथा काष को उपयोगिताका बार्षिक सार्वजनिक सुनुवाइ तथा पारदर्शी सार्वजनिक सूचना जारी गर्ने व्यवस्था मिलाउने,

ई) खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन समितीको सचिवालयको रुपमा समेत काम गर्ने गरी आवस्यकता बमोजिम प्राविधिक, सामाजिक तथा प्रशासनिक सहितको (कम्तीमा एकजना प्राविधिक, सामाजिक तथा एक जना सामाजिक सहजकर्ता) गाँउपालिका वास इकाई स्थापना गर्ने,

उ) वास क्षेत्रको निर्णय प्रकृयामा सहजताकालागी गाँउपालिकाका क्षेत्रभित्र रहेका सवै खानेपानी तथा सरसफाइ योजनाहरु बार्षिकरुपमा अध्यावधिक गर्ने प्रयोजन सहित गाँउपालिका स्तरिय सूचना प्रणाली स्थापना गर्ने,

ऊ) खानेपानी तथा सरसफाइ योजनाहरुको न्युनतम स्ञ्चालन तथा मर्मत सम्भार मापदन्ड निर्धारण गरी उपभोत्ता समितीहरुलाई पुरस्कार दिने व्यवस्था को स्थापना गर्ने,

ए) विद्यमान सबै खानेपानी तथा सरसफाई योजनाको उपभोत्ता समितीहरुलाई गाँउ कार्यपालिकाको कार्यालयमा दर्ता गर्ने तथा नियमित रुपमा बार्षिक नविकरण गर्ने व्यवस्था मिलाउने,

ऐ) गाँउपालिकाभित्र रहेका खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रसँग सम्वन्धीत सरोवारकालाहरुको विवरण तयार पार्ने,

**ख. समितीका नियमित काम, कर्तव्य र अधिकारहरु निम्न बमोजिम हुनेछन्ः**

अ) निती निर्माण, योजना तथा बजेट तर्जुमा गर्दा वडा तथा गाँउपालिकाका विषयगत समितीहरुसँग समन्वय कायम गर्ने,

आ) गाँउपालिकास्तरिय आवधिक योजना तर्जुकमा, वास योजनाहरु बजेट तर्जुमा तथा जलउपयोग गुरुयोजना अद्ययावधिक कार्यमा योगदान गर्ने,

इ) जलस्रोत क्षेत्रको योजना तर्जुमा तथा निती निर्माणमा विज्ञ सेवा व्यवस्थापन गर्ने,

ई) सार्वजनिक, संस्थागत, विद्यालय तथा स्वास्थ्य सेवाहरु लक्षित सरसफाईको योजना तर्जुमा गर्ने तथा बजेट व्यवस्थापन गर्ने,

उ) २०८५ भित्रमा गाँउपालिकालाई पूर्ण सरसफाईयुक्त गाँउपालिका घोषणा गर्ने गरी पूर्ण सरसफाइ सम्वन्धी योजना तर्जुमा गर्ने वार्षिक कार्यक्रम तथा अभियानहरु तय गर्ने एवम सोका लागी वजेट व्यवस्थापन गर्ने,

ऊ) २०८५ भित्रमा गाँउपालिकालाई मर्यादित महिनावारी व्यवस्थापन युक्त गाँउपालिका घाषणा गर्ने गरी मर्यादित महिनावारी व्यवस्थापन सम्वन्धी योजना तर्जुमा गर्ने, बार्षि कार्यक्रम तथा अभियानहरु तय गर्ने एवम सो का लागी बजेट व्यवस्थापन गर्ने,

ए) खानेपानी तथा सरसफाई योजना सञ्चालण तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने उपभोत्ता समिती लाई पुरस्कृत गर्ने तथा निष्कृय उपभोत्ता समिती हरुलाइ रकम विनियोजन नगर्ने,

ऐ) गाँउपालिकाभित्र रहेका खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रसँग सम्वन्धीत सरोकारवालाहरुसँग आवस्यक समन्वय र सहकार्य गर्ने,

ओ) खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रको जोखिम पहिचान तथा विश्लेषण गरी पूर्व तयारी तथा जोखिम न्युनिकरन योजना तयार पारी कार्यान्वयन गर्ने,

औ) तर्जुमा गरिएका कृयाकलापहरुको कार्यान्वयन, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

१४) **एम्बुलेन्स सञ्चालन समिती** :

(१) एम्वुलेन्स सेवाको व्यवस्थित उपयोग, सञ्चालन, खटनपटन र व्यवस्थापनका लागी परिवर्तन गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा एक वा छुट्टै सञ्चालन समिती गठन गरिने छ। गठन हुने एम्वुलेन्स सञ्चालक समितीमा देहाय बमोजिमका सदस्य हुने छन्ः

क) स्वास्थ्य शाखा प्रमुख		सदस्य

ख) लेखापाल		सदस्य सचिव

(२) एम्बुलेन्स सञ्चालन समितीका काम, कर्तव्य र अधिकार देयहाय बमोजिम हुनेछन्ः

क) गाँउपालिकाको वैठक निर्णय गरी कार्यान्वयनमा ल्याएको कार्यविधी बमोजिम एम्बुलेन्स को दैनिक खटनपटन गर्ने ।

ख) एम्वुलेन्स सञ्चालन भएको पटक एकिन गरी सो को अभिलेख राख्ने ।

ग) निर्णय नभएको कार्यमा एम्वुलेन्स को प्रयोग भएको पाइएमा तत्काल एम्वुलेन्स फिर्ता गर्न लगाउने ।

घ) तत्काल फिर्ता गर्न अटेर गरेमा प्रहरी प्रशासन को सहयोग लिइ उम्बुलेन्स फिर्ता गराउने ।

ङ) अनाधीकृत प्रयोग भएको अवधीको लागी सञ्चालक समितीले उचित जरिमाना गराई सञ्चालन कोषमा जम्मा गराउने ।

च) कुनै व्यक्ती वा संस्थाले एम्बुलेन्स भाडामा लिई सञ्चालन गरेको अवस्थामा भाडा वाफतको रकम असुल गरी कोषमा जम्मा गराउने ।

छ) एम्वुलेन्स मर्मत संभार गर्नु पर्ने भनी अपरेटर ले दिएको निवेदन उपर आवश्यक छानविन गरी स्वीकृतीका लागी गाँउपालिका प्रमुख समक्ष सिफारिस गर्ने ।

ज) एम्वुलेन्स सञ्चालनमा खटिएका कर्मचारीहरुको कार्यसम्पादन क्षमता, एम्वुलेन्स समुचित रेखदेख र व्यवस्थापनमा निजहरुले खेलेको भूमिका बारे गाँउपालिका कार्यालयलाइ जानकारी दिने ।

झ) एम्बुलेन्स प्रभावकारी व्यवस्थापन र संचालनका लागी आवस्यक देखिएका अन्य विषयहरुमा गाँउपालिकाको कार्यलयलाइ आवस्यक सुझावहरु दिने र प्राप्त निर्देशन अनुसार कार्य गर्ने ।

३) एम्वुलेन्स सञ्चालक समितीका अन्य काम, कर्तव्य र अधिकारहरु गाँउपालिकाको वोर्ड वैठकको निर्णय बमोजिम हुनेछन ।तर गाँउ कार्यपालिकाका सदस्यहरुको कार्यकाल समाप्त भई अर्को निर्वाचन नभएसम्म वा अन्य कारणले रिक्त रहेको अवधीका लागी एम्वुलेन्सको सञ्चालन प्रमुख प्रशासकिय अधिकृतले तोके वमोजिम हुनेछः

१५) **प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका**, २०७८ वमोजिम सिफारिस समिति सम्बन्धी व्यवस्था,

१) यस परिवर्तन गाउँपालिकामा विषेश आर्थिक सुविधा सिफारिस गर्नका लागि देहायको एक सिफारिस समिति रहनेछः

क) स्थानीय तहको उप प्रमुख वा उपाध्यक्ष - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) स्वास्थ्य सेवा महाशाखा/शाखा प्रमुख - सदस्य सचिव

२) उपदफा (१) बमोजिमको समितिले निवेदन साथ प्राप्त भएका कागजात,यस निर्देशिका बमोजिमको रोग पहिचान भएको चिकित्सकको प्रेस्क्रिप्सन, उपचाररत विरामी भए उपचार गरिरहेको अस्पताल वा स्वास्थ्य संस्थाको नाम, नागरिकताको प्रमाणपत्र, सूचिकृत अस्पतालको विवरण, सोही स्थानीय तहको नागरिक भए नभएको विवरण वा नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्र समेतका आधारमा विशेष आर्थिक सुविधा गराउनका लागि निर्देशनालयलाई सिफारिस गर्ने निर्णय गरी बिरामी वा बिरामीको संरक्षकलाई वासिन्दा नागरिक भएकोले विषेश आर्थिक सुविधा उपलब्ध गराउने सिफारिस पत्रदिनु पर्नेछ ।

३. **सिफारिस समितिको काम, कर्तव्य र अधिकार : यस निर्देशिकामा अन्य सिफारिस समितिले गर्ने भनी तोकिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) बिरामी वा निजको संरक्षकले वासिन्दा नागरिक भएको दावी गरी पेश गरेका निवेदनको छुट्टै अभिलेख राख्ने,

ख) प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका अनुसार सिफारिस गरी पठाएका बिरामीको तोकिएको विद्युतीय प्रणालीमा अभिलेख राखी अनुसूची-२ र अनुसूची -३ बमोजिमको प्रतिवेदन मासिक तथा वार्षिक रुपमा निर्देशनालयमा पठाउने,

ग) नेपाल सरकारको विपन्न नागरिक उपचार आर्थिक सहुलियत कार्यक्रमका लागि सिफारिस गरेको भए सोको व्यहोरा समेत खुलाई सिफारिस गरेको भए सोको व्यहोरा समेत खुलाई सिफारिस पत्र दिने,

१६) **विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका,** २०७५ बमोजिम आर्थिक रुपले विपन्न नागरिकहरुलाई औषधि उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि सिफारिस गर्न स्थानीय तहमा देहायका सिफारिस समिति रहनेछः

क) सम्बन्धित स्थानीयतहको अध्यक्ष वा प्रमुख - संयोजक
ख) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य
ग) सम्बन्धित स्थानीय तहको स्वास्थ्य संयोजक - सदस्य सचिव

१. **यस सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम** हुनेछः

क) विपन्न नागरिकले उपचारको लागि आवश्यक कागजात सहित दिएको निवेदन सङ्कलन गर्ने,

ख) तोकिएको समयभित्र विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका अनुसार अनुसूची-३ को ढाँचामा निर्णय गर्नु पर्ने, तर सम्बन्धित अस्पताल बाट उपचारका लागि सिफारिस गर्न कुनै पत्र आवश्यक पर्ने छैन।

ग) सिफारिस समिति बाट निर्णय गर्दा बिरामी वा बिरामीको नजिकको हकदारले सूचीकृत अस्पतालहरु मध्ये जुनसुकै माग गरेको अस्पतालमा उपचारका लागि सिफारिस गरी पठाउनु पर्ने,

घ) विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका अनुसार उपचारका लागि सिफारिस गरी पठाईएका बिरमीहरुको विवरण विद्युतीय प्रविधिमा समेत अभिलेख राखी अनुसूची-१० र अनुसूची-११ बमोजिम विभागमा वार्षिक रुपमा पठाउनु पर्ने,

ङ) सिफारिस गर्दा एउटा रोगको बिरामीका लागि एक मात्र अस्पतालमा दोहोरो नपर्ने गरि सिफारिस गर्नु पर्नेछ ।

१७) **पालिकास्तरीय खोप समन्वय समिति गठन संरचना**

| क्र.स. | प्रतिनिधित्व | पद |
|---|---|---|
| १ | मेयर/अध्यक्ष, महा/उपमहा/नगर/गाउँपालिका | संयोजक |
| २ | उप प्रमुख/उपाध्यक्ष | सदस्य |
| ३ | प्रमुख प्रशासकीय अधिकृत/सामाजिक विकास अधिकृत | सदस्य |
| ४ | वडा अध्यक्षहरु र कार्यपालिका सदस्यहरु | सदस्य |
| ५ | स्वास्थ्य संस्था प्रमुख,सरकारी कार्यलयका प्रमुखहरु | सदस्य |
| ६ | पालिका शिक्षा शाखा प्रमुख | सदस्य |
| ७ | स्थानिय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष मध्ये बाट प्रतिनिधि | सदस्य |
| ८ | महिला स्वास्थ्य स्वंयमसेविका वडा प्रतिनिधि | सदस्य |
| ९ | टोल विकास संस्थाका अध्यक्ष प्रतिनिधि | सदस्य |

| | | |
|---|---|---|
| १० | गाउँपालिकाका आमा/महिला समुह प्रतिनिधि | सदस्य |
| ११ | महिला तथा बालवालिकाको क्षेत्रमा काम गर्ने स्थानीय गै.स.स.प्रमुखहरु | सदस्य |
| १२ | स्थानीय यूवा क्लबहरु | सदस्य |
| १३ | स्थानीय उच्चतम विद्यालयको शिक्षक प्रतिनिधि | सदस्य |
| १४ | पालिका स्वास्थ्य संयोजक | सदस्य सचिव |

१. **स्थानिय तह/पालिका खोप समन्वय समितिको भूमिकाः**

१. पालिका स्तरमा समग्र खोप कार्यक्रम संचालनको नीति,योजना तयार गर्ने ।

२. नियमित खोप तथा पूर्ण खोप कार्यक्रमको स्थानीय स्तरमा हुने सम्पूर्ण त्रियाकलापको नेतृव्व गर्ने ।

३. पूर्णखोप कार्यक्रम शुरुवात गर्न स्थानीय वडा/स्वास्थ्य संस्थाहरुको कार्यको समिक्षा, अनुगमन र समन्वय गर्ने ।

४. पालिका स्तरमा साझेदारीहरु बीच जिम्मेवारी बाँडफाँड गर्ने ।

५. खोप कार्यक्रम तथा पूर्ण खोप कृयाकलापहरु संचालनको लागि थप आवश्यक श्रोतको व्यवस्थापन र परिचानल गर्ने ।

६. निर्देशिका बमोजिम वडा स्तरमा खोप सर्वेक्षण, समिक्षा र पूर्ण खोप वडा सुनिश्चितता र दिगोपनको लागि समन्वय, निर्देशन दिने तथा वडा स्तरको भेरिफिकेसन र प्रमाणिकरण गर्ने ।

७. प्रत्येक वर्ष चैत्र भित्रमा पालिका सवै वडाहरुको वालवालिकाहरुले पूर्ण खोप प्राप्त गरेको यकिन गरि वडा प्रमाणिकरण गरि पालिका प्रमाणिकरणको लागि प्रतिवेदन सहित जिल्ला खोप समन्वय समिति र स्वास्थ्य कार्यालयमा पठाउने ।

८. पूर्ण खोपको निरन्तरता र दिगोपनको लागि पालिका सभा हरुबाट कार्य योजना पारित गरी कार्यक्रमहरु निर्धारण गर्ने ।

९. स्थानीय श्रोतको परिचालन गरी आवश्यकतानुसार जनशक्तिको व्यवस्थापन गर्ने ।

१०. खोप सेवाको प्रभावकारी संचालन तथा पूर्ण खोप सुनिश्चितताको लागिखोप समन्वय समिति, वडाखोप समन्वय समिति, टोल विकास/सुधार संस्था वा समितिका पदाधिकारी तथा सरोकारवालाहरु लाई परिचालन गर्ने ।

११. व्यक्तिगत घटना दर्ता विशेष गरी जन्मदर्ता लाई अभियानको रुपमा सञ्चालन गर्ने ।

१८) **स्थानीय तह स्वास्थ्य विमा संयोजन समिति गठन/सञ्चालन नमुना कार्यविधि,** २०७८ बमोजिम यस परिवर्तन गाउँपालिकामा स्वास्थ्य विमा संयोजन समिति गठन यस प्रकार रहेका छ :

क) प्रमुख/अध्यक्ष, सम्बन्धित पालिका - संयोजक

ख) प्रमुख/अध्यक्षले मनोनित गरेको बढी जनसंख्या भएका कुनै एक वडाका अध्यक्ष - सदस्य

ग) प्रमुख/अध्यक्षले मनोनित गरेको प्रतिनिधि, सेवाप्रदायक संस्थाप्रमुख/अध्यक्षले मनोनयन गरेको स्वास्थ्य क्षेत्रको अनुभव - सदस्य

घ) हासिल गरेका एक र महिला स्वयंसेविका सहित दुई जना - सदस्य

ङ) शाखा प्रमुख, स्वास्थ्य विषय हेर्ने - सदस्य

च) दर्ता अधिकारी स्वास्थ्य बीमा बोर्ड (सम्बन्धित पालिका) - सदस्य

छ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत - सदस्य सचिव

१. **स्वास्थ्य विमा संयोजन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) पालिकाको क्षेत्र भित्र कार्यक्रम बिस्तार गर्न प्रवर्धनात्मक कार्यमा सहोयोग गर्ने,

ख) पालिका अन्तर्गतका सरकारी, सार्वजनिक संस्थाहरुको कर्मचारी र परिवार लाई स्वास्थ्य बीमाको दायरमा ल्याउन नियमावलीले तोके बमोजिम प्रिमियमको व्यवस्था गरी कार्यक्रममा आवद्धगर्ने,

ग) अति गरिब परिवारलाई कार्यक्रममा आवद्ध गर्न पालिका र बोर्ड बीच समझदारी गर्ने,

घ) नसर्ने रोगको लागि कार्यक्रमले दिई आएको सुविधा उपलब्ध गराउन वा वृद्धि गर्न बोर्डसँग साझदारी गर्ने,

ङ) कार्यक्रम गत रुपमा बोर्डलाई ससर्त अनुदान उपलब्ध गराउन सक्ने,

च) पालिका अन्तर्गत रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवाको गुणस्तर वृद्धिगर्ने गराउने,

छ) बीमाबाट प्रदान गरिने औषधिहरु पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरू द्वारा सञ्चालित फार्मेसीमा उपलब्ध हुने व्यवस्थामा सहयोग गर्ने गराउने,

ज) स्वास्थ्य संस्थाहरुमा चिकित्सकको उपलब्धता हुने व्यवस्थागर्ने गराउने,

झ) स्वास्थ्य संस्थाहरुमा उपकरण, प्रयोगशालाको सेवामा निरन्तता, स्तरोन्नति र पूर्वाधार अभिवृद्धिमा सहयोग गर्ने,

ञ) कार्यक्रम प्रवर्धनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश र बोर्डसँग समन्वय गर्ने,

ट) संयोजन समितिले आवश्यक देखेका बिमा कार्यक्रमसँग सम्वन्धित अन्य विषयहरु

१९) **बैंक खाता सञ्चालनः हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्न सक्ने छः**

(१) स्वास्थ्य संस्थाको बैंक खाता ब्यवस्थापन समिति का अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ (२) लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेदः ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

२०. **अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्डः**

(१) **अस्पताल** : गाउँपालिकाले सरकारले तोकेको मापदण्ड हरु पुरा गरि १५ शैया सम्म क्षमताको आधारभूत अस्पताल सञ्चालन गर्न सक्नेछ। साथै अनुसुची ६ अनुसार कर्मचारी व्यवस्थापन हुनु पर्दछ।

(२) **स्वास्थ्य चौकी** : गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी संचालन गर्नुपर्नेछ।

(**क**) **जनशक्तिः** अनुसुची ३ अनुसारको कर्मचारी व्यवस्थापन गर्नुपर्ने छ, साथै आवश्यकता अनुसार कर्मचारीहरु थप गर्न सकिने छ।

(**ख**) **भवन कोठाः** प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन हुनुपर्दछ।

(**ग**) **उपकरणः** प्राथमिक उपचारका आधारभूत औजार उपकरणहरु हुनु पर्दछ।

(३) **आधारभूत स्वास्थ्य सेवा केन्द्र** : गाउँपालिकाले स्वास्थ्य चौकी नभएको वडामा कम्तिमा देहायका पूर्वाधार पुरा गरि आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालन गर्नुपर्ने छ।

**क**) **जनशक्तिः** अनुसुची ४ अनुसार कर्मचारीहरु व्यवस्थापन गर्नुपर्ने छ, साथै आवश्यकता अनुसार कर्मचारीहरु थप गर्न सकिने छ।

(**ख**) **भवन कोठाः** प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन हुनुपर्दछ।

(**ग**) **उपकरणः** प्राथमिक उपचारका आधारभूत औजार उपकरण हरु हुनुपर्दछ।

(३) **सामुदायिक स्वास्थ्य इकाई केन्द्र** : गाउँपालिकाले भुगोल र जनसंख्याको आधारमा कम्तिमा देहाय बमोजिमको पूर्वाधार पुरा गरि सामुदायिक स्वास्थ्य इकाई केन्द्र सञ्चालन गर्नुपर्ने छ।

**क**) **जनशक्तिः** अनुसुची ५ अनुसार कर्मचारी व्यवस्थापन गर्नुपर्ने छ, साथै आवश्यकता अनुसार कर्मचारीहरू थप गर्न सकिने छ।

(**ख**) **भवन कोठा**: प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन हुनुपर्दछ।

(**ग**) **उपकरण**: प्राथमिक उपचारका आधारभूत औजार उपकरणहरु हुनुपर्दछ।

(४) गाउँपालिकाले आवश्यक्ता महशुस गरि प्रत्येक स्वास्थ्य संस्थाहरु वाट राष्ट्रिय मापदण्ड हरु पुरा गरि प्रयोगशाला स्थापना गर्न र संचालन गर्न सक्ने छ।

(५) गाउँपालिकाले सामुदायीक स्वास्थ्य इकाई केन्द्रहरु वाट राष्ट्रिय मापदण्डहरु पुरा गरि व्रथिङ्ग सेन्टरको रुपमा संन्चालन गर्न सक्ने छ।

(३) गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममुलक र वैकल्पीक चिकित्सा सेवा को प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा गाउँपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ।

२१. **निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने**:

(१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा १५ शैया सम्मको संचालन अनुमती गाउँपालिकाले दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न गाउँकार्यपालिकालाई सिफारिस गर्नेछ।

(४) उपदफा (३) को आधारमा गाउँ कार्यपालिकाले समय भित्र तोकिएको मापदण्ड पुरा गरेमा यस्तो अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्नेछ।

२२. **अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्ड**ः गाउँपालिकाको स्वीकृतीमा सञ्चालन हुने १५ वेड सम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछः

(१) **जनशक्ति**ः कम्तिमा २ जना एमविविएस डाक्टर,कम्तिमा २ जना हेल्थ असिष्टेन्त, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा एक जना ल्याव टेक्निसियन, रेडियोलोजिष्ट, एनस्थेसिया  र आवश्यक मात्रामा सहायक र सहयोगी स्वास्थ्यकर्मिहरु हुनुपर्दछ।

(२) **भवन तथा कोठा**ः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ भएको हुनुपर्दछ।

(३) **उपकरण र पूर्वाधार**ः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्शिजनको व्यवस्था, चिकित्साजन्य फोहर ब्यवस्थापनको प्रणाली भएको हुनुपर्ने।

२३. **पोलिक्लिनिक वा क्लिनिक संचालनको अनुमती**ः

(१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पालिक्लिनिक वा क्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ।

२) पोलिक्लिनिकमा विरामी जाँच्ने चिकित्सक वा सामान्य चिकित्सकको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ।

२४. **प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन**ः व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछः

(१) गाउँपालिका क्षेत्र भित्र प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन गर्न चाहेमा आवश्यक मापदण्ड पुरा गरि गाउँपालिकाबाट अनुमती लिनु पर्नेछ।

(२) प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्ने स्थान प्रमाणित भएको कागजात हुनुपर्दछ।

(३) प्रयोगशाला विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न  इच्छुक भएको पत्र पेश गर्नुपर्दछ।

(४) ल्याबमा उपलब्ध हुने न्युनतम परीक्षणको प्रकार खुलाएको विवरण पेश गर्नुपर्दछ।

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण पेश गर्नु पर्दछ।

२५. **फार्मेसी सञ्चालनको अनुमती:**

(१) गाउँपालिका क्षेत्र भित्र फार्मेसी संचालन गर्न चाहेमा आवश्यक मापदण्ड पुरा गरि गाउँपालिकाबाट अनुमती लिनु पर्नेछ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त ब्यक्ति सञ्चालक रहने गरी फार्मेशी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ।

२६. **मापदण्ड पुरा नगरेमा सजाय हुने:**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका ब्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिइने।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने।

(४) सहुलियत र छुटको ब्यवस्था गर्नुपर्ने: निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ।

## परिच्छेदः ४

## स्वास्थ्यकर्मी तथा स्वास्थय स्वयंसेवा सम्बन्धी व्यवस्था

२७. **स्वास्थ्यकर्मीको व्यवस्थापनः** गाउँपालिका भित्रका सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन्ः

(१) **स्थायीः** नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु सम्भनु पर्दछ।

(२) **कराारः** स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु सम्भनु पर्दछ।

(३) **अभ्यासकर्ताः** स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्ने छ। यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविकाहरु सम्भनु पर्दछ।

२८.**अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको ब्यबस्थाः** स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँ पालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछः

(१) सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका /पुरुष अभियानकर्ताहरु नियूक्तिका लागि २५ वर्ष पुरा भई ४५ वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम ८ कक्षा अध्ययन गरेको सम्वन्धित वडाको विवाहित महिला हुनुपर्ने छ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ५०० जनसंख्याको लागि १ जना महिला स्वयंसेविको सिफारिस वडा समितिले गाउँपालिका समक्ष पेश गर्नसक्ने छ।

(३) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेवीकाहरु मध्ये निरक्षर र ६० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको ब्यबस्था गरि सम्मानजनक बिदाइ गरिने छ।

(४) नियुक्ति हुने सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाले कम्तिमा ५ वर्ष सेवा गर्ने छु भनेर प्रदिबद्ध पेश गर्नुपर्ने छ।

२९. **स्वास्थ्यकर्मी र सामुदायिक महिला स्वास्थ्य स्वयम सेविको सेवा सुविधाः**

(१) **स्थायी स्वास्थ्यकर्मीः** नेपाल सररकारले तोकेको स्केल वमोजिम तलव र

स्थानीय गाउँ कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा उपलब्ध गराइने छ।

(२) **करार स्वास्थ्यकर्मी**: प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौंता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ।

(३) **स्वयं सेविका** : सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका निर्देशिका २०६७ को पहिलो संशोधन २०७६ अनुसार सेवा सुविधा सहित गाउँपालिकाले प्रोत्साहन भत्ता,यातायात खर्च स्वास्थ्य संस्थाले आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ।

(४) छनौट भइसकेका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई गाउँपालिकाले आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरण प्रदान गर्नेछ।

**३०. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्तिः सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी गाउँ कार्यपालिकाले निर्धारण गर्ने छः**

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजनमा नआएका कर्मचारीहरुको हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्ने छ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत समितिको अध्यक्ष, – संयोजक

(ख) संयोजकले तोकेको अधिकृत स्तरको कर्मचारि १ जना विज्ञ – सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

(३) छनोट समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**३१. कर्मचारी सरुवाः**

(१) विशेष अवस्थामा न्यूनतम ३ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ।

(२) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ।

३२. **कार्यसम्पादन, करार सम्झौता गर्नुपर्नेः** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नुपर्नेछः

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ। सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा ब्यवस्थापन तथा अनुगमन समितिले तयार पारी गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ।

(४) करार सम्झौटा ६ महिना सम्मको म्याद राखि गरिने छ।

३३. **कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कारः**

(१) कार्य सम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ।

(२) कार्य सम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेदः ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

३४. **खरिद समितिको जिम्मेवारी र गठनः**

१. खरिद सम्बन्धीकार्य गर्ने,गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको प्रमुखको हुनेछ।

२. सार्वजनिक निकायले खरिद सम्बन्धी कार्य गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको योग्यताभएको र खरिद कार्य सम्बन्धी ज्ञान भएको वा तालिम प्राप्त गरेको कर्मचारी बाट गराउनु पर्नेछ।

३. **खरिद समिति गठन देहाय बमोजिम हुनेछः**

- प्रमुख प्रशासकीय अधिकृत – संयोजक
- गाउँपालिकाको जीन्सी शाखा प्रमुख – १ जना सदस्य
- गाउँपालिकाको लेखा शाखा प्रमुख – १ जना सदस्य
- स्वास्थ्य शाखा प्रमुख – सदस्य

३५. **खरिद सम्वन्धि मुल्याङकन समिती देहाय बमोजिम गठन हुनेछ :**

(क) सार्वजनिक निकायका प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत (सम्भव भएसम्म प्राविधिक कर्मचारी ) अध्यक्ष

(ख) सम्वन्ब्धित सार्वजनिक निकायका आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

(ग) विषय सँग सम्वन्धित प्राविधिक विशेषज्ञ (सम्भव भएसम्म अधिकृतस्तरको) सदस्य

३६. **वार्षिक खरिद योजना बनाउनु पर्नेः**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा तयार गर्नेछ।

३७. **औषधी तथा स्वास्थ्य उपकरण खरिदः**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि वढाउने छ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ।

३८. **औषधी तथा स्वाथ्य उपकरणको भण्डारणः**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको ब्यवस्था गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ। खरिदको परिमाण निर्धारण सम्वन्धित वडा समितिले माग गरे वमोजिम २०% मा नवढाइकन गर्नुपर्ने छ।

(३) गाउँपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नुपर्ने छ।

(४) सम्वन्धित सामुदायकि स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा

सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत गाउँपालिकामा बुझाउनु पर्नेछ।

## परिच्छेद ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

३९. **स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्नेः**

(१) गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ। स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिने छ।

४०. **सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापनः**

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ।

(२) आबश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निमाण गरि सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ।

४१. **सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमनः**

(१) स्वस्थ खानेपानी र खाद्य पदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक ब्यवस्था मिलाउने छ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा ब्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्ने छ।

(३) सिफारिस वमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ।

## परिच्छेद ७

## महामारी रोगथाम, फोहोरमैला व्यवस्थाप सम्बन्धी व्यवस्था

४२. **रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्नेः**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ।

**४३. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्नेः**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ।

**४४.सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि गाउँ पालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइने छ

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ। विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान निषेध गर्नेछ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ।

**४५. सरसफाइ सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापनः**

(१) गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले ब्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्ने छ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष

अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरी सबै घरपरिवारसम्म वितरण गर्नेछन् ।

(३) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य ब्यवस्था भएको हुनुपर्ने छ ।

(४) एक परिवारको शौचालय, ढल र फोहरमैला ब्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्‍याउने परिवारले तिर्नुपर्ने छ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुनप्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँ कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ ।

## परिच्छेद ८
## विविध

**४६. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिसः**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द स्थापनाका लागि सम्वन्धित वडा र गाउँपालिकाबाट सिफरिश लिनुपर्नेछ ।

(२) सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**४७. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्नेः**

१. स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ ।

२. आमा समूह, धामी झाक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ ।

३. गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी ब्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र ब्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

४८. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून वमोजिम पुनरावेदन लाग्नेछ।

४९. **नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

(३) संक्रमणकालीन व्यवस्थाः यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्मगाउँ कार्यपालिकाले गर्न सक्नेछ।

(४) बाधा अडकाउ फुकाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँ पालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ। तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ।

५०. **बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हद सम्म स्वतः निस्क्रीय हुनेछ।

## अनुसूची – १

## स्थानिय विपद् तथा जलवायु उत्थानशील समितिको संरचना

| क्र.स. | प्रतिनिधित्व | पद |
|---|---|---|
| १ | गाउँपालिकाको अध्यक्ष/नगरपालिका प्रमुख | अध्यक्ष |
| २ | उपाध्यक्ष वा उप-प्रमुख | उपाध्यक्ष |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४ | वडाध्यक्षहरु सबै | सदस्य |
| ५ | गाउँपालिका तथा नगरपालिकाले तोकेको विषयगत शाखाका प्रमुखहरु | सदस्य |
| ६ | स्थानिय तहमा रहेका सूरक्षा प्रमुखहरु | सदस्य |
| ७ | स्थानिय नेपाल रेडक्रस सोसाइटीयका प्रमुख | सदस्य |
| ८ | गाउँ/नगर कार्यपालिकाले मनोनित गरेको स्थानिय गैरसरकारी संस्थाको तर्फबाट कम्तिमा १जना कहिला सहित ३ जना | सदस्य |
| ९ | स्थानिय स्तरमा उपलब्ध विपद् व्यवस्थापन सम्बन्धी विज्ञमध्ये गाउँपालिका/नगरपालिकाले मनोनयन गरेका २ जना | सदस्य |
| १० | स्थानिय उधोग बाणिज्य संघको प्रमुख तथा प्रतिनिधि | सदस्य |
| ११ | गाउँ/नगरपालिकाको विपद् व्यवस्थापन शाखाको प्रमुख | सदस्य सचिव |

नोट : गाउँपालिका तथा नगरपालिकाले स्थानिय विपद् तथा जलवायु उत्थानशील समितिको संरचनामा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछन् ।

## अनुसूची – २

गाँउपालिका स्वास्थ्य शाखा को दरबन्दी तेरीज

| क्र. सं. | पद | श्रेणी/तह | सेवा | समुह | गा.पा.स्वास्थ्य शाखाको दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अधिकृत | ६/७ | नेपाल स्वास्थ्य | हेल्थ ईन्स्पेक्सन | १ | |
| २ | अधिकृत | ६ | नेपाल स्वास्थ्य | क.न./ज.न. | १ | |
| | | **जम्मा** | | | २ | |

नोटः

१. अधिकृत ६ तह (स्वा.हे.ई.) भन्नाले स्वास्थ्य सेवा हेल्थ ईन्स्पेक्सन समुहको छैठौ तहका जनस्वास्थ्य निरिक्षक, हे.अ., अधिकृत, सि.अ.हे.ब., अधिकृत, प.नि.सु.निरिक्षक, खोप निरिक्षक, भे.क.स.निरिक्षक, वा सो सरहका पदनामलाई जनाउने छ। सो पद रिक्त भएमा हेल्थ असिष्टेण्ट ५ तह (स्वा.हे.ई.) बाट पद पुर्ती गरिने छ।

२. अधिकृत ६ तह (स्वा.क.न./ज.न.) भन्नाले स्वास्थ्य सेवाको क.न. समुहका प.हे.न वा सि./अ.न.मी.६ तह वा जनरल नर्सिङ समुहका स्टाफ नर्स ६ तह (स्वा.ज.न.) लाई जनाउनेछ र सो पद रिक्त भएमा स्वास्थ्य सेवा.प.हे.न./स्टाफ नर्स ५ तह बाट पद पुर्ती गरिने छ।

३. (अधिकृत ६ तह (स्वा.आयुर्वेद) लाई स्थानीय तहले सम्बन्धित औषधालयबाट कामकाजको लागि खटाउन सक्नेछ।

४. यदी यसरी पनि नपुग भएमा स्थानीय तहले आफ्नो श्रोतबाट सहायक ५ तह (स्वा.आयुर्बेद) नियुक्त गर्न सक्ने छ। आवश्यक परेको खण्डमा गाउँपालिकाले स्वास्थ्य शाखामा काजमा खटाउन सक्ने छ।

## अनुसूची – ३

### आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको संगठन संरचना

| क्र. सं. | पद नाम | श्रेणी/तह | सेवा | समुह | दरबन्दी | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | क | ख | ग |
| १ | हेल्थ असिस्टेन्ट/सि.अ.हे.व. | ५/६/७ | नेपाल स्वास्थ्य | हेल्थ ईन्स्पेक्सन | १ | १ | १ |
| २ | स्टाफ नर्स /सि.अ.न.मि. | ५/६/७ | नेपाल स्वास्थ्य | जनरल नर्सिङ | १ | १ | १ |
| ३ | ल्याव असिस्टेन्ट | ४/५/६ | नेपाल स्वास्थ्य | मेडिकल ल्याव टेक्नोलोजी | १ | १ | १ |
| ४ | समुदाय स्वास्थ्य सहायक | ४/५/६ | नेपाल स्वास्थ्य | हेल्थ ईन्स्पेक्सन | ३ | २ | १ |
| ५ | समुदाय नर्स सहायक | ४/५/६ | नेपाल स्वास्थ्य | कम्युनिटि नर्सिङ | ३ | २ | १ |
| ६ | कार्यालय सहायक | | प्रशासन | प्रशासन | १ | १ | १ |
| | जम्मा | | | | १० | ८ | ६ |

हाल चौंथो र पाँचौ तहमा कार्यरत सि.अ.हे.व.आधारभूत स्वास्थ्य सेवा केन्द्रको समुदाय स्वास्थ्य सहायकको रुपमा कार्यरत रहनेछ।

द्रष्टव्य :

क. ५०००० भन्दा बढि जनसंख्या भएको वडाको आधारभूत स्वास्थ्य सेवा केन्द्र

ख. २००० देखि ५००० सम्म जनसंख्या भएको वडाको आधारभूत स्वास्थ्य सेवा केन्द्र

ग. २००० भन्दा कम जनसंख्या भएको वडाको आधारभूत स्वास्थ्य सेवा केन्द्र

## अनुसूची – ४

### सामुदायिक स्वास्थ्य इकाई केन्द्रहरुको दरबन्दी तेरिज

| **क्र. सं.** | **पद** | **श्रेणी/तह** | **सेवा** | **समुह** | **गा.पा.स्वास्थ्य शाखाको दरबन्दी** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | सहायक | ४/५ | नेपाल स्वास्थ्य | हेल्थ ईन्स्पेक्सन | १ | |
| २ | सहायक | ४/५ | नेपाल स्वास्थ्य | ज.न./क.न. | २ | |
| ३ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | प्रशासन | १ | |
| | **जम्मा** | | | | ४ | |

**अनुसूची - ५**

स्थानियतहमा स्थापना हुने १५ शैयाको आधारभुत अस्पतालको प्रशतावित संगठन संरचना

१.**मेडिकल सुपरिटेण्डेण्ट क मेडिकल जनरलिस्ट** (क.ब./९,१० तह)–१

क. चिकित्सकिय सेवा,उपचारात्मक सेवाः

- बहिरंग ईकाइ
  - मेडिकलअधिकृत(आठौ तह) –२ जना
  - हेल्थ असिस्टेन्ट(५,६,७)–१
  - कबिराजआयुर्वेद (सहायकतह ५,६,७)–१
  - डेन्टलहाइजनिस्ट(सहायकतह ५,६,७)–१
  - अप्थालमिक सहायक(सहायकतह ५,६,७)–१
- आकस्मिक इकाई
  - हेल्थ असिस्टेन्ट(५,६,७)–३
- अन्तर इकाई
  - स्टाफ नर्स तह (५,६,७)–६
  - अप्थाल्मिक सहायक (५,६,७) –१
- अस्पताल फार्मेसी
  - फार्मेसी सहायक(५,६,७)–१

२.**निदानात्मक सेवा**

- प्रयोगशाला इकाई
  - ल्याव टेक्निसियन(५,६,७) –१
- रेडियोइमेजिङ सेवा
  - रेडियोग्रार(५,६,७) –१

३.**अस्पताल व्यवस्थापन**

- प्रशासन इकाई
  - ना/(.प्र.अनं.प.रा.).सु.सहायक पाचौ तह–१
  - कार्यलय सहयोगी –(श्रेणी विहिन)–६
  - सफाइकर्मि–(श्रेणी विहिन)–३

परिवर्तन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा

# स्थानीय राजपत्र

खण्ड १ संख्याः१ प्रकाशित मितिः२०८०/१२/३०

भाग ३
परिवर्त गाउँपालिका

# महिला समुह सञ्चालन कार्यविधि, २०८०

कार्यपालिकावाट स्विकृत मिति : २०८०/११/०४

**प्रस्तावना :**

सामुहिक प्रयासबाट महिलाको हित प्रवर्द्धन गर्न, महिलाको सामाजिक तथा आर्थिक विकास, महिलाको आयआर्जनमा वृद्धि गर्न, महिलाहरुको हक, हितको रक्षा गर्न, राज्य संयन्त्रप्रति महिलाहरुको पँहुच स्थापीत गर्न, समग्र महिलाहरुको उत्थान गरी समतामुलक समाजको निर्माण गर्न महिलाहरू मात्र सदस्य रहने गरी एक टोल विकास संस्था, एक महिला समूह गठन गरी वडा समितिको अधिनमा रहने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मर्म अनुरुप स्थानीय सेवाको अधिकतम उपयोग गर्न परिवर्तन गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१

## सक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "परिवर्तन गाउँपालिकाको महिला समूह सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) कार्यपालिकाबाट स्विकृत भएको मिति देखि यो कार्यविधि प्रारम्भ हुनेछ।

२. "परिभाषा" : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले परिवर्तन गाउँपालिकाको अध्यक्षलाई जनाउँछ।

(ख) "वडाध्यक्ष" भन्नाले परिवर्तन गाउँपालिकाको वडाध्यक्षलाई जनाउँछ।

(ग) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले परिवर्तन गाउँपालिकाको प्र प्रशासकिय अधिकृतलाई जनाउँछ।

(घ) "महिला" भन्नाले परिवर्तन गाउँपालिकाको २० वर्ष उमेर पुरा भएका ६० वर्ष ननाघेका वयस्क एवं विवाहित महिलालाई जनाउँछ। सो शब्दले एकल महिला समेतलाई जनाउँछ।

(ङ) "गाउँपालिका" भन्नाले परिवर्तन गाउँपालिकालाई जनाउँछ।

(च) "कार्यपालिका" भन्नाले परिवर्तन गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ।

३. उद्देश्य : महिला समूह सञ्चालनको मुख्य उद्देश्य देहाय बमोजिम रहनेछन्।

(क) विभिन्न निकायबाट प्रवाह गरीने सेवामा महिलाको पँहुच अभिवृद्धि गर्न।

(ख) महिलाहरुलाई आफ्ना हक हित र अधिकारका विषयमा जागरुक गराउने।

(ग) विभिन्न निकायबाट सञ्चालन हुने विकास क्रियाकलापमा महिलाको सहभागिता सुनिश्चित गर्ने।

(घ) निर्णय प्रक्रियामा महिलालाई समान अवसर र अधिकार प्रदान गर्ने ।

(ङ) महिला समूहलाई वडा समितिको मातहतमा रहने गरी सहभागगितामुलक योजना तर्जुमा, अनुगमन तथा मुल्याकंनमा सहभागी गराउने ।

(च) सामाजिक विकृती विसङ्गती, कुरीति अन्धविश्वास, लैङ्गिक विभेद, सामाजिक अपहेलना विरुद्ध आवाज उठाउन जाकरुक गराउने,

(छ) महिलाको सामाजिक सास्कृतीक आर्थिक, शैक्षिक, लैङ्गिक तथा विविध क्षेत्रमा हुने कमजोर उपस्थितिलाई पुरुषसरह पँहुचयोग्य बनाई समतामुलक समाजको निर्माणमा सहयोग पुऱ्याउने ।

(ज) महिला अधिकारमैत्री गाउँपालिकाको रुपमा पहिचान स्थापीत गर्ने ।

(झ) महिलामैत्री लक्षित कार्यक्रम तय गर्ने ।

**परिच्छेद–२**

**टोल विकास संस्थास्तरीय महिला समूह गठनः**

(१) गाउँपालिकाको प्रत्येक टोल विकास संस्थामा महिला मात्र रहने गरी सात देखि एघार सदस्य सहितको एक महिला समूह गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने महिला समूहमा वडाका जनप्रतिनिधि, टोलविकास संस्थाका पदाधिकारी तथा वडाबासीहरुको भेलाबाट अध्यक्ष, कोषअध्यक्ष र सचिव रहेको एक महिला समूह सञ्चालन समिति गठन हुनेछ ।

(३) उपदफा (२) बमोजिम गठन हुने महिला समूह सञ्चालन समितिका पदाधिकारीहरुले सहमतिका आधारमा प्रत्येक दुई वर्षमा आफू पदाधिकार रहेको पद हेरफेर गर्न सक्नेछन् ।

(४) महिला समूह सञ्चालन समितिले टोल विकास संस्था, वडा समिति तथा गाउँपालिकासँग योजना निर्माण तथा कार्यान्वयन, कार्यक्रम सञ्चालनमा सहजकर्ता तथा समन्वयकारी भूमिका निर्वाह गर्नेछन्।

५. वडास्तरीय महिला समूह सञ्चालन समिति गठन ः

(१) वडाभित्र प्रत्येक टोल विकास संस्थाका महिला समूह सञ्चालन समितिको अध्यक्ष रहेको एक वडास्तरीय महिला समूह सञ्चालन समिति रहनेछ ।

(२) उपदफा १ वमोजिम गठित महिला समुहको अध्यक्ष पदमा वडावाट निर्वाचित महिला सदस्य वा दलित महिला सदस्य मध्येवाट सहमतिको आधारमा रहनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको महिला समूह सञ्चालन समितिमा सहमतिका आधारमा अन्य  सदस्यहरु रहनेछन् ।

(३) उपदफा (१) बमोजिमको समितिको सचिवको रुपमा वडा सचिव रहनेछन् ।

६. वडास्तरीय महिला समूह सञ्चालन समितिको काम तथा कर्तव्य

(१) वडास्तरीय महिला समूह सञ्चालन समितिले देहायका कार्य गर्नेछ :

(क) महिलाका सबालहरुका विषयमा वडासमितिलाई आवश्यक सुझाव सल्लाह प्रदान गर्ने,

(ख) महिला हित हुने खालका कार्यक्रम तथा योजनाहरु माग गर्ने तथा विकास निर्माणमा वडा समितिप्रति समन्वयकारी, सहजकारी भूमिका निर्वाह गर्नेछन् ।

(ग) वडाका प्रत्येक टोलहरुमा रहेका सबालहरु, विकृती तथा विसङ्गतीका विषयहरुमा घनिभूत छलफल गरी निराकरणका लागि वडासमक्ष सुझाव तथा सल्लाह दिने,

(घ) टोलमा हुने कुनै पनि प्रकारको आपराधिक घटनाका विषयमा सत्य तथा तथ्य सहित वडा तथा सम्बन्धित निकायमा जानकारी गराउने,

(ङ) सभ्य, सुसस्कृत तथा नमुना टोल निर्माणका लागि उपाय खोजि गरी लागू गर्ने,

७. गाउँपालिस्तरीय महिला समूह सञ्चालन समिति गठन :

(१) महिलाको आर्थिक, सामाजिक, लैङ्गिक, सास्कृतीक, मनोवैज्ञानिक एवं समग्र क्षेत्रमा समन्वयकारी भूमिका निर्वाह गर्न एक गाउँपालिकास्तरीय महिला समूह सञ्चालन समिति गठन गरीनेछ । जसमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन् ।

(क) गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिका सदस्यमध्य एक जना महिला :- अध्यक्ष

(ख) वडास्तरीय महिला समूह सञ्चालन समितिका अध्यक्ष :- सदस्य

(ग) स्थानीय सहकारीका महिला एक जना :- सदस्य

(घ) माध्यामिक तहका महिला शिक्षक एक जना : -सदस्य

(ङ) गैरसरकारी संस्थाका महिला प्रतिनिधि एक जना : -सदस्य

(च) विभिन्न राजनितीक दलको प्रतिनिधित्व गर्ने प्रतिनिधि १ जना :- सदस्य

(छ) महिला विकास शाखा प्रमुख : -सदस्य-सचिव

## परिच्छेद–३

### गाउँपालिकास्तरीय महिला समूह सञ्चालन समितिको काम र कर्तव्य :

गाउँपालिकामा गठन हुने महिला समूह सञ्चालन समितिले देहायका कार्यहरु गर्नेछन्ः

(क) महिला अधिकार, महिलाका विविध सबालहरुका विषयमा उचित नीति तथा रणनीति तय गर्न गाउँपालिकालाई सुझाव तथा सल्लाह दिने,

(ख) नमुना टोलस्तरीय महिला समूह पहिचान गरी पुरस्कृत गर्नका लागि गाउँपालिकालाई सिफारीस गर्ने,

(ग) महिलाहरुमा सचेतना वृद्धि गर्न आवश्यक पर्ने कार्यक्रम तथा योजना तय गरी गाउँपालिकालाई सिफारीस गर्ने, घ) महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको सुनिश्चितता गर्न गाउँपालिकालाई आवश्यक सुझाव सल्लाह दिने,

(ङ) महिला विरुद्ध धार्मिक, सामाजिक, सास्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने,

(च) महिला अधिकारमैत्री गाउँपालिका निर्माणमा आवश्यक पहल गर्ने,

(छ) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्न पहल गर्ने,

## परिच्छेद–४

### महिला समूह सूचिकृत हुनुपर्ने :

(१) प्रत्येक टोलमा गठन हुने महिला समूह गाउँपालिकाको महिला वालवालिका शाखामा सूचिकृत हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचिकृत हुनको लागि महिला समूहले वडाको सिफारीस सहित पेश गर्ने निवेदनको ढाँचा अनुसूची-१बमोजिम हुनेछ।

(३) महिला समूह सञ्चालन समितिबाट निर्णय भई दर्ताको लागि निवेदन पेश गरेमा गाउँपालिकाले अनुसूची-२ बमोजिम महिला समूह दर्ता प्रमाणपत्र प्रदान गर्नुपर्नेछ।

(४) कुनै महिला समूहले यस कार्यविधिको उद्देश्य विपरीत कार्य गरेमा वा प्रचलित कानुन बमोजिम गर्न नहुने कार्य गरेमा गाउँपालिकाले जुनसुकै बखत त्यस्तो समूह खारेज गर्न सक्नेछ। दर्ता खारेज भएपछि सो स्थानमा नँया महिला समूह गठन हुनेछ।

### परिच्छेद–६

### टोल विकास संस्था एक महिला समूह हुने :

प्रत्येक टोल विकास संस्थामा एक भन्दा बढी महिला समूह रहने छैनन् ।

### परिच्छेद–७

### पुरस्कृत गर्ने :

उत्कृष्ट कार्य गरी नमुनाको रुपमा विकास हुने महिला समूहलाई गाउँपालिकाले उपयुक्त अवसरमा पुरस्कृत गर्न सक्नेछ ।

### परिच्छेद–८

### महिला समूहको काम :

टोल विकास संस्थामा गठन हुने महिला समूहले देहाय बमोजिमको कार्य गर्नेछन् ।

(क) सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको सुमधुर सम्बन्ध स्थापीत गरी महिला समूहको उत्थानमा सहजीकरण गर्ने,

(ख) गाउँपालिका तथा वडाबाट सञ्चालित योजनामा सक्रिय सहभागिता जनाउने ।

(ग) एच.आई.भि. एड्स, अन्धविश्वाश, कुरीति, रजस्वला हुँदा अछुत हुने प्रथा, बाल विवाह, बहुविवाह, जस्ता सामाजिक समस्या, विकृती, विसङ्गतीको पहिचान गरी सुधारका प्रयासहरु गर्ने,

(घ) धुम्रपान तथा मद्यपान निषेध गर्ने, जुवातास, कौडा लगायतका खेलकुदहरु बन्द गरी नमुना गाउँको रुपमा स्थापित गर्दै लैजाने ।

(ङ) टोलमा महिला सचेतनामुलक कार्यक्रम सञ्चालन गरी सभ्य, सुसस्कृत टोल समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने,

(च) समानतामा आधारीत पँहुच, समतामुलक समाज निर्माणमा जोड दिई महिला अधिकारका विषयहरुप्रति सचेत एवं चनाखो हुने,

(छ) होमस्टेको सुरुवात गरी आफ्नो रितिरिवाज, संस्कृतीको प्रदर्शनमार्फत आन्तरीक तथा वाह्य पर्यटन प्रवर्द्धनमा सहयोग पर्‍याउने,

### परिच्छेद–९

### नाम जुराउनुपर्ने :

(१) यस कार्यविधि बमोजिम गठन हुने टोल विकासस्तरीय महिला समूहको नाम सोही महिला समूहको निर्णय अनुसार जुराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जुराइएको महिला समूहको नाम गाउँपालिकाको महिला शाखामा दर्ता गर्ने क्रममा दर्ता भईसकेका अन्य महिला समूहको नामसँग बाझिएमा वा एउटै पर्न गएमा दर्ता हुन आएको नँया महिला समूहले पुनः निर्णय गरी एउटै नाम नपर्ने गरी अर्को नाम जुराई दर्ता गराउनुपर्नेछ ।

## परिच्छेद–१०

## आर्थिक व्यवस्थापन

(१) महिला समुहको आम्दानी :महिला समुहले देहाय वमोजिमको क्षेत्रवाट आम्दानी प्राप्त गर्न सक्नेछ :

क. गाउँपालिका तथा वडावाट प्राप्त अनुदानको रकम ,

ख. सरकारी तथा गैरसरकारी निकायहरु,सामुदायिक संस्थ तथा व्यक्तिहवाट प्राप्त हुने सहायता तथा अनुदानको रकम

ग. गाउँपालिका,अन्य सरकारी निकाय तथा गैर सरकारी संघ संस्थासंग विकास निर्माण तथा कार्यक्रम संचालनको लागि सम्झौता वमोजिम प्राप्त रकम ,

घ. संस्थाका सदस्यहरुवाट प्राप्त शुल्क तथा सहयोग रकम

ङ. अन्य स्रोतवाट प्राप्त गरेको रकम

२) संस्थाको नाममा  बैंक खाता सञ्चालन हुनेछ सो बैंकमा संस्थाको नाममा प्राप्त हुने सबै रकम बैंक खातामा जम्मा गर्नुपर्नेछ,

## परिच्छेद–११

## खर्च व्यवस्थापन

क. कुनै निकायवाट सम्झौता वमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लेखित शर्त वमोजिम तोकिएको कार्यमा खर्च गर्नुपर्नेछ ।

ख. समहको नियमिति सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्वन्धि खर्च कार्यसमितिको निर्णय वमोजिम हुने छ ।

## परिच्छेद–१२

## सस्थाको लेखा प्रतिवेदन तथा अन्य

१. समुहको खाता वडा कार्यालयको सिफारिसमा गाउँपालिकाको कार्यालयले तोकेको वैठकमा सञ्चालन हुनेछ ।

२. उपदफा १ वमोजिमको बैंक खाता कम्तीमा महिला समुहको अध्यक्ष, कोषअध्यक्ष र सचिवको सयुक्त नमुना दस्तखत कार्डवाट संचालन हुनेछ ।

## परिच्छेद–१३

## विविधः

(१) यो कार्यविधि प्रचलित संघ, प्रदेश तथा परिवर्तन गाउँपालिकाले बनाएको कानुनसँग बाझिएमा बाझिएको हदसम्म बाझिएका बुँदाहरु स्वतः खारेज हुनेछन् ।

(२) यो कार्यविधि कायान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँपालिकाको कार्यपालिकाको निर्णय अनुसार अध्यक्षबाट बाधा अड्काउ फुकाउ गरिनेछ ।

## अनुसूची १
### (दफा ९ को उपदफा २ सँग सम्बन्धित)
### महिला समूहलाई गाउँपालिकामा दर्ता गर्ने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
परिवर्तन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
पुतलाचौर, रोल्पा

विषय : महिला समूह दर्ता गरि पाउँ ।

महोदय,

प्रस्तुत विषयमा यस परिवर्तन गाउँपालिका वडा नं.....को ........... ..........................................टोल विकास संस्थामा गठन गरिएको तपसिल बमोजिम पदाधिकारीहरु रहेको ................................ महिला समूहलाई यस गाउँपालिका कार्यालयमा दर्ता/सूचीकृत गरी महिला समूह प्रमाण उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

तपसिल

| क्र.स. | नाम | पद | सम्पर्क | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(नोटः महिला समूह दर्ता गर्न आवश्यक कागजातहरु : भेलाको निर्णय, वडा सिफारीस, टोल विकास संस्थाको प्रमाणपत्रको प्रतिलिपि, महिला समूहलाई गाउँपालिकामा दर्ता गर्ने निवेदन)

निवेदकः
अध्यक्षको नाम :
महिला समूहको नाम ठेगाना :

अनुसूची २

(दफा ९ को उपदफा ३ सँग सम्बन्धित)

महिला समूहको दर्ता प्रमाणपत्रको ढाँचा

परिवर्तन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पुतलाचौर,रोल्पा

दर्ता नं. मिति :

प्रमाणपत्र

परिवर्तन गाउँपालिका वडा नं. ......स्थित .............................. टोल विकास संस्थामा गठन भएको ................................ महिला समूहलाई यस कार्यालयमा मिति ...................... मा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ। यस गाउँपालिकाका महिलाहरुको हित प्रवर्द्धन गर्ने, महिला शसक्तिकरण गर्ने, विकास निर्माणमा महिलाको सहभागिता गराउने, सामाजिक विकृती, विसङ्गतीका विरुद्ध आवाज उठाउने तथामहिलालाई सक्रिय र जागरुक गराउने पक्षमा यस महिला समूहको उल्लेखनीय भूमिका हुने अपेक्षाका साथ उत्तरोत्तर प्रगतिको सुभकामना व्यक्त गर्दछु।

.................................

(नाम प्रेम जि.एम.)

प्रमुख प्रशासकिय अधिकृत

परिवर्तन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा

# स्थानीय राजपत्र

खण्ड १ संख्याः१ प्रकाशित मितिः२०८०/१२/३०

भाग ३
परिवर्त गाउँपालिका

# सूचना प्रविधि अधिकृत (IT Officer) को छनौट परीक्षाको कार्यविधि, २०८०

कार्यपालिकाबाट स्विकृत मिति : २०८०/११/०४

**सूचना प्रविधि अधिकृत**(IT Officer) **को छनौट परीक्षाको कार्यविधि, २०८०**

१.पदपुर्ति प्रयोजनका लागि तोकिएको योग्यता पुगेका नेपाली नारिकहरुवाट दरखास्त आह्वान गरी १५ (पन्ध्र) दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने ।

२. प्रकाशित सूचना अनुसार इच्छुक उम्मेदवारले रितपुर्वकको व्यक्तिगत विवरण, नागरिकता, शैक्षिक योग्यता, अनुभवका प्रमाण पत्रहरु राखि तोकिएको मिति भित्र कार्यालयमा आइपुग्ने गरी हुलाक,इमेल,फ्याक्सको माध्यमवाट वा स्वयम उपस्थित भई आवेदन दिने व्यवस्था गर्ने ।

३.उम्मेदवार छनौट तथा नियुक्तिका लागि सिफारिस गर्न देहाय वमोजिमको छनौट तथा सिफारिस समिति गठन गर्ने ।

क. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी-संयोजक

ख. गाउँपालिका अध्यक्षले तोकेको अधिकृत स्तर वा सहायक स्तरको कर्मचारी - सदस्य

ग. छनौट तथा सिफारिस समितिले तोकेको विषय विज्ञ - सदस्य

४. सूचना प्रविधि अधिकृतको शैक्षिक योग्यता लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थावाट Computer वा Information and communications technologies वा सो सरहको विषयहरु मध्ये देहायको कुनै एक विषय लिई स्नातक –BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc.IT BSc. CSIT, BE Electronics and Communication Engineering/BTEch. Electronics and communication Engineering उत्तीर्ण गरेको हुनपर्ने ।

५. सूचना प्रविधि अधिकृतको कार्य शर्तको विवरण –TOR) अनुसूची -१ वमोजिम हुने ।

६. छनौट तथा सिफारिस समितिले प्रकाशन गरेको योग्ताक्रम सूची (Roster) को आधारमा लिखि तथा अन्तरवार्ता परीक्षण सम्पन्न गरी कार्यलयले सूचना प्रविधि अधिकृतको सेवा करार मार्फत काममा लगाउने व्यवस्था मिलाउने ।

७. छनौट तथा सिफारिस समितिले छोटो सूची(Short list) तयार गर्दा उम्मेदवारले पेश गरेको आवेदनसँग संलग्न कागजाहरुको जाँच गरी देहायमा उल्लिखित मापदण्डको आधारमा १०० पुर्णाङ्क कायम गरी कम्तीमा ५० अङ्क प्राप्त गर्ने आवेदकलाई मात्र छोटो सूची (Short list) मा समावेस गर्ने ।

| क्र.स. | सूचकहरू | पूर्णाङ्क |
|---|---|---|
| १ | शैक्षिक योग्यता (सूचना अनुसारको न्यूनतम शैक्षिक योग्यताको आधारमा) | ३० |
| १.१ | अंक अंकित स्तर निर्धारण पद्दति भएका विश्व विद्यालयको हकमा | |
| १.१.१ | ८०% वा सो भन्दा माथी प्राप्ताङ्क भएको वा सम्बन्धित बिषयमा तो किएभन्दा माथिल्लो शैक्षिक उपाधि भएका | ३० |
| १.१.२ | ६५% देखि ७९.९९% सम्म प्राप्ताङ्क भएको | २४ |
| १.१.३ | ५५% देखि ६४.९९% सम्म प्राप्ताङ्क भएको | १८ |
| १.१.४ | ५५% भन्दा कम प्राप्ताङ्क भएको | १२ |
| १.२ | अक्षर अंकित स्तर निर्धारण पद्दति (Letter Grading System) भएका विश्वविद्यालयको हकमा | |
| १.२.१ | Cumulative grading Point Average (३.५ देखि ४ सम्म) वा सम्बन्धित बिषयमा तोकिएभन्दा माथिल्लो शैक्षिक उपाधि भएको । ३ | ३० |
| १.२.२ | Cumulative grading Point Average (३ देखि ३.५ भन्दा कम) | २४ |
| १.२.३ | Cumulative grading Point Average (२.५ देखि ३ भन्दा कम) | १८ |
| १.२.४ | अन्य | १२ |
| २ | कार्य अनुभव (सूचना अनुसारको न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात) | ४० |
| २.१ | २ बर्ष भन्दा माथि सरकारी निकायमा IT क्षेत्रमा कार्य अनुभव भएको | ४० |
| २.२ | १ बर्षभन्दा माथि सरकारी निकायमा IT क्षेत्रमा कार्य अनुभव भएको | ३० |
| २.३ | १ बर्ष सम्म सरकारी निकायमा IT क्षेत्रमा कार्य अनुभव भएको | २० |
| २.४ | कार्य अनुभव नभएको | १२ |
| ३ | उम्मेदवारको स्थायी ठेगाना सम्बन्धी | २० |
| ३.१ | स्थायी ठेगाना सम्बन्धित स्थानीय तहमा भएमा | २० |
| ३.२ | स्थायी ठेगाना सम्बन्धित तहको जिल्लामा भएमा | १६ |
| ३.३ | स्थायी ठेगाना सम्बन्धित तहको प्रदेशमा भएमा | १२ |
| ३.४ | अन्य | ८ |
| ४ | २ बर्षभन्दा माथि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा ICT Volunteer वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको भएमा | १० |

८. उपरोक्त प्रक्रिया मार्फत छनौट भएको उम्मेदवारहरुलाई लिखित परीक्षा तथा अन्तरवार्ता मार्फत अन्तिम नतिजा प्रकाशित गरिनेछ ।

९. छनौट तथा सिफारिस समितिले उम्मेदवारको सिफारिस गर्दा मुख्य उम्मेदवार र सम्भव भएसम्म २ जना वैकल्पिक उम्मेदवारको सिफारिस गर्ने । ९. छनौट

र सिफारिस प्रक्रियाका लागि आवश्यक प्रशासनिक खर्चको व्यवस्थापन कार्यालयबाट गर्ने ।

१०. छनौट तथा सिफारिस समितिको अन्य कार्यविधि, समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. सूचना प्रविधि अधिकृतको कार्यशर्त (TOR) को बिवरण देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| पद : सूचना प्रविधि अधिकृत (IT Officer) | सेवा प्रकृति : सेवा करार |
| कार्यालय : परिवर्तन गाउँपालिकाको कार्यालय पुतलाचौर ,रोल्पा | सुपरीवेक्षकः प्रमुख प्रशासकीय अधिकृत र PLGSP Expert |
| कार्य समय : गाउँपालिकाले निर्धारण गरे वमोजिम | सेवा अवधि : सेवा करार सम्झौता बमोजिम |
| निवेदन पेश गर्नुपर्ने निकायः परिवर्तन गाउँपालिका, PLGSP (आवश्यक परेमा सम्वन्धित मन्त्रालय तथा विभागमा समेत प्रतिवेदन पेश गर्नु पर्नेछ) । | मूख्य कार्य : - गाउँपालिकालाई सूचना तथा सञ्चार प्रविधि र विद्युतीय शासनको क्षेत्रमा आवश्यक सहयोग गरी अपेक्षित नतिजा प्राप्त गर्ने । - PLGSP को सम्पर्क व्यक्ति (Focal Person) को रुपमा रही सम्बन्धित कार्यक्रम समन्वय इकाइलाई आवश्यक समन्वय र सहयोग गर्ने । |
| उद्देश्यहरूः<br>• परिवर्तन गाउँपालिकाको सूचना तथा सेवाहरुमा आम जनताको पहुँच एवं पारदर्शितामा वृद्धि गर्ने,<br>• गाउँपालिकाको Filling system लाई Paperless गराउने कार्यमा आवश्यक सहयोग गर्ने ।<br>• गाउँपालिकाबाट प्रदान गरिने आधारभूत सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी विद्युतीय शासन (E-Governance) स्थापना गर्न सहयोग गर्ने,<br>• विद्युतीय शासन (E-Governance) अनुरुप गाउँपालिकाको आवश्यकतालाई सम्बोधन गर्न कार्यालयका थप आवश्यकताहरुको संकलन तथा विश्लेषण गर्ने । | |

**सूचना प्रविधि अधिकृत (IT Officer) ले गर्ने कार्यहरू निम्नानुसार हुनेछन :**

| मुख्य कियाकलाप | कार्यसम्पादन सूचक | सूचकको स्रोत |
|---|---|---|
| • गाउँपालिकामा सूचना प्रविधि प्रणाली (website, software, system) स्थापना तथा सञ्चालन गर्नको लागि प्राविधिक सहयोग उपलब्ध गराउने। | • गाउँपालिकामा स्थापना भई सञ्चालनमा रहेका प्रणालीहरु र तिनको प्रयोग भई सेवामा प्रभावकारीता आएको।<br>• गाउँपालिकामा विभिन्न सूचना तथा प्रतिवेदन निर्धारित समयमा नियमित आउने प्रकृयाको विकास भएको। | • गाउँपालिकामा स्थापना भएको प्रणालीहरुको सञ्चालन र प्रतिवेदन |
| • गाउँपालिकाको ICT/कम्प्युटर अपरेटर/सूचना अधिकारी लगाएत अन्य सूचना प्रविधिसँग सम्बन्धित कर्मचारीलाई ICT सम्वन्धि ज्ञान तथा सीप हस्तान्तरण गर्न तालिम योजना तर्जुमा तथा कार्यान्वयन गर्ने। | • कम्तिमा २ वटा तालिम सञ्चालन भई सम्वन्धित कर्मचारीले दक्षता हासिल गरेको। | • तालिम तथा अभिमुखिकरण प्रतिवेदन/गाउँपालिकाको अभिलेख |
| • गाउँपालिकाका सवै कर्मचारीहरुलाई विद्युतीय शासन, सूचना तथा सञ्चार प्रविधि सम्बन्धी तालीम र अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने। | • कम्तिमा २ वटा तालीम तथा अनुशिक्षणवाट कर्मचारीले तालीम तथा सीप प्राप्त गरेको | • गाउँपालिकाको तालीम अभिमुखिकरण कार्यक्रम सञ्चालन गरेको माइन्यूट, तालीम प्रतिवेदन |
| • गाउँपालिकाको दैनिक गतिविधि (जस्तै कार्यालय व्यवस्थापन, चिठ्ठी/सञ्चार लेखा र स्टोर व्यवस्थापन) चुस्त र प्रभावकारी वनाउन समयानुकुल सफ्टवेयर प्रणाली तयार गर्न र सञ्चालन गर्न सहयोग गर्ने। | • गाउँपालिकामा नयाँ प्रणालीहरु निर्माण भई सुचारु रुपले सञ्चालनमा आएको। | • गाउँपालिकाको तालीम अभिमुखिकरण कार्यक्रम सञ्चालन गरेको माइन्यूट, तालीम प्रतिवेदन |

| | | |
|---|---|---|
| • गाउँपालिकाको दैनिक गतिविधि (जस्तै कार्यालय व्यवस्थापन, चिठ्ठी/सञ्चार लेखा र स्टोर व्यवस्थापन) चुस्त र प्रभावकारी वनाउन समयानुकुल सफ्टवेयर प्रणाली तयार गर्न र सञ्चालन गर्न सहयोग गर्ने। | • गाउँपालिकामा नयाँ प्रणालीहरु निर्माण भई सुचारु रुपले सञ्चालनमा आएको। | • गाउँपालिकाको सम्वन्धित शाखाकोप्रतिवेदन |
| • गाउँपालिकामा हाल सञ्चालनमा रहेका सवै सफ्टवेयर प्रणाली सञ्चालन गर्न सेटअप गरी सही अभिलेख तथा प्रतिवेदन तयार पार्न आवश्यक सहयोग पुऱ्याउने। | • गाउँपालिकामा रहेका प्रणालीहरु सुचारु रुपले सञ्चालनमा आएको,<br>• कार्यालयको आवश्यक विवरण, आन्तरिक कार्यहरु Computerised भई अद्यावधिक भएको,<br>• सेवाग्राहीहरुको विवरण प्राप्त गर्ने सेवा Computerised भई अद्यावधिक भएको,<br>• व्यक्तिगत घटना दर्ता सम्बन्धी सबै प्रकारका सूचना MIS मा अद्यावधिक भएको। | • प्रयोगमा रहेका प्रणालीहरुको प्रतिवेदन<br>• गाउँपालिकाको सम्वन्धित शाखाकोप्रतिवेदन |

| | |
|---|---|
| कार्यबिवरण र सेवा शर्त अनुसारको काम गर्न मञ्जुर छु।<br>नामः.......................................<br>दस्तखतः..................................<br>पदः सूचना प्रविधि अधिकृत ( IT Officer)<br>मितिः.................................... | कार्यविवरण स्वीकृत गर्नेः पदाधिकारीको<br>नामः.......................................<br>दस्तखतः..................................<br>पदः.........................................<br>मितिः...................................... |